

रातको प्रधानमन्त्री

हरिराज भट्टराई

रातको प्रधानमन्त्री
Prime Minister of Night

रातको प्रधानमन्त्री

(कथा सङ्ग्रह)

हरिराज भट्टराई

भुँडीपुराण प्रकाशन

रातको प्रधानमन्त्री

(कथा सङ्ग्रह)

हरिराज भट्टराई

प्रकाशक : भुँडीपुराण प्रकाशन
बागबजार, काठमाडौँ
फोनः ०१-५३२३३१६/५३२५१४८
www.bhundipuran.com.np

संस्करण : पहिलो

सर्वाधिकार : लेखकमा

आवरण/लेआउट : आनन्द राउत

प्रकाशन : नागपञ्चमी २०८१/२०२४

मूल्य : रू. ३९०/-

ISBN : 978-9937-793-69-8

Prime Minister of Night (Story Collection)
by ***Hariraj Bhattarai***

विशेष *: भाषिक-सांस्कृतिक उन्नयनका लागि हरेक व्यक्तिले यस संग्रह कथाका अंश यथेच्छ उपयोग गर्न सक्नेछ ।*

स्मृति पुष्पाञ्जलि ‼

रविलाल भट्टराई
अनिरुद्ध-पद्मावती
बैजनाथ-यमुना
विश्वनाथ-भैरवी
योगेश्वर
एकनाथ
असीम-सौरभप्रति

मन्तव्य

'रातको प्रधानमन्त्री' मा सङ्गृहीत कथाहरू पसिना काढ्ने खालका छैनन् ? कपाल दुखाउने पाराका छैनन् ? मथिङ्गल भारी पार्ने ढङ्गका छैनन् ? दुर्बोध्य छैनन् ? जटिल छैनन् ? म त हाक्काहाक्की भन्छु, छन्, छन्, छन्, छन् । यी 'छन्'हरूले अर्को प्रश्न सोधेका छन्, किन छन् ? मैले नै दिनुपर्ने उत्तर यस्तो छ :

१. समग्र कथाहरूले अर्थको तह (Level of Meaning) अभिधात्मक (Literal) वा प्रतीकात्मक नभएर अन्योक्तिमूलक (Allegorical) भएकाले 'छन्' हुन गएको हो । यसको अर्थ के हो भने कथाकार हरिराज भट्टराईले पाठकवर्गलाई आफ्ना कथाहरूको वास्तविक 'थिम' बुझ्न दुई तहको जालो बुनेका छन् । पहिलो तहमा खास अर्थसम्म एउटा भरपर्दो माध्यम (platform) तयार गर्दा उनले शीर्षक राख्दादेखि कथावस्तुभित्र पात्रको नामाङ्कन तथा सादृश्यात्मक घटना-प्रसङ्ग दिने कामलाई सावधानीपूर्वक सम्पादन गरेका छन् । यस तहमा उनले तात्पर्यार्थ खुलाउने यथाप्रसङ्ग सङ्केत गरेकैले अर्को तहसम्म पुग्ने बाटोलाई सहज र सुगम बनाएका छन्; यथाः

> याकुने र माकुने विद्यार्थी जीवनमा एउटै बाटाका साथी थिए । कर्म क्षेत्रमा प्रवेश गर्दा याकुने गछिया जन-बोर्डिङ स्कूलको शिक्षक हुन पुग्यो । ऊ समाज उठाउँछु भन्थ्यो । माकुने चाहिँ मुलुक बिस्तार गर्ने प्रतिज्ञाले राजनीतिमा गाँसिन पुग्यो । राजनीति गर्नेले कहाँ जन्मेको हुनुपर्थ्यो त्यो चर्चाको विषय बनेन । धेरै कुरा छोप्ने र बनाउने युगको थालनी भइसकेको थियो ।
>
> ००
>
> यस पटक विदेश पुगेर फर्किएपछि याकुने सरको शैली र संवादमा परिवर्तन आएको विद्यार्थीहरूले छनक पाए । प्रत्येक पटक नौला र कुतूहलवर्द्धक कुरा सुनाएर ऊ आश्चर्य फैलाउँथ्यो । बोल्दा बोल्दै उन्मादमा

आएर उसले हाम्रा पहाडमा हिउँ र पानी हुनु गोरे साहेबकै वरदानको परिणाम हो भनिहाल्यो । उसले यसरी भन्यो जसरी एनजीओका सत्पुरुषहरू राजनीतिक विद्यार्थीको दिमाग धोएर आफ्ना कुरा पढाउन सफल हुन्थे ।

oo

विद्यार्थी सावधान भए । याकुनेले भन्यो- "पहिले हाम्रो देशमा हिउँ थिएन । पर्वतहरू काला चट्टानका देखिन्थे । असाध्यै गर्मी हुन्थ्यो । गोरा साहेबहरू यहाँ आउँदा हिउँको बीउ सँगै लिएर आए र हाम्रा पहाडमा छरिदिएँ । त्यसपछि यी काला नाङ्गा पहाडमा हिउँ पर्न थाल्यो । त्यसैले भन्नुपर्छ हिमालय बनाउने र भनाउने काम गोरा साहेबहरूकै हो ।"

oo

उसले अर्को प्रसङ्ग जोडेर थप्यो- "त्यस्तै हाम्रा पहाडमा पानी थिएन । पानी त मैदानमा पो हुन्छ । उनीहरूले नै बोतलमा पानी ल्याए र आफैले पानीको बीउ छरिदिए । त्यसपछि पहाडमा पनि पानीको मूल फुट्न थाल्यो । कस्तो दूरदर्शी छन् हकि साहेबहरू । डेमोक्रेसी पनि उतैको सिको हो नि । क कसो ? त्यस्तै लाग्दैन ?"

('हिउँको बीउ' कथाबाट)

उपयुक्त प्रसङ्गहरू केवल अर्को तलासम्म पुग्ने भऱ्याङहरू मात्र हुन् । त्यहाँ पुग्ने सङ्केत मात्र कथाकारले नदिएका भए कथाहरूलाई दुर्बोध्य वा जटिल भन्न सकिन्थ्यो । तर सङ्केत वा छनक दिइएको छँदैछ, पाठकले अलि बढी चिन्तन-मनन चाहिं गर्नैपर्दछ । पाठकलाई बौद्धिक परिश्रम वा अभ्यास गराउन करकापमा पार्न सक्नुलाई 'कपाल दुखाउने' काम नभनौं कि ?

२. यस सङ्ग्रहमा प्रेम-प्रणय, सामाजिक विकृति र विसङ्गति, यौन मनोविज्ञान, नारीवाद, जीवनको चित्रण रीति वा आदर्श चेतना जस्ता विषयवस्तुहरू खोजे सायदै पाइन्छन् । पाइन्छन् भने यीभन्दा नितान्त फरक अमूर्त विषयवस्तुहरू । यसले पनि हामीलाई कथाहरू सुबोध्य नलागेको हुनु कुनै आश्चर्यको कुरो होइन । अब प्रसङ्ग आउँदछ 'फरक र अमूर्त' विषयवस्तु भनेको के ? नौलो ? होइन, नौलो होइन । अपरिचित ? परिचित नै हो, तर भेषभूषा नितान्त नवीन । यसलाई 'मेटामोर्फोसिस' भनौं जस्तो लाग्यो- कायापरिवर्तन । अन्योक्तिमूलक भएपछि कायापरिवर्तनको प्रक्रम चल्ने नै भयो । यहाँ विषय वा प्रसङ्गले दुई कुराहरू भन्न खोजिएको हो; ती हुन्-

१. विषयानुसारको शिल्पविन्यास र

२. रूपकात्मक प्रस्तुति (Metaphoric Presentation) ।

सर्वप्रथम कथाहरूको कथावस्तुको अन्तर्यबारे चर्चा गरौं-

मैले माथि नै के भनिसकें भने अन्तर्यसम्म पुग्न दोस्रो तहमा नपुगी धर छैन र पहिलो तहले भ-्याङको काम गर्दछ । अब 'फाइनल'मा भन्नैपर्दछ समष्टिमा कथाकार भट्टराईले आजको हाम्रो देशलाई विकृत राजनीतिको ग्रहणले खग्रास पार्दाका महादशाहरू एक-एक केलाएर देखाइदिएका छन् । आज हाम्रो देश विदेशी शक्तिको स्वार्थको प्रयोगशाला भएको छ । शक्ति एक मात्र नभएर धेरै भएको कारणले विभिन्न याम-याममा झल्याकझुलुक बिजुलीझैं चम्कने देशका सत्ताधारी शासकहरू तिनै विदेशी शक्तिहरूले कठपतुली बनेका छन् । देशभित्र साम्प्रदायिक विद्वेष झन्-झन् बढ्दो छ जसले 'अनेकतामा एकता'को बलियो अवधारणालाई चुनौती दिइरहेको छ । सत्ता-बलात्कारको अभिनयमै नेताहरू रमाइरहेका छन् । ठूलो सपना देखाएर विद्रोही छापामारहरूले आफ्नै नाता-कुटुम्बसँग बन्दुकको खेल खेले, नतिजा विपरीत भइदिनाले सर्वत्र अन्तर्द्वन्द्व चर्कियो । विद्रोही बीच नै पीडाको आगो सल्कियो । महावीर पुनहरूलाई राज्यले चिन्दै चिनेन । देशमा आधुनिकताका नाममा खाल-खालका पश्चिमी विकृतिहरू लोकप्रिय बने । देश अशान्त भयो, विसङ्गत स्थितिको सिकार बन्यो, युवाहरू विदेसिंदा गाउँ, सहर र बस्ती-बस्ती मसानघाट बन्दैछन् र सुकेनास लागेर देशका सबै अङ्गहरू कमजोर एवम् बलात्कृत भएका छन् । मोटामोटीमा यिनै अन्तर्यलाई लक्षित गरेर कथाकारले कतै व्यङ्ग्यको हनुमान-गदा चलाएका छन् भने कतै वक्रोक्तिको मानव-तरबार चलाएका छन् । कोडिङ गरिएको भाषा यस्तै हुने गर्दछ । अब यी र यस्ता विषयवस्तुको उद्घाटनका खातिर कथाकारले शिल्पकारिताको कस्तो कवच धारण गरेका छन् त भनेर हेर्दा-

- विम्ब, प्रतीक आदिलाई प्रयोग गरेका छन् कि भन्ने लाग्दछ,

- होइन, स्वैरकल्पनालाई पो मन पराएका हुन् कि भन्ने पनि लाग्दछ,

- तर होइन, 'टोटल्ली' कथाकारले रूपकको काँध चढेर अन्योक्तिकै हतियार चलाएका छन् । त्यसैले मानवेत्तर पात्रहरूको चयन एकदम उचित भएको पाइन्छ ।

कल्पना तत्व पनि अत्यन्त सक्रिय र सजग छ । उक्ति कथन व्यञ्जनात्मक छ ।

रूपकात्मक प्रस्तुति मार्फत् सारवस्तु (Theme) लाई आख्यानीकरण गर्दा सुबोध्य हुन नसक्नु कथाकारको कलमको दाग हुनै सक्तैन । कथाकारलाई फरक कित्ताको स्रष्टा हुने चाहना भयो त भयो, तर त्यसमा उनको दुराशय छ ? उनले खोजेको पाठक अलि उपल्लो कोटीको हो- यो उनको अधिकार नै हो । अधिकारको उच्च सम्मान गरौं । प्रत्येक कथाले डिकोडिङको मात्र राख्दछ ।

अन्त्यमा सङ्गृहीत कथाहरूमध्येको एउटा कथा 'चौतारी'बाट दिइएको यो उद्धृतांशबाट म आफ्नो मन्तव्य टुङ्ग्याउँदछु (अनुमति पाउँछु होला त !):

> "आयो, सन्तानको कुरा । जन्माएपछिको स्थिति यहाँ निकै भयावह छ । पहिले हुर्काउनै कठिन; फेरि पढाउन कठिन । छोरो भए जुलुसमा पुग्ला र गोली खाला । बाँच्यो भने अरबतिर जाला र बाकसमा भरिएर आउँला । राजनीतिमा लाग्यो भने देश पनि बेच्ला ! भय नै भय !"
>
> बस्, यही केन्द्रीय यथार्थ हो सङ्गृहीत कथाहरूको सार । 'इत्यलम्'

ooo

प्रा. दयाराम श्रेष्ठ
विद्यावारिधि

आचमन

'रातको प्रधानमन्त्री' कथा संग्रहलाई विकथा भन्नुपर्छ कि ! सडककै कुरा होलान् यी कसिंगर कथाहरू !

राजनीतिले जन्माएको समाज, समाजले जन्माएको स्रष्टा र स्रष्टाले जन्माएको रचना श्रृंखलालाई बिर्सिहाल्न त मिल्दैन कि भन्छु । जे छ त्यो यहाँ छ, जे हुनुपर्ने थियो त्यो शायद यहाँ छैन । कथं अवाञ्छित या विद्रूप समाजको मुद्रा वा ऐतिहासिक आलेख जस्तो पनि देखिएला कि यो अक्षर-यत्न ! के थाह ?

साहित्य र राजनीतिको सम्बन्ध उपकारक पनि हुन्छ, असहिष्णु पनि । मध्यम मार्ग अलिक फरक होला । राजनीतिक अव्यवस्था र कदाचरणको प्रतिपक्षमा साहित्यकार खडा रहन्छ र खबरदारी गर्दछ । यसलाई साहित्य आफ्नो कर्म ठान्दछ । किन्तु राजनीतिक ठालु कलासँग विमुख हुने हुनाले न ध्वनि बुझ्छ, न बुझ्ने चेष्टा गर्छ, तैपनि ऊ आफूलाई सर्वज्ञ नै ठान्दछ । जब उसका आँखा खुल्छन्, क्षति भइसकेको हुन्छ । शायद होशमा राजनीति गरिदैन । २०४६ पछि यो मुलुक मूर्च्छामा छ । आशा गरौं, मूर्च्छाको ऐंठन छुट्ला झण्डा फेरिनु अघि !

जलवायु परिवर्तन भएको छ भन्ने भाष्य चलेको छ । वाञ्छित फूलबाट रस संचित गरेर स्वादु मधुनिर्माण गर्न नसके पनि अमधु नै सही, मधुकर केही त गर्छ नै । प्रेयसीका नखरा सबै वेला उत्तिकै प्रिय लाग्छन् भन्ने छैन । कषाय वा विरस रुचाउने रसिक भेटिए भने आत्मश्लाघा किन नगर्नु ?

कथा कथा जस्ता भएनन् कि ! माटो, जीवन, संस्कृति र सन्मार्गको स्खलन गराउने अतत्व र अविचारमाथि तीर र चाबुक चले होलान् । यदि त्यस्तो देखियो भने त्यो साहित्यको धर्म नै मानिएला । कलम सिकारू छ । कथा-प्रविधिको दीक्षा लिन बाँकी नै छ । न २५० मा अटाउन सकियो, न ३०० मा । २५१ र ३०१ शब्द पुगिहाल्छन् । त्यसैले सीमाभित्र अटाउनै सकिएन !

टिप्पणी र निर्देशनको अपेक्षा रहेकै छ । पूजा होइन, पूजाले बिगार्छ । आलोचना र आक्रमणको खाँचो छ । अपेक्षा छ ।

संसद र राजनीतिक सत्वको अराजनीतिक चर्याले लेख्य सामग्री उत्पादन गरेको छ भने धन्यवाद भन्नुपर्दैन र ? संज्ञान दिने नारदवंशीप्रति आभार व्यक्त नगर्नु किन ?

दुर्मुखहरूलाई स्वागत । दुष्टात्माहरूलाई अङ्कमाल । सुधी-विज्ञहरूलाई परैबाट नमन । डीसी नेपाल डट कम र यसका सम्पादक चूडामणि भट्टराईलाई धन्यवाद । भाइ आनन्द राउतलाई साधुवाद ।

आचार्य शरच्चन्द्र वस्तीप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

नाग पञ्चमी, २०८१ विद्रोही हरि

विषयसूची

१.	कथा भाइरल भो	१५
२.	कमरेडको अफिस	१९
३.	कसरी बुझ्ने	२२
४.	कसैले बोलेन !	२५
५.	खोज पत्रकारिता	२६
६.	चौतारी	२९
७.	जिम्मा लगाएर	३४
८.	ड्रागन झण्डा	४२
९.	नमूना सुन्दरी	४४
१०.	नाकदानी	४७
११.	नाता के थियो ?	४८
१२.	नाम फेर्ने पुरुषार्थ	५२
१३.	हिउँको बीउ	५६
१४.	पुरुष पनि नछुने !	५९
१५.	भैरवको धुलाइ	६१
१६.	महावीर कन्तुर	६४
१७.	यौवन व्यवस्थापन	६९
१८.	विवाह विधेयक	७१
१९.	सत्ता उकालो चढ्छे	७४
२०.	सपनाको खेल	७७
२१.	सम्मानजनक अवतरण	८१
२२.	हामी यहाँ छौं	८४
२३.	कञ्चनजंघाको काख	८९
२४.	इंगेजमेन्टको औंठी	९४
२५.	ढुंगा र लाठी	९८

२६. आँसु रोकिएनन् १०१
२७. नपुंसकहरूको राज्य १०४
२८. मीहाङ र चाइना टाउन १०८
२९. शायद अन्तिम सत्य ! ११५
३०. केटाकेटी दोषी छैनन् ११९
३१. मुलुक जोगिन सक्छ ? १२४
३२. सपनाको सुख १२८
३३. कोभिडको बादलभित्र १३३
३४. जान्न चाहन्छु १३७
३५. नाच् दुलारी, नाच् १३९
३६. रातको प्रधानमन्त्री १४२
३७. यो नक्शा होइन १४६
३८. घुमाउरो धन्यवाद १४८
३९. कुकुर्नी हाँसी १५१
४०. गाइड मल्लिका चौधरी १५५
४१. मिस हर्कबहादुर उपाध्याय रसाइली १६१
४२. स्यालुट ! १६४
४३. राष्ट्रपति सरूपा नगर्ची १६८
४४. मृत्युवरणको बाटोमा १७१
४५. भान्साघर १७४
४६. बाजी थापेर १७९
४७. तै सरदारको बुद्धि फुर्छ कि ! १८४
४८. गर्भवती समलिङ्गी १८८
४९. बूढो साँढे र कोरली १९२
५०. विजयश्री सर्दैछ १९४
५१. कान्छीमाया १९७
५२. ऊन, सुन र नुन १९९
५३. नबिर्सने क्षण २०२
५४. गल्ती कहाँबाट भो ? २०६

कथा भाइरल भो

'प्राणनाथ, मलाई प्राण छोड्न कठिन भो, थाम्न पनि सक्तिनँ । मलाई वचन दिनुहोस्, म आनन्दले जान पाऊँ । उपचारका लागि देश-देशान्तरसम्म लिएर जानुपर्दैन मलाई । म तपाईंसँग वचन माग्छु, गर्छु भनेर वचन दिनुहोस् । यतिञ्जेल डराएर बसें, थर्किएर बसें, खुम्चिएर बसें । अब म कालसँग पनि डराउँदिनँ ! केवल कालो कलंकी इतिहाससँग डराउँछु । हामीले नै आफ्नो इतिहास बेलैमा सङ्ल्याएर छोड्नुपर्छ । मेरो अन्तिम इच्छा यही हो । त्यसैले छल नगरी बाचा गर्नुहोस् । बाचा पूरा भएको हुनुपर्छ । गएपछि पनि बाचा पूरा भएको हेर्दै रहनेछु । वचन दिनुहोस्, वचन लिएरै म शरीर छोड्छु । अहिले मेरो प्राण अड्केको छ ।' सजलाले धर्मराज शण्ठराजसँग माग राखिन् । उनी दीर्घरोगी थिइन् ।

'म वचन दिन्छु । तिम्रो इच्छा पूरा गर्छु । भन, म के बाचा गरौं ?' निको पनि नहुने, प्राण छोड्न पनि नसक्ने अवस्थामा पुगेकी आफ्नी पत्नीलाई आश्वस्त पार्दै धर्मराज शण्ठराजले भन्यो ।

'हामीले जम्मा गरेको सम्पत्तिबाट, हाम्रो योजनामा हिंड्दा अधमरो जीवन बाँचिरहेकाहरूका लागि एक-एकवटा आवास र उपचारको व्यवस्था गर्छु भनेर वचन दिनुहोस् । त्यो सम्पत्तिमा तिनको पनि उत्तिकै अधिकार छ । हामी एक्लै भोग गर्न सक्तैनौं, अपराध नथपौं । उद्योग खोलिदिनोस् । श्रम गरेर बाँचून् ।'

'अनि ?'

'यो देशको कतै विलय नहोस् । अर्को देशको झण्डाभित्र नपारियोस् । भूमि नघटोस् । पराइसँग गरेका बाचा फिर्ता लिनुहोस् । मुलुक मास्ने सोच र संकल्पबाट पछि सर्छु भन्ने बाचा गर्नुहोस् ।'

'अझै क्यै इच्छा भए त्यो पनि भन ।' धर्मराज शण्ठराजले बोक्रे बोलीबाट विधि पूरा गर्न बोल्यो ।

'राजनीति गर्न छोड्छु भनेर बाचा गर्नुहोस् । हामी राजनीति गर्न जान्दैनौं । राजनीति हाम्रो क्षमता बाहिरको कुरा हो । राजनीतिलाई निर्माणतर्फ डोऱ्याउनुपर्ने थियो, विनाशतर्फ लागियो । यही गलत भो ।'

'पहिले नै मेरा आँखा खोलिदिनुपर्थ्यो नि तिमीले ! धेरै कुरा बितिसक्यो, बिग्रिसक्यो । के गरौं अब ?' धर्मराज शण्ठराजले किञ्चित् बोध गरेजस्तो गऱ्यो । ऊ जस्तो पनि नाटक गर्न सक्तथ्यो ।

'राजनीतिबाट संन्यास लिनुहोस् । यस माटाको, यहाँका मान्छेको कल्याण हुनेछ । आत्मालोचना र पश्चात्ताप गर्नुहोस् र अपरिग्रही चरित्रको विकास गर्नुहोस् । तपाईंकै कारण कति विधवा भए, कति टुहुरा-अनाथ भए, कति बेपत्ता भए, कति लुटिए, कति पुस्तक च्यातेर स्कूलबाटै हतियार समाउन पुगे, तिनको दुरवस्थाले तपाईंको शरीरमा आगो लाग्दैन ? वचन दिनुहोस् मलाई- तिनको उद्धार गर्छु भनेर । अनि म प्राण छोड्छु । तपाईंले सत्य-प्रतिज्ञा नगरेसम्म मेरो प्राण छुट्ने छैन । झन् झन् कठिन हुँदैछ मलाई, वचन दिनुहोस्, बाचा गर्नुहोस् । हैन भने आफ्नो घाँटी आफैं थिचेर प्राण लिन्छु ।' सजलाले बल गरी-गरी मनको पीप बगाई ।

धर्मराजले कान थुन्यो र दुवै हातले टाउको च्यापेर थुचुक्क भुइँमा बस्यो । उसले वचन दिन सकेन । सजलाको मागले उसको टाउको रन्किyो । त्यसपछि ऊ निस्कियो । अस्वस्थ प्रतिस्पर्धाको राजनीतिमा भासिएर ऊ केवल आफूलाई केन्द्रमा राख्थ्यो र हुँदाहुँदा परिवार, गुट र दललाई पनि बेवास्ता गर्न थालेको थियो ।

अर्को दिन जङ्गलमा पुगेर, अपाङ्ग हुन पुगेका वृद्ध सेनालाई खिया लागेका हतियार साँध लगाउने आदेश दिएर फर्कंदा घरमा मान्छे भरिएको देख्यो । सजला मरिसकेकी थिई ।

'दुरूत्साहन र हत्या' को अपराधमा धर्मराजलाई चौतारीमा लगेर उभ्याइयो । चौतारीको न्यायपीठमा बयान दिँदै उसले भन्यो- 'जसको पिस्तोलको गोलीले सजलाको हत्या भो, उही हत्यारा हो । यसमा मेरो दोष छैन ।'

'तपाईंसँग सजलाले भनेका कुराको रिकर्ड हामीले सुन्यौं । तपाईंको चरित्रले सजलालाई मृत्युवरण गर्न बाध्य गरेको प्रमाणित हुन्छ ।'

'त्यो कसरी हुन सक्छ ?'

'सुरक्षा गार्डसँग पिस्तोल लिएर उनैले गोली चलाएकी हुन् । सुरक्षा गार्डको बयान यही छ ।' कसैले प्याच्च बोल्यो ।

सुरक्षा गार्डलाई अघि सारियो । उसले बयान दियो- म 'मुन्धुम छोएर बाचा गर्छु- असत्य बोल्दिनँ ।' उसले चौतारीका सभाजन समक्ष संवादमय चित्र उपस्थित गर्दै भन्यो :

उहाँले भन्नुभयो- 'हेमु, खै कस्तो छ तिम्रो पिस्तोल ? भारी होला हैन ? हेरौं त म पनि !'

'जी' भनेर मैले टेबिलमा राखिदिएँ !

'कति गोली छन् ?'

'चारवटा बाँकी छन् हजुर !'

'यो खेलौनाकै रूपमा छ कि चल्छ पनि ?'

'जी, काम गर्छ ।'

कोही आएजस्तो लाग्यो । म झट्ट बाहिर निस्कें । यता गोली चल्यो । म फर्कंदा उहाँ ढलिसक्नुभएको थियो । सत्य यही हो । अब सही छानबिन भयो भने कसले कसरी गोली चलायो भन्ने कुरा थाह होला नि हजुर ।'

'अगाडि-पछाडिको कुनै दृश्य ?'

'मैले टेबिलमा पिस्तोल राखिदिंदा मेडम लेख्तै हुनुहुन्थ्यो । उहाँको लेखोट मैले फोटो गरेको छु । यसले पनि म दोषी नभएको प्रमाण दिन्छ ।'

'कहाँ छ त्यो लेखोट गरेको पत्र ?'

'त्यो त त्यहीं थियो । मैले छुँदै छोइनँ, मोबाइलले फोटो मात्रै लिएँ । फोटो सुरक्षित छ ।'

न्यायपीठले चौतारीमा पेश भएको पत्र पढेर सुनायो :

'प्राणनाथ ! तपाईंले अरूको प्राण लिनुभो । आफ्नाको प्राण लिनुभएन । राजनीति गर्नेका लागि जनता आफन्त हुन्, तिनले शक्तिमा पुऱ्याउँछन् भन्ने सोच राख्नुभएन । जनतालाई टिप्तै जंगलमा लगेर मार्दै गर्नुभो । मैले कैयौं पटक सम्झाएँ, अनुरोध गरें, रोएँ, कराएँ, चिच्याएँ; अकर्म नगरौं, गलत बाटोमा नलागौं भने । मान्छे छटपटाएर मरेको र रगतको आहालमा डुबेर मरेको दृश्य हेरेर आनन्द लिने रुचिमा परिवर्तन ल्याउन सक्नुभएन ।

तपाईंको शैतानी रुचिलाई पोषण गर्न म आफैं आत्महत्या गर्दैछु । मलाई यो स्थितिमा पुऱ्याउने कारक-तत्व तपाईंको अपथको यात्रा नै हो । घरका सदस्य मर्दा कस्तो पीडा हुन्छ, त्यसको अनुभव तपाईंले अब लिनैपर्छ । तपाईंले गोहीको आँसु झार्नुहोला, त्यो पनि जान्दछु । मेरो आत्महत्याबाट

तपाईंले र तपाईंका समर्थकले के पाठ बुझ्लान्, त्यो म भन्न सक्तिनँ । तपाईंलाई मैले जित्न सकिनँ । नारीले हार्दा पुरुषले जितेको ठान्छ भने त्यो पनि हेर्नुछ ।

मलाई वचन दिनुभएन, मसँग बाचा गर्न सक्नुभएन । तैपनि दोहोऱ्याएर भन्छु- लुटेको, कब्जा गरेको सम्पत्ति फिर्ता गरिदिनुहोस् । तपाईंले उजाडेका घर बसाइदिनुहोस् । लुकाएको धन राष्ट्रको ढुकुटीमा जम्मा गरिदिनुहोस् । माफी मागेर, रोएर चोखिनुहोस् । तपाईंले त्यसो गर्नुभयो भने म मुक्त हुनेछु । मलाई शान्ति मिल्नेछ । मेरा सन्तानहरू तपाईंको बाटोमा नहिँडून् । फेरि एक पटक भैंसी दान गरेर प्रायश्चित्त गर्नुहोस् । अर्काको कुरा सुनेर आफ्नो मुलुकमा धावा बोल्नेसँग अरू के आस गर्न मिल्छ र ! अबदेखि म बिरामी हुन्नँ, अर्काको दरबार आफ्नो हुँदैन । चेतना भया ।

न्यायपीठले मुद्दाको किनारा गर्दै फैसला सुनायो :

'आफ्नै पत्नी सजला प्रियदर्शिनीलाई आत्महत्या गर्न दुरूत्साहित गरेको अभियोगमा मृतकका पति वनचारी श्री धर्मराज शण्ठराजलाई यो न्यायपीठ नागाबाबाको रूपमा २० वर्ष नग्न जीवन बिताउने आदेश गर्दछ । वस्त्र, वल्कल वा पात-परालको उपयोग गरेर दण्डलाई छल्न खोजिएको प्रमाणित भएमा हरेक पटक एक वर्ष थप हुँदै जानेछ । यात्रामा मात्र सार्वजनिक यातायातको उपयोग गर्न पाइने छ । साथै दण्डको अवधिभर गाउँ वा नगर क्षेत्रबाट बाहिर जान निषेध गरिएको छ । जानुपरे सम्बन्धित प्रहरी चौकीबाट अनुमति लिनुपर्नेछ ।'

सुरक्षामा खटिएको जवानको हकमा आफ्नो पिस्तोल अरूलाई दिएकोमा सुरक्षा गार्ड श्री हेमु धुलाबारीलाई ११ दिन निलम्बनमा राख्न सम्बन्धित निकायलाई आदेश गर्दछ ।

वनचारी श्री धर्मराज शण्ठराजले अबको एक घण्टापछि अर्थात् ठीक चार बजेदेखि निर्वस्त्र रहेर दण्ड भुक्तान गर्न थाल्नुपर्नेछ ।

स्मरण रहोस्, यो निर्णय अरू मुद्दामा नजीर मानिनेछैन ।

त्यसपछि, यो कथा आम संचारमा फैलियो र अनेक भाषामा अनूदित हुँदै विश्वभर भाइरल भो ।

❑❑

कथा भाइरल भो

कमरेडको अफिस

पार्टी कार्यालयमा पुगेर कमरेड आफ्नो ठाउँमा बस्यो । अनि लाल सलाम दिन उठेर भित्तातर्फ हेऱ्यो- मार्क्स र लेनिनका फोटा देखेन । झुक्किएर नै सही, उसले नयाँ फोटालाई सलाम चढायो र हतार हतार हात झाऱ्यो । उसको टाउको तात्यो । ऊ रिसले भाउन्न भो । अनि मेलम्ची जल पिएर पियन कमरेडलाई सोध्यो- 'यहाँबाट फोटा कसले हटायो ? यी फोटा कसले टाङ्नु भन्यो ? यी फोटा फेर्ने योजना कसको हो, छोटे कमरेड ?'

'कमरेड, मलाई थाह भएन, कमरेड पालेलाई थाह छ कि ! बोलाउँछु ।'

'हामी जस्ताको नामको शुरूमा कमरेड लगाइन्छ, तल्लो तहकाहरूको नामको पुच्छरमा कमरेड लाग्छ भन्ने पार्टीको अलिखित कानून अझै थाह छैन ? बोलाऊ पाले कमरेडलाई ।'

हिंडाइ लर्खराएको, बोली पनि लठेप्रो थियो । वेला-वेला ऱ्याल पनि चुहाउँथ्यो पाले कमरेड । जोडा बाँधेर पाले कमरेड र पियन कमरेड सँगै हाजिर भए ।

'यहाँ भैरहेका फोटा झिकेर यी नयाँ फोटा कसले टाँग्यो ?'

'ए ! गजब भएछ । अब पो सुहायो त कमरेड, यो अफिसको अनुहार । राष्ट्र निर्माताको फोटो सही ठाउँमा राखिदिएछन् । बल्ल ठीक भो । मलाई त खुशी लाग्यो ।'

अर्को फोटामा हेरेर पाले कमरेडले थप्यो- 'यो झ्याउरे फोटो त जङ्गबहादुरको पो हो त ! जसले राख्यो, मजस्तै दिमागदार रहेछ त्यो कमरेड पनि ! हा...हा...हा...' ऊ मच्चिएर हाँस्न थाल्यो । यसै वेला उसलाई चिमोटेर पियन कमरेडले ढोकामाथि राखेको तेस्रो फोटोतर्फ इशारा गऱ्यो ।

पाले कमरेडले प्रसन्नता प्रकट गर्दै भन्यो- 'बल्ल पूर्णता आयो । आफ्ना देशका नायकले पनि ठाउँ पाएछन् । गजबै भएछ । होइन त कमरेड पियन ?'

पियनलाई माथ्लो दर्जा दिएको बुझेर नायक कमरेड फेरि रिसायो । किन्तु कुनै टिप्पणी गरेन । क्रोध नियन्त्रण गरेको शैलीमा मुर्मुरिदै ऊ थन्कियो ।

अलिकति हिम्मत कसेर पियन कमरेडले शिर ठाडो पारेर कार्यालय कक्षका चारै भित्तामा टाँगिएका फोटाहरूमा दृष्टि घुमायो । उसले त्यहाँ पृथ्वीनारायण शाह, जङ्गबहादुर र राजा यलम्बरका फोटाहरू थपिएको देख्यो । अनि ढोकामाथि राजा महेन्द्र र चीनका नेता माओ-त्से-तुङको तस्वीर जोरेर एकै ठाउँ राख्नुको औचित्य बारे गुन्न थाल्यो । अरू फोटा यथास्थानमा थिए ।

पाले कमरेडले लर्खराएको वाणीमा भन्यो- 'अर्काका देशको नायकलाई आफ्नो देशमा हीरो बनाउनु भन्दा आफ्नै देशका नायकलाई महत्व दिएर स्थापित गर्नु उचित होइन र साहेब कमरेड !'

पियन कमरेडले गुन्यो- 'पृथ्वीनारायणले यो मुलुकलाई एउटा आकार दिए । जंगबहादुरले नेपाललाई बाह्य जगतसँग जोड्ने अभियान थाले र भौतिक विकासको जग हाले । राजा महेन्द्रले सांस्कृतिक जागरणको शंखघोष गरेर बहुमुखी विकास आयोजना र औद्योगिकीकरणलाई प्रश्रय दिए । त्यसैले यिनको फोटो यहाँ हुनु औचित्यपूर्ण लाग्छ । तर यहाँ टंकप्रसाद आचार्यको फोटो नभएकोमा आश्चर्य पनि लाग्छ, किनभने उनी त जनताको राजनीतिक चेतनाका प्रतीक हुन् नि ! कसैको कृपाबाट प्रधानमन्त्री भएका हुन् र ? यही कुरा विश्वेश्वरप्रसाद कोइरालामा पनि लागू हुन्छ !'

'तर हाम्रा कमरेडको मनमा अर्थोकै कुरा खेलेको छ । कुरा अर्कै छ । भोलि उताबाट सात दिन राष्ट्रपति पदमा राख्छु र तेरा नामबाट २/४ राज्यमा रोड खोलिदिन्छु भन्ने प्रस्ताव आयो भने यो देश लगेर जिम्मा लगाउन बेर छैन । यी सधैं रोगी महत्वाकांक्षा लिएर बसेका छन् । लडाइँ त्यसैका लागि त हो नि ।' ऊ आत्मकथन गर्दै रह्यो ।

'यस्ता-यस्ता महान् विभूतिको तस्वीर त यहाँ हुनैपर्ने हो । तर यो सत्य स्वीकार गर्न हामीलाई हाम्रो अज्ञान, अभिमान र स्वार्थले दिँदैन । लाचार भएर बस्नु नै नियति भएको हो कि !' नायक कमरेड मनमनै गुनिरहेको थियो ।

पियन कमरेडले नायक कमरेडलाई एउटा कागजको टुक्रा दिँदै भन्यो- 'यो मैले भेटें । अर्थ लागेन । कमरेड नै यसको मर्म बुझ्नुहोला । के थाह, हाम्रा लागि कुनै पाठ या सन्देश दिएको होस् ।'

नायक कमरेडले पढ्यो-

नेता छान उसैलाई जसले देश थाम्दछ
कुचो लाऊ उसैलाई जसले नष्ट पार्दछ,
अपराधी छलीलाई बेलैमा चिन्नुपर्दछ
इतिहास नबुझ्नेले केको उन्नति गर्दछ ?

एकले अर्काको मुख ताके । कसैले एक शब्द बोलेन । त्यही वेला बत्ती पनि झ्याप्प गयो ।

❑❑

कमरेडको अफिस

कसरी बुझ्ने

कक्षा ११ को परीक्षा सकियो । विद्यार्थीहरू साथी-साथी, जोडी-जोडी मिलेर टूरमा निस्कँदै गए । सुमना र आगम पनि निस्किए ।

बस रोकियो ।

'लौ हजुर धारो-पानी जानुहोस्, खाना पनि खानुहोस् । आधा घण्टामा सबै कुरा भ्याउनुहोस् । घडी हेरेर फर्कनुहोस् । सामानको ख्याल गर्नुहोस् । पाकेटमारबाट जोगिनुहोस् ।' मेशिन बोल्यो र रोकियो ।

मानव अधिकारकर्मीको पोशाकमा एक सज्जन होटलमा खाना खाँदै थियो । किशोर-किशोरीको एउटा जोडी आएर त्यही टेबिलमा बस्यो । परीक्षाको भारी बिसाइसकेको हुनाले दुवै प्रसन्न थिए । उत्सुकता राखेर सहज भावले किशोरीले भनी- 'हजुर त बाबाजी पो हुनुहुन्छ क्यार ! हामीले यहाँ बसेर खाँदा असजिलो हुने हो कि ?' उसको भनाइमा थोरै मर्यादा झल्कन्थ्यो ।

'खासै असजिलो हुँदैन । को बस्छ र हिजो-आज नीति र मर्यादामा । जस्तो ठाउँ त्यस्तै चरित्र ! आँगन अनुसारको नृत्य, बस ! प्राणको रक्षा गऱ्यो हिंड्यो !'

त्यसपछि अलिक नरम र व्यावहारिक ढंगका कुरा भए । हृदयका कुरा खुल्दै गए । किशोरीको फोन बज्यो । उठाएर बोली- 'मनकामना पनि जाने, पोखरा पनि जाने, पाल्पा पनि पुगिन्छ कि गोरखपुर पनि...।' फोन बन्द गरेर किशोरीले अर्द्ध श्रव्य ढंगले किशोरसँग भनी- 'एक पटक बाबालाई सोध्ने हो कि ?'

'के सोध्ने भनेको ? मलाई हो ? मैले जानेको कुरा म भनिहाल्छु नि । कयौंका अप्ठ्यारा कुरा हामी खोलिदिन्छौं, समाधान गरिदिन्छौं । त्यो त हाम्रो धर्म हो । भन्छन् नि सेवा हि परमो धर्म ।'

'बाबा हामीले बिह ागर्न मिल्छ ?' किशोरीले सोधी

'हिजो-आज समलिंगी पनि बिहा गर्छन्, तिमीहरू त योग्य र प्रकृत अधिकारवाला जोडी देख्छु । मानवसँग असीमित अधिकार छ । ऊ जे पनि गर्न सक्छ । राजनीति गर्ने जीवलाई रोक्यो र कुनै नीतिले ?'

'हाम्रो नाता छ । त्यसैले हुन्छ कि हुँदैन भनेर नि बाबा !'

'नाता काट्ने दुई उपाय छन् । क्या नाम है ? मीरा प्रमत्ताले आफ्नो शरीर आफ्नो अधिकार बारे व्याख्यान दिएर हाम्रा युवा-युवतीलाई नयाँ बाटो देखाइदिएकी छन् । अब सामाजिक, सांस्कृतिक तथा पारिवारिक पक्षबाट आउने अवरोधलाई निस्तेज पारिदिएको छ । यो प्राङ्गणको व्यवस्था पनि अहिले अनुकूल देखिन्छ । दोस्रो हो- विधान । यस्ता सामाजिक संरचना थाम्ने धर्म, नीति, आदर्श र परम्परागत मान्यतालाई भत्काउन विधानले प्रशस्त शक्ति दिएको छ भन्नैपर्छ । फेरि अप्ठ्यारो मान्ने किन ? कहीं उमेर त बाधक छैन ?'

'छैन बाबा । म बिहानकी, ऊ बेलुकाको । हामी एकै दिनका हौं । त्यसैले हाम्रो धेरै कुरो मिल्छ ।' किशोरीले सत्य बोली ।

बाबा बाङ्गो मुस्कुरायो । उसले थप्यो- 'ए, अब तन र मन पनि एउटै हुँदैछ । यो त राम्रो संयोग हो । धर्म निरपेक्ष मुलुकमा लिङ्गधर्म पालन गर्ने सहुलियत पनि त छ । यस्तै सहुलियत दिन भनेरै यो विधान ल्याइएको होइन र ?'

किशोरको जुँगाको रेखीमा पसिनाका दाना देखा परे । किशोरीको काखी रसाएर बाहिर आयो ।

यिनको अनुहारको छवि पढेर बाबाले भन्यो- 'अरू दुई मार्ग छन् ।'

'कस्ता मार्ग बाबा ?' किशोरीले उत्सुकता देखाई ।

'एउटा मार्ग हो- मस्जिद जाने, मुसलमान हुने र निकाह गरिमाग्ने । नाता विवाहलाई त्यहाँ असजिलो हुँदैन । निन्दा मानिदैन, लिगल मानिन्छ ।'

'अनि अर्को बाटो नि बाबा ?' दुवै एक पटक उत्सुक देखिए ।

एक छिन गम्भीर भएर बाबाले थप्यो- 'दशनामीमा दीक्षित हुने र गृहस्थी जीवनमा फर्कने । यसलाई चाहिं धर्म परिवर्तन गरेको मानिंदैन । गुरू र नाम फेरिन्छ । पोशाक पनि अनिवार्य छैन गृहस्थीलाई ।'

यो मार्ग ठीक लाग्यो यो जोडीलाई । उनीहरू दशनामीभित्र प्रवेश गर्ने दृढताले बाबाकै पछि लागे । दशनामी सन्यासी भित्रका फरक-फरक पाठशालामा प्रवेश लिएर दुवै जना भिन्न भिन्न पहिचान लिएर निस्किए । राई र लिम्बूहरू जनजातिले चिनिए जस्तै यी पनि आफ्नो वास्तविक पहिचान छोडेर अर्को पहिचान दिंदै हिंडे । अब युवती सुमना उपाध्यायबाट सुचित्रा सरस्वती भई र युवक आगम उपाध्याय चाहिं अभय आश्रमको नामले चिनिंदै गयो ।

यी दुवै ब्राह्मण स्रोतबाट निर्माण भएका युवा संन्यासी भए सुचित्रा सरस्वती र अभय आश्रम । भिन्न-भिन्न पाठशालाबाट दीक्षित-उत्पादित भए पछि नाता र संबन्ध भेटियो र यी नयाँ वर्गबाट फेरि नयाँ जीवनमा जोडिन पुगे- विवाह गरेर पति-पत्नी भए । दाजुकी छोरी र भाइको छोरो एक भए भन्ने भेद कसैले जानेन ठाउँ सरेपछि ।

खोज पत्रकारिताको धर्म परिवर्तन र प्रजनन् महाशाखाले बारम्बार अनुगमन गरेर ऐतिहासिक तथ्याङ्क तयार पार्ने प्रणालीको विकास गरिसकेको हुनाले सत्यता जान्न कठिनाई थिएन । त्यसैले खोज पत्रकारिताले आफ्नो यात्रा उज्यालो र तथ्यपूर्ण छ भन्ने कुरा प्रमाणित गर्दै लेख्यो :

'सुचित्रा सरस्वती र अभय आश्रमका तीनैजना सन्तान अपाङ्ग, मन्दमति र दुराचारी देखिएका छन् । नृतत्व शास्त्र वंशविकास र चिकित्सा पद्धतिबाट हेर्दा एउटै वंश र एउटै रगतबाट विकास भएको मानव-जीवमा वंश विकृतिको लक्षण भेटिएको हो । र यो स्वाभाविक देखिन्छ । क्रस गराउनु आवश्यक थियो । अर्को ढंगले भन्ने हो भने- भिन्न-भिन्न गोत्र जोरेर सन्तान जन्माउने परम्परा अवैज्ञानिक थिएन । तर नयाँ विधानले असल कुरा दियो भन्ने सोचलाई यस्ता प्रमाणले गलत सिद्ध गरिसकेको छ । फेरि पुरानो मान्यता बोक्ता प्रतिगमन गरेको आक्षेप लाग्ने भय पनि उत्तिकै थियो ।

प्रश्न छ : संविधान र कानून माटो, जीवन, संस्कृति र इतिहासलाई पोषण गर्ने उद्देश्यले ल्याइन्छ कि नष्ट गर्ने सोचले ? सही उत्तर के हुनुपर्छ ? त्यसैको प्रतिफल होइन र यो दिदी-भाइको विवाह ?

आगामी पुस्ता जस्तोसुकै जन्मोस् किन्तु हाम्रा जोडी चाहिं आफू खुसी बाँचे पुग्छ, बाँच्न पाउनुपर्छ भन्ने सन्देश दिन विधानले प्रेरित गरेको हो भने जय किन नमनाउने ? प्रतिगामी भएर स्वस्थ सन्तान जन्माउनुको औचित्य के ?

स्थापित मान्यता भत्काउनु आजको राज्य चिन्तन र संकल्प होइन र

वास्तवमा, भिन्न-भिन्नै गोत्र र वंशमा विवाह गरेर सन्तान जन्माएका भए सुमना र अभयले यो मुलुकलाई अवश्य नै उच्च जनशक्ति दिने थिए । सगोत्री-विवाहकै कारण अशक्त, दुर्बुद्धि र अल्पमतिका सन्तान जन्माएर मुलुकलाई नै अपाङ्ग पारे र अनावश्यक बोझ थपे भन्ने हो कि ?

अब के भन्ने ? आमा बाबुले गति छोडे भने सन्तान पनि खराब हुन्छ भन्ने ? कसरी बुझ्ने ? कि राज्यलाई दोषी ठान्ने ? विधान दोषी हो भन्ने कि ! धर्म निरपेक्ष पथको तारीफ गर्ने कि ? कि हाम्रो बुझाइ गलत हो ? कि विधानको धारा गलत भो कि नयाँ मार्गको यात्रा गलत ? प्राचीन चिन्तन र समाज विकासको नीति नै गलत थियो त ? विज्ञान के भन्छ ? विधिज्ञ के भन्छ ? नाता पर्नेमा बिहा भएछ भनेर फिर्ता गर्ने चलनलाई असभ्य ठान्ने कि परिस्कृत । त्यस्तो जातिको रीतमाथि गौरव किन नगर्ने ? कसरी हेर्ने ?'

त्यसपछि खोज पत्रकारिताको महत्व बढेर आयो ।

❑❑

कसैले बोलेन !

आफ्नो देशको भूमि छेउको देशको मानचित्रमा पसेको देखेर एउटा नागरिकले विद्रोह बोल्यो । फेरि ऊ एक्लै क्रान्तिमा ओर्लियो । तर राज्य शक्ति (सरकार) उसको विपक्षमा उभियो । उसलाई खोज्यो । खेद्यो । गोली हान्यो र ढाल्यो । अस्पताल पुऱ्याएपछि नागरिकले प्राण छोड्यो ।

सुरक्षाकर्मीको घेरामा शव-परीक्षण भो । तर लडी मरेको भन्ने प्रतिवेदन सार्वजनिक भो । यो सत्य थिएन । राज्य शक्तिको वक्रचाल नागरिक समाज बुझ्दथ्यो । त्यसैले विश्वास गर्न सकेन । किन्तु बलियो राज्य शक्ति जे पनि गर्न सक्तथ्यो; गरेरै देखायो ।

क्रान्तिकारी नागरिकको शव स्वप्नमती (नदी) को तटमा पुऱ्याएर चितामाथि राखियो, अनि जब अग्नि दिने वेला भो राष्ट्रिय गीत बज्यो । मृत शरीर तत्काल चिताबाट उठ्यो र घटोत्कचको स्वरूप लिएर उभियो । अनि सैनिक-शैलीमा शलामी दियो ।

गीत पनि सकियो । शलामी पनि सकियो । अनि त्यो विशाल शरीर स्तम्भ पल्टिएझैं पल्टियो र त्यसको घर्षणले चितामा आफैं आगो लाग्यो । दर्शकहरूले राष्ट्रिय गीतको शक्तिको तारीफ गरे । गीत बज्नुको औचित्य स्वीकार गरे ।

ऊ पनि शहीद हो भनेर कसैले बोलेन ।

धिक्कार !

❑❑

खोज पत्रकारिता

अग्लो मान्छे, विधिज्ञ हो क्यार ! यो पटक पनि रोगीकै स्वरूपमा घर फर्क्यो । उसको बुद्धि र हस्ताक्षरको ठूलो कदर हुन्थ्यो भन्थे । यूरो डलर वर्षन्थ्यो रे । त्यसैले अस्पतालका सुविधा घरैमा जोड्ने योजनाले उसलाई फर्काइएको थियो क्यार !

आगन्तुकहरू तोकिएको समयमा आउँथे । आरोग्यको कामना गर्थे । पुस्तिकामा मन्तव्य लेख्थे र फर्कन्थे । समाज बोल्थ्यो- यस्तो दीर्घरोगीलाई सक्नेले घरमा नै अस्पताल जोडे हुनेरहेछ नि ! हैन र ?

ऊ मानसिक रोगी । आफैंले ल्याएको, पालेको रोग । मनमा अथाह औडाहा, छटपटी, आत्मदाह र पीडा बोकेर बाँचेको थियो ऊ । बाँचेको पनि के भन्नु ? पश्चात्तापको रापमा पिल्सिएर भन्नै अधमरो थियो ऊ । वाणी हरायो, ओठ मात्र हल्लन्थे । ऊ लेखेर मनको छटपटी पोख्न चाहन्थ्यो, शीतल हुन खोज्थ्यो । किन्तु त्यो कुरा त्यहाँ वर्जित थियो । त्यसैले पनि ऊ अझ बढी उत्पीडित देखिन्थ्यो ।

उसलाई भेट्न एक दिन एउटा नारदवंशी (पत्रकार) पुग्यो । उसलाई देख्नासाथ धर्धर आँसु बगे । 'चाँडै स्वास्थ्यलाभ होस्' भनेर पत्रकार जब हिंड्न खोज्यो, उसले हात समाएर रोक्यो र लेख्न चाहेको संकेत गऱ्यो । पत्रकारले बुझ्यो- ऊ लेखेर केही भन्न चाहन्छ । शायद ऊ चोखिन चाहन्छ । कलंक धोएर पवित्र बन्न चाहन्छ ।

छोरीले भनिन्- 'अंकल, बाबा केही लेख्न चाहनुहुन्छ तर उहाँलाई कापी-कलम नदिनू भनेको छ ।'

'कसले त्यसो भन्यो ?'

'डाक्टरले पनि, उहाँका ठूला-ठूला सबै नेताले पनि त्यसै भने । हामीले पनि झन् बिमारी बढ्ला कि भनेर लेख्न दिएका छैनौं ।'

'मलाई त जति चाँडो मामाले मनका कुरा खोल्न सक्नुहुन्छ, उति चाँडै उहाँ निको हुनुहोला भन्ने लाग्छ । तर उहाँलाई कापी-कलम नदिनू भन्छन् ।' भान्जीले भनिन् ।

श्रीमतीले थपिन्- 'कलम समाएर बाँचेको मान्छे कलम नदिए बौलाउँदैन र ? मलाई त यी सबै मिलेर उहाँलाई बिरामी परिरहोस् भन्छन् जस्तो लाग्छ । के मेरो मनमा पाप जन्मेको हो ?'

'अंकल, मेरो एउटा प्रस्ताव छ । हजुर आज यहीं बस्नुहोस्, उहाँसँगै । कापी-कलम, पुस्तक जे जे माग्नुहुन्छ, दिनुहोस् । म सबै कुरा यहीं ल्याइदिन्छु । त्यसपछि उहाँको रोगको कारण पनि पत्ता लाग्छ । उपचार पनि सहज हुन्छ ।' नर्स तारा लोकसमले खुलेर भनी- 'उहाँलाई आत्मग्लानि छ । आघात परेको छ । उहाँ चोखिन चाहनुहुन्छ । म जान्दछु, प्रायश्चित्त गर्न खोज्नुभएको हो । त्यो मौका दिनुपर्छ उहाँलाई । यसवेला हजुरको सहयोग चाहिन्छ हामीलाई ।'

'ताराले भनेका कुरामा मेरो पनि सहमति छ अंकल । म हेर्दैछु- तपाईंलाई देखेपछि उहाँको अनुहार नै उज्यालो देखिएको छ । तपाईं नै उहाँका लागि विधाता बन्न सक्नुहुन्छ कि !' अर्की नर्स खेचरी लाङ्वाले आफ्नो विचार थपी ।

पत्रकारले आगन्तुक पुस्तिकामा आँखा घुमायो । शीघ्र स्वास्थ्यलाभको कामना निकै ठाउँ भरिएको थियो- साधारण औपचारिकता ! विभिन्न तहका राजनीतिक सरदारहरूको सामयिक उपस्थिति पनि वाञ्छित भन्दा अवञ्छित बढी हो कि जस्तो !

एउटा अनुच्छेदमा पत्रकारको दृष्टि रोकियो । उसले पढ्यो- 'एउटा विधिविद्लाई उसले गरेको विकर्मले नै रोगी गराएको हुन सक्छ । त्यसैले उपचार पनि उस्तै पद्धतिबाट हुनु समीचीन होला । राष्ट्रको धर्ममा आफूले धक्का दिएको ठानेर मनोविचलन आएको होला । अर्को कारणले उहाँ बिरामी हुने व्यक्ति नै होइन । तुरुन्त उपचार हुनुपर्छ ।'

उसले अर्को लिखत पढ्यो- 'अन्तबाट प्रक्षेपित गरिएको जातीय कलह र द्वन्द्वको बीज आफ्नो परिवेशमा उमारेर संरक्षण दिने विधि आफैंले विन्यास गरेको हुनाले त्यसो गर्ने कतिपय सचेत नागरिकलाई यस्तै रोगले पछ्याउन थालेको छ । पृष्ठभूमि हेरेर उपचार गर्नुपर्छ कि !'

पत्रकारले पनि यी ठूला मान्छे आफ्नै कर्मदेखि डराएर बिरामी भएका होलान् भन्ने अडकल काट्यो र चूपचाप कलम र कागज बिरामीका अगाडि राखिदियो ।

विधिज्ञले रोगशैयाबाट आफूले विधान मार्फत देशमाथि घात गरेको स्वीकार गऱ्यो । उसको लिखतमा थियो : मित्र, म चोखिन चाहन्छु । संघीय विधान मार्फत मैले आफ्नो देशमाथि ठूलो घात गरेको छु । देशद्रोही भन्ने आक्षेपबाट मुक्त हुन चाहन्छु । म घोर अपराधी हुँ । कपूत हुँ । मानसिक रूपले म आफैं पनि दण्ड भोग्दैछु र राज्यले दिने दण्ड भोग्न पनि तयार छु । शायद कुनै पनि दण्ड मेरा लागि सानु हुनेछ ।

फाँसी हुन लागेको मानिसले आफ्नो अन्तिम इच्छा भनेजस्तै यो मृत्युशैयाबाट म पनि भन्छु- 'मेरो शवमाथि राष्ट्रिय झण्डा नओढाइयोस् । अब म त्यसको अधिकारी रहिनँ । म चुकें । म राष्ट्रघाती हुँ । समाज भाँडें, संस्कृतिमाथि आक्रमण गरें । राष्ट्रद्रोह गरेको लाञ्छना बोकेर म मर्न चाहन्नँ । म पवित्र हुन चाहन्छु । मलाई चोखिने मौका देऊ ।'

पत्रकारले त्यस दीर्घरोगी महापुरुषको लिखतको फोटो लियो र परिवारजनसँग संक्षिप्त विमर्श गरेर बाटो लाग्यो ।

अर्को दिन 'जनगणतन्त्र' दैनिकले 'विधान भोजका शक्तिशाली महापुरुषहरू एउटै रोगबाट आक्रान्त' शीर्षकमा लामो सम्पादकीय लेख्यो :

संविधान त्रुटिपूर्ण छ । यसले डाका, लुच्चा, ठग, जाली, फटाहा, तस्कर, हत्यारा, देशघातीलाई उत्पादन गर्छ, संरक्षण गर्छ र सरल नागरिकलाई उत्पीडन दिन, उपेक्षा गर्न र तेजोवध गर्न बल पुऱ्याउँछ । यसले निर्दोष र उपकारीको चरित्र हत्या गरेको छ । विवेकीहरूलाई कलंकित तुल्याएको छ ।

यो विधानले मुलुकलाई दुर्घटनातर्फ धकेल्दैछ । यसमा विदेशीको कुत्सित संकल्प जोडिएको छ । यसले जातीय दुर्भाव बढाएको छ । कैयौं जातिलाई उच्च र कैयौंलाई सधैंका लागि तुच्छ, पछौटेमा दर्ता गरिदिएको छ । धर्ममा विचलन र खण्डीयतालाई प्रोत्साहन गरेको छ । त्यति मात्र होइन, ऐतिहासिक गौरवको अवमूल्यन गरेको छ । न्यायशक्तिलाई कुल्चेको छ र राष्ट्रिय सुरक्षालाई पावन्दी गरेको छ । राज्यसत्ता जड छ । राज्य-सीमा खुम्चिन विवश छ । सत्ता पतनमुखी छ । मुलुक विलयको संघारतर्फ लागेको छ ।

पत्रकारले गाथा सार्वजनिक गरेपछि जेठो-बाठो विधिज्ञ रोगमुक्त भए झैं उज्यालो देखियो र उसको रोग अरूहरूमा सऱ्यो । उनीहरू पनि आफूले गरेको दुष्कर्मको सूची टिपाउँदै गए । तिनको साबिती बयान सार्वजनिक हुँदै गयो । मुलुक अपराधीहरूको वृत्तबाट मुक्त हुँदै गयो ।

अपराधमुक्त भएको प्रमाण सार्वजनिक भएपछि मात्र शवमा राष्ट्रिय झण्डा ओढाउने निर्णय कार्यान्वयन हुने नीति लागू भयो । यो खबर सुनेपछि अग्लो मान्छे रोगमुक्त भएको खबर छापियो ।

खोज-पत्रकारिताको महिमा बढ्दै गयो । झन् मौलाउँदै गयो ।

❑❑

खोज पत्रकारिता

चौतारी

विद्युतीय संचार माध्यम उपलब्ध भए पनि कतिपय ठाउँमा पुरानो शैलीले जनतालाई सुसूचित गर्ने क्रम जारी नै थियो । जानकारीबाट कुनै घरको सदस्य वञ्चित नहोस् भन्ने विचारले घरबाट निस्कँदा आ-आफ्नो सर पर्ने ठाउँमा चर्को स्वरले भन्दै हिंड्थे : चौतारी बस्यो, जाऊँ है ! आउनुहोस् ! ए माहिला, ए साहिला; ए जन्तरे; ए ठूली कान्छी, ए माहिली कान्छी, ए सानी कान्छी; ए सानीआमा, ए काकी, ए भाउजू, ए मितिनी, ए साली, ए सोल्टी, जाऊँ है चौतारी !

प्रत्येक जाति, लिङ्ग र आयुका मान्छेले चौतारी भरियो । गाउँको सिंहदरबार कनाहा, रोगी र प्रभावहीन देखिएको हुनाले स्थानीय बासिन्दाले 'चौतारी सेवा' शुरू गरेका थिए । त्यसले वैज्ञानिक, चाँडो र सन्तोषजनक न्याय वितरण गर्दै आएको थियो । गाउँघरमा चौतारीको न्यायलाई निष्पक्ष मानिन्थ्यो ।

चौतारीमा ल्याइने विषयको पृष्ठभूमि वा इतिवृत्तबारे पहिले नै गुप्त रूपले अध्ययन गरिइसकेको हुन्थ्यो ताकि न्याय वितरण हचुवाको भरमा नहोस् । लख वा कुनै आग्रह, बल या धमासको प्रभाव नहोस् भनिन्थ्यो । सत्य र यथार्थबाट न्याय नहटोस् भन्ने सोच राखेर मीमांसा शुरू भो ।

गाउँलेहरूले अभियुक्तहरूलाई चौतारी समक्ष खडा गरे । प्रणय खेलको मुद्दा थियो । एक जोडा भाले-पोथी व्यक्तिको प्रणय लीलालाई स्वीकृत-मान्य गर्ने या अपराध ठानेर दण्डित गर्ने ? यसै विषयमा चौतारीले कार्वाही अघि बढायो ।

पोथी शरीरलाई लक्ष्य गरेर चौतारीले सोध्यो- 'तपाईं आफ्नो परिचय दिनुहोस्, देवी !'

'जी, म कामिनी केराबारी । आयु २९, उचाइ ५ फुट १ इन्च, रङ्ग हिमाल, आँखाको रङ्ग अँगार, कालो कपाल, सिमलकाँडे स्तनमण्डल, सितारमा सुहाउने औंला र सुगाचुच्चे नङ । सुराहीदार गर्दन त छँदैछ । डोलो शरीर छ मेरो । सुडोल जाँघ र सुन्दर नाभि पनि । अरू के भनौं हजुर ?'

'आफ्नो घर-गृहस्थी र परपुरुषसँगको निकटताबारे भन्नुहोस् ।'

'हजुर, मेरा पुरुषलाई माओवादी नाम गरेका गान्धीवादीले घरैबाट लगे र चिराचिरा पारेर मारे । नचिरेको अङ्ग कुनै थिएन । आन्द्राभुँडी पनि बाहिरै निस्किएको रहेछ । प्रहरी मार्फत फोटोसम्म देख्न पाएकी हुँ ।'

ऊ बयान दिँदै गई- 'जवान थिएँ । छोराछोरी थिएनन् । मलाई एउटा लोग्नेमान्छेको खाँचो भो । 'मधेसतिर' कथा पढेपछि मेरो रहर उर्लेर आयो । यी व्यक्तिलाई मैले मेरै बाटोमा भेटें । बस्, हामी एक-अर्काका नजिक भयौं ।'

'कसरी ? कुनै विधि, शैली, उपाय वा... ?'

'म दूध पुऱ्याउन जान्थें । उनी दूध लिन्थे । उनका बारीबाट घाँस पनि लान्थें । फेरि हाम्रो मित्रता बढ्यो । वनभोज गयौं, चर्च गयौं । सिनेमा गयौं । घुम्न गयौं । यसरी नजिक भयौं । उनी मेरा ब्वाइफ्रेन्ड, म उनकी गर्लफ्रेन्ड !'

कम्प्युटर हेरेर एउटाले चौतारीको तर्फबाट भन्यो- 'कामिनीको बयान सही छ ।'

'परपुरुषसँग खेलेर सतीत्व बिगारें भन्ने लाग्दैन तपाईंलाई ?'

'त्यस्तो लाग्दैन । बरु मैले उनलाई भेटेपछि स्वर्ग र आनन्द मिलेको अनुभव गर्दैछु । सत्य यति नै हो- लोग्नेको चितासँगै शरीरको भोक र मनको तिर्सना डढेर खरानी नहुने रहेछ । अन्नपानीको शरीर त्यस्तै शरीरको चाहना गर्दो रहेछ । अब मलाई भोक लाग्छ, निद्रा लाग्छ, रुचि लाग्छ । कसैले मलाई आफ्नो ठान्छ, म उसैलाई आफ्नो भन्छु । अरू के भन्छन् म खासै महत्व दिन्नँ । महत्वको कुरा के हो भने उनीबाट मैले जुन प्रेम र सम्मान पाएकी छु, शायद म यी शब्दमा व्यक्त गर्न सकिनँ । सुखी छु, सन्तुष्ट छु, पूर्ण छु ।'

चौतारीले आफैंमा साउती गऱ्यो- 'यिनको पढाइ र कलेजबारे जानकारी नलिने ?' 'हैन, नलिने । त्यो उचित नहोला ।' अनि भाले शरीरतर्फ केन्द्रित भएर सोध्यो- 'अब तपाईं आफ्नो बयान दिनुहोस्, श्रीमान !'

'जी, म कृष्ण उर्लाबारी । उचाइ ५ फुट ८ इञ्च । बाँकी तपाईंको अगाडि नै छु । त्यसो त म भलिबल प्लेयर हुँ । कोच पनि गर्थें । खेल्ने, दौडिने, पौष्टिक आहार खाने गर्थें । यसै क्रममा कामिनीसँग भेट भयो । दोस्ती भयो, फेरि... ।'

'फेरि सबै थोक हैन ?'

'त्यसो त हैन । उनीसँग एउटा दरबन्दी खाली रहेछ । त्यो मबाट पूर्ति गरिन् भन्नुपऱ्यो । मसँग पनि एउटा दरबन्दी खाली थियो । उनले पनि त्यसको

पूर्ति गरिदिइन् । यथार्थमा हामी दुवै एक-अर्काका सहयोगी, उपकारक र आत्मीय साथी भएका छौं ।'

'जीवन साथी हैन ?'

'शायद अब त्यही बाटोमा छौं ।'

'दरबन्दी कसरी खाली भो तपाईंको घरमा ?' चौतारीले सोध्यो ।

एक छिन ऊ अक्मकायो । आँखा लुकाएर एकै छिन मौन देखियो । अनि लामो सास तानेर भन्यो- 'बिहा गरेको केही महिनामा, साल नपुग्दै, आततायीले उनलाई टिपेर बेपत्ता पारे । फर्कने र नफर्कने आशा र निराशाको द्वन्द्वमा पिरोलिएर बाँच्दै थिएँ । जब कामिनीसँग भेट भो, मित्रता भो, जीवनमा फेरि उत्साह र जाँगर भरिएर आयो । म पनि उनलाई गर्लफ्रेन्ड भन्छु, मान्छु ।'

'अब बिहा गर्ने योजनामा हुनुहुन्छ कि ब्वाइफ्रेन्ड-गर्लफ्रेन्ड नै भएर बस्ने विचारमा अडिनुहुन्छ ?' चौतारीले जान्न खोज्यो ।

'विवाह गर्दा कर्तव्य पनि बढ्छ, अधिकार पनि मिल्छ र केही सुविधाको कटौती पनि हुन्छ । मेरो हकमा म जय र पराजयबाट टाढा छु । मैले अब उनको लागि केही गर्नुपर्छ र बाँच्नुपर्छ; त्यो आफ्नै लागि हो भन्ने सोच बनाएको छु । एक-अर्काका पूरक हुन सकौं भन्ने कामना छ ।'

'अब यो प्रश्न कामिनीजीलाई- सन्तान जन्माउने र त्यसका लागि विवाह गर्ने सोच छैन ?'

'छैन, यही मीठो, यस्तै मीठो । यसमा निरन्तर उत्सुकता र चाहना बढ्छ । अथाह तिर्सना र अनन्त तृप्ति मिल्छ । अँ, जाडोमा कतैबाट सिरकभित्र चिसो छिर्ला कि भन्ने मीठो भय लिएर बाँच्नुको आनन्द अर्कै छ । आनन्दमा क्षति नहोस् भन्ने कामना राखेर नै ईश्वरले गर्लफ्रेन्ड र ब्वाइफ्रेन्डको व्यवस्था मिलाएको होला कि भन्छु ।'

'आयो, सन्तान जन्माउने कुरा । जन्माएपछिको स्थिति यहाँ निकै भयावह छ । पहिले हुर्काउनै कठिन; फेरि पढाउन कठिन । छोरो भए जुलूसमा पुग्ला र गोली खाला । बाँच्यो भने अरबतिर जाला र बाकसमा भरिएर आउला ! राजनीतिमा लाग्यो भने देश पनि बेच्ला ! भय नै भय ।'

'युरोप-अमेरिका गएन भने फेरि झोले-रूमाले होला, अपराधी होला, देश लुट्ने योजना बनाउला या जिम्मा लगाउने भन्ला ! देख्नुभएन आजका कपूत ! यदि यस्तै कपूतले मुलुक हाँक्ने हो भने सन्तान जन्माउने र त्यसका लागि

बिहा गर्ने किन ? त्यसतर्फको ढोका नै बन्द गर्ने नि ! न विवाह, न सन्तान, न देशको दुरवस्था, न ठगी, न छल ! डाका, लुटेरा, देशद्रोही, कपूत सन्तान जन्माउनु भन्दा बरु त्यसै बस्नु असल हो नि । असहयोग नै सहयोग होइन र यो सन्दर्भमा ? मेरो धारणा यही हो ।' उसले कुरा टुंग्याई ।

यस पटक त्यहाँ जम्मा भएका पुरुषहरूतर्फ लक्ष्य गरेर चौतारीले प्रश्न राख्यो- 'कामिनी केराबारीले तपाईंहरूमध्ये कसैलाई विवाहको प्रस्ताव राखिन् भने कोही तत्पर हुन्छ ? हात उठाउनुहोस् । समय एकदेखि नौसम्म गन्ती भनुन्जेल ।'

'एक, दुई, तीन, चार, पाँच, छ, सात, आठ, नौ ।'

कसैले हात नउठाएपछि त्यही प्रश्न र एक-नौको समय दिएर चौतारीले नारीहरूतर्फ सोध्यो- 'तपाईंहरूमध्ये कोही कृष्ण उर्लाबारीसँग विवाह गर्न तयार हुनुहुन्छ ? बोल्नुहोस्, हात उठाउनुहोस्; न जात झर्छ न टाईको इज्जत जान्छ !'

एउटीले अघि सरेर भनी- 'मेरा लागि छुट्टै प्रश्न गरियोस् । म कामिनीसँग बिहा गर्छु ।'

'तपाईं आफ्नो परिचय दिनुहोस् । त्यसपछि यो चौतारी कामिनीको विचार बुझ्न चाहन्छ ।' चौतारीले शर्त राख्यो ।

'हजुर, म सकला धुलाबारी हुँ । कामिनीको र मेरो उमेर पनि मिल्छ । म उनलाई विवाह गर्छु ।'

चौतारीका सभासद र जनसाधारणको अनुहार विवर्ण देखियो । सबले आश्चर्य र कुतूहलको भाव फैलाए । विलम्ब नगरी कामिनीले आपत्ति जनाउँदै भनी- 'म पुरुषसँगै बिहा गर्छु, म नारीसँग बिहा गर्ने खालकी हैन । म यस्तो प्रश्न र प्रस्ताव खारेज गर्छु ।'

भीडमा कानेखुसी चल्यो, फेरि पुरुषले पुरुषलाई बिहा गर्ने प्रस्ताव आउने हो कि ! एक-नौको गन्तीको समय पनि बित्यो । यस्तो प्रश्न पुरुष वर्गबाट आएन । प्रस्ताव पनि थिएन । धेरैले आफू-आफू जोगिएको अनुभव गरे । फेरि पनि पुरुष वर्गको छातीमा कम्पन आउन छोडेन ।

चौतारी बोल्यो : सम्पूर्ण सभासदलाई मौका दिइन्छ; भन्नुहोस्- कामिनी र कृष्णलाई कस्तो दण्ड मिल्नुपर्छ ? के उचित हुन्छ ? स्मरण रहोस्- दण्डको प्रकृति र औचित्य सिद्ध गर्नुपर्नेछ । हामी न्यायपथमा छौं । भोलि अर्को व्यक्ति

यहीं आइपुग्छ, आउनुपर्ने हुन्छ । त्यसैले उदात्तभावले आफ्ना विचार राख्न अनुरोध छ । साथै यो पनि सिद्ध गर्नुपर्ने छ- कामिनी र कृष्णलाई तानेर चौतारीमा पुऱ्याइनुको आशय के ?

समय : एकदेखि एक्काइससम्म मनमन गन्ती गरुन्जेल ।

समय सकियो । कतैबाट न कुनै प्रस्ताव, न विचार । फेरि एकदेखि नौसम्मको गणनाको समय थप्ता पनि कसैले मुख खोलेन । चौतारीमा जम्मा भएको ग्रामीण समाज केवल नतीजा पर्खदै रह्यो ।

समाज, राष्ट्र र राजनीति बुझेरै होला, चौतारीले जीवन, प्रेम, सम्मान र एकतालाई कृष्ण-कामिनीको जोडीले विशेष महत्व दिएको तथ्य स्वीकार गऱ्यो र दुवैलाई निरपराध घोषित गऱ्यो । यिनले प्रेम गर्न जाने, प्रेम गर्न सिकाए, प्रेममा विश्वास र समर्पणको जलप लगाइदिए । त्यसैले पानबारीको चौतारीले कृष्ण-कामिनीको प्रणय-यात्रालाई सम्मान गऱ्यो । अप्ठ्यारो स्थितिमा बाँच्ने तथा जीवन र प्रेमलाई औधि महत्व दिने उनीहरूको सोच र निष्ठाप्रति कदर जनायो । उनीहरूले सन्तान किन जन्माउने भन्ने तर्क पेश गरेर सबैलाई घोरिन विवश गराए । हुन पनि खराब, शैतान सन्तान जन्माएर मुलुकमा भाँडभैलो मचाउनु भन्दा जन्माउँदै नजन्माउनु कल्याण हो कि ! सन्तान जन्मेर दुष्ट हुन्छ भने नजन्मेकै बेस होइन र ?

अन्त्यमा न्यायपीठले घोषणा गऱ्यो : पानबारीको यो चौतारी कृष्ण र कामिनीको जोडीलाई अपराधी नठानेर आदर्श मान्दछ । त्यसैले यिनको जीवनमा, प्रणय-क्षेत्रमा, रुचि र स्वतन्त्रतामा आघात पुऱ्याउने, लाञ्छना लगाउने तथा दुर्नियत राखेर अनेक विधिले कष्ट पुऱ्याउनेहरूलाई जीवन र प्रेमका विरोधी तत्व मानेर अपराधी घोषित गर्दछ र सजायस्वरूप नौ महिना पानबारी छोड्ने आदेश जारी गर्दछ । साथै, दशौं महिनामा पुनः प्रवेशको आज्ञा समेत जारी गर्दछ । नौ महिना जहाँ बिताएको हो, त्यो प्रमाणित र मान्य हुनुपर्नेछ ।

जै गोरख ! जै महाकाली ! जै पानबारी !

❑❑

चौतारी

जिम्मा लगाएर

'लच्छु, गाडी निकाल, तुरुन्तै निस्कनु छ । म आइहालें ।' मनकुमारी मकैबोटे हतारमा थिई ।

यसअघि मनकुमारीलाई लच्छुले यति हतारमा देखेको थिएन । प्रश्नोत्तर गर्नुको औचित्य पनि रहेन र समय पनि थिएन । लाग्थ्यो, कुनै लगन बित्न लागेको होस्, अथवा अन्तर्राष्ट्रिय उडान छुट्न लागेको । स्थितिले यस्तै-यस्तै कम्पनको अनुभव गराउँथ्यो ।

बाटो लागेपछि लच्छुले सोध्यो- 'कता जाऊँ हजुर ?'

'चाँडै गर । हामीसँग जम्मा पाँच घण्टा बाँकी छ ।'

'अहिले त भर्खर १२ बज्दैछ । कि आज पनि मोटेलमा गएर पर्खनु हजुर ?'

लच्छुको प्रश्नले उसलाई झस्का लाग्यो । आफ्नो इतिहास यसले थाह पायो कि भन्ने ठानेर ऊ शङ्कित भई । अनि मलिन भावले भनी- 'हामी लालगढ जाने, शेख इद्रिस अन्तर्राष्ट्रिय विमानस्थल पुग्न निकै समय लाग्ला नि ! अनि चाँडो गर्नुपरेन ?'

यस पटक चिन्तनको सुई ठीकसँग सोझ्याएर लच्छुले सोध्यो- 'त्यसो भए कुन बाटो गरेर जाऊँ हजुर ?'

मुग्लिनको बाटो जाँदा मनकुमारीको रगत उम्लिन्थ्यो । सिम भञ्ज्याङको बाटो जाँदा टाउको घुम्थ्यो ! दक्षिणकालीको बाटो गए मुटु हल्लिन्थ्यो । बनेपाबाट ओर्लिने बाटोको नाम ऊ लिनै चाहन्नथी । किन्तु जानु त्यसैबाट थियो र खस्रो, अप्रिय ध्वनिमा यति मात्रै भनी- 'त्यै क्या त्यै, दुनियाँले अग्लो मानेको मान्छेलाई चिनाउने बाटो । च्वः, मैले नामै बिर्सिएँ । अँ, त्यै जापानले बनाएको बाटो क्या त, त्यसैबाट जाऊँ ।'

लच्छुले गुन्यो- 'आफ्नो देशको इतिहास पुरुषलाई चिन्न नचाहने, अनि चिनेर पनि नाम लिन नचाहनेलाई के भन्ने ? कस्तो ज्ञान, कस्तो चेतना भन्नु खै !' अनि भन्यो- 'त्यो त बनेपा भएर जाने बीपी राजमार्ग पो हो त ! त्यसैबाट जानुपर्ने भो ?'

'जानुपर्ने भो । कर लाग्यो । फर्कंदा अर्को बाटो हेर्नुपर्ला ।'

लच्छुले गुन्यो- 'आततायीको गाढा रगत चढेको रहेछ अझै । युगपुरुषप्रति अझै यत्रो आक्रोश ? उनको नाम जोडिएको बाटोको नाम समेत लिन नचाहने ? यत्रो घृणा ?' ऊ गाडी चलाउँदै रह्यो । मनकुमारी आइफोनमा औंला नचाउँदै रही ।

'ओरालो सकिएपछि सडकको पूर्वतर्फ किराँत मोटेल आउँछ । त्यहाँ कोठा बुक गरेको छ । एक छिन रोकिनुपर्छ है । त्यहाँबाट एक घण्टाको बाटो छ क्यार ! जेहोस्, नजिकै छौं ।' मनकुमारीले आदेश गरी ।

मोटेल अगाडि पुगेर लच्छुले गाडी रोक्यो । तर उसको मनमा आज नौलो ढङ्गले ढ्याङ्ग्रो बज्यो ।

मनकुमारी बुकिङ गरेको कोठातर्फ लागी । लच्छु फोनमा अल्मलियो पार्किङ क्षेत्रमा ।

एकछिन पछि फोन आयो । मनकुमारीले भनी- 'लच्छु, गाडीमा मेरो ब्याग छ । दोस्रो तलाको कोठा नं. २४ मा छु, लिएर आऊ । अँ सुन, तिमी भित्रै बस्नू, ब्याग छोडेर नजानू नि । म बाथरूममा छु ।'

'जी' भनेर उसले त्यसै गऱ्यो । ब्यागमा मूल्यवान वस्तु हुन सक्छन् भन्ने ठानेर ऊ रूँगेरै बस्यो । जब पेन्टी र ब्राको भरमा मनकुमारी बाथरूमबाट निस्की, लच्छुलाई देखेर झस्केजस्तो गरी । अभिनय थियो, छल थियो, कुनै मनसाय थियो वा आकस्मिक थियो, भन्न सक्ने स्थिति थिएन ।

'लच्छु, तिमीले त मलाई खाइहालौं, पिइहालौं जस्तो ढङ्गले हेऱ्यौ नि ! खै, त्यो ब्याग देऊ । जब मलाई यस्तो रूपमा देखिहाल्यौ त अब राम्रैगरी हेर, अनि भन, म कस्ती देखिन्छु ? मेरो बडी-ब्यूटी कस्तो छ । अकस्मात् नै सही, तिमी भाग्यमानी रहेछौ । नत्र यस्तो शरीर देख्न पाउने थियौ र ?' भन्दाभन्दै उसले दुई फन्का घुमेर सम्पूर्ण शरीर प्रदर्शन गरी ।

लच्छुले गाउँका आफ्ना युवती साथीहरूलाई सम्झ्यो । धनमाया र चन्द्रमायाको जीउ पनि यस्तै होला, रूकुसरा र चित्तसराको ब्यूटी अझ राम्रो र अझ उज्यालो हुनुपर्छ । अनि आफ्ना ती केटी साथीको अनुहार आफ्नै अगाडि उभिएकी मनकुमारीको अनुहारमा ल्याएर टाँस्यो । र, आत्मीय भावले एकाग्र हुन पुग्यो- तल्लीन ।

'लच्छु ! ऐया, ऐया, हेर न, मेरो बायाँ हातको बूढी औंला बाउँडियो । तान-तान, तान-तान, उख्... ।'

उसले तान्यो, सुम्सुम्यायो ।

'ऐया, ऐया, ईऽऽऽ हेर न, तल खुट्टामा बूढी औंला र कुर्कुच्चाको बीच त्यो नटेकिने भाग पनि बाउँडियो, त्यहाँ सऱ्यो ।'

यसो भन्दै ऊ ओछ्यानमा पल्टिई । बाउँडेको ठीक पार्न लच्छु त्यहाँ पनि सेवारत भयो । मनकुमारीको शरीरमा ऊ कहिले धनमाया र चन्द्रमायाको शरीर चढेको देख्न थाल्यो, अनि कहिले रूकुसरा र चित्तसराको रङ्ग र रोगन अझ निखिएर उद्भासित हुँदै गएको ठान्न थाल्यो ।

भ्रम र आशा कति मीठो हुन्छ हकि ? कि परिणाम पूर्वको विलास पर्व नै आनन्दमय ? पुग्न खोज्नुको आनन्द पुगेको भन्दा बढी होइन र ? तर 'ए, गाडीमै छुट्यो चाबी' भन्दै लच्छु बीचमै झस्केर उठ्यो । दुवै विवर्ण देखिए ।

'क्यै भएको नहोला, सुरक्षितै होला । जाऊ, म पनि आइहाल्छु । पख, एक-दुई कुरा झिक्छु, यो ब्याग पनि लिएर जाऊ ।' - मनकुमारीले भनी ।

'मेरो मनमा ढ्याङ्ग्रो बजेको यसैका लागि थियो त ? दुनियाँ यस्तै मौकाको खोजीमा हुन्छन् र अपराध पनि गर्छन् । अनि म चाहिं ?' लच्छुले आत्मकथन गरेर आफूलाई एक छिन होचो ठान्यो र फेरि आफूलाई पूर्णतः निर्दोष करार गरेर मन मात्र बिटुलिएको मान्यो । अनि अर्को पक्षबाट गुन्यो- 'मलाई आफ्नो ब्यूटी देखाउन मात्र मनकुमारीले त्यसो गरेकी होला त ? लोभ्याउन या जाँच्न नहोला ? तर जिस्क्याएको त हो नि उसले, क्यै नगरेको कसरी भन्ने ? म खाडलमा पर्ने थिएँ कि ? धन्न गाडीको साँचोको बहानाले जोगिएँ । होइन भन्ने कसरी ? किन्तु मैले हारें कि जितें ? ऊ के ठान्दै होली ?'

त्यसपछिको यात्रामा दोहोरो संवाद खासै भएन । लच्छु गाडी चलाउनमै केन्द्रित रह्यो । मनकुमारीले आइफोनमा अल्झिने बहानाले समय कटाई । दुवैका मनमा तँ ठीक थिइस् कि म ठीक थिएँ भन्ने भावले पौंठेजोरी खेल्दै थियो ।

शेख इद्रिस अन्तर्राष्ट्रिय विमानस्थल, लालगढबाट चेतनालाई चढाएर बाहिर निस्केपछि लच्छुले सोधिहाल्यो- 'अब कताबाट जाने मैयाँ ?'

'झन्नै एक घण्टा पर हामीले कोठा बुक गरेका छौं । आज त्यहीं बस्ने । राति यस्तो घुमाउरो बाटो नजाने । उज्यालोमा रमिता हेर्दै जाने नि भोलि बिहान, हुन्न ?' मनकुमारीले भूमिका बाँधेर भनी ।

'लच्छु, त्यसो भए ममलाई लजमा छोडिदेऊ, अनि म चाहिं जानकी मन्दिर पुगेर दर्शन गरेर आउँछु । यहाँसम्म आइपुगेपछि पुगिहालौं न । फेरि

जुर्ने हो कि होइन ! मेरा लागि त यो सुयोग नै हो ।' चेतनाले आफ्नो इच्छा खुलस्त गरी ।

'अनि काठमाडौंमा नओर्लेर किन यहाँ ओर्लिएकी ? यति टाढा !'

'ल, हजुरहरूलाई थाह छैन ? अदालतले संसद पुनःस्थापना हुने परमादेश गरेपछि सारा कर्मचारी लड्डु खान र ख्याउन लागे । पाइलटलाई कसैले रेस्पोन्स नै गरेन । टावर बन्द थियो । सम्पर्क विच्छेद । अनि त यहाँ ओराल्यो नि ! दुई चक्कर घुमायो आकाशमा । यहाँ पनि रनवेमा मान्छेको भीड थियो । नाच्ने-उफ्रने पनि उत्तिकै । साथीहरूले फोटो पनि भाइरल गराएका थिए । धन्न आफ्नो माटोमा टेक्न पाएँ ।'

'ठीकै भो । सकुशल आयौ । चिन्ता हट्यो ।'

मनकुमारीलाई मोटेलको प्राङ्गणमा छोडेर जनकपुरतिर लाग्दा लच्छुले सोध्यो- 'यो त पढाइको सिजन हो । किन बीचमै आएकी ? अझै केही सातापछि मात्र छुट्टी हुन्छ नि, हैन र ?'

'ठीक हो । तर म अब त्यो ठाउँमा पढ्दिनँ ।'

'ठट्टामा सोधौं ?'

'अँ !' उसले शिर हल्लाएर स्वीकृति दिई ।

'ब्वाइफ्रेन्डले धोका दियो ? या झगडा भयो ? अनि पढाइ नै छोडिदिने ?'

'लौ' भनेर चेतनाले लच्छुको कान निमोठी र भनी- 'तिमीलाई पनि यस्तै कुरा सोध्न मन लाग्छ हैन ? खेल्ने साथी हुन्छन्, मनमा राख्ने साथी हुँदैनन्, शायद त्यस्तो मात्र नदेखेर होला । हेरौं, त्यो पछिको कुरा हो ।'

'अनि खेल्ने साथी भन्या चाहिं कस्तो ?'

'त्यो भनेको प्राइभेट खेल्ने साथी हो क्या, दौंतरी । म कसरी सम्झाऊँ तिमीलाई । त्यो त खुलेरै भन्नुपर्छ । मनको कुरा हो ।'

'मलाई भन्न मिल्दैन ? म पनि जान्न-सिक्न चाहन्छु नि ! मलाई एकदम सुन्न मन लाग्यो । प्लीज मैयाँ ।'

'हुन्छ, म विचार गर्छु ।'

'हस्, म पर्खिबस्छु है त !'

फूल-प्रसाद सहित जानकी मन्दिरमा प्रवेश गरेर मनोकांक्षा पूरा हुने कामना राखे । अनि प्रसाद बोकेर फर्किए । ढल्केबरको दक्षिण-पूर्व कुनामा महेन्द्रनारायण निधि स्मृति भवन तथा पुस्तकालयमा उनीहरूले रात्रि विश्राम गरे । सुविधासम्पन्न कक्ष भएको हुनाले र पाले-पहराको निगरानी रहने हुनाले पनि कुनै असजिलो र आशंकाको स्थिति रहेन । फेरि गाडीको स्वरूप र प्लेट नै सुरक्षाको आधार थियो ।

'गाडी बिग्रियो, यतै बस्यौं । चिन्ता नलिनू' भनेर मनकुमारीलाई खबर गर्नु थियो । चेतनाले त्यो काम पनि फोन गरेर पूरा गरी र भनी- 'लच्छु गाडीतिरै छ । तलको तलामा आएर बस्नू भनेकी छु ।'

यो योजना चेतनाले आफ्नो रुचि र सुविधा अनुसार सुनिश्चित गरेकी थिई । लच्छु मौनभावले यो कुरा बुझ्दथ्यो, यसमा असहमति जनाउने पक्षमा ऊ थिएन । ऊ सम्झन्थ्यो- 'छिप्पिएकाले खेलाउँछन्, नयाँ उमेरकाले समभाव देखाउँछन् । डर राख्ने ठाउँ नभए पनि कहिले त विश्वासले पनि बाँच्नुपर्छ ।'

'लच्छु, म पढाइ छोडेर किन फर्किएँ, तिम्रो प्रश्न यही होइन ? हेर, मलाई हत्याराकी छोरी भनेर बदनाम गरे । मलाई हेपे, होच्याए । म कलेजका साथीलाई दोष दिन्नँ । मेरै बाबा र काकाहरूको कारणले मलाई मर्नु पारेको हो । त्यसैले उहाँहरूको नामको छहारीमुनि शीतल तापेर जीवन बिताउनुपर्नेमा म त्यसको विपरीत अग्निज्वालामा पिल्सिएर कुनै हालतले बाँचेकी छु । यस्तो बाँच्नु पनि कुनै बाँचेको हो ?'

लच्छु सुन्दै रह्यो ।

'लच्छु, गर्मी भो, म फ्रेश भएर आउँछु । तिमी पनि फ्रेश होऊ । मसँग राम्रो जातको साबुन छ । आऊ, तिम्रो पिठ्यूँमा मै लगाइदिन्छु । यसको सुगन्ध बिर्सनेछैनौ । श्रीखण्ड हो यो जी, श्रीखण्ड ।'

रात्रि विश्रामको पहिलो प्रहरमा लच्छुले चेतनाको शरीरमा मनमाया र चन्द्रमायाको व्यक्तित्व आरूढ भएको अनुभव गऱ्यो अनि अन्तिम प्रहरमा रूकुसरालाई पनि भेट्यो र फेरि अर्को क्षणमा चित्तसरालाई पनि ।

अब सीमा र पर्दा शेष थिएन । त्यसैले इन्द्रिय मन्थनपछिको या सुत्नुअघिको स्नान लिइसकेपछि चेतनाले भनी- 'तिम्रा दारी-जुँगाले आजसम्म छुरा-ब्लेड देखेको छैन जस्तो छ नि, हैन ?' र, उसका गाला सुम्सुम्याउँदै थपी- 'मेरा पनि त्यस्तै, त्यत्तिकै छन् नि, थाह पायौ ? बिल्कुल उस्तै । कस्तो धेरै कुरो मिलेको हकि ? मन ममसँग नगएको यसैका लागि जस्तो, अनि देव-देवीको दर्शन पनि एउटा बहाना जस्तो भो नि, हकि ! कि कसो ?'

'हो । अब म पनि तिमीलाई एउटै प्रश्न सोध्छु । विरलै नारीले मात्र यस्ता प्रश्नको उत्तर देलान्, या दिन जान्लान् । गम्भीर भएर सोच्यौ भने तिमी सही उत्तर दिन सक्छ्यौ भन्ने मेरो विश्वास छ ।'

'सोधी त हेर ।'

'बिहान सोध्छु है !'

'ओके ! प्रश्न अहिले गर । उत्तर बिहान दिन्छु, हुन्न ?'

'ओके' भनेर लच्छुले कानमा साउतीको भावले प्रश्न गऱ्यो । ऊ रोमाञ्चित भएर सुती ।

उषाकालमा चेतना बाथरूमबाट फर्केर लच्छुमाथि सिरक भएर फैलिई, अनि बिस्तारै उसको कान टोकी र साउतीमा भनी- 'हिजोको प्रश्नको उत्तर बाँकी छ नि ! हेर्ने हैन ?'

उसले मधुरो र झन्नै अस्पष्ट वाणीमा भन्यो- 'सुन्छु, भन न ।'

'यो उत्तर भन्ने र सुन्ने प्रकृतिको छैन क्या ? यो तिमीले नै हेर्ने र अनुभव गर्ने हो । यसका लागि तिमीले पूर्णतः सजग र सक्रिय हुनुपर्छ ।'

'हो, अनेक अभिनय र लीला पश्चात् सुरूचिपूर्ण ढंगले सुरत क्रीडाको कर्म पूरा भएपछि जसरी सिंहिनी वा बघिनी भूमिमा पल्टेर लडीबुडी गर्दै अपूर्व आनन्दको अनुभव संचार गर्छन्, त्यस्तै आनन्द लिन सक्छन् वयस्क युवती पनि । बुझ्यौ हैन ? परन्तु परिवेश अनुकूल हुनुपर्छ- शान्त, एकान्त, निर्भय । त्यो क्षण यति प्यारो र महत्वको हुन्छ- संसार पल्टियोस् कि बितोस्, त्यसको पर्वाह गरिन्न । त्यो अलस-सुख अमोघ एवं शक्तिशाली वीर्य प्रहारको नतीजा हो भन्ने जान्नुपर्छ । उत्तर थाह पायौ हैन ? अब उठ, फेरि तिमीलाई पनि परिश्रमपछि विश्राम चाहिन्छ । नत्र स्टेरिङ कन्ट्रोल गर्न मुश्किल होला नि ! के भन्छौ ?' साउतीको शैलीमा अभिनय र व्यवहारले आफ्ना मनका कुरा समेत चेतनाले खुलस्त गरी ।

उसले आफ्नो अनुभव सुनाई- 'पुरुषको वीर्य प्रहारको छिर्काले मेरो शरीरमा तत्काल एउटा नौलो लहर संचार हुन्छ । विद्युतीय झड्काले मन-मस्तिष्क सिरिंग हुन्छ, समग्र अस्तित्व नै झंकृत हुनपुग्छ । तत्क्षणको अनुभूति अनिर्वचनीय हुन्छ । यसवेला दुवै शरीरको तरंग समान गतिले उचाइमा पुगेको हुनुपर्छ । त्यस्तो सुख सञ्चार गरिदिन सक्ने त्यो पुरुष तत्व आदरणीय हुन्छ । परिवेश पनि त्यस्तो सुखको पोषक हो, यो बिर्सन मिल्दैन । कैयौं विधि, कैयौं क्रम-उपक्रम पश्चात् हामी त्यो उचाइ र गहिराइमा निश्छल भावले एकाकार-एकमना हुन पुग्छौं । यस्तो क्षणमा पुरुष-पात्र अझ महान, उदात्त र उपकारक भइदिन्छ हाम्रो नजरमा । पुरुष तत्व नारीलाई यसवेला कुन भावले हेर्छ, त्यो त पुरुष भएरै सोच्नुपर्छ । चोरी सुरत क्रीडा झन् अब्बल दर्जाको मानिन्छ, किन्तु भय-कम्पनले पछ्याउन छोड्दैन । त्यो मुश्किल काम हो । तर बलात्कारबाट मान्छेले कस्तो आनन्द लिन्छ, भन्न सकिन्न । त्यो अपराध मनोविज्ञानको पनि जटिल पक्ष होला । सामान्य स्थितिमा त कुनै पनि कर्म हुन सक्तैन । बस्, यति नै हो । हाम्रो यहाँको खेल पनि असामान्य उचाइको यात्रा र सुखद अवतरण होइन

र ? अटूट लयपूर्ण लीला-यात्रालाई शब्दले व्यक्त गर्न सकिएला र ? यदि म साहित्यकार हुन्थें भने नक्कासी भरेर भनिदिन्थें नि !' उसले अर्को पटक कान टोकिदिई ।

'तिमीले जे भन्यौ, शतशः सत्य भन्यौ । मिलाएर भन्यौ । भन्न जान्नु पनि कला हो । जानेको कुरा जोसुकैले यति मीठोसँग भन्न सक्तैन । शायद यति निश्छल भावले कसैले नै भन्ला ।'

'यसका पछाडि एउटै कारण छ- तिमी रिसाए पनि मेरो क्यै बिग्रिंदैन, तिमी खुसाए पनि मेरो क्यै बन्दैन ।' दुवैले एकैचोटि भने, र आफैंले आश्चर्य माने- एकै स्वरमा सँगसँगै कसरी यस्तो बोली निस्क्यो ? क्यै त छ हाम्रो बीचमा !

फेरि दुवै मरीमरी हाँसे र अँगालोमा बाँधिए । अलिक वेर पछि तल ओर्लेर गाडीमा सवार भए ।

'मनकुमारी तिम्रो मामु हैन ?'

'हो नि, हाम्रो बाबाले माओवादी युद्धमा टिपेर आफैं बेपत्ता पारेको । आमा त हो नि, कान्छी आमा ! तर प्यारी हुनुहुन्छ । मायालु पनि । छल गरेन भने बच्चा पाउँदैन क्यार, त्यसैले अब धेरै टिक्ला जस्तो लाग्दैन । भौतिक सुविधामा मात्र रमाउने सबै होलान् र !'

'हो कि त !'

'अनि तिम्री आमा चाहिं ?'

चेतना निकै बेर बोल्न सकिन । अनि मुश्किलले यति मात्रै भनी- 'बाबाले नै मारेको भन्छन् आततायी अंकलहरू । सुराकी गर्छे भनेर मारेको रे ! मुखौटो लगाइदिएर परबाटै घिसार्दै खोल्सीमा पुऱ्याएर बन्दूकको बटले हानेर मारेको रे । काग र गिद्ध घुम्न थालेपछि गाउँलेले थाह पाएछन् । लुगाले चिनेछन् । तर शाही सेनाले मारे भनेर तत्काल जोगाइदिएछन् बाबालाई । शायद मन ममलाई मनमा राखिसकेको थियो क्यार ! ज्यान मार्न तिर्खाएकाहरूको के विश्वास गर्नु ? यी जे पनि भन्छन्, जे पनि गर्छन् । तर मन ममलाई म विवश, अबोध र बिचरा भन्छु । उहाँ त्यस्तो दाउपेच जान्नु पनि हुन्न, खेल्नु पनि हुन्न । त्यसैले पनि हाम्रो दोस्ती छ ।'

उसले थपी- 'उहाँ त ब्यूटिसियन पनि हो साना पर्दाको । रङ्गमञ्चको कलाकार पनि । अहिले सुनको पिंजरामा कैद हुनु भा'छ । यदि उहाँले कुनै पनि सहयोग माग्नुभो भने म तयार रहनेछु । उहाँ निश्छल हुनुहुन्छ, सहयोग गर्न पाउँदा मलाई पनि सुखको अनुभूति हुन्छ ।' अनि लच्छुतर्फ फर्केर सोधी- 'तिम्रो आवश्यकता पऱ्यो भने मलाई सहयोग गर्छौं होइन, ऐजन मौकामा ?'

'गर्छु, तर म रित्तै छु । हात खाली छ । समय र श्रम बाहेक मसँग अरू केही छैन ।'

'हिम्मत छ नि, हैन ?'

'छ भन्नुपऱ्यो ।'

'बस्, वचन देऊ । त्यति भए मलाई पुग्छ ।'

निर्धारित समयमा उनीहरू मोटेलको प्रांगणमा थिए ।

बाबु ज्यानमुद्दामा परेर थुनिएपछि मनकुमारी र चेतनाबीच प्रगाढ आत्मीयता बढेको थियो । मनका कुरा खुलेर गर्न थालेका थिए । मौका हेरेर चेतनाले भनी- 'तन र मन बाँधेर बस्नुको औचित्य छैन । त्यसैले अब एउटा साथी चाहिन्छ कि बाबुको ठाउँमा ?'

'मनकुमारीले भनी- 'खै, क्यै भन्न सक्ने स्थितिमा छैन । मेरो बाटो कतै पुग्ला भन्ने लाग्दैन ।'

'मेरो एउटा प्रस्ताव छ । सोचेर मात्र जवाफ दिनुहोला या निर्णय लिनुहोला । लच्छुलाई यहीं राखौं । मलाई त त्यो मान्छे सही छ भन्ने लाग्छ । हजुरको मनले खाँदैन ?' नरम भावले चेतनाले थपी- 'ऊ यहीं बसेर पढाइलाई निरन्तरता देओस् । हजुरसँग धन छ, ऊसँग बल । धन जोगाउन बल चाहिन्छ नि ! सबै व्यवस्था मै मिलाइदिन्छु । विधिवत् र औपचारिक हुन्छ सबै कुरा ।'

'तिमी लच्छु मलाई दिन सक्छ्यौ त ? सकौली ?'

चेतना एक छिन गम्भीर भई, सोची, गमी र भनी- 'म कतै अल्झिएर बस्न सक्तिनँ । मलाई अन्तिम बिसौनीमा पुग्न टाइम लाग्छ । पहिले म पढाइ पूरा गर्छु । म बाहिर जान्छु । मेरो ध्यान त्यतै छ ।'

लच्छुलाई आमाको जिम्मा भनौ कि आमालाई लच्छुको जिम्मा लगाएर चेतनाले अन्तर्राष्ट्रिय उडान लिई ।

❑❑

जिम्मा लगाएर

ड्रागन झण्डा

सीमा क्षेत्रका खास समुदायमाथि राज्यले सांस्कृतिक आक्रमण गऱ्यो । भाषा आन्दोलनको निर्मम दमन गर्दै गयो । जनता प्रतिकारमा उत्रिए । विद्रोह उठ्यो । सरकार झन् निर्मम र निरङ्कुश भएर पेश भयो ।

विद्युतीय संचार विच्छेद गऱ्यो, सडक यातायात रोक्यो । दैनिक उपभोगका वस्तुहरूको अभाव गरायो । सेना र पुलिसका बूट र गोली वर्षायो । भोकमरी फैलियो । नारी अस्मिता लुटियो । घरका झ्याल, कौसी र छानाबाट घटनाको दृश्य क्यामेरामा कैद हुँदै गए । भयानक मुद्रा भाइरल हुँदै गए ।

राज्यले फैलाएको आतङ्क, यातना, भोकमरी र मृत्युबाट जोगिन प्राणको भिक्षा माग्दै ठूलो युवाशक्ति शरणार्थी बनेर सीमा बाहिर पुग्यो ।

जब नागरिक एक्ट आयो, फेरि जनसागर विरोधमा उर्लियो । जाति वा संस्कृतिको दृष्टिले शान्त-शीतल क्षेत्र पनि अग्निज्वाला भएर मडारिदै गयो । देशको कुना-कुनासम्म विप्लवी मुद्रा उर्लंदै गयो ।

यही मौका सही ठान्यो र भाषा आन्दोलनको वेला ज्यान बचाउन सीमा-पार पुगेको जनशक्ति फर्कियो । त्यो तालीमप्राप्त अस्त्रधारी थियो, सजिलै नागरिक एक्टको विरोध आन्दोलनमा मिसियो । जनविद्रोहको विप्लवी मुद्रा अब रक्तपात पथमा अग्रसर हुँदै गयो ।

भाषा र संकेत फरक, दाउ र युद्धका औजार फरक, अनि युद्धशैली र कौशल फरक देखेर राज्यशक्तिले अनुमान गऱ्यो- अब दक्षिण तिब्बत मात्र छुट्टिएर जाने होइन, त्यहाँका स्थानीय जनता समेत ड्रागन स्टार झण्डा ओढ्न तयार भए !

राज्यशक्तिको आकस्मिक बैठक त बस्यो, किन्तु दक्षिण तिब्बत क्षेत्रका जनप्रतिनिधि र संचारकर्मीको उपस्थिति रहेन । विभिन्न समयमा, विभिन्न ढंगले, विभिन्न बहाना र प्रलोभनमा राखेर जनतालाई पीडा दिएको इतिहास पनि केलाएर हेरे र निष्कर्षमा पुगे- भाषा आन्दोलनमा यातना दिंदा सीमापारि

शरण लिन पुगेका आफ्नै जनता अहिले उताकै पक्षमा हामीसँग लड्न शामेल भएका छन् । इतिहासमा हामीले धेरै पटक गल्ती गरेका छौं भन्ने स्वीकार गरेर सरकारले जनतासँग क्षमा माग्नु पूर्व नै त्यो क्षेत्रमा उताका ड्रागन झण्डा फहराइसकेका थिए ।

सरकारले आत्म मीमांसा गर्न र जनतासँग क्षमा माग्न ढिला गरेकै कारण आफ्नो मुलुकको महत्वपूर्ण भाग काटिएर अर्को देशमा गाभिन पुगेको हो भन्ने यथार्थ अझै बुझ्न सकेन । बरु त्यो पछौटे जंगली क्षेत्र काटिएर गए पनि हाम्रो अखण्ड भूमि कायमै छ अर्थात् पूर्णबाट पूर्ण लिए पनि पूर्ण नै रहन्छ भन्ने चिन्तनतिर अग्रसर भयो । देशको भूमि काटिएर पनि नकाटिएको मान्नु वा गएर पनि नगएको ठान्नु सानो दर्शन हो र ! पहिलो शासकको चिन्तन पनि यस्तै थियो ।

यस्तै चिन्तनले दिमाग रमरमाइरहेको वेला एक्कासि अर्को चिन्तनले झड्का दियो । राज्यशक्ति रन्थनिएर सोच्न थाल्यो- ती लडाकु कहाँबाट आए ? त्यहाँका जनप्रतिनिधि कहाँ गए ? सूचना पाटी र लिपि कसरी फेरिए ? हेतु के हो ? कतै पशुपतिनाथ र मुक्तिनाथ अप्रसन्न त भएनन् ?

❑❑

ड्रागन झण्डा

नमूना सुन्दरी

डरलाग्दो ढंगले लेखकको खोजी शुरू भयो ।

व्यापारीसँग धनको कमी थिएन । त्यसैले कतै ढिला-सुस्ती थिएन । लेखकलाई थाह नै थिएन तर ऊ पक्राउ पर्‍यो । र, कुरा कोर्टमा पुग्यो ।

कोर्टले सोध्यो- 'तपाईंले वकील राख्नुभएको छ लेखक महोदय ?'

'मसँग वकील राख्ने क्षमता छैन । त्यसैले म अदालतसँग प्रार्थना गर्दछु- मलाई आफ्नो मुद्दामा आफैं बहस गर्ने मौका दिइयोस् ।'

'यसको तात्पर्य हो- कोर्टले पठाएको डकुमेन्ट्स पढेर कुरा बुझ्नुभो, हैन त ?'

'एक पटक सर्सर्ती पढ्न भ्याएँ ।'

'तपाईंका कथाले श्रृंगार सामग्री उद्योग व्यवसायमा धक्का लाग्यो । व्यवसाय घाटामा गयो । यो कुरा तपाईं स्वीकार गर्नुहुन्छ ?'

'सम्भव छ, तर कोर्टसँग मेरो प्रश्न छ- मेरो कथा नागरिकको स्वास्थ्यको हितमा बोल्छ या अहितमा ? कथाको सन्देशले सौन्दर्यको पोषण गर्छ कि आघात पुर्‍याउँछ ? के कसैको स्वाभाविक सौन्दर्य र प्रकृत रूप बिगार्ने अधिकार कुनै उद्योगपतिलाई छ ? कुनै व्यापारीलाई छ ?'

उद्योगपति र व्यापारीहरूका तर्फबाट वकील उभियो र बोल्यो- 'तपाईं आफ्नो अपराध लुकाउन किन नागबेली कुरा गर्नुहुन्छ ? उहाँहरूले के बिगार गर्नुभो र तपाईंले श्रृंगार सामग्रीको उद्योग-व्यापारमाथि यत्रो प्रश्न खडा गर्नुभो ? अपराधी त तपाईं हुनुहुन्छ, तपाईंले अर्काको रोजी-रोटीमा बाधा पुर्‍याउने अकर्म गर्नुभो ।'

इजलास चनाखो हुँदैथ्यो ।

यसैबीच चार जना एटर्नी (वकील) इजलासभित्र पसे र एउटा पत्र जजतर्फ अग्रसर गराए । पत्र हेरेर जजले भन्यो- 'लेखक महोदय, तपाईंलाई सहयोग गर्न यहाँ चार जना एटर्नी हाजिर हुनुभएको छ । उहाँहरूको भनाइ छ- आवश्यकता परे तपाईं उहाँहरूको सहयोग लिन सक्नुहुनेछ । तपाईंको सम्मान खातिर उहाँहरू तपाईंको तर्फबाट निःशुल्क बहस गर्नुहुनेछ ।' उसले शैली परिवर्तन गरेर भन्यो- 'लेखकका निमित्त यो ठूलो महत्वको विषय हो ।'

'धन्यवाद, म अनुगृहीत छु ।' लेखकले शालीनता दर्शायो ।

फेरि बहस शुरू भयो ।

लेखकले भन्यो- 'अपराध त त्यस निकायले पनि गऱ्यो, जसले प्रकृत सौन्दर्यनाशक प्रसाधन सामग्री उत्पादन गर्ने अधिकार दियो । उत्पाद्य वस्तुको गुणवत्ता परीक्षणमा आँखा चिम्लियो र बजार विस्तारमा बेलगाम स्वतन्त्रता दियो । के कसैको सौन्दर्य र प्रसन्नतामाथि खेलबाड गरेर पूँजी जम्मा गर्ने उद्योग चलाउन पाइन्छ ?'

रहस्य अझै खुल्न सकेन- बहस कुन कुरामा केन्द्रित छ !

लेखकलाई सहयोग दिन आएका चार जना वकीलमध्ये एक जनाले अनुमति लिएर भन्यो- 'हामीले कथा पनि पढ्यौं, आशय पनि बुझ्यौं र लेखकको अभिप्राय पनि संझ्यौं । त्यसैले म थोरै शब्दमा आफ्नो बहस टुंग्याउन यति मात्र भन्छु- 'सहज, स्वाभाविक वा प्रकृत सौन्दर्यमाथि कृत्रिम सौन्दर्यले आक्रमण गरेको छ । समाजमा, खास गरी नारी सौन्दर्यको क्षेत्रमा, जन्मजात पाएर ल्याएको सौन्दर्य पराजित भएको छ । पैसा कमाउने दौडमा वास्तविक सुन्दर रूपलाई नष्ट गरिएको छ र यो कर्म एउटा अभियानकै रूपमा गृहीत-स्वीकृत भएको छ । झन्डै गाँजाको नशा जस्तो, सम्भोगको लत जस्तो । यो रोकिनुपर्छ ।'

कोर्टको अनुमति लिएर दोस्रो वकील अघि सऱ्यो र भन्यो- 'अब हामी तीन जना बाँकी छौं र तीन समूहमा सौन्दर्य प्रस्तुत गर्नेछौं, जो दृष्टान्तको रूपमा उपस्थित हुनेछन् ।'

'प्रस्तुत गर्नुहोस् ।' कोर्टले आदेश दियो ।

वकीलले संकेत गऱ्यो । चार जना नवयुवतीको एउटा समूह इजलासभित्र पस्यो र सबैले देखिने गरी अग्रभागमा पुगेर उभियो ।

इजलासलाई लक्ष्य गरेर वकीलले भन्यो- 'यी कहिल्यै कृत्रिम श्रृंगार नगर्ने नवयुवती हुन् । यिनमा आभासित हुने सौन्दर्यको मूल्यांकन यहाँ गर्न सकिनेछ ।'

तेस्रो वकील अघि सऱ्यो र उसले आफ्नो समूहलाई संकेत गऱ्यो । आधुनिक सौन्दर्य प्रसाधन सामग्रीहरूको उपयोग गरेर आएका अनिन्द्य सुन्दरी देखिने यी युवतीहरूको वर्ग पहिलो समूहसँगै दाँजिएर प्रस्तुत भयो । अनि वकीलले खोलुवा दिँदै भन्यो- 'यी सुन्दरीहरू सुसज्जित छन्, मानों कुनै पार्टीमा या कतै औपचारिक कार्यक्रममा शामेल हुन तयार भएका हुन् । यिनले कृत्रिम श्रृंगार सामग्रीको पर्याप्त उपयोग गरेर आफ्नो सौन्दर्यलाई पूर्ण रूपले चुल्याएका छन् । प्रसाधनयुक्त भएकै कारण यिनको सौन्दर्यको तारीफ हुने गर्छ र त्यसैको महिमा छ ।'

अर्को समूह प्रस्तुत गर्दै चौथो वकीलले भन्यो- 'सधैं प्रसाधन गरिरहने सुन्दरीहरूको समूह हो यो । तर आज दुई हप्ता भो, यिनले प्रसाधन गर्न भ्याएका छैनन् ।'

इजलास झस्कियो । बेसह्यार आँखीभौं, झुस्स परेका गाला, फुस्रा र दागैदाग भएका कपोल, विवर्ण अनुहार र उदासलाग्दो गर्दन त देखिन्थे नै, फेरि पाखुरामा खस्रा रोमावलिको निर्व्याज स्थितिले नारी स्वरूपको भौतिक सौन्दर्यको उपहास गरेको देखिन्थ्यो । वैराग्यलाग्दो नारी सौन्दर्यको उपस्थितिले सबै उद्विग्न हुन पुगे । नमूना सुन्दरीहरू व्यंग्य र उपेक्षाका मौन दृष्टान्त भएका थिए ।

वकीलले खोलुवा दिंदै भन्यो- 'श्रीमान ! पहिलो समूहका युवतीहरू स्वाभाविक सौन्दर्यले प्रदीप्त छन् । दोस्रो समूहका सुन्दरीहरू आधुनिक श्रृंगार-प्रसाधनको उपयोग गरेर अतिरिक्त सुन्दरी देखिएका छन् भने तेस्रो समूहका सुन्दरीहरू श्रृंगार-प्रसाधन गर्न नपाएर विवर्ण वा विद्रूपको स्थितिमा पुगेका छन् । जुन दोस्रो समूह छ, त्यसले प्रसाधन गर्न नपाउँदा तेस्रोको स्वरूपमा परिणत हुन्छ । स्थायी र स्वाभाविक सौन्दर्य पहिलो समूहमा नै देखिन्छ र यही नै अनुकरणीय लाग्दछ । स्मरणीय छ- वाणी, व्यवहार, सुवास र चेतनाबाट प्रस्फुटित हुने नारी सौन्दर्यको मापन सजिलो छैन, किनकि त्यो वस्तुगत हुने गर्दैन ।'

ऊ भन्दै गयो- 'अन्ततः लेखक नारी सौन्दर्यका पक्षधर हुन् । उनको गुनासो यति मात्रै हो- व्यापारी र उद्योगपति सौन्दर्यका उपासक होइनन्, मात्र द्रव्यका उपासक हुन् । यिनले नारी सौन्दर्यको गरिमा र उचाइलाई कृत्रिम मार्गबाट विद्रूप बनाएका छन्, नष्ट तुल्याएका छन् । यिनले उत्पादन गर्ने श्रृंगार-प्रसाधनका सामग्री सौन्दर्यका पोषक नभएर नाशक देखिएका छन् भन्ने संकेत लेखकको हो । यस्ता सौन्दर्य नाशक तत्वबाट नारीले जोगिनु आवश्यक छ । वस्त्र र वेणीसज्जाबाट नै सौन्दर्य चुलिन सक्छ नि, हैन र ?'

कोर्टको चित्त बुझ्यो । लेखक अदालतबाट ससम्मान निस्कियो ।

वकील र नमूना सुन्दरीहरूले धन्यवाद पाए ।

बनावटी सौन्दर्य पराजित हुँदै गयो । स्वाभाविक सौन्दर्यले प्रश्रय पाउँदै रह्यो ।

संचार संजालले यस घटनालाई फैलायो ।

साहित्यका पुस्तकहरू दोहोऱ्याएर पढ्न थालिए ।

❑❑

नमूना सुन्दरी

नाकदानी

चारजना ख्याक ठमेलको रेस्टुराँबाट लंच गरेर निस्किए । तिनले सेतो मुखदानी (मुख लंगौट) आधा अनुहार छोपिने गरी लगाएका थिए । पुलिस सजग थियो । यही नै कार्वाहीको लागि आधार भयो र चारै जनालाई हत्कडी लगायो र ठाना लगेर थुन्यो ।

अर्को दिन ख्याकहरूको खोजी भयो । संबंधित एरियाको ठानामा पुलिस मुखले खै गऱ्यो 'तिमीहरू फोन उठाउँदैनौ रे !'

सा'ब, हो सा'ब । ड्यूटीमा एक्शन चलेको वेला फोन लिन मिल्दैन सा'ब, त्यस्तै आदेश छ । नत्र फोनले अपराधीलाई छुटाउँछ नि सा'ब ।'

'गृहको फोन त उठाउनुपर्छ नि !'

'घरैको फोनले त काम रोक्छ, बिगार्छ नि सा'ब । हाम्रो लाइनबाट आए त उठ्छ नि सा'ब ।'

'के अपराधमा समाएर थुनिएका हुन् ख्याकहरू ?'

'काकामुखको त्यस्तो महान् घोषणालाई झूटो सावित गर्ने उद्योग गरे वापत कार्वाहीको दायरामा लिएका हौं सा'ब ।'

पुलिस मुखले गुन्यो : काका मुखले (कार्यकारी प्रमुख) रेल, पानी जहाज, ग्याँस, खाने पानी, समृद्धि, सुख, सीमारक्षा, निष्पक्ष न्याय, अपराध अनुसन्धान र संपत्ति शुद्धि जस्तै कयौं मूल्यवान् कुरा बोलेका हुन् । कुन बुँदामा यिनले अपराध गरेको भेटे त !' अनि सोध्यो कस्तो अपराध ?'

'यस पटक ठानेदारको हैसियतले धर्महाङ याक्थुम्वाले सफाइ दिँदै भन्यो, सा'ब काकामुखले काठमाडौं प्रदूषण रहित भो, मुखमा ल्यांटी नाकदानी लगाउनु पर्दैन अब भनेका थिए । तर यी ख्याकहरूले पोज दिँदै उनको भनाइलाई असत्य सिद्ध गर्न माक्स लगाएर काउन्टर दिए, त्यसैले कार्वाहीका लागि थुनेका हौं सा'ब ।'

पुलिस मुखले आफैं फोन काट्यो र खुई गर्दै टोप झिक्यो ।

❑❑

नाता के थियो ?

म द्रष्टाभावले हेर्दै थिएँ- पाचै तत्वको एक प्रतिनिधि भएर, सँगै रहेर : आचार्य सुदर्शन ब्रिटिश ल्याण्डरोभर लिएर निस्के ।

उनका मनमा कुरा खेले- छोरीहरू दोहोरो संवाद, विवाद र प्रतिवाद गर्न सक्ने भए । अब कर्म क्षेत्रमा प्रवेश गराउनुपर्छ । समर्थ छन्, यी, आत्म-निर्भर हुन सक्छन् । आत्मविश्वासले बढ्न सक्छन् । हो, यसै समाजमा यी आदरणीय हुनुपर्छ । यथास्थितिमा अब परिवर्तन आउनुपर्छ र दायित्व पनि यिनैले लिनुपर्छ ।

केराबारीबाट गीता चढी, डाँगीहाटबाट नीता । पानबारीबाट विनीता चढी र बाँझागराबाट सुनिता । फेरि गाडी घुमाएर उनीहरू इटहरी पुगे र सैनिक निगमबाट मालसामान भरे । विश्वासले काम चल्थ्यो । मात्रा र मूल्यमा उपशंका थिएन; त्यसैले रूजुको औचित्य रहेन ।

आचार्य सुदर्शनका निमित्त गोर्खा सैनिक निगमका तर्फबाट विशेष सहुलियत प्रदान गरिएको थियो । बिग्रेका, आयु सकिएला र नबिकेका सामान फिर्ता लिइदिन्थ्यो । पछि अरू स्टोरले पनि गोर्खा सैनिक निगमको यो नीति अंगीकार गरे । निगम आफैं एउटा छाता संस्था थियो ।

आचार्यको टोली धरानतर्फ फर्कियो ।

'घुम्ती पसल सेवा' को योजना आकस्मिक थिएन । लामो चिन्तनपछिको कार्य थियो यसको थालनी । संयोग परेछ- बीपी अन्तर्राष्ट्रिय चिकित्सा केन्द्रको स्थापना दिवस र 'दलित आलोक दिवस' एउटै परेछ । यसै दिन बीपी चिकित्सा केन्द्रको परिसरमा 'घुम्ती पसल सेवा' शुरु भयो । भूमिका आचार्यको थियो ।

घुम्ती पसल अपरान्ह आंशिक सेवाका लागि खुल्थ्यो र साँझ पर्नासाथ उठ्थ्यो । भ्यान आउँथ्यो, पसल खुम्चिएर त्यसैमा चढ्थ्यो । सरसफाइ गरेर बाटो लाग्थ्यो । केही समयभित्रै घुम्ती पसल सेवाको माग बढ्यो र शहरका अन्य भागमा पनि यसका शाखा पसल खुले । जुन ठाउँमा, जुन समयमा, जुन

वस्तुको खाँचो पर्छ त्यसको पूर्ति गर्नु वा थोरै समयभित्र ग्राहकलाई उपलब्ध गराएर तिनको मन जित्नु घुम्ती पसलको पहिलो लक्ष्य हुन्थ्यो ।

चिकित्सा केन्द्रको परिसरमा भने डाक्टरको पुर्जीले पाइने औषधि बाहेक सबै अत्यावश्यक वस्तुहरू उपलब्ध हुँदै गए । पसल एक प्रकारले बहुवस्तु केन्द्रको रूपमा चिनिदै गयो । हुँदा-हुँदा एकबाट दुई, दुईबाट तीन र तीनबाट चारवटा भ्यान आउँदै जाँदै गर्न थाले । 'घुम्ती पसल सेवा' को लोकप्रियता र चर्चा बढ्दै गयो ।

आचार्य सुदर्शन गीता, नीता, विनीता र सुनिताको बोली-व्यवहार तथा उद्देश्य र सेवामुखी व्यवसायमा चाहिने कौशल परख गर्दै थिए । परिवेश र समयबोधको पीठिकामा उभ्याएर सम्यक् अवलोकन-परीक्षण गर्दै रहे । अन्ततः चारैजना कुमारी छोरीको व्यवहारबाट प्रस्फुटित हुने सौन्दर्य नै व्यवसायको प्रगतिको हेतु हो भन्ने ठानेर उनी सन्तुष्ट भए ।

'व्यवहारबाट प्रस्फुटित हुने सौन्दर्य ।' आचार्य सुदर्शनले किन यसो भने ? यी चार शब्दले के संकेत गर्दछन् ? यिनै बालिकाहरूको प्रशंसा त होइन ? कुमारीहरू त्यसै पनि स्नेहमयी र प्रियंवदा हुन्छन् भन्ने विश्वास गरिन्छ । फेरि 'सौन्दर्य' जस्तो तत्व के देखे आचार्यले ? मनमा कुतूहल जन्म्यो । म गम्भीर भएँ ।

गुन्दै गएँ- शायद सौन्दर्य बोधगम्य छ । एउटाले मानेको सौन्दर्य अर्काका लागि त्यत्तिकै सुन्दर हुन्छ भन्ने छैन । दृष्टिको कोण र मनोदशाको तरङ्गमा पनि सौन्दर्यको छवि खण्डित र धूमिल हुन सक्छ । शरीरमा यौवन चढ्नु पनि सौन्दर्य हो । आकर्षण, विकर्षण र त्राटन पनि सौन्दर्यकै भङ्गिमा हुन्- खास गरेर यौवनपरी सुन्दरीका सन्दर्भमा ।

घुम्ती पसलका सुन्दरीहरू भर्खरको भेडाको छताउरो जस्तै आकर्षक-मनोहर थिए भने दुम्सी जस्तै त्राटक र घातक पनि । बघिनी सन्तानको रक्षाका लागि घातक-तत्वप्रति आक्रामक हुन्छे भने त्यो उसको सौन्दर्य होइन र ? आफूलाई दाउमा राखेर अग्रसर हुनु पनि त सौन्दर्य हो नि ! वीराङ्गनाहरू यसका दृष्टान्त भएका छैनन् र इतिहासमा ?

आचार्य सुदर्शनको बुझाइमा घुम्ती पसलका बालिकाहरूको व्यक्तित्वले संयम, विवेक तथा सन्तुलित संवाद र व्यवहार-कौशल विज्ञापित गरेको हुँदो हो । त्यसैले पनि युवा-पुरुष भावनात्मक रूपले यिनीहरूप्रति निकट हुनु

स्वाभाविक थियो । कुमारीहरू कायेन, वाचा, मनसा आजसम्म पवित्र नै थिए, अब मनमा विचलन आउनु अस्वाभाविक थिएन । अप्रसाधनबाट पनि यदि सौन्दर्य चुलिएकै हुन्छ भने त्यसका दृष्टान्त यिनै कुमारीहरू थिए । तर यिनलाई थाह थिएन- कामदेवले मात्र कुमारी-नवयौवनाहरूलाई पिरोल्दैन, अपितु यिनीहरू पनि कामदेवलाई उत्तिकै पिरोल्छन् । यो कुरा कालिदास बुझ्दथ्यो । त्यसैले यिनीहरू आफ्नू शरीर युवालाई जिम्मा दिन धर्मर हुन्छन्, उत्कट अभिलाषा हुँदाहुँदै र सुरत-सुखको चाहना हुँदाहुँदै पनि आँट गर्न सक्तैनन् भनेर टिप्पणी गर्थ्यो । तैपनि शकुन्तलाले आफूलाई थाम्न सकिन र प्रणयीको बाहुपाशमा सुम्पी । त्यो दृश्य यहाँ पनि दोहोरियो ।

अब आचार्य सुदर्शन कुलपति कण्वको भावले जाग्रत भए, उनलाई सत्यबोध भो । छोरीहरूले आफ्नो अनुकूल युवक रोजेपछि सबै जोडीलाई आफ्ना अगाडि राखेर मनमन भने- 'मैले यिनलाई रसाइली, बराइली, गदाइली र सडाइलीको सट्टा रिसाल, बराल, गौतम र सुवेडीको हैसियत प्रदान गरेकै थिएँ, अब वर-वधूको रूपमा जोडी स्वीकार गरेर दाम्पत्य सुखका लागि अनुमोदन गर्दछु ।'

विवाह कार्यक्रमको दिन आयो । भृकुटी मण्डपभित्र कुनै वेला प्रोफेसर भट्टले पनि विवाह सम्पन्न भएको घोषणाका साथ सबैका तर्फबाट यस्तै शुभकामना दिएका थिए । हीरालाल विश्वकर्मा स्मृति पुस्तकालयको सभाकक्षमा आज त्यही नजिर दोहोरियो । टेबिलमा दियो र कलश थिए । परिक्रमा चल्यो । एक अर्कालाई माला र औंठी लगाइदिए । तालीसँगै एउटा पुरानो रीति छुट्यो - सिन्दूर चलेन । विवाह सम्पन भो, मान्य भो । एक प्लेट चमेना र एक कप कफी अनि एउटा मिठाइ । चारै जोडीलाई विवाहले पति-पत्नीको हैसियतले अग्रसर गऱ्यो । मान्यता दियो ।

मुलुकको खोज पत्रकारिता सशक्त थियो । आचार्य सुदर्शन त ब्राह्मण ब्रह्मचारी हुन्, फेरि रसाइली, बराइली, गदाइली र सडाइलीको स्रोत के हो भनेर उनीहरू खोज्न थाले । थाह भो- चारैजनाका बाबुहरूलाई आततायीले खाडल खन्न लगाएर त्यसैमा पुरेर मारेका थिए अनि आमाहरूलाई बेपत्ता पारेका थिए । त्यसपछि आफ्नो अभिभावकत्वमा आचार्यले टुहरीहरूलाई व्यक्तित्व विकास गर्ने मौका दिएका थिए । आज उनको योजना र संकल्प पूरा भएको थियो ।

तर जब पत्रकार उनका सामु पुगे, उनले आफूलाई निरीह, अक्षम, अकिञ्चन र मानवको श्रेणीमा पुग्न बाँकी रहेको सामान्य जीव भनेर पन्साए ।

पत्रकार आफैंलाई श्रेष्ठ ठानेर फर्किंयो । आचार्यले प्रश्नोत्तर गर्नै चाहेनन् । शीतल भए । मैले सन्तोषको अनुभव गरें ।

अब पत्रकारहरू गीता, नीता, विनीता र सुनिताहरूको अन्तर्वार्ता लिन पुगे । तर केही दिन अघि मात्र अदिति भण्डारीलाई एउटा पत्रकारले चीरहरण गर्न खोजेको थाह पाएकाले उनीहरू, हच्के, सल्लाह गरेरै अन्तर्वार्ता दिन चाहेनन् । उनीहरूले स्वर मिलाएर एउटै कुरा भने- 'हामी निर्माण गर्न अग्रसर छौं । यदि तपाईं विनिर्माण भएको देख्नुहुन्छ भने हामी नै विनिर्माणमा लाग्छौं । अब तपाईं नै भन्नुहोस्, तपाईं निर्माणतर्फ हुनुहुन्छ कि विनिर्माणतर्फ ?' त्यसपछि पत्रकार पन्सिए । म ढुक्क भएँ ।

आचार्य सुदर्शनको निर्माणलाई स्थानीय बासिन्दा बडो सम्मानको भावले हेर्थे । उनले हुर्काएका, दीक्षित गरेका यी बालिकाहरू समाजमा कर्मयोगी भनेर चिनिन्थे । सत्पुरुषहरू आचार्य छविलाल पोखेल नै आचार्य सुदर्शको रूपमा अवतरित भएका हुन् कि भनेर सोच्न बाध्य थिए ।

छोरीहरूको जीवनले काँचुली फेऱ्यो । आचार्य सबैभन्दा खुशी भए । जब उनी दिवङ्गत भए, राष्ट्रिय झण्डा ओढाएर उनको शवयात्रा गरियो । चारैवटी छोरीले क्रिया-कर्म सम्पन्न गरे । समाज सन्तुष्ट थियो । कुनै पनि पत्रकारले कलम उठाउन सकेन : नाता के थियो ?

❑❑

नाता के थियो ?

नाम फेर्ने पुरुषार्थ

फेरि एउटा लहर चल्यो । स्कूलका विद्यार्थीले नाम फेर्ने सोच बनाए । घर-घरमा, कतै उत्सव र कतै झन्झटको रूपमा यो कुरा बलियो हुँदै गयो ।

हिजो अस्ति त संकेत र ठट्टा गरेजस्तै थियो, तर आज सुभाषले साँच्चै नै भन्यो- 'आमा, म त नाम फेर्छु है ।'

'के भन्छ ? नाम फेर्छु भन्दैमा फेरिने हो र ! फेरिने भए म पनि फेरिदिन्छु । मिल्छ ? जुन नामले तिमी चिनिन्छौ, तिम्रो नाम त्यही हो । मतिभ्रम नभई नाम फेरिन्न । स्कूल-बस छुट्ला । घडी हेर । म पनि निस्कन्छु । मेरो पनि शटल आउने वेला भो ।' शैलीले भनिन् ।

नाम फेर्ने प्रसंगले अफिसमा पनि चर्चा पायो । पत्र-पत्रिकाले पनि हावा दिए । नाम फेर्ने चलन त छँदैछ । हिजो पनि थियो । झन् बिहाको समयमा दुलहीको नाम फेर्ने या केटाका तर्फबाट नयाँ नाम दिने रीत पनि छँदै थियो ।

अखिल जनजाति आयोग भवनमा प्रवेश गर्दागर्दै देखिने कार्यालयहरू थिए- नाम परिवर्तन, लिङ्ग परिवर्तन, स्थान परिवर्तन र धर्म परिवर्तन महाशाखा । त्यो दिन आफूलाई चाहिने महाशाखामा पसेर घण्टौंसम्म दिमाग तताएर निस्केका थिए सुभाष र उसका साथीहरू ।

शैली घर फर्केको झन्नै आधा घण्टा पछि सुभाषहरू पुगे । शैली किचनमा थिइन् । थाकेको अनुहारमा सुभाषको टोली यस्तो देखिन्थ्यो, मानों दुई-दुई पाउण्ड रगत दान गरेर फर्किएका हुन् । ओइलाएको फूलको छवि लिएर !

'आन्टी, नमस्ते । ...आन्टी, भोक लाग्यो । ...आन्टी, थाक्यौं । ...आन्टी, हैरानी भो । ...आन्टी, दिक्क भो !'

झोला बिस्याहारसँग फ्याँकेका, जुत्ता कुनै सीधा र कुनै उल्टा । लुगा र कपाल पनि नमिलेका । सबैको अनुहार पढिसकेर शैलीले भनिन्- 'तुरुन्तै हातमुख धोएर आऊ, म नाश्ता ल्याउँछु । संवाद पनि गरौंला ।'

शैलीलाई थाह भैसकेको थियो- यी किशोरहरू नाम फेर्ने चक्करमा टोली बाँधेरै स्कूलबाट निस्किएका थिए । संघीय जनशिक्षा पीठका विद्यार्थी भएका हुनाले यी बलिया थिए, मानसिक रूपले । बोर्डिङ स्कूलका हुन्थे भने कमजोर हुन्थे, शायद ब्वाइलर जस्ता ! अर्थात्, सार्वजनिक स्कूलका विद्यार्थी भएका हुनाले त्यति कमजोर थिएनन् ।

किशोर विद्यार्थीहरूले नाश्ता शुरू गरे । आफू पनि नाश्तामा सहभागी हुँदै शैलीले सोधिन्- 'तिमीहरूको यो योजना कहाँ पुग्यो ?'

'आन्टी, सबै कुरा द्रव्यमा पुगेर अड्कियो ।'

'तिमीहरूलाई पुरानो नामले अप्ठेरो पारेको थिएछ हैन ? त्यसैले फेर्न खोजेको ?'

'नाम त नराम्रो हैन, जुराएको, बाबु-आमाले दिएको हो । खासै नसुहाउने होइन, तर यो नामसँग मन गाँसिएन ।'

'हो आन्टी, हाम्रो नाम खस-आर्यको जस्तो भएछ । त्यसैले फेर्नैपर्ने भो ।'

'सीधै स्कूलमा अनुरोध गर । कक्षा आठदेखि रजिष्ट्रेशन शुरू हुन्छ, त्यहीं प्रयास गर । हामी त्यसै गर्थ्यौं ।' शैलीले प्रस्तावको रूपमा भनिन् । अनि थपिन्- 'नाम फेर्ने प्रस्ताव कसले ल्यायो ? स्कूलले ? कुनै शिक्षकले ? कुनै कार्यालयले ? अथवा अन्तर्राष्ट्रिय महाजनजाति संघले ?'

'यो त हाम्रै चेतनाले हो । जनजातिको यत्रो प्रचार-प्रसार हुँदैछ । हामी पनि यसमा शक्ति थप्न चाहन्छौं । फेरि कैयौं मान्छे जनजाति शब्दले पछौटेपनको प्रतिनिधित्व गर्छ भनेर निस्कँदैछन्, हामी चाहिं बल पुऱ्याउन साबिकको नाम छोडेर जनजातिको खुल्दो नाम राख्ने अभियानमा जुटेका छौं । जनजाति समुदायले हामीलाई स्याबासी नै देला नि, आन्टी !'

'गतिलो भएर निस्क्यौ भने दुनियाँले तिम्रो कदर गर्छ । तिम्रो नाम पनि, जाति पनि, देश पनि चम्कन्छ । मेरो सोच त यही हो । अब भन, कुरा कहाँ पुग्यो । छोटोमा भन !'

'निवेदन फार्म, निवेदन शुल्क, नाम जुराउने दस्तुर, आफूलाई मन पर्ने नामको मूल्य, त्यसको स्वीकृति गर्ने हाकिमको शुल्क, फोटो र नाम फेरिएको प्रमाणपत्रको दस्तुर, फाइल निर्माण शुल्क अर्थात् रजिष्ट्रेशन शुल्क र आदिदेखि अन्त्यसम्म यस कार्यमा हामीलाई सहयोग गर्ने व्यक्तिको शुल्क समेत जोडेर जम्मा ९० हजार चाहिने भो । त्यसैले द्रव्यको व्यवस्था गर्ने शर्तमा फर्किएर आयौं । धन्न बिचौलिया पसेन !'

'नाम फेर्ने चक्करमा तिम्रो वर्ष बर्बाद पनि हुन सक्छ नि ! ख्याल गरेका छौ ? यो सबै द्रव्य कमाउने राजनीति हो । तिमी जस्ता सरल प्राणी खसी बन्दैछौ ।'

'आन्टी, के गर्ने त अब ? कदम उठाइहाल्यौं ।'

'फर्कने । नाम नफेर्ने ।'

शैलीको सल्लाह उनीहरूलाई रूचेन ।

प्रिन्सिपलले किशोरहरूको योजना उपयोगी नभएर घातक हुने देखे । त्यसले उनीहरूको आफ्नै शैक्षिक यात्रामा अवरोध पुग्न सक्ने संकेत पनि दिए । विद्यार्थीहरूलाई सविस्तार सम्झाए । र एक पटक कडा शब्दमा भने- 'आफ्नो खुट्टामा आफैं बन्चरो नहान !'

तर जनजातिको लहरले उछिन्यो । नाम फेर्ने विधि र शर्त पूरा गरेर उनीहरू नयाँ नाम आउने प्रतीक्षामा रहे । प्रशासनिक कार्य सदा झैं कछुवाको गतिमा घिस्रिन थाल्यो । यता, स्कूलले आफ्ना विद्यार्थीलाई निरन्तर छाता ओढाउँदै गयो । उनीहरूले सीईईको परीक्षा पनि पास गरे । त्यसको अर्को साता नाम फेरिएको प्रमाणपत्र तिनको हात पऱ्यो ।

रमेश राङ्जा भएछ, सुरेश सांप्रा । हेमन्त हाब्रे भएछ, सुभाष सोक्पा । वसन्त बान्ता भएछ र खड्ग ख्याक । अब नागरिक-पत्र लिने वेला भो । प्रश्न उठ्यो, कुन नामबाट नागरिक-पत्र लिने ?

उनीहरूको मतिले भ्याएन । प्रिन्सिपलले सरल बाटोमा हिंड्ने सल्लाह दिंदै भने- 'शैक्षिक कागजपत्रको आधारबाट नागरिक-पत्र लेऊ र पढाइलाई निरन्तरता देऊ ।'

'बदलिएको नाम के गर्ने नि सर ?'

'त्यो बदर गर्ने । जनजाति आयोगले गरोस् या अदालतले । या एटर्नीसँग सम्पर्क राख र फेरि खर्च गर । बढ्ता बुद्धि र बढी चलाख भयो भने कहिलेकाहीं बाटो अल्झिन्छ नि हगि ? चाँडै हावा लाग्नुको फल हो यो ।'

प्रिन्सिपलको सल्लाह पनि उनीहरूलाई पचेन । नयाँ नामबाट नागरिक-पत्र लिए । नागरिक हुन शैक्षिक आधार चाहिएन तर कलेजमा भर्ना हुन नागरिक-पत्र अनिवार्य थियो । शैक्षिक प्रमाणपत्र र नागरिक-पत्रको नाम मिलेन । कलेजमा भर्ना हुन सकेनन् । पुरुषार्थ प्रमाणित हुन सकेन ।

शैक्षिक योग्यताको आधारबाट हिंड्ने सारा मार्ग बन्द भए । मात्र नागरिक-पत्र देखाएर हिंड्न सकिने मार्गको खोजमा लाग्दा एउटा ड्राइभर, अर्को

पुलिस, अर्को व्यापारी, अर्को नक्सली र अर्को सुरुङ्पन्थी हुँदै मिनिस्टर र महामहिमसम्म हुन सक्ने मार्ग खुला थिए ।

त्यसले उनीहरूलाई खुशी दिएन, बरु कुण्ठित बनायो । फेरि अर्को गोरखधन्दामा लागे । र, वर्षौंको प्रयास पछि नागरिकता अनुसार शैक्षिक प्रमाण-पत्र निर्माण गराउन सफल भए । चाहँदा अब कलेजमा भर्ना पनि हुन सकिन्थ्यो । किन्तु आयु गणना र नागबेली यात्रा लुक्न सक्ने स्थिति थिएन ।

नाम फेर्ने चक्करमा समय, पढाइ र आयु गुम्यो ।

अब उच्च शिक्षाको सर्टिफिकेट किनेर ल्याउने सोचले चिमोट्न थाल्यो । फेरि द्रव्यको जोगाड गर्नुपर्ने स्थिति आउँदै गयो । तर प्रश्न उठ्यो- कुन उद्देश्यका लागि हो उच्च शैक्षिक सर्टिफिकेट ?

❑❑

नाम फेर्ने पुरुषार्थ

हिउँको बीउ

याकुने र माकुने विद्यार्थी जीवनमा एउटै बाटाका साथी थिए । कर्म क्षेत्रमा प्रवेश गर्दा याकुने गछिया जनबोर्डिङ स्कूलमा शिक्षक हुनपुग्यो । ऊ समाज उठाउँछु भन्थ्यो । माकुने चाहिं मुलुक विस्तार गर्ने प्रतिज्ञाले राजनीतिमा गाँसिन पुग्यो । राजनीति गर्नेले कहाँ जन्मेको हुनुपर्थ्यो त्यो चर्चाको विषय बनेन । धेरै कुरा छोप्ने र बनाउने युगको थालनी भइसकेको थियो ।

१२ बुँदे संझौतापछि राजनीतिक जीवको विदेश-यात्रा बाक्लिंदै गयो । माकुनेले याकुनेलाई पटक-पटक जेट चढायो । स्वाभाविक पनि थियो- याकुने अंग्रेजीको शिक्षक हुनाले उसको ज्ञान र साहचर्य याकुनेका लागि बढी फलदायी र लक्ष्यभेदी हुने निश्चित थियो ।

यस पटक विदेश पुगेर फर्किएपछि याकुने सरको शैली र संवादमा परिवर्तन आएको विद्यार्थीहरूले छनक पाए । प्रत्येक पटक नौला र कुतूहलवर्द्धक कुरा सुनाएर ऊ आश्चर्य फैलाउँथ्यो । बोल्दाबोल्दै उन्मादमा आएर उसले हाम्रा पहाडमा हिउँ र पानी हुनु गोरे साहेबकै वरदानको परिणाम हो भनिहाल्यो । उसले यसरी भन्यो जसरी एनजीओका सत्पुरुषहरू राजनीतिक भिक्षार्थीको दिमाग धोएर आफ्ना कुरा पढाउन सफल हुन्थे ।

भयो के ? पाठ्य सामग्रीबाट बाहिर पुगेर याकुने जब उत्तेजित गराउने खालको प्रवचनमा केन्द्रित हुन्थ्यो तब विद्यार्थीहरू आ-आफ्ना मोबाइल-फोन झिकेर रेकर्ड गर्थे, भिडियो भर्थे । अघाउञ्जेल दृश्य र शब्द लिन्थे ।

याकुने सरले भनेका कुराले अभिभावक, विद्यार्थी वर्ग र गाउँ-समाजमा मन्थन ल्यायो, आवेग रउत्तेजना फैलायो । धेरैले शब्द र दृश्यको भाव बुझे । आपत्ति जनाए । समस्त कोशी महाप्रदेशमा कम्पन आयो । प्रशासन पनि प्रभावित भयो । फलतः याकुने जनसभाको विधिपीठमा उभिन पुग्यो ।

विधिपीठमा राज्यका तर्फबाट वकील बेखालाल श्रेष्ठ रातोकोट लगाएर बहस-पैरवीका लागि उपस्थित भयो । विद्यार्थी र नागरिक समाजको तर्फबाट

वकील सर्वध्वज हाङ्पाङ् सेतो कोट र लिम्बुनी ढाकाको टोपीले सजिएर विधिपीठमा पुग्यो ।

याकुनेले सत्यताको बाचा गर्दै सातै कोशीको नाम लियो । बाबा बूढासुब्बाको स्मरण गऱ्यो र माता पाथीभरालाई नमन गऱ्यो ।

कार्वाही शुरू भयो :

वकील सर्वध्वज हाङ्पाङ्ले बारबाकस छेउ पुगेर भन्यो- 'याकुने सा'ब तपाईं आफ्नो पूरा नाम सुनाइदिनुहोस् त विधिपीठलाई ।'

'हजूर म यादवकुमार नेपाली र माकुनेको साथी हुँ ।'

'माकुनेको नाम किन जोड्नु भो ? औचित्य के ?' माकुनेले उत्तर दिन सकेन ।

वकील सर्वध्वजले सोध्यो- 'नेपालमा पहिले हिउँ थिएन । गोरे साहेबहरूले हिउँ ल्याएर छर्किएपछि हिउँ पर्न थालेको हो भन्नुभएको हो तपाईंले ?'

याकुनेले तुरुन्तै भन्यो- 'हैन, मजस्तो मान्छेले त्यस्तो भन्छु होला ? यो म प्रतिवाद गर्छु । स्वीकार गर्दिन । धेरैपटक चौतारा हुने मानुस जस्तो म पनि मुलुकको अहितमा बोल्छु र ?'

विधिपीठको मुखिया (जज)सँग अनुमति लिएर सर्वध्वज हाङ्पाङ्ले आइफोन खोलेर ठूलो स्क्रीनमा क्लिक गरिदियो ।

'गाइज, ध्यान दिएर सुन । मैले नै पहिलो पटक पत्ता लगाएको हुँ । कुरा नयाँ छ ।'

विद्यार्थी सावधान भए । याकुनेले भन्यो- 'पहिले हाम्रो देशमा हिउँ थिएन । पर्वतहरू काला चट्टानका देखिन्थे । असाध्य गर्मी हुन्थ्यो । गोरा साहेबहरू यहाँ आउँदा हिउँको बीउ सँगै लिएर आए र हाम्रा पहाडमा छरिदिए । त्यसपछि यी काला-नाङ्गा पहाडमा हिउँ पर्न थाल्यो । त्यसैले भन्नुपर्छ हिमालय बनाउने र भनाउँने काम गोरा साहेबहरूकै हो ।'

'सर, माउन्ट एभरेस्ट पनि तिनैले बनाएका हुन् ?' एउटी छात्राले प्रश्न राखी ।

'चूप, बौलाही जस्तो कुरा गर्छे ।' याकुनेले झर्केर हपाऱ्यो र थप्यो- 'अँ भन्दै थिएँ । उनीहरूले हिउँको बीउ नछरेका भए न यहाँ हिउँ थुप्रिन्थ्यो, न यो मुलुक यति सुन्दर देखिन्थ्यो । त्यसैले हामीहरू उनीहरूप्रति कृतज्ञ रहनै पर्छ ।'

उसले अर्को प्रसंग जोडेर थप्यो- 'त्यस्तै हाम्रा पहाडमा पानी थिएन । पानी त मैदानमा पो हुन्छ । उनीहरूले नै बोतलमा पानी ल्याए र आफैंले पानीको

बीउ छरिदिए । त्यसपछि पहाडमा पनि पानीको मूल फुट्न थाल्यो । कस्तो दूरदर्शी छन् हकि साहेबहरू । डेमोक्रेसी पनि उतैको सिको हो नि ! कि कसो ? त्यस्तै लाग्दैन ?'

विद्यार्थीहरूले परस्पर हेराहेर गरे । ओठ लेप्प्राएर अन्य मनस्क देखिएको अभिनय गरे । यो दृश्य-संवाद ठूलो स्क्रीनमा पनि देखिंदै थियो ।

'हाम्रा देवी देउता कि पहाडको शिरमा हुन्थे कि नदीको किनारमा । गाउँ र शहरमा जतासुकै बस्ने देवता पनि उतैबाट आएका हुन् नि ! हामी त पूरै जंगली थियौं क्यार । त्यसैले होला हाम्रो राजनीति पनि उतैबाट चल्छ । हेक्का राखेका छौ ?'

सर्वध्वज हाङपाङले श्रव्य दृश्य, ध्वनि र चित्रहरू स्थगित गरेर सोध्यो- 'याकुने अर्थात् यादवकुमार नेपालीज्यू, अब त तपाईं स्वीकार्नु होला नि यो कसको बोली हो ?

'जी, म स्वीकार गर्छु । मैले नै भनेको हुँ, यो मेरै बोली हो ।'

'याकुनेज्यू, तपाईंलाई यस्तो अनर्थ र अवाञ्छित कुरा कसरी फुऱ्यो ? कक्षामा नै विद्यार्थीहरूलाई अप्रिय कुरा किन भन्न भ्याउनु भो ? खास कारण ?

'विद्यार्थीहरू प्रायः हामीसँग प्रतिवाद गर्दैनन् । शिक्षक र थैलेले भनेका कुरामा विश्वास पनि गर्छन् । फेरि हामीले दलमा पुच्छर पनि थप्ने जानु छ । त्यसैले आफ्नो दलको सदस्य बनाउन स्कूलदेखि नै थाल्ने निर्देशन छ ।'

प्रसंग फेरेर थप्यो- 'आयो मेरो कुरा, २०५२ देखि यता आफ्नो मुलुकलाई तुच्छ देखाएर विदेशी व्यक्ति, नीति र विचारलाई महत्व दिने हावा चलेको हुनाले मैले पनि नागबेली पथबाट सहयोग पुऱ्याएकै हुँ । मैले यो काम आफ्नो एक सदस्यीय एनजीओ मार्फत् गरेको हुँ । यहाँका राजनीतिक दल र दलपतिलाई टेवा पुऱ्याउने ध्येयले नै यो कदम उठाउनु परेको हो । म यसलाई अपराध ठान्दिनँ । किनकि प्राकृतिक स्रोत र भू-सम्पदा बेच्ने कर्ममा म प्रत्यक्ष छैन ।'

विधिपीठले, दलपति, काका परिषद्, कानून निर्माता र सुरक्षित सांसद (टिपे माननीय)को बयान लिने आदेश जारी गऱ्यो ।

विधिपीठ उठ्यो ।

❑❑

हिउँको बीउ

पुरुष पनि नछुने !

युवाहरूको एउटा जोडी मन्दिरमा पुग्यो र हाम्रो विवाह गराइदिनुस् भनेर पण्डितजीसँग अनुरोध गऱ्यो ।

पण्डितजी अकमक्क परे । उनले भने- 'हाम्रो विवाह पद्धतिले केटा र केटीबीचको विवाह मात्र सम्पन्न गराउँछ । केटा-केटाको विवाहको विषयमा शास्त्र बोल्दैन ।'

विवाह गरिमाग्न आउने जोडीले भन्यो- 'युग पनि परिवर्तन भो, मान्छेको रुचिमा पनि परिवर्तन भो नि पण्डितजी ! अब युगसापेक्ष चल्नुपर्छ नि !'

'हेर्नुहोस्, विवाहमा वर र वधू हुन्छन्, कन्या र कुमार हुन्छन् अर्थात् केटा र केटीकै विवाह हुन्छ । विवाह पद्धतिले उनीहरूलाई विधिवत् पारिवारिक बन्धनमा बाँधिएको घोषणा गर्दछ । त्यसपछि दुवै एक-अर्काका बिर्ता हुन पुग्छन् । समाजले पनि अनुमोदन गर्छ । तपाईंहरू त जान्नहुन्छ नि !'

'पण्डितजी, ऊ केटी बन्छ, म केटा छँदैछु । दुलहीका सम्पूर्ण सामान हामीले ल्याएका छौं । हाम्रो विवाह हुनुपर्छ, बस् । हामी अर्को कुरा जान्दैनौं ।'

'विवाह र वंशवृद्धि त सुसंस्कारको प्रत्यारोपण र हस्तान्तरण हो नि ! सबै कुरा बिर्सिदिने ?' पण्डितजीले विवाहको उद्देश्य सम्झाउँदै थपे- 'अब्बल दर्जाको सन्तान जन्माएर समाज र देशलाई जिम्मा लगाउनु नागरिकको दायित्व पनि हो नि ! यसतर्फ सोच्न मिल्दैन ? आफैंभरि मात्र जीवन हो र ? यो त नेपालका राजनीतिक सरदारको सोच जस्तो भैगो नि !'

'तपाईंले हाम्रो विवाह गराउनुभएन भने म मन्दिर विरुद्ध कोर्टमा जान्छु । तपाईंलाई हाम्रो भविष्य, देश र समाजमाथि के चासो ? तपाईं आफूले गर्ने कुरा गर्नुहोस् न ।'

'हेर्नोस्, केटा-केटाबीच बिहा गराउने विधान छैन । बरु कोर्टमै गएर बिहा गर्नुहोस् ।'

'त्यो त गरिहाल्छौं नि । हाम्रो रीति अनुसार पनि गरौं भनेर पो यहाँ आएका त !'

'त्यसो भए म समितिलाई सोध्छु । मेरा लागि यो नौलो कर्म हो, सोध्नैपर्छ । अनुमति दिए भने म विवाह गराइदिन्छु । समय दिनुहोस् ।'

पण्डितजीको आग्रह सुनेर युवकको जोडी मन्दिरको परिसरबाट निस्कनासाथ केटीहरूको जोडी पुग्यो । उनीहरूले पनि त्यही कुरा भने । उनीहरू पनि केटी-केटीको विवाह गरिमाग्न त्यहाँ पुगेका थिए ।

'यति राम्रा केटीहरूको मति किन बिग्ग्रा होला ! यिनले भनेजस्ता केटा पाउने थिएनन् र !' पण्डितजीले मनमनै भने ।

'पण्डितजी, हामीसँग जम्मा दुई घण्टा समय छ । अहिले नै हाम्रो विवाह गराइदिनुपर्छ ।'

पण्डितजी सोचमा डुबे ।

एउटी अलिक वाचाल थिई, भनिहाली- 'तपाईंको शास्त्र र विधिमा समलिंगी विवाहको विधान गरिएको छैन । तर अब वैधानिकता दिने वेला भो । धर्मस्थलबाटै यो कुरा हुनुपर्छ । यहाँ हाम्रो विवाह सम्पन्न हुनु भनेको हाम्रो समाज र संस्कृतिको उन्नयन हो, सामाजिक चेतनाको युगीन परिष्कार पनि हो । तपाईं के भन्नुहुन्छ ? कुनै अप्ठ्यारो छ तपाईंलाई, तपाईंको संस्थालाई ?'

पण्डितजी एक छिन अन्तर्मुखी भए ।

उसले भनी- 'तपाईं पनि नेपालका राजनीतिक सरदार जस्तै हुनुहुन्छ । आखिर स्रोत त अर्को होइन । त्यसैले म खुलेरै भन्छु, घूस र कमिशनले नेताहरू किनिएजस्तै हामी पनि तपाईंलाई किन्छौं ।'

'कसरी ?' प्रश्नभावले पण्डितजीले हेरे ।

'हामी तपाईंलाई घूस पनि दिन्छौं, यौवनको उपहार पनि दिन्छौं र प्रशस्तिपत्र पनि दिन्छौं । प्रशस्तिपत्र चाहिं अर्को दिन मिल्छ । बाँकी अरू थोक आजै । के विचार छ ?'

'हुन्छ, यहाँहरूलाई जस्तो सजिलो लाग्छ ।' पण्डितजीले लोभ थाम्न सकेनन् ।

'ठीक छ । ऊ एउटा कोठामा दुलाहाको स्वरूपमा आफूलाई तयार गर्दै रहन्छे । तपाईं र म यता लागौं ।'

सबै शर्त पूरा गरेर समलिंगी युवतीहरूको विवाहित जोडी मन्दिरको परिसरबाट निस्कियो- फूलबारीमा बिहा गरेर ।

अर्को दिन पण्डितजीको आश्चर्य गराउने फोटो भाइरल भो । फोटामा उनी उभिएका थिए, किन्तु उनले लगाएको धोतीमा रगतका टाटैटाटा थिए ।

चित्रको क्याप्शन थियो- 'पुरुष पनि नछुने हुन्छ ।'

❑❑

पुरुष पनि नछुने !

भैरवको धुलाइ

नयाँ विधान आएपछि थानेदारलाई 'भैरव' भनियो ।

विवेकभञ्जन भन्ने व्यक्ति चूँ गाउँको ठानामा भैरव भएर पुग्यो । नयाँ भैरवले स्वागत पायो । उत्साह थपियो । बासिन्दाहरू रमाए । १० दिनपछि भैरवको शरीर नदीको किनारमा फ्याँकिएको फेला पऱ्यो । धन्न स्वर्गमा ठाउँ थिएन छ । उसको उपचार हुनथाल्यो ।

वास्तविक अपराधी को हो त्यो थाह हुनसकेको थिएन । भैरवले (थानेदार) जसलाई ठानामा लगेर थुन्यो ती पनि प्रत्यक्ष कारणी देखिएनन् । किन्तु उनीहरू थुनिएपछि नै भैरवको धुलाइ भएको थिएछ ।

न्यायपीठको आदेश अनुसार चूँ गाउँ नै सोहोरिएर तोकेको ठाउँ र समयमा हाजिर भयो । अवयस्क जति छोडिए किन्तु ती पनि तमाशा हेर्न पुगे ।

न्यायिक प्रक्रिया थालिएपछि बाक्लो भीडबाट युवाहरू निस्के र एक एक गर्दै तिनले एउटै कुरा दोहोऱ्याएर भने- 'हामीले मारेर फ्याँकेका हौं । तर बाँचेछ । त्यसैले हामी, हाम्रो समाज र हाम्रो संस्कृति नै अभियुक्त हो भन्ने ठानियोस् । हामी अपराध स्वीकार गर्छौं ।'

'भैरव (थानेदार) माथि आक्रमण गर्नुको कारण के हो ? औचित्य पुष्टि गर्न सक्नुहुन्छ ?' न्यायपीठले जान्न खोज्यो ।

'हाम्रो चलन नबुझी अन्तको कानून लगाएर हामीमाथि दमन गर्न खोज्यो यो भैरवले । त्यसैको नतिजा हो यो पिटाइ । धन्न प्राण जोगाइदिएछन् ।' एउटाले सांकेतिक बोल्यो ।

'हाम्रो समाजप्रति खराब सोच राख्ने र दुर्व्यवहार गर्नेलाई सांकेतिक चेतावनी मात्र हो यो पिटाइ । बाँच्यो, गनिमत भो ।' अर्काले थप्यो ।

'मुख्य कारण अझै खुलेन । छोटोमा बयान दिएर न्यायपीठलाई सहयोग गर्न अनुरोध छ ।' न्यायपीठले भन्यो ।

बन्दी कृष्ण कालचन र धवला धीरचन यस मुद्दाका केन्द्रीय पात्र थिए । उनीहरूलाई हाजिर गराइयो । बयानमा उनीहरूले भने- 'आफ्नै सुरले हिंड्दै रमाउँदै थियौं । हाम्रो बाटो रोकेर भैरव साहेबले परिचय मागे । नाता सोधे ! हामीले सत्य-सत्य भन्यौं । तर उनले हाम्रो भनाइलाई बंग्याएर आफ्नै ढंगले व्याख्या गरे अनि हाडनाता करणी मुद्दामा जाक्छु भनेर हत्कडी लगाए र ठानामा थुने । पछि हाम्रा साथीहरूले उनीमाथि आक्रमण गरेछन् । कुरा यही हो । यो कुरा ठानाका अरू सदस्य पनि जान्दा हुन् ।'

'हो, यसअघि हाम्रो समाजमा यस्तो आक्षेप र दुराशयपूर्ण व्यवहार कसैले भोग्नु र सुन्नुपरेको थिएन । यो त अति नै हो ।' एउटा पाको व्यक्तिले अर्काको कानतिर भन्यो ।

'हो नि ' यो त जन्मसिद्ध अधिकार हो उनीहरूको । लामो समयदेखि चल्दै आएको रीत हो । समाज र संस्कृतिले अनुमोदन गरेको चलन हो । बाबु-बाजे र आमा-बज्यैहरू यसै पद्धतिबाट हिंडेर गृहस्थी चलाउँदै र सन्तान हुर्काउँदै आएका हौं । अनि आज कसरी बिझायो पुलिस प्रशासनलाई । हाम्रो चलन गलत हो या कानून र प्रशासन ?' समाजले अनुभव बोल्यो ।

'हो नि समाज र परिवारको आँगन नष्ट गर्ने अधिकार कसलाई छ ? विधान निर्माता र कानूनका व्याख्याता सही नभएर हो कि यो उत्पात भएको ?' अर्का ठाउँ टिप्पणी उठ्यो ।

'परभूमिबाट पोषित अस्वस्थ रक्तबीजको मानव आकार हो यो भैरव, क्यानाम थानेदार ! नत्र हाम्रो रीति-स्थिति नबुझी नियतवश वा अज्ञानवश किन थुन्दो हो हाम्रा केटाकेटीलाई ? यो भैरव दण्डनीय छ । हाम्रा सन्तान अबाटो हिंडेका होइनन् । हिजोले हिंडेको बाटोमा नै उनीहरू हिंडेका हुन् । यसका आँखा बिझाएका हुन् । अरू क्यै होइन ।' कोण संवाद चल्यो ।

'हो पीडाबोध लिएको हो यसले ।' अर्कोले सूत्र बोल्यो ।

ढुंगा छापेको न्यायपीठको आँगनमा घोडा आएर उभिएको थाह पाएर इजलासका मान्छेले प्रवेशद्वारतर्फ आँखा पुऱ्याए । मन्त्री भइसकेका पुराना समाजसेवी लट्ठी टेक्दै द्वारमा पुगे र अनुमति लिएर भित्र पसे । निर्दिष्ट ठाउँमा बसे । फेरि उठे र मौखिक अपील गरे- 'म दुई शब्द निवेदन गर्न चाहन्छु, अनुमति मिलोस् ।'

पीठाधीशको अनुमति पाएर उनले भने- 'हाम्रो समाजका कयौं एकाइमा मामा र फुपूतर्फको नातामा प्रणयकेलि पनि चल्छ र यौवन विलास पनि हुन्छ ।

मान्य छ । जीवनको विकासमा यसले मलजल गर्दै र स्थायित्व लिँदै आएको छ । यो हाम्रो स्वीकृत परम्परा हो । दाम्पत्य बन्धन र गृहस्थ-विकासको लागि यो बलियो रीत र सर्वमान्य प्राङ्गण हो । गाउँ-वस्तीको यो पुरानो प्रणाली मार्फत् हाम्रा पुस्तौं-पुस्ता हुर्किँदै र फैलिँदै आएका हुन् । त्यसैले यो स्वीकृत क्लब हो । यसलाई नयाँ विधानले भत्काउने यत्न गरेको देखिन्छ । प्रशासनमा रहेका व्यक्तिको हठ र अज्ञानका कारण पनि यस्ता अप्रिय कर्म हुन थालेका छन् । रोकिनु पर्छ । हरेक कुरा एउटै तुलोमा वा उस्तै ढंगले तौलिन मिल्दैन कि भन्छु ।'

एकछिन दम फेरे र फेरि थपे- 'भूगोल, संस्कृति र जीवनशैली नबुझ्नेले न सेवा दिनसक्छ, न सम्मान र सहयोग पाउन सक्छ । यो नबुझ्दाको परिणाम यही हो । यस्ता घातक गतिविधिको स्रोत विधान पनि हो । ध्वंश गर्न सक्छ, निर्माण गर्न सक्तैन । मैले आफ्नो कुरा निवेदन गरें । बाँकी न्यायपीठको विवेकमा छोडौं ।'

भूगोल र जीवन पद्धतिलाई महत्व दिएर न्यायपीठले अभियोगमा तानिएका सबैलाई निरपराध घोषित गरेर स-सम्मान मुक्त गऱ्यो । अब उप्रान्त स्थानीय रीति-स्थिति र सर्वमान्य परम्परा विपरीत नगई समाजमा सेवा पुऱ्याउन प्रहरी प्रशासनलाई खबरदारी गऱ्यो ।

अन्त्यमा भैरव (थानेदार)श्री विवेकभञ्जनको स्वास्थ्यलाभको कामना गरेर विधिपीठ उठ्यो ।

❑❑

भैरवको धुलाइ

महावीर कन्तुर

'मैयाँ, बाटोमा कतै पुस्तक पसल भए एकैछिन रोकौं है । पढ्ने सामग्री परेनछ ।'

'महावीर कन्तुर' अगाडि पुगेर पठाउ अडियो । फेरि जोमसोम पिज्जा हाउसको पार्किङ्मा निकैबेर रोकियो ।

'ब्याग र पुस्तकहरूसँगै घरभित्र पसे ।

'सरल, आऊँ । पुस्तक हातैमा च्यापेछौ । खै हेरौं के के ल्यायौ ? रातको प्रधानमन्त्री, गीत कुत्ता र कोर्ट, काकली, शार्दूली... ए दुईटा कथा र दुईटा उपन्यास रहेछन् । फेरि बिल हेर्दा त आधा मूल्यमा नै पाएजस्तो लाग्छ । चारवटाको आठ सय । गजब सस्तो ! कहाँ किन्यौ ?... ए ! बिलमा नै छ नि 'महावीर कन्तुर' ।

सरलले ओछ्यानमा पसेपछि पठाउ सुन्दरीलाई भेटेदेखिका संवाद र दृश्य संझ्यो-

'यी मैले पढेका पुस्तक हुन् । मलाई खूब मनपऱ्यो । हजुरलाई पनि ज्ञान पनि मिल्छ । मनोरञ्जन पनि हुन्छ । त्यसैले यिनै छानें । फुर्सत मिलाएर पढ्नु हुँदो रहेछ । खुशी लाग्यो । नत्र मान्छेलाई पुस्तक पढ्ने समय नै मिल्दैन । फोन-यू-टुब, टिकटकमा समय बिताउँछन् ।' उसले थपी- 'पुस्तकसँग र महावीर कन्तुरसँग मेरो पनि गाथा जोडिएको छ ।'

सरलले अगाडिका कथा सुन्न उत्सुकता देखायो- 'म बीचमा बोलेर व्यवधान पार्दिनँ । तपाईं आफ्नो ढंगले सुनाउनुहोस् । आज मौका छ । फेरि सुन्न पाउने हो कि हैन !'

एक पटक लामो सास तानेर छोडी र उसले भनी :

"मुद्रण व्यवसायी भनौं, प्रकाशक भनौं या वितरक भनौं त्यस्तै खालको काम गर्थ्यो मेरो मान्छे । एक पटक राम्रो अफर आयो ७०० पुस्तक प्रेसबाटै उठाएर ल्यायो । शर्त अनुसार पुस्तकको मूल्यको ५०% प्रतिशत रकम लेखकलाई दिनुपर्थ्यो । तर ५ वर्ष बित्दा पनि एक रूपयाँ दिएन ।

लेखकले बारम्बार मेसेज गऱ्यो- मैले पाउनुपर्ने रकम बैंकमा जम्मा गर, बैंक खाता नं. दिन्छु । नबिकेका पुस्तक जम्मा गरिदेऊ फिर्ता लान्छु । तर मेरो पूँजी नटुबोस् । अहिलेसम्म पुस्तक लिएको रसीद र शर्तनामाको टिपोट पनि मिलेका छैन ।

यसले मन्त्रीको नाम जोडेर उल्टै तर्छायो र व्यस्तता देखायो । फेरि उसले सल्लाह दिँदै मेसेज गऱ्यो- 'मन्त्रीले सीडीओलाई फोन गरेर पुस्तक जम्मा गराइदिन सक्छ, साता दिनमा पुस्तक जम्मा हुन्छन् । विकेको भए रकम र नबिकेका पुस्तक फिर्ता लिन्छु । म लेखक हुँ, मलाई सहयोग गर्नुहोस् भनेर खूब अनुरोध गऱ्यो तर टेरेन- त्यो पुरुषले ।'

उसले एकछिन विश्राम लिई र थपी- लेखकले भनेको कुरा मलाई राम्रो थाह छ । उसले यति नै भन्यो- 'मैले हठ गरेर रकम लिनु राम्रो नमानिएला, तपाईंले आफैं दिनु राम्रो । बरु कति समय चाहिन्छ भन्नुहोस्, आउँछु । बाँकी पुस्तक पनि उठाउँछु । असजिलो पनि पार्दिन । मलाई सहयोग गर्नुहोस् ।'

मलाई थाह छ- उसले लेखकलाई हेप्यो । बेवास्ता गऱ्यो । अपमान गऱ्यो । उपेक्षा गऱ्यो । शायद त्यसैको फल म भोग्दैछु ।

'यो त कोल्डवार मात्र हो । जीवनको अध्याय कसरी फेरियो त ?'

'एक दिन साँझ, एउटा मान्छे ट्रक र साना भ्यानहरू लिएर आयो र पुस्तक र सामान भरेर पसल खाली गरिदियो । इज्जतसाथ मलाई र छोरालाई कारमा हालेर हिंड्यो ।'

उसले मलाई आफ्नो मान्छेलाई फोन गर्ने भए गर्नुहोस् पनि भन्यो । मौका दिएकै हो । तर कुरा नफैलियोस् भनेर मैले कतै फोन गरिन । छोरा सानै थियो । उसलाई मैले संझाए, फकाएँ । मान्यो ।

'फेरि'को भावमा सरसले आँखीभौं उचाल्यो ।

'पछि थाह भो घरबाट पनि सामान उठाइसकेको रहेछ ।'

'अनि ?'

'त्यसपछि मेरो संसार फरक भो । किनभने उसको र मेरो भेट नै भएन ।'

'तपाईंको मान्छेको स्थिति के भो उता ?'

'पछि म बाहिर निस्कन थालेपछि थाह लिएँ- कसैले सहयोग गरेनछ । मेरो खोजी गऱ्यो, पत्ता लगाउन सकेन । श्रीमती हराई, अर्कासँग हिंडी भन्नु पनि भएन क्यार । शानवालाको शान हराउन सक्छ । अर्काले स्वास्नी

लगिदिएको मान्छे भनेर उडाउँछन् भन्ने ठानेर चिने-जानेका आफन्तका अगाडि पर्न चाहँदैन रे ।'

'धेरै पछि मलाई टिप्ने मान्छेले फोन गरेर उसलाई ट्राफिक पुलिसमा जा म भनिदिन्छु, कसैले यहाँ श्रीमतीलाई भेट्टाइदिन्छ भनेर फोन गऱ्यो रे । ऊ त्यहाँ पनि गएन छ । मलाई त जूठो ठानेर बिर्से पनि भो ठीकै छ, छोरालाई त संझनु पर्ने हो नि !'

'तपाईंलाई टिप्ने मान्छे को रहेछ त ?'

'टिप्ने मान्छेलाई त म चिन्छु नि । उ त अह्राएको मान्ने मात्र हो । खेतालाको के दोष ? यो योजना त लेखककै होला नि !'

'संभव होला त ?'

'बिल्कुल संभव छ । पुस्तकमा नलेखेर त्यो कुरा व्यवहारमा देखायो भन्ने लाग्छ ।'

'तपाईंले भने अनुसार हो भने लेखकले तपाईंको मान्छेलाई सकेसम्म अनुनय विनय गरेको बुझिन्छ । नटेरेकै हो त ?'

'हो नि प्रेसबाट ७०० थान छाप्ता छाप्तैका नयाँ पुस्तक बुझेको रसीद पनि नदिएको रकम दिने रेटको शर्त पनि नगरेको । लुट्न त लुटेकै हो नि ५ वर्षसम्म ! त्यसैले मेरो अपहरण यदि लेखकले गराएको हो भने पनि अनुचित चाहि होइन । नत्र शैतानलाई कस्तो दण्ड दिने ? अदालतमा धाएर आयु सक्ने कुरा थिएन । छोटो बाटो यही थियो क्यारे । लगानी उठाउनु पऱ्यो भने शायद म पनि यसै गर्दी हुँ ।'

'छोरा नि !'

'ऊ त राम्रो स्कूलमा पढ्दैछ । धरानमा छ । उसको चिन्ता छैन । ऊ पार लाग्छ । वेला-वेला भेट्न जान्छु ।'

'तपाईंको मान्छे अब तपाईंको रहेन हैन ?'

'उसैको व्यवहारका कारण मैले उबाट छुट्टिनु परेको रहेछ भन्ने बुझें । परिवारवाला मान्छेले अर्कालाई लुट्नु हुने थिएन । लुट्नु, हेप्नु, बेवास्ता गर्नुको फल हो- परिस्थितिले मलाई उबाट छुट्याइदियो । उसले बुझ्नुपर्ने हो । मैले बुझेर के गर्नु ?'

'उसको अभावले तपाईंलाई पिरोल्दैन ?'

'पहिले छाता वा संरक्षकको अभावले पिरोल्थ्यो । फेरि संझे- मन्त्रीको छेउमा पुगेपछि मेरै मानमर्दन गर्न थालेको थियो । त्यसै मैमत्त, उन्मत्त हुँदै

थियो । अब यो मान्छे मेरो नै भएर रहँदैन कि लाग्दै थियो । आखिर उसैका कारण उसको जीवन धरापमा पऱ्यो भन्ने लागेको छ । अब गुनासो पनि छैन ।'

'भाले तत्वको संगतमा क्षति भएको ठान्नु हुन्न ?'

'धर्म निरपेक्ष मेरै लागि आएको ठानेकी छु । लिंग-संघर्ष आवश्यक हो; मिलेर, सल्लाहले गर्नुपर्छ । समान रूचि र सम्मानले त्यो केन्द्रीय विषय हुँदा विषयान्तर आउन र जान सक्तैन । त्यसैले म आफैं साँढे बोलाउँछु र मर्दन गराउँछु । त्यहाँ मेरै रूचि रहन्छ, मेरै प्रभुत्व रहन्छ, मेरै समय र पूर्णताका लागि मेरो पाउना आउँछ- त्यसैका लागि । म ज्वालामुखी भएर फुट्छु ऊ समुद्री झन्झा (ताइफून ?) भएर मडारिन्छ र बर्षन्छ । त्यहाँ मात्र कर्म हुन्छ, मान, सम्मान र स्वार्थ रहँदैन । पर्दा छैन । सबै द्वार खुला छन् । त्यसैले म परितुष्ट छु किनकि हामी दुवै एक अर्काको उपकारक भएर मनयोगले लिने र पाउने गर्छौं ।'

'छोरा कति वर्षको भो ?'

'नौ वर्षको भयो ।' उसले अर्को प्रसंग जोडर थपी- 'तर म यस्तै पुस्तकबाट मानसिक र शारीरिक ऊर्जा लिने गर्छ । हजुर पनि यी पुस्तक पढेर यस्तै अनुभव गर्नुहोला । अझ भनौं भने 'याङ्सिला' पढेपछि त मलाई थामिन हम्मेहम्मे परेको थियो ।'

'हजुर पढिसक्नु न अनि यिनैमा केन्द्रित रहेर संवाद गरौंला । म आफ्नो फोन नं. यसैमा लेखिदिन्छु । साँझतिर बोल्न भ्याउँछु ।' उसले थपी ।

'नाम लेख्नु भएन नि !'

'म आदित्य बी.सी. ।' मनमा नै लेख्नु होला बिर्सिइन्न । अनि हजुरको ?

'जी म, हरिचन्दन अघोरी । यो मेरो फोन ।' उसले बिजिनेस कार्ड दियो ।

कुनै दिन पुस्तकमाथि आ-आफ्नो ढंगले मीमांसा गर्ने सल्लाहले जोमसोम पिज्जा हाउसबाट उठेको संझ्यो ।

प्रकाशक र वितरकबाट लेखकहरू ज्यादै ठगिएको र उपेक्षित भएको अपयश फैलिएपछि 'महावीर पुनको सल्लाह र सहयोगमा 'महावीर कन्तुर'बाट उचित मूल्यमा पुस्तक उपलब्ध हुने प्रणालीको विकास हुँदा स्रष्टाहरू, प्रकाशक र वितरकको सुनियोजित क्षति र अव्यवस्थाबाट मुक्त भएको जानकारी उसले दिई ।

पुस्तकका लागि त्रिभुवन विमानस्थलको राष्ट्रिय र अन्तर्राष्ट्रिय भवनको प्राङ्गणमा समेत अब 'महावीर कन्तुर' राख्ने योजना रहेको जानकारी गराउँदै

पठाउ सुन्दरीले गाडी चलाएको संझ्यो । गुन्यो- पुस्तकको कार्वाहीले लेखकलाई कष्ट नदिएको भए शायद पठाउ सुन्दरी र यी पुस्तक भेटिने रहेनछन् । महावीर पुनलाई पनि धन्यवाद पुगोस् लेखकको कल्याण गरेछन् ।

अर्को पटक पठाउ सुन्दरीलाई भेट्ने सोच राखेर ऊ निदायो ।

❑❑

महावीर कन्तुर

यौवन व्यवस्थापन

सत्ता समूहको छली चरित्रसँग जनताले बारम्बार धोखा पाएको इतिहास दुर्गन्धपूर्ण थियो । जब विदेश भ्रमणमा जान्थे, देश र जनताको हित विरुद्ध एउटा न एउटा चूक गरेरै आउँथे । जनता निरन्तर उपेक्षित र पीडित थियो । यस पटक विमानस्थलमा चौतारालाई पत्रकारले घेरे ।

'चौताराज्यू, यस पटक त कुनै क्षति नगरी फर्कनुभएको होला नि विदेश गएर ? कि कतै हस्ताक्षर मारेर आउनुभयो ?' पत्रकारले जनवर्गीय भाषामा सोध्यो, किनकि राजनीतिक जीवहरू कलम खोलेरै विदेशको उडान लिने गर्थे ।

'म जस्तो मान्छेले मुलुकको अहित गर्छ ? तपाईंलाई आफ्नो चौतारालेे काम बिगार्छ भन्ने लाग्छ ? भाषा नबुझ्ने भएपछि लेख्नु परेन ? कलम खुलै थियो, लेखें नि दुई-चार कुरा । कुन ठूलो कुरा भो ? व्यवहार मिलाउनु परेन ?' अनि आफ्नो यात्रा-सचिवतर्फ लक्ष्य गरेर भन्यो- 'नारद ! १५-१६ वर्षका चेलीहरूलाई उता पठाउने सन्धि गरेको कुरा खुलस्त गरेर भनिदेऊ । यिनीहरू मेरो भाषा बुझ्दैनन् ।'

सचिवले बेलिविस्तार लगायो- 'हो, रोगी र अपाङ्ग बाहेक अरूलाई लान्छन्- आफैं स्वास्थ्य परीक्षण गरेर । यो हाम्रो हितमा छ । पुऱ्याउनु पर्दैन- रेलबाटै लान्छन् । यो पनि हाम्रै हितमा छ । खान, बस्न, पढ्न, उपचार गर्न यहाँ नसकिने भइया छ, उता व्यवस्था हुने भा'छ । यो पनि हाम्रै हितमा छ । यहाँका जवान अरबमा छन्, त्यसैले युवतीलाई चाहिने युवाजनको व्यवस्था पनि उतै हुन्छ । यसमा पनि मुलुककै हित छ । भार घट्छ । सानो कुरा हो र !'

'चौताराज्यू, १५-१६ वर्षका किशोरीलाई बेच्ने अधिकार कसले दियो तपाईंलाई ?' अर्को पत्रकारले मानव अधिकार र व्यक्तिगत स्वतन्त्रताको छेउबाट प्रश्न गऱ्यो ।

चौतारालेे मनमन भन्यो- 'तिमी जहाँबाट यो ऊर्जा लिएर बोल्दैछौ नि, मैले पनि त्यहींबाट ऊर्जा पाएर तरुणी व्यवस्थापन गरेको हुँ । के नाप्छौ ?' अनि प्रकटमा भन्यो- 'यो राज्यको चाहना हो । चुनाव गर्नुपरेन ? द्रव्य कहाँबाट आउँछ ? फेरि हत्या र बलात्कारबाट जोगाउने दायित्व राज्यको होइन ? कमसेकम जोगिने त भए । तर यस्तो प्रश्न गर्ने तपाईं को ?'

'के काम गर्छन् ? पढ्छन् उता गएर ?' अर्कालेे सोध्यो ।

'पढ्लान् मौका परे । नत्र पोछा लगाउने, भाँडा माझ्ने, लुगा धुने, मालिश गर्ने, बजार गर्ने नि ! यहाँ पनि त गर्छन् नि घरमा । कुन ठूलो कुरा हो र ? कत्रा-कत्रा कोठी छन् उता । केही रानी होलान्, केही श्रृंगार बन्लान् नि, हैन ?'

'फर्कंदैनन् ?' पत्रकारको प्रश्नमा आक्रोशको ज्वाला थियो ।

'चाडपर्वमा फर्केलान् । कानून संशोधन गरिदैछ- बच्चा बोकेर आए भने आमाको नामबाटै नागरिकता बनाइदिने हो ।' चौताराले थप जानकारी दियो ।

र, प्रश्न थप्यो- 'अब म तपाईं पत्रकार मित्रलाई प्रश्न गर्छु- छोराले चाहिं ब्रिटिश, इण्डियन र चिनियाँ सेनामा भर्ना हुन जाँदा आपत्ति नहुने, अनि छोरीले उता जाँदा चाहिं विरोध ? किन ?'

'यहीं काम दिनुहोस् न । तपाईं त चौतारा नि ! उद्योग खोल्नुहोस्, कृषि बढाउनुहोस् । शिक्षाको स्तर उठाउनुहोस्, प्राविधिक शिक्षालाई जोड दिनुहोस् । दक्ष जनशक्ति विना मुलुकले गति लिन्छ र चौताराज्यू ? युवा नभएपछि देशको दुर्गति हुँदैन ? के गरेको ?'

'हो चौताराज्यू, विस्थापित गरिएका उद्योग-कारखाना पुनः संचालन गर्नुहोस् । न अरब जानुपर्छ न अन्त ।'

'बढ्ता भो है, बढ्ता । अब मुलुक अमेरिकी कानूनभित्र पसिसकेको छ । हामीले पनि अनुमति लिनैपर्छ क्यार कुनै पनि योजना चलाउन । दस्तावेज पढ्न भ्याएको छैन । कसैलाई पढ्न लाउनुपर्ला ।' चौताराले आफ्नो योग्यता देखायो ।

'मुलुकलाई 'पूर्वी अमेरिका' बनाउन कडा कसरत गरेर सफल हुनुभएकोमा हामी र हाम्रो समूह यहाँप्रति कृतज्ञता ज्ञापन गर्छौं चौताराज्यू ।' दलको झोले पत्रकारले खुला गुणगान गऱ्यो ।

'हो नि, म चौतारा जस्तो मान्छे, मुलुकको अहितमा काम गरौंला ? सार्क मुलुकभित्र पूर्वी अमेरिका बनाउने श्रेय मैले नै पाउनुपर्छ- माने, मेरो सत्ता समूहले । अनि हुर्केका छोरीको यौवन व्यवस्थापन पनि यस पटक मैले नै गरेको हो । यो पनि देशको पूर्ण हितमा छ । जै गोरख । जै घटाल ।'

पत्रकारहरू ठेस मानेर फर्किए ।

धेरैको अनुहार नीलो देखियो ।

मूर्खसँग दैव डरायो ।

माटोमा कम्पन आयो ।

❑❑

यौवन व्यवस्थापन

विवाह विधेयक

संसदले 'विवाह विधेयक' पारित गऱ्यो ।

सुन्दरीहरूको हत्या, दुरुपयोग र मानमर्दन हुन नपाओस् भन्ने सोच राखेर यो कदम चालिएको थियो । हिजोसम्म बलात्कार र हत्याका घटनालाई ढाकछोप गर्ने तथा अपराधी र तिनका मतियारलाई जोगाउने क्रममा स्वयं राज्यशक्ति नै सक्रिय रहेको देखेर ढिलो भए पनि संसदले आँखा खोल्यो । नतीजा- पुरुष तत्वले विवाहका लागि 'योग्यता-पत्र' लिनुपर्ने भो । र, त्यो देखाएपछि मात्र विवाह हुन सक्ने भो । गजब भो ।

संसद विवेकी थियो, अनलाइनबाटै आवेदन गर्न पाइने भन्यो । त्यसपछि तोकिएको ठाउँ र समयमा पुगेर अन्तर्वार्ता दियो, विवाह गर्न सक्ने 'योग्यता-पत्र' लियो । बस्, सारा झन्झट खतम । अझ थप रमाइलो कुरा के थियो भने, विवाहका लागि न स्थान, समय, विधि र परिवेशको कुनै शर्त अनिवार्य मानियो; न त पञ्चाङ्ग, अयन, महिना, मुहूर्त वा साइत नै आवश्यक मानियो । अब कुनै वाधा, कुनै बन्धन रहेन । बलियो संसदले सबै बार भत्काइदियो । त्यसैले युवा संसदले प्रचुर समर्थन पनि दियो । धर्मनिरपेक्ष पन्थको अभ्यास पनि त थियो यो । वाह !

जगवीर अन्तर्वार्ता दिएर गाउँको सिंहदरबारबाट निस्कियो । बाहिर पार्किङमा साथीहरू पर्खिरहेका थिए, सोधिहाले- 'जग्गू, अब तेरो बिहा हुने भो हैन ? योग्यता-पत्र पाइयो ?'

उसका आँखा रसाउन खोजेका थिए । बिस्तारै टाउको हल्लाएर नकारात्मक भाव संचार गऱ्यो र आँखा झुकायो । ऊ हताश देखिन्थ्यो । उसले यति मात्र भन्यो- 'फेल भएँ ।'

'के सोधे ? नदिनुको कारण के रहेछ ? बुझिनस् ?'

'निवेदनमा जे भरेको थियो, त्यही हो नपाउने आधार ।'

'मतलब ?'

'यही कि- 'घरमा कति जना स्वास्नीमान्छे छन् ?' भन्ने प्रश्नको उत्तरमा मैले 'छ जना' लेखेको थिएँ, र त्यही सत्य हो । तर त्यो सत्य मेरा लागि घातक भैदियो ।'

'के कारणले तँलाई बिहा गर्ने अधिकारबाट वञ्चित गरियो ? त्यो चाहिं भन् न । उसले के सोध्यो र तैंले के जवाफ दिइस् ?'

अन्तर्वार्तामा आफूले भोग्नुपरेको उपेक्षा, आक्षेप र अपमान लुकाउन खोज्दाखोज्दै पनि उसले आफूलाई थाम्न सकेन । अन्तर्वार्ता लिने अधिकारीले भनेका शब्दावली उसले यथावत् सुनायो- 'घरमा छ-छ जना स्वास्नीमान्छे हुँदाहुँदै अरू थप्ने ? कति थुपार्ने ? के पारा हो यो ? अलिकति लाज लाग्दैन ? व्यापार चलाउने, स्वास्नीमान्छे जम्मा गरेर ? खुरूक्क निस्कन्छौ कि पुलिस बोलाऊँ ? भनेर धम्क्याउन थाल्यो । त्यहाँ अरू पनि मान्छे थिए । म रातो-पिरो भएर त्यहाँबाट निस्किएँ ।'

'अनि तैंले चाहिं आमा, सानीआमा, काकी, भाउजू अनि दिदी र बैनी छन् घरमा भनेर ६ जनासँगको नाता भन्न सकिनस् त ? थुक्क नामर्द ! म भएको भए सीधै भिड्थें ।'

जगवीरले सफाइ दिंदै यति मात्र भन्यो- 'निवेदनको फारममा नाता कहाँ सोध्या छ र ! त्यहाँ त स्वास्नीमान्छेको संख्या सोध्या छ । संख्या, मात्र संख्या । निवेदन अनुसार म गलत छैन । यदि गलत छ भने नियम, कानून या विधान गलत छ । भनौं, हाम्रा लागि त्यो निवेदन फारम नै गलत छ । अरू के भन्ने ?'

'बिहा गर्न योग्य छ कि छैन भन्ने कुरा अब राज्यले प्रमाणित गर्ने ? वाह रे शक्तिशाली संसद ! मानव अधिकार र स्वतन्त्रताको पनि कटौती ?' एकजनाले आक्रोश ओकल्यो ।

'राज्यको नीति ठीक छैन । युवकको तेजोवध गर्न चाहन्छ । लाञ्छित र निरूत्साहित गर्न चाहन्छ । जसले त्यो निवेदनको डिजाइन गऱ्यो, त्यो व्यक्ति नै हाम्रो सांस्कृतिक मान्यता भत्काउन चाहन्छ । यदि राज्यले नचाहेको भए त्यो अफिसरले त्यस्ता असंगत कुरा कोट्याएर बखेडा गर्न सक्छ ? विधानमा टेकेर नै त्यसले यस्ता कुरा भनेको हैन र ?'

'साँच्चै विधान नै गलत त होइन ?'

'यसको एउटै उत्तर छ- योग्यता अनुसारको विधान ल्याएको हो । सत्य भन्यो भने प्रतिगामी भनिदिन्छन् । तर संसद नै हामीलाई पशुयुगमा पुऱ्याउने योजनामा लागेको हो कि !'

'तिम्रो भनाइमा आंशिक सत्यता छ । मेरो भनाइ चाहिं के छ भने सामाजिक संरचना ध्वस्त पार्ने र नैतिक-सांस्कृतिक मर्यादा भत्काउने संकल्पमा स्वयम् राज्यशक्ति लागेको छ । सुस्थिर सांस्कृतिक धरातल भत्काइदिएपछि समाज र देश पतन हुनु स्वाभाविक छ । यो काममा समग्र राज्यशक्ति नै जुटेको छ । निर्माण र रक्षामा होइन, ध्वंस र विग्रहमा विश्वास गर्दछ । विधि र निषेधका कुरा संसद र सरकारमा बस्नेहरू जान्दैनन् भन्न मिल्छ र !'

'यी छोटे सरदार हुन् । यिनको टाउको अर्कैले कुल्चेको छ ।' एउटाले तटस्थ बोल्यो ।

'योग्यता-पत्रका कारण अब नागरिक पिल्सिने भए । नपुंसक भएर बस्ने या आत्महत्या गर्ने भए । अर्को बाटो छैन । बलियो संसद बनाएको फल होइन र यो ? खाइस् !' अर्को बोल्यो ।

'छोड यार, वर्तमान विधानभित्रको वैवाहिक संहिता होइन र यो- आततायी चेतको उपज ? आज राज्यशक्ति वा विधान र कानूनका अगाडि मानव-जन्तु केही होइन । सभ्य मुलुकमा परिणत भएपछि हामी पनि मानवको हितमा समर्पित हुनेछौं । पहिले यो विधान वा अध्याय त पल्टिन देऊ । फेरि हेर; हाम्रो बिहा पक्का हुन्छ ।'

'हो, नभए वेश्यालयको माग गरौंला ।'

'यो राज्यशक्तिले पनि कति ठाउँ दुःख दिएको छ, हकि !'

❑❑

विवाह विधेयक

सत्ता उकालो चढ्छे

'ठूलाघरेकी बुहारीले केटो खोज्न थाली रे' भन्ने कुराले गाउँ हल्लियो । शहर हल्लियो । पूरा जिल्ला नै थर्थरायो ।

प्रश्न उठ्यो- घरमा लोग्ने हुँदाहुँदै अर्को बेहुलो खोज्नुको अर्थ के ?

'पहिले मन पऱ्यो र बिहा भो, पति स्वीकार गरी । अहिले मन परेन । बानी बेहोरा ठीक लागेन होला । अरू के हुने ?'

'हैन, त्यो बुहारी भएर आएकी केटी राजनीति खेल्छे कि क्या हो ? मलाई त त्यस्तै लाग्छ । कि मेरो मतिभ्रम भएको हो ?'

'तिम्रो भनाइले म पनि झस्कें । यो त कम्निस्टहरूले आफ्नो सरकार र त्रिगुणी शक्ति हुँदाहुँदै विपक्षी दलको नेतालाई दुलाहा बनिदे भनेजस्तै भैगो नि !'

'अर्को पतिको परम्परा हाम्रो समाजमा पनि छ । घरभित्रै हिसाब-किताब मिलाए हुने थिएन र ! कि त्यो बुहारी केटी गृह-व्यवस्थापनबाट सन्तुष्ट छैन ? कि छिमेकीले कान फुके ? घरकै सदस्यबाट कसैलाई छानेर वरण गरे नमिल्ने के थियो र ? अरू नभए देवरै थियो । देवरको अर्थ दोस्रो लोग्ने पनि त हो नि !'

'जन्ती त म पनि गएकै हुँ, तर दुलही केटीको नाम मैले बिर्सेंछु, के रे... ?'

'सत्ता ।'

'वाह ! नाम पनि त कमालकै रहेछ नि- सत्ता !'

'अब अलिकति प्रतिगामी कुरा गरौं है, अर्काको अन्न खायो भने मति बिग्रन्छ । सन्तान गतिला जन्मदैनन् । त्यसैले चोखो, पवित्र, आफ्नो श्रम र पुरुषार्थको अन्न खाए मात्रै वंश सुध्रन्छ भन्ने लोकविश्वास हो । पुराना किताबमा पनि यस्तै कुरा पाइन्छ । अर्काको अन्न वा कुअन्न खानेबाट वाञ्छित सन्तान जन्मन नसक्ने ठानेर होला, बुहारी सत्ताले भाइपुस्ताका कुनै सदस्यलाई स्वस्थ गर्भाधान गराउन सक्ने क्षमता भएको मानिन शायद ।'

'हो त, कुन कुन देशको खाए-खाए यिनले ! मागेर, छलेर, जाल बुनेर, ठगेर पनि खाए । यी चोखा छैनन् । अनि मति भ्रष्ट नभए के होस् ! सत्ता पाइनदार थिई क्यार ! यिनलाई पत्याइन । घर सम्हाल्न सक्ने युवाको खोजीमा लाग्नु स्वाभाविक हो भन्छु म चाहिं ।'

'हो नि, यी ऐंजेरूलाई पालेर बस्नुभन्दा यीबाट जोगिएर वा यिनलाई पन्साएर बस्नु असल होइन र ? जहिले बखेडा झिकेको छ, जहिले अधिकार र अंश खोज्या छ । खपिसक्नु गरेको छ र !'

'क्या मेरो मुखकै कुरा गर्नुभो ! हुँदाहुँदा धुपौरेका धुपौरे, झोलेका झोले र छिमेकीको पनि मुख बाङ्गो होला कि भनेर चाकडी पुऱ्याउनुपर्ने भएपछि सत्ताले मान्ने कुरा भो र ? रिसले आगो भइछ ।'

'मलाई पनि भन्थी- देवरको ठाउँमा बसे न देवर मान्ने ? घरको सदस्य भएर बस्न सक्या हैन, खालि छिमेकीको कुकुर, गधा र घोडा बन्यो, अनि आफ्नै कोठेबारी फाँड्यो र आफ्नै घर भाँड्यो । अनि त्यो सत्ताले दरो केटो नखोजेर के गरोस् त बरा ! मलाई सत्ताकै पक्ष सही लाग्छ । यी डाकाका हातमा सत्ता आउली भन्ने मलाई बिल्कुल लाग्दैन ।'

'मेरो जोखानामा त ऊ पोइला जान्छे । किनभने तल्लाघरे जेठाले पेटीकोट र पेन्टी तानिसकेको छ । अब छोड्दैन । सत्ताको क्यै चल्नेवाला छैन ।'

'तर मेरो बुझाइ फरक छ । होच्याउने, अपमान गर्ने, बलात्कार गर्ने वा नंग्याउनेसँग नारीहरू जाँदैनन्, बस्तैनन्, बरु बदला लिएर नामेट पारिदिन्छन् । त्यस्तो अवस्थामा ज्यानको बाजी थापेर पनि जाइलाग्छन् । त्यसैले सत्ता त्यता लाग्दिन । म उसलाई कमजोर ठान्दिनँ । ऊ आफ्नो व्यवस्था आफैं गर्न सक्छे । म उसको उच्च मनोबल र क्षमताको प्रशस्ति गाउँछु ।'

'हो, बरु माथ्लाघरेले सम्मानजनक ढंगले प्रस्ताव राख्यो भने सत्ता उतै जाली । किनभने, माथ्लाघरेले आजसम्म धोका दिएको छैन, हेपेको पनि छैन र लुटेको पनि छैन । बरु भर-अभरमा भरथेग गरेको छ । विश्वास जितेको छ ।'

'हो नि, जसको नियत खराब छ, संस्कृति बदनाम र संकल्प निकृष्ट छ, व्यवहार तुच्छ र घटिया छ, सत्ता किन त्यता लाग्ली र ? तर परिस्थिति गम्भीर छ । देवरले तल्लाघरेलाई बोलाएर सत्तामाथि बलात्कार गराउन पनि बेर छैन । संकेत त दिइसक्यो नि ! अब उसले बूट बजारेर ढोका फोर्न मात्र बाँकी छ । भाषा र भाका त बुझ्नैपर्छ नि !'

'घरभित्र त्यो कर्म त्यति सजिलो छैन । प्रलय-विप्लव पसिसक्यो । अब यी दुर्मतिका सारा योजना चकनाचूर हुन्छन् । सत्ता या शक्तिमा रहन्छे या दुर्दशा भोग्छे, मध्यम मार्ग शायद छैन ।'

'जेहोस्, घरमा सन्तुलन बिग्रेपछि सत्ताले अर्को द्वार खोज्नु स्वाभाविक हो ।'

'के त, अब सत्ता पनि बलियो पतिको खोजी गर्दै उकालो नचढ्ली ?'

'सम्भव छ । त्यसो भए ऊ सुरक्षित रहनेछ । लुटिनेछैन ।'

❑❑

सत्ता उकालो चढ्छे

सपनाको खेल

ह्वाङ... ह्वाङ... कुकुर भुक्यो ।

हेमसरा सजग भई ।

भोट प्रदेशबाट आएको ठूलो नश्लको कुकुर भुक्ता वरपरका लेकाली भीर-पाखा, अक्कर र सघन वनप्रदेश (पातल) थर्किए । पटक पटक प्रतिध्वनि फर्किंयो । लाग्थ्यो एकै समयमा क्रमशः कयौं कुकुर प्रतिस्पर्धामा जुटेका हुन् ।

हेमसरा ठुटा दाउराको भारी बिसाएर आगो बाल्ने काममा जुटी । ठुटा जोरी । खुकुरीले दाउराका चोइटा झिकी । चकमक पार्न एकाग्र भई ।

फेरि कुकुर भुक्यो । यस पटक उसलाई कुकुरको भुकाइ नौलो लाग्यो । उसले निधार खुम्चाई र आगो सल्काउन आँटेको काम रोकेर ऊ गोठको तघारोमा पुगी ।

झन्नै दुई सय कदम पर उसले एउटा मानव शरीर उभिएकी देखी । कुकुरको भयले परै उभिएको होला भन्ने ठानी । तघाराको छेउमा बाँधेको कुकुर अलिक पर सार्ने सोच राखी । खोली र डोहोऱ्याई । किन्तु कुकुर उसका हातबाट खुस्कियो र आक्रामक शैलीले आगन्तुकतर्फ हानियो । त्यो देखेर ऊ डराई । गली । बिलाई ।

तर त्यस्तो अमंगल भएन । कुकुर गएर आगन्तुकसँग लुटुपुटियो । मित्रवत् गऱ्यो र उसलाई तघारोसम्म ल्यायो । हेमसरा तघारोमा उभिएर एकाग्रभावले यो दृश्य हेर्दै थिई । उसले गुनी- 'यत्रो हिउँ । यी मान्छे कसरी हिंडें ? एक्लै देख्छु । बाटो बिराएर यहाँ आइपुगेका हुन् कि ? यहाँबाट त कुनै बाटो अगाडि जाँदैन । कतै जान फर्कनै पर्छ । कसका पाहुना होलान् त यी ?'

हेमसराले तघारो खोली । गोठभित्र लगेर आगन्तुकलाई आटतर्फ/मूल ओछ्यानमा बसाई । कुकुरलाई मनमनै धन्यवाद भनी र त्यसलाई पनि उसको ठाउँमा पुऱ्याई । सूर्यास्त भएको आभास भो । बादलले आकाश ढाकेकै थियो ।

हेमसराले आगो सल्काई । अग्निज्वालामा उसको मुखमण्डल चम्कियो । झन् त्यसमा प्रसन्नताको रोगन चढेको प्रतीत हुन्थ्यो । उसले भनी- 'ल्याउनुस् म खास्टोको हिउँ झारिदिन्छु ।' ऊ झन् प्रफुल्ल भई ।

उसले आगन्तुकको शरीरबाट खास्टो तानी र हिउँ फड्कारी । त्यो मानव शरीर नाङ्गै थियो । उसले एकै पटक दृष्टि घुमाई । ऊ आफैं लोभिए झैं गरी । थोरै लज्जाबोध गरेर फेरि भनी- 'घुमी घुमी आगोमा शरीर सेक्नुहोला नि !'

आगन्तुक अझै बोलेन । तर उसका आँखा, अनुहार र शरीरले धेरै कुरा बोलिरहेको हुन्थ्यो ।

आगो ताप्ता उसले आगन्तुकको शरीरमा चोटपटक लागेको देखी । चोट घाउको छेउसम्म स्पर्श गरेर उसले 'औषधि लगाइदिउँ है, बाटोमा लडेर घाउ भएछ नि !' मनमनै भनी । हो पनि, सानातिना चोटपटकका लागि लोकतात्विक चिकित्सा प्रणालीको कतै अभाव थिएन ग्रामीण जीवनमा । र यहाँ त्यो अपरिहार्य जस्तो थियो- यो क्षणमा ! र यो स्वाभाविक पनि थियो यो अवस्थामा । गनिमत छ, पत्रकार थिएन त्यहाँ, त्यसैले यो घटनाले विश्वबजार जित्न पाएन ।

छोरीहरू लेकाली गोठमा एक्लै पनि बस्थे । खुकुरी भिरेर रनवन भीरपाखा घुम्थे । पशुधनको जगेर्ना गर्थे । ऋतुबोध लिन्थे । न कुनै भय न प्रतिकूल स्थिति । वेलैमा गाउँको (औलोको) घरबाट सागल-तुमल आइपुग्थ्यो र गोरस चाहिं गाउँतिर जान्थ्यो । स्थापित कार्यतालिकामा व्यतिक्रम थिएन । त्यसैले छोरीहरू आत्मविश्वासले एक्लै-एक्लै गोठमा बस्थे । किन्तु एकान्त, ऋतु ऊर्जा र वयःसधिका कारण उनीहरू वेला-वेला अन्यमनस्क जस्तै हुनपुग्थे ।

यस्तै पृष्ठभूमिमा हेमसराको मन र शरीरमा काम-तत्वले स्पर्श गर्न थालेपछि उसका आँखा पठनीय हुन्थे, मन होइन । शायद् मन पढ्न सकिन्न, मुश्किल हुन्छ । मिथक कथा, गाउँघरका प्रणयकथा र आफ्नै दौतरीबीच भएका यौवन-लीलाका रागात्मक कथा र दृश्यले उसलाई उद्वेलित पार्थे । वेला-वेला ऊ शकुन्तला बन्ने कामना राख्थी र वेला-वेला काशी नरेश दिवोदासको वनभोजकी माधवी । त्यसैले होला उसले अशोकवृक्षको स्पर्श र पूजनको कामना गरी । सार यति मात्र हो ऊ नौलो रूचिमा देखिंदै गई ।

हेमसरले ख्याल गर्न भ्याइन- ऊ आफ्नै मनको संसारमा हराएकी थिई । ऊ जब फर्किई, त्यो आगन्तुक अतिथि ओइलाए झैं आगोको तातोमा लुटुक्क परेर

पल्टिएको देखी । उसले औषधि लगाइदिंदा सम्मोहक स्पर्श र आनन्दले अलस भएर अतिथि निद्राको स्थितिमा पुगेको होला भन्ने अभिज्ञान लिन सकिन कि ! उसको निद्रा नबिग्रोस् भनेर ऊ पनि त्यहीं लुटुक्क भई । निद्राको स्थितिमा पनि अतिथिको पिठ्यूँमा औषधिको लेपन गर्दै रहने अभिनयमा उसले विश्राम लिन सकिन । सुकोमल स्पर्श र विलुएठनको क्रिया चल्दै रह्यो ।

कुकुर भुक्यो ।

'यति वेलासम्म सुतेकै छ यो केटी ? तीन जुवा घाम आइसके ।' बोल्दै खेचरी तघारोभित्र पसी र भारी बिसाई ।

सट्टा दिदी थिई खेचरी । हेमसराकी दिदी अघिल्लै दिन राजनीतिक व्यापारीको खेतालासँग हिंडिछ- दुबई जाने रहरले । त्यसैले सामल-तुमल पुऱ्याउन उसैकी साथी खेचरी सट्टा दिदी भएर गोठ पुगेकी थिई ।

'अए हेमसरा, अए हेमसरा, यत्रो बेरसम्म सुतिराख्या ? के भो ? म गाउँबाट यत्रो उकालो चढेर आइपुग्दा पनि निद्रा नपुग्नु त खै ! कस्तो सुख, कति आनन्द !'

हेमसरा निद्रा र आनन्दको संसारबाट फर्किई । छामी, उठी, हेरी । केही हराएको र खोजी गरेको जस्तो देखिई ।

'अए, के खोजेकी ? म यहाँ छु, देखिनौ ?' खेचरी बोली ।

'हिंउँले बाटो छेकेन ?' हेमसराले पहिलो प्रश्न गरी ।

'के भन्छे यो ? जेठमा केको हिउँ पर्छ ? यो उँभौलीको वेला होइन ? कहाँ छस् त ? कि सपनामा छस् ?'

हेमसरा ओछ्यानबाट उठी, ऊ रक्ताम्य थिई ।

'ए जुकासँगै सुतिस् कि के हो ? हेर त रगतका फाल्सा ! त्यस्तो ठाउँमा जुका पसेको थाह नपाउने वैश कस्तो !

'मोरी के भन्छे ?'

'हेर न आफ्नो गति पहिले ।'

हेमसरा अन्तर्मुखी भई । उसले स्वागत गरेको युवा अतिथि सपनाको रहेछ । अथाह सुखको सम्पूर्ण अनुभूति पनि सपना नै रहेछ । सपना यस्तो हुन्छ भने यथार्थ कस्तो मधुर र आनन्दको हुँदा हो । सपनाको आनन्द छुटेकोमा उसले किंचित् असन्तोष लिई ।

फेरि गुनी- हिजोको साँझ, हिउँको वर्षा, अतिथिको आगमन, कुकुरको भुकाइ, उसको खास्टो, शरीरमा चोट र उपचारको अभिनय पनि सपना ? अवस्तुबाट पनि यस्तो आनन्द ?

'एइ, तँ सपनामा पुगिस् कि के हो ? के देखिस् सपनामा ? भेटिस् कसैलाई ? को आएको थियो ? सुना न ! मलाई पनि सपना सुन्ने रहर छ ।'

यौवन-क्रीडामा चित्र र शैली, अनि आनन्द र तृप्तिको वर्णन हेमसराले यसरी गरी मानो अनुभवी युवतीले आतृप्त संभोग गरेकी हो- निर्भय रहेर ! कि चौररतको अनिर्वचनीय सुखको अनुभव सुनाएकी हो- बालापनको कसैले । वास्तवमा त्यस ढंगको अभ्यास र मीठो अनुभव यथार्थमा लिन सकिन्छ सकिन्न ? सपनामा त लिन सकिने रहेछ कि !

हेमसराबाट रतिविलासको वर्णन सुनेर खेचरी मूर्च्छित भई । उसलाई पानी छर्केर होशमा ल्याई हेमसराले ।

खेचरी पनि उस्तै वयकी थिई । गोठबाट फर्कंदा उसले हेमसराले सुनाएको स्वप्नक्रीडाका दृश्य कल्पेर वेला-वेला आफैंलाई हराएकी थिई र स्वप्नसंभोगलाई आफ्नै ठानेर आनन्द विभोर भएकी थिई ।

हेमसरा चाहिं यता गोठमा आत्मकेन्द्रित देखिई । उसले आफ्नो शरीरका प्रत्येक भागलाई ममताले हेरी, सुम्सुम्याई । प्रत्येक भागको महत्व र आनन्द पृथक् रहेको ठानी । उसले प्रत्येक अंग सार्थक पूर्ण र विकसित-सुवासित ठानी । र आफैंलाई सोधी- कहीं त्यो स्वप्नपुरुषको संपर्कले मेरो शरीर रमाएको त होइन ? शायद पहिलो पटकको स्वप्नकेलि भएर हो कि ? तर आनन्दमय छ । त्यो छुट्यो दुःख लाग्छ ।

ऊ थोरै मुस्कुराई र फेरि आफैंसँग लजाई । थोरै झस्किई र आङ् तानेर हाईऽऽऽ लिई ।

❑❑

सपनाको खेल

सम्मानजनक अवतरण

रक्षा सचिवको कार्यालयमा अरू तीन सचिव साहिबाहरू पसे । अनौपचारिक संवाद शुरू हुँदै गर्दा अकबर र वीरबल पनि टुप्लुक्क पुगे । यिनीहरू सबैलाई देख्थे, तर कोही पनि यिनलाई देख्तैनथ्यो । र, यो रहस्य अकबर, वीरबल र जीन बाहेक कोही जान्दैनथ्यो ।

हनुमानले राम र लक्ष्मणलाई काँधमा राखेर उडेजस्तै जीन पनि अकबर र वीरबललाई काँधमा राखेर उडान भर्थ्यो र गन्तव्यमा पुऱ्याउँथ्यो । आज सचिवहरूको बैठकमा पुऱ्यायो ।

सिंहदरबार भित्रकै कुरा थियो, त्यसैले धक नमानी रक्षा सचिवले प्रश्न राखिन्- 'कसैले बलात्कार गर्ने भो भने कसरी जोगिने ?'

'यो उमेरमा आएर यस्तो प्रश्न जन्म्यो कसरी, तिम्रो मनमा ?'

'पख-पख, प्रतिप्रश्न नगर । यदि प्रश्न राजनीतिक होइन भने यसको उत्तर म दिन्छु । उत्तर तयार छ मसँग ।' अर्की सचिव हतारिएर बोलिन् ।

अकबरको टोलीले आँखीभौं उचाल्यो ।

'अहिले हाम्रै कुरा गरौं न, राजनीति त छँदैछ नि !'

'यदि शरीर भत्किने, नाशिने, बिग्रिने वा क्षतविक्षत हुने स्थिति छ भने, अथवा त्यस्तो सम्भावना पक्का लाग्छ भने त्यो अवस्थामा सुरक्षित अवतरणको मौका दिनुपर्छ र आफूले पनि पूर्ण सतर्कता अँगाल्दै सहभागी हुनुपर्छ । किनभने यसो गर्दा नै आफू क्षत-विक्षत हुनबाट र अतिमर्दनबाट धेरै हदसम्म जोगिन सकिन्छ । आफ्नो तर्फबाट गर्न सकिने यत्न यति नै हो ।'

'यसको अर्थ बलात्कारीसँग आफूले पनि आनन्द मानेर तत्क्षण प्रतिक्रिया नजनाउनु ? किन ?'

'किन भने, यसो गर्दा कमसेकम अपराधपूर्ण घर्षण, प्रहार र प्रताडनबाट शरीरमा प्रत्यक्ष देखिने भयानक क्षति वा विद्रूपको स्थितिलाई न्यून गर्न सकिएला । नत्र बलात्कारीको शिकार नष्ट-भ्रष्ट नहुने हुन्छ र ? उस्तैले त मारिदिन्छन् पनि ।'

'मेरो मनमा पनि प्रश्न उठेको छ' अर्कीले भनिन्- 'बलात्कारीले स्वाद लिएका खण्डमा शरीर गर्भवती हुन्छ, हैन र ?'

'यो बिन्दुमा त सोच्नैपर्छ । माटो तयार छ भने प्रक्षेपित बीज उम्रन्छ, नत्र खेर जान्छ । अनि तत्क्षण कति जीवको अज्ञात हत्या होला !'

'के तिमीले सरेन्डर गर्नु भनेको हो ?'

'हैन, उसलाई जित्ने गरी आफैंले खेल्ने हो, आफूले नै उसैलाई बलात्कार गर्ने हो, उसको बलात्कारमा आफू पर्ने नै होइन । ऊ हामीबाट हारेर नतमस्तक भएर फर्कनुपर्छ । सार यत्ति हो ।'

'बस् बस्, यो कुरा यहीं रोकौं । यो टुंगिने विषय होइन ।'

यस पटक अकबरको टोलीले आश्वस्त भएर मुटु थाम्यो ।

अघिको आधा वाक्य टिपेर अर्की सचिवले भनिन्- 'यदि प्रश्न राजनीतिक हो भने ?'

'मिडियामा सिक्किमको कुरा आइराख्या छ, त्यो के भनेको हो ? सिक्किम हुन खोज्ने कि सिक्किम जस्तो हुन खोज्ने ?'

'अर्थात् ? खुलेर भन न ।'

'कि विलय कि विकास । तेस्रो बाटो छैन भन्छन्-

सिक्किम् बनाउने हो कि सिक्किम् जस्तो बनाउने ?

जस्तो बनाउने देश उस्तै नेता समाउने ।

अर्की बोलिन्- 'तेस्रो बाटो पनि छ- नौलो विधान, नौलो व्यवस्था र युगान्तकारी नेतृत्व । र, त्यसका लागि संहार आवश्यक छ निग्रह होइन ।'

'कुरा सरदारको जस्तो भो- चिप्लो । स्पष्ट भन न, के हो ?'

'कुरा आउँछ बलात्कारकै । अर्काको सेना मार्च गराएर नागरिकको मर्दन गराउने कि ? बलात्कारको शैलीमा अपहृत हुने कि ? अथवा क्षत-विक्षत र नष्ट-भ्रष्ट भएर कब्जामा पर्ने ?'

'अब बुझें । हठ, बलात्कार, ध्वंस होइन अपितु सुरक्षित अवतरण हुनुपर्छ । आमन्त्रण-निमन्त्रण एवं स्वीकृति र सहमति हुनुपर्छ । मानमर्दन होइन, हुनुहुँदैन । सम्मानजनक अवतरण देखिएर मात्र हुँदैन, सम्मानजनक प्रवेश नै हुनुपर्छ ।'

'हो, यस्ता अपराधी, दुरात्मा, लुटेराहरूको छाता ओढ्नुभन्दा त बरु विवेकपूर्ण अवतरणको आमन्त्रण किन नदिने ?'

'तर सरकार चाहँदैन, ऊ कमाउ भूमि गुमाउन चाहँदैन । संसद पनि चाहँदैन नै जस्तो छ ।'

'नागरिक थाकिसके । डाकाका लागि धरती जोगाउनु आवश्यक छैन । थामिदैन पनि ।'

सचिव संवाद टुंगियो । अकबर-वीरबलको शुरू भयो :

'वीरबल, देशका सचिव यति विद्रोही र यति निराश ?'

'हो महाराज ! राजनीतिक क्षेत्रबाट नागरिक ज्यादै नराम्रोसँग उत्पीडित र उपेक्षित भएका छन् । नागरिकप्रति जालझेल, धोका र अपराध बाहेक केही हुन सकेन । त्यसैले नेतासँग बदला लिन पनि नागरिक जन यो मुलुकलाई अर्को झण्डा ओढाउन खोज्दैछन् । नागरिकलाई यस्तो निर्णय लिने अवस्थामा पुऱ्याउने पनि उनै सरदार हुन् ।'

अकबर सुन्दै गए ।

वीरबल भन्दै रह्यो- 'हो महाराज, पतित सरदारको चंगुलबाट देशलाई मुक्त गर्न भए पनि नागरिक यस्तो निर्णय गर्न तयार छन् । यो कर्ममा राजनीतिबाजलाई जनताले नै उछिन्छन् कि जस्तो छ । राजनीतिक जीवले मुलुकको स्थिति नसुध्रने गरी भित्तैमा पुऱ्याएका छन् ।'

'यो त आफ्ना नागरिकलाई समृद्ध र सुखी बनाउने घुमाउरो पथ होइन र वीरबल ? अनि अर्को कुरा, बलात्कारबाट जोगिने उपाय छैन त ?'

'छ महाराज, यी सरदारले राजनीतिबाट संन्यास लिनुपर्छ । प्रगति हातमा छ किन्तु विधान अर्को चाहिन्छ ।'

'साधु-साधु ।'

भोलिपल्ट 'मुलुक' पत्रिकाले सम्पादकीयको अन्तिम अनुच्छेदमा लेख्यो- 'कर्मचारीतन्त्र पनि भित्रभित्रै मुलुक सिक्किम जस्तो होस् भन्ने कामना गर्दैछ र निर्णयका फाइल त्यसै ढंगले अग्रसर गराएर नेता र विदेशी प्रभुको निर्देशन अनुसार नै काम गर्दैछ । वेलैमा युवाशक्ति ब्यूँझेन भने मुलुक थामिन्न ।'

❑❑

सम्मानजनक अवतरण

हामी यहाँ छौं

आज मिस सन्तोष सुधाकरको पालो थियो । कक्षाकोठामा उनले कथा शुरू गरिन्- 'हाम्रा नेता भए पनि यी अरूका खेताला थिए । अरूकै रुचि र इशारामा यिनको साइज ठूलो-सानो हुने गर्थ्यो । श्रुति थिएन त्यसैले कसैको सुन्दैनथे, दृष्टि थिएन त्यसैले बिग्रेको देख्दैनथे । अर्काकै आली र मैदानमा बुर्कुसी मार्थे । जनजीवन आजित थियो । भोले बाबाले पुकारा सुनेछन् । सुनको जलधारी पाएपछि खुशी भएछन्, त्यसैले जनकल्याणका लागि तेस्रो आँखो खोलेछन् ।'

कथा सुनाउँदा सुनाउँदै मिस एकछिन रोकिइन् ।

'मिस, फेरि के भो ? सुनाउनुहोस् न, प्लीज !' विद्यार्थीहरूले एक स्वरमा अनुरोध बोले ।

'त्यो शिवरात्रिको दिन थियो । तर खुशियाली दिउँसैदेखि मनाइन्थ्यो । ओंकार परिवारमा उत्साहको लहर चलेको थियो । धर्म छोडेर गएकाहरू पनि पर्दाभित्र शिवबुटी, शिवप्रसादको सेवन गर्थे । आनन्दको पनि आफ्नै शैली थियो ।'

'कोर्टको निर्णयपछि पराजयबोध गर्नेहरूले पनि शिवरात्रिको उत्सवमा आफूलाई सरिक गराएर आत्मविस्मृतिको पद्धतिबाट पीडा मोचन गर्न खोजे । रमरम झन्झन् चल्दैरह्यो । कसैले आइफोनबाट 'शिव ताण्डव स्तोत्र' लाई पञ्चम स्वरमा खोलिदियो । डमरूको पट-पट झट-झट नादका साथ हाम्रा कथित नेताहरूको नृत्य शुरू भयो । महादेवको ताण्डवी नृत्यमुद्रामा ती जुट्तै गए ।'

'अनि मिस, त्यसपछि के भो ?' फेरि विद्यार्थीहरूले एकै स्वरमा सोधे ।

'रात बितेर बिहान भयो । कोही पनि घरमा पुगेनछन् । परिवारले दूतावासमा फोन गरे, सीमापारि पनि खै गरे । थाहा पत्तो लाग्न सकेन । राँगा-बोकाको भाउमा बिकेर-बेचिएर पो कतै पुगे कि भनेर आशङ्का पनि गरे । फेरि युद्ध शुरू गर्ने सोचले गुप्तवास पो गरे कि ? कि नागाबाबासँगै लागेर कतै हिंडे कि ? नाङ्गा त भैसकेकै थिए, फरक के पर्ने थियो र ! राज्यको गोप्यता कतै पुऱ्याउनुपर्ने पनि होला, त्यसैले अलप भएका हुन् कि मौका छोपेर ! - धेरैले

धेरै अनुमान लगाए । मदिरालय, वेश्यालय, रिसोर्ट, वनभोज क्षेत्र, तारे होटल, उपपत्नी कक्ष र गर्लफ्रेन्ड हाउसमा खोजे, तस्कर र ठेकेदारसँग पनि सोधे, केही थाह हुन सकेन । र अन्त्यमा, तिनकै कार्यकर्ताले लुकाएको, भगाएको, कार्वाही गरेको या जोगाएको हुनुपर्छ भनेर प्रसंग टुंग्याउन खोजे । यो कुरा छोपिने खालको थिएन, मिडियाले संसार फैलायो । सरकारीतन्त्र भने मौन रह्यो ।'

'सामान्य नागरिक, जो भोटका लागि मात्र सोधिन्थे र अरू वेला कर, अन्याय, भोकमरी तथा रोगले आक्रान्त हुन्थे र उपेक्षा सहन्थे, तिनले भने आनन्दको अनुभूति लिए । ठाने- शैतानहरू हराएकै राम्रो ।'

'कर्मपरायण बिजुक्छे वर्तमान र भविष्यबारे राम्रो बोध राख्तथे । एक सज्जन उनी समक्ष पुगेर नेताहरूलाई खोज्नुपर्ने आशय प्रकट गरेपछि उनले भने- 'हराउन खोज्नेलाई हराउन देऊ, यो देशको कल्याण हुन्छ । कमसेकम यो देश दास हुनबाट त रोकिन्छ । तिनीहरू रहे यो देश रहँदैन । जे भो ठीक भो । पापको घडा भरियो भन्ने ठान ।' अर्को अनुच्छेद पारेर उनले थपे- 'खोज्नैपर्छ भने त्यो चरा खेलाउनेलाई भेट, त्यसले धेरै कुरा बुझेको हुन्छ ।'

'कुन चरावाला, मिस ?' विद्यार्थीहरूले मिलित स्वरमा जिज्ञासा राखे ।

मिस सन्तोषी सुधाकरले आफ्ना विद्यार्थीलाई त्यसपछिको दृश्य उपस्थित गर्दै कथा अघि बढाइन् : ती सज्जन सोधखोज गर्दै चरा खेलाउने बाबा कहाँ पुगे । उसले भन्यो-

'आचार्य मन्दमति, प्रणाम । तपाईं पनि चरापालकको घरमा ? आसन ग्रहण गर्नुहोस् ।'

'बाबा, म पीडामा छु । छटपटीमा छु । हतारमा पनि छु । कामको कुरा गरौं । पहिलो त अबदेखि मलाई आचार्य र गुरु जस्ता सम्मानजनक शब्दले सम्बोधन नगर्नुहोस् । आचार्य र गुरुको ज्ञान गरिमा मसँग छैन । मलाई आचार्य या गुरु भन्नु त गणिकालाई सावित्री भनेजस्तै हो ।'

'अनि के भन्ने त ?'

'प्रोफेसर भन्नुहोस्, त्यति भए पुग्छ ।'

'ठीक छ । त्यसै भनौंला । तर सत्य भन्नुहोस्- तपाईं कुनै झण्डा ओढेर या क्रेनले तानेर बनाएको प्रोफेसर त हैन होला नि ! फेरि प्रा. पनि डा. पनि दुवै भन्नु नपर्ला नि ! कि मानहानि भएको ठहर्छ ?'

'तपाईंलाई के सही लाग्छ बाबा ?'

'म त प्रा. पर्याप्त होला भन्छु । डा. त जो पनि हुन सक्छ । त्यो एउटा डिग्री न हो । कि कसो प्रोफेसर मन्दमति ? अनि यति हतार किन ? इक्षुमतीमा पानीजहाज आउने भो, त्यसैको उद्घाटन समारोहमा जाने ? कि छिमेकीले मिचेको भूमि फिर्ता गर्ने भो र सीमा पर्खाल लगाउन जाने ? कि बलात्कारीलाई 'खुला दण्ड' को बिल पास गर्न हतार भो ? अथवा गलत सम्झौता बदर गर्न पो हो कि ? हतार त गर्नैपर्छ, आखिर झण्डाधारी प्रोफेसरको जो महिमा छ ।'

विद्यार्थीले एक स्वरले भने- 'मिस कथा रोचक भएन । बाङ्गे बाङ्गो लाग्छ ।'

'चूपचाप सुन्दै जाऊ न' - मिस सन्तोषी सुधाकरले दपेटिन् र प्रसंग जोडिन् : प्रोफेसर मन्दमतिले भन्यो- 'बाबा, छघोडे बग्गी रोकिएको छ । सबै घोडा हराए । खोजी गर्नुपऱ्यो नि ! त्यसैका लागि म यहाँ आएको हुँ ।'

'ए, लाल घोडा हराए । तपाईं खोजीमा हुनुहुन्छ । बुझें ।'

बाबाले ध्वनिमा भनेको कुरा प्रोफेसरले बुझ्यो कि बुझेन, थाह भएन । अनि बाबाले भने- 'अर्थात् घोडा नभए बग्गी डुब्छ भन्न खोज्या हैन ?'

प्रोफेसर मन्दमतिले भन्यो- 'ठीक भन्नुभो बाबा !'

'म पनि त्यही भन्दैछु । देश डुबाउने या विलय गराउने घोडा किन चाहियो फेरि ? नयाँ, तुजुकदार, जलवायु सुहाउने खोजे भएन ? जति पनि पाइन्छन् नि, चिन्न र छान्न सक्नुपऱ्यो नि !'

'बाबा, म हतारमा छु । मैले कोशी उच्च बाँधको विरोध पनि गर्नु छ । अहिले नै शेख इद्रिस अन्तर्राष्ट्रिय विमानस्थल पुग्नु छ । त्यसैले हतारमा छु ।'

बाबाले चरातिर लक्ष्य गरेर सोधे-

'बोल् चरी बोल् तैंले देखिस् के के ?

बोल् सुगी बोल् तैंले सुनिस् के के ?

बोल् मैना बोल् तैंले बुझिस् के के ?

साँचो साँचो बता सबै भयो के के ?'

अनि चराहरू बाबाको छेउमा आएर भन्न थाले- 'गिरेका ठूला-ठूला मान्छेलाई स्कूलका विद्यार्थीहरूले लगे । ती महापुरुषहरू शिवबुटी खाएजस्ता थिए । सबैलाई एउटै कोठामा लगेर थुने ।'

एउटा चरीले भन्यो- 'फेरि सबैलाई लुगा खोल्न लगाए । 'नागा बाबा जस्तो बन्' भनेपछि सबैले त्यसै गरे । एउटा विद्यार्थीले ज्वलनशील तरल पदार्थले

पूरा शरीर नुहाइदियो । अर्काले लाइटरले आगो झोसिदियो । घडी हेरेर अर्काले अग्नि शमन गर्ने ग्याँस छोडेर ज्वाला निभाइदियो । अर्काले सामान्य ढंगले मल्हम पट्टी गरिदियो । चार जनाले छ जनाको काम तमाम गरे ।'

अर्को चरी बोल्यो- 'अग्निदाह गर्नुभन्दा पहिले प्रत्येकसँग बयान लिएर हस्ताक्षर पनि गराए । आर्थिक अनियमितता र तस्करसँग दोस्ती आदि अनेक अपराध कर्मको सूचीमा आफ्नो सहभागिता रहेको सबैले स्वीकार गरे ।'

'त्यति मात्र होइन, विदेशी गुप्तचर संस्थाको सदस्य भएर आफ्नो देश विरुद्ध काम गरेको पनि स्वीकार गरे ।' अर्काले थप्यो ।

अर्को चरी अघि सऱ्यो- 'उनीहरू अब नचिनिने भएका छन् र आँखा कसैसँग छैन । हो पनि, समाज नहेर्ने, मुलुकको अवस्था नदेख्ने, टाढा नहेर्नेलाई आँखा के काम ?'

प्रोफेसर मन्दमतिले हात जोडेर भन्यो- 'भो बाबा, यी चरीलाई रोक्नुहोस्, अब योभन्दा बढी सुन्न सक्तिनँ । अब म जान्छु ।'

बाबा बोले- 'तपाईं असाध्य हतारमा हुनुहुन्छ, देश बनाउने कर्ममा जुट्न । त्यसैले हेलिकप्टर मगाऊँ कि ? शेख इद्रिस अन्तर्राष्ट्रिय विमानस्थल पुग्नु छ हैन ? लालगढ त टाढा छ नि !'

'हैन बाबा, अब घाउमा नून-चुक बढी हुन्छ । म आफैं जान्छु । तर एउटा अनुरोध छ- म यी सबै कुरा बिर्सन चाहन्छु । मैले यहाँ आएर यस घटनाको जानकारी लिएँ भन्ने कुरा अन्यत्र थाह नहोस् ।'

'चरी कहाँ जान्छन्, के भन्छन्, म जान्दिनँ । यिनको स्वतन्त्रतामा म बाधक हुन सक्तिनँ । यो मेरो प्रकृति विरुद्ध हो । मेरा रक्षक, अभिभावक र सचेतक पनि यिनै हुन् । यी मसँग छैनन्, म यिनीहरूसँग छु । त्यसैले म तपाईं जस्तो मन्दमतिलाई आफ्नो तर्फबाट सल्लाह वा वचन दिन सक्तिनँ । तपाईंले भने जति मैले गरें । अब उप्रान्त यो अध्याय बन्दै हुन्छ ।'

'जी, बाबा !'

बाबाले हात उठाएर भने- 'कल्याण होस् । 'अरक्षितं तिष्ठति दैवरक्षितम् ।'

'प्रोफेसर मन्दमति, तपाईंले खोजेका जीव अहिले कहाँ, कुन अवस्थामा छन्, जान्न चाहनुहुन्न ?' एउटा चरीले सोध्यो ।

चरीको कुराले ऊ झस्क्यो र भन्यो- 'भन, म सुन्छु मात्रै, तर अब कुनै व्यापारमा लाग्दिनँ ।'

'अहिले टुँडिखेलमा छन् ।'

'मैले कसरी चिन्नु त्यस्तो डढेको शरीरमा ?'

चरीले हाँसेर उत्तर दियो- 'हामी यहाँ छौं' भनेर तिनको छातीमा टाँसिदिएको छ । परैबाट चिनिन्छन् ।

कथा सकियो । केटाकेटीले केही बुझे, केही बुझेनन् ।

मिस सन्तोषी सुधाकरले आफ्नो पालो पूरा गरिन् ।

चरा पनि राजनीति जान्ने भएछन् भनेर केटाकेटीले टिप्पणी गरे ।

❑❑

हामी यहाँ छौं

कञ्चनजंघाको काख

'हे, मिस्टर ह्यारी !'

'मिस्टर हुलियो ! तिमी ? छुट्टीमा थियौ ?'

'हो, मैले योपटक मीठोसँग छुट्टी मनाएँ । म तिमीलाई आफ्नो अनुभव बाँड्न चाहन्छु । टी ब्रेकमा सँगै बसौं न है ।'

'अवश्य ।'

'तिमी पाकिस्तान कि इण्डियाको हैन ? तिमी बुझ्न सक्छौ मेरो अनुभव । तिमीलाई पनि मजा आउला ।'

'त्यतैतिर हो ।' ह्यारीले छोटो बोल्यो ।

टी ब्रेकमा कफी सुरुप्प पार्दै हुलियोले भन्यो- 'म यस पटक कञ्चनजंघाको काखमा पुगें । नेपालको पूर्वी भाग हो यो । बडो रमणीय रहेछ । मेरा आँखा, मेरो हृदय र मेरो मस्तिष्क पवित्र भयो । मैले आफूलाई संसारको सबैभन्दा सुखी र उन्नत मानुष ठानेको छु- त्यहाँ पुगेर आएपछि ।'

'अनि ?' कामले थाकेर हाई गरिरहेको ह्यारीका आँखा अकस्मात् चम्किए, कञ्चनजंघाको कुरा सुन्ने बित्तिकै ।

'एक मनले लाग्छ, त्यो ठाउँको अनुभव एक पटक सबैले गर्नैपर्छ । अवश्य गरून् र आनन्दित होऊन् । तर अर्को मनले भन्छ- म बाहेक अरू कसैले त्यहाँको आनन्दभोग लिन नसकून् । मिस्टर ह्यारी, कस्तो लाग्यो मेरो सोच ?'

'यी त आँखा र मनका कुरा भए । यसलाई निष्कर्ष भने पनि भो नि ! अब यात्रा र परिवेशको कुरा पनि होला नि । गाउँघरको कुरा पनि होला ! त्यो पनि सुनौं न !'

ह्यारी, जसको असली नाम हरि थियो, आफ्नै शिर ठाडो हुने र गौरव गर्ने कुरा सुनेर प्रफुल्ल थियो । कुनै अवाञ्छित, अप्रिय कुरा सुन्नुपर्ला कि भनेर ऊ भित्रभित्रै कातर पनि भयो । हुलियो सुनाउँदै गयो :

मिस्टर ह्यारी, बस छोडेपछि म आफ्नो झोला बोकेर पैदल लागें । त्यस्तो बाटो मैले जीवनमा कहिल्यै हिंडेको पनि थिइनँ । रमाइलै लाग्यो, उकाली-ओराली, नागबेली बाटो । बाटो-बाटोमा तरुनी हुन आँटेका छोरीहरू आएर भन्थे- 'सर, म पुऱ्याइदिन्छु । म बोकिदिन्छु तपाईंको झोला । म बाटो देखाइदिन्छु । सर, होटलतिर जाने हो ?'

'हो, होटल जाने हो । होटल नपाए कहाँ जाने ? कुनै उपाय छ ?'

'छ नि, सीधै पेइङ गेष्ट भएर पनि बस्न सकिन्छ यहाँ । तर पहिलो पटक आउनुभएको हो भने होटलमा पुग्नु बेस' भनी एउटी किशोरीले । राम्रै सल्लाह थियो उसको ।

सानो छाप्रो, त्यो पनि फुसको । हावाले उडाउला भनेर ठाउँ ठाउँमा भाटा कसेर बाँधेको । मिनेट मिनेटमा बढ्ने चीसो । कफी, अण्डा, उसिनेको आलु, पीरो अचार- मूला, खोर्सानी, तामा र सिद्राको । जस्ट नाश्ता पानी, कोदोको तोङ्बा । त्यो झुप्रोमा खाने बस्ने व्यवस्था होला जस्तो थिएन । मन त्यसै भरङ्ग थियो । जीवन रहने हो कि होइन !

सूर्यले काला पहाडको थाप्लोमा टेक्नै लागेको थियो । लाग्थ्यो- प्राण संकटमा पर्नेभो अब । समय यति चाँडो सर्दैथ्यो, विकल्प सोच्ने स्थिति नै रहेन ।

झुप्रो होटलमा बत्ती बल्यो । अब त्यसैको भरमा मन थामियो । एउटी साहुनी हिंडी । त्यसको ठाउँमा अर्की आई । ठानें- स्टाफ फेरिने चलन रहेछ । उसले पाहुनाको मान-सम्मानमा देखाउनुपर्ने औपचारिकता पूरा गरेर मसँग संवाद गर्न फुर्सत निकाली-

'सर एक्लै हुनुहुन्छ कि ?'

'जी, ऐलेसम्म ।'

'उतातिरका जस्तो होटेल-मोटेल यहाँ छैनन् । घरेलु पाराकै हुन्छ यहाँको व्यवस्था । तर कुनै कुराको कमी हुँदैन । राम्रै अनुभव गर्नुहोला ।'

एक छिन उसले मलाई प्रफुल्ल आँखाले हेरी र निकै बेरपछि फोन गरी । तीन-चार पटक गरी, शायद भिन्नभिन्न ठाउँमा । खास खास शब्दहरू बाहेक म उनीहरूको भाषा बुझ्दिनथें । तर, साहुनीहरू मसँग अंग्रेजीमा बोल्ने कोशिश गर्थे ।

एउटी किशोरी आई । साहुनीले केही निर्देशन दिई क्यार ! उसले मेरो झोला टिपी । मलाई एउटा टर्चलाइट दिई, उसले अर्को बाली ।

'बाटो लागौं ।' उसले भनी ।

ऊ अंग्रेजी राम्रो बोल्थी । कुनै पनि कुरा भन्न र बुझ्न मलाई असजिलो भएन । हामीबीच आत्मीय संवाद चल्यो । ऊसँग हिंड्दा बाटो लामो हुँदै जाओस्, गन्तव्य टाढा हुँदै जाओस् भन्ने लाग्थ्यो ।

'अनि ?' हरिले अरू कुरा सुन्ने रहर गऱ्यो ।

हुलियोले भन्यो- 'मलाई उसको आत्मविश्वास र दृढताले चकित पाऱ्यो । नाम मैले बिर्सें अहिले, वेला-वेला राम्रै सम्झन्छु, फेरि बिर्सन्छु ।'

'कि किराती होलान्, कि शेर्पा होलान् । त्यो शीत प्रदेशमा कि तामाङ होलान् । हिजोआज त आफ्नो पहिचान छोप्न जनजाति भन्न मन पराउँछन् क्यार- आफ्नो मूल छोडेर । एक दुई पुस्तापछि त हिजो को थियौं भन्ने कुरा पनि बिर्सेर जनजाति मात्र भन्लान्, खै ।' हरिले भित्रभित्रै हैरानी अनुभव गऱ्यो । ऊ कसैलाई जनजाति भनेर हियाउन चाहँदैनथ्यो ।

'एउटा व्यवहार चाहिं म कहिल्यै बिर्सन सक्तिनँ । त्यसका पनि भिन्नभिन्न तस्वीर छन् ।'

'जस्तो ?'

हुलियोले भन्यो :

बाजेले बनाएको तीनतले घरको तेस्रो तलामा मेरो कोठा निश्चित भयो । आधुनिक शैलीको बाथरूम सुविधा सम्पन्न । सुखद ओछ्यान । अँ, उसको नाम सम्झें- हिमसरा । बिस्तारै एकएक तस्वीर थप्दै बताउँदै गई- 'आगो ताप्ने भए तल जाऊँ । मूढाको आगो छ । तातो पानीमा डुब्ने भए पनि त्यसको व्यवस्था छ । प्राकृतिकपनको न्यानो होस् ओछ्यानमा भन्ने चाहना भए त्यसको पनि व्यवस्था हुन सक्छ । सरलाई के-कस्तो कम्फोर्ट लाग्छ, सोही अनुसार यहाँ व्यवस्था मिलाउनुपर्छ ।'

मैले मुस्कुराएर सोधें- 'सबै कुरा अनुभव गर्न मिल्दैन ?'

'मिल्छ, तर एकै रातमा सबै कुराको परिभोग त्यति संगतिपूर्ण हुन सक्दैन । हेल्दी मानिंदैन'- उसले सम्झाउँदै भनी ।

'तिम्रो के सल्लाह छ यसमा ? मलाई त त्यति अनुभव छैन ।'

ऊ भन्दै गई- 'घुम्न आउनुभएको हो, अनुभव गरेरै जानुहोस् । आगो सँगै ताप्न सक्छौं । तातोपानीको कुण्डमा पनि सँगै डुब्न सक्छौं । तर, ओछ्यानको न्यानोपनबारे चाहिं सोच्नैपर्छ, किनभने समय र औचित्य हेर्नुपर्छ ।' एकै छिन

गुनेर उसले थपी- 'पहिले तातोपानीमा डुब्न जाऊँ, त्योभन्दा पहिले केही खाऊँ; मलाई पनि भोक लाग्या छ । आउनुहोस् ।'

हुलियोले दृश्य अघि सार्‍यो । भन्यो- 'तोङ्वा, मूलाको अचार, अम्लेट, पोलेको आलु र फापरको रोटी आज पनि सम्झन्छु ।'

हरिले सोध्यो- 'के लाग्छ तिमीलाई, हिमसरा गलत थी ?'

'हैन, मैले उसलाई समग्र रूपले हेर्रें । त्यस्ता छोरीहरू भएको राष्ट्रले किन उन्नति गर्न सकेन ? म जान्दिनँ । ऊ बिल्कुल सही थिई ।'

'छोटो यात्रामा के बुझ्यौ, के पढ्यौ उसलाई तिमीले ? पढेरै नसकिने ग्रन्थ हो नारी । कसरी भन्न सक्छौ समग्र रूपले पढें भनेर ?'

'हेर ह्यारी, ऊ बाखा पाल्थी, दुइटा गाई थिए । दुई-चारवटा कुखुरा पनि थिए । स्याल र चीलबाट पनि जोगाउनैपर्थ्यो । घर कम्पाउण्ड र कोठेबारी पनि पर्याप्त थियो । शायद कतै खेती पनि हुँदो हो । भाइहरूलाई फर्पिङको बोर्डिङ स्कूलमा पठाएर आफू चाहिं स्थानीय स्कूलमा पढ्दी रहिछ । प्लस टु गरेर फुर्सतमा थिई म त्यहाँ पुग्दा । भनौं, त्याग र भावनामा ऊ धेरै माथि छ ।'

'मौसम कस्तो थियो त्यसवेला ?'

'नसोध, म बडो भाग्यमानी थिएँ । जाडो भएर पनि सफा आकाश । तेस्रो तलाबाट झ्याल खोलेर स्वच्छ कञ्चनजंघा हेर्थें सधैं, उज्यालो घाममा । जीवन सफल ठानेको छु । बारीमा बनाएका स-साना फुसका छाप्रामा पनि रात बिताएको छु । त्यहाँको सुख या आनन्द भन्नु नै स्वतन्त्रता र निर्भयता हो । किन्तु आततायी युगले जुन डर त्यहाँ भरेर गयो, दुनियाँमा कतै नहोला । हिमसराका बाबु-आमा, दाजु-भाउजूलाई एकै चिहान पारेछन् । दिदीलाई चाहिं बेपत्ता पारेछन् । शैतान होइनन् र ती कुमार्गी ?'

'कुनै विशेष टिप्पणी ?'

'त्यहाँको भूगोल अनमोल, उर्वर र अत्यन्त सुन्दर छ- अकृत्रिम मनोहर । त्यस देशको प्राकृतिक सौन्दर्यका अगाडि दुनियाँका मुलुक पराजित छन् । मानव निर्मित कुराले उछिनेका होलान्, सहजताले होइन । भौगोलिक स्वरूपको विविधता नै त्यहाँको सम्पदा र आकर्षण हो । भन्छन् भू-गर्भमा पनि त्यो मुलुक धनी छ, किन्तु त्यहाँको राजनीति खराब जीवका हातमा परेकोले आज त्यहाँको जीवन दुर्दशा भोग्न विवश भएको छ । जब अर्काको आँगनमा तालिम लिएर आततायी तत्व त्यो देशमा पस्यो- बस्, त्यहाँ विप्लव शुरू भयो । जनता मारे,

राजा मारे, राजसंस्था पल्टाए, संविधान फेरेर राष्ट्रको पूँजी लुटे । यहाँसम्म कि देशको भूगोलमा अर्काले अधिकार जमाउँदा पनि हेरेर बसे । यस्तो लाग्छ, अर्को देशको झण्डा गाडिन मात्र बाँकी छ ।'

'यी सबै कुरा कसले पढायो तिमीलाई ?'

'खुला किताब जस्तै छ यो कुरा ।'

'कहीं यो कुरा मोटलवालीले त तिमीलाई भनेकी होइन ?'

'उसले पनि हो । मैले कति कुरा त टिपेको पनि छु । जति धेरै मान्छे मार्‍यो, उति हाईहाई हुने रे । अपराध गर्ने र छोप्ने राज्यशक्ति र व्यक्ति नै महान रे, गजब होइन ? मलाई त सुन्दा पनि घृणा लाग्छ । छिः, कस्तो गन्हाएका छन् त्यहाँका नेता । विदेशीको भत्ता खाएर आफ्नो देश बिगार्छन् ।'

अचानक उसले सोध्यो- 'मिस्टर ह्यारी ! तिमी त त्यहाँको हैनौ नि, हगि ?'

यस पटक हरि नराम्रोसँग झस्कियो ।

ब्रेक सकियो । दुवै छुटे ।

❑❑

कञ्चनजंघाको काख
डीसी नेपाल डट कम
२०७६ माघ ११ गते १४:२६

इंगेजमेन्टको औंठी

नमले आफूलाई धोका हुने ठानी । ऊ चाहन्नथी बिहा गर्ने वित्तिकै उसको तन्नेरी विदेश जाओस् । उसका मनमा धेरै कुरा खेले । मन डरायो । वरपर हेरी । हिजोका इतिहास सम्झिई । अनि निर्णयमा पुगी- यदि विहा गर्ने वित्तिकै उसलाई छोडेर जान्छ भने बरु ऊ विहा नै गर्दिन ।

उ इन्गेजमेन्टको औठी फिर्काइ दिन्छे ।

सब्जी बजारबाट निस्कदा–निस्कदै मातङ्गीले भनी- 'एइ ! सनम । सोनामलाई खोजेकी हैन ? ऊ त्यही थिए छ कफी पसलमा । भर्खरै म त्यहींबाट आउँदैछु । साथीहरूसंग गफिएर बसिरेछ ।'

तीनजना साथीहरू संगै सनम कफी पसलमा पुगी । बिहानको समय 'किरात कफी हाउस' एकपटक तन्नेरीहरूले भरिएको हुन्थ्यो । फेरि कलेजका विद्यार्थीहरूको जमघट पनि हुँदै रहन्थ्यो ।

सनमलाई देखेर सोनाम उठ्यो । सोनामका साथीहरूतर्फ दृष्टि घुमाएर सनमले सम्मानको भाव राखेर भनी- 'तिमी आफ्ना साथीहरूसंग कुरा गरिसकेर यहाँ आउन । हामी यो टेवलमा पर्खन्छौं ।' साग-सब्जीको बास्केटसंगै उनीहरू अर्को टेवलमा बसे ।

आफ्नो कफीको कप लिएरै सोनाम त्यहाँ आयो । सनमका साथीहरूले असजिलो मानेको सनमले बुझी र भनी- 'तिमीहरू यही बस । हाम्रा कुरा खुला छन् । एकान्त चाहिदैन । यो पाठ सबैले पढने हो । सबैलाई पर्छ ।'

कफी आइपुग्यो । सनमले भनी 'तिमी विदेश जाँदैछौं भन्ने सुने । हो कि होइन ? यही कुरा जान्न मैले तिमीलाई भेट्न खोजेकी थिए । तिम्रो फोन पनि उठ्दैन । के भो ? कता व्यस्त छौ ? तिमी जान्दछौं नि, फोन नउठ्दा म कति आकुल हुन्छु । जानीजानी मलाई पिल्याउँछौं ? अब पहिलेको स्थिति छैन नि ! म होइन हामी भएर बाच्नुपर्छ ।'

उसले फेरि थपी 'यी हाम्रै साथी हुन् । सबैलाई तिमी चिन्छौं । यहाँ कुनै गोप्य कुरा छैन । खुलस्त भन, विदेश जाने प्रसंग के हो ? कहाँ जाने र कुन प्रयोजनका निम्ति ? कति समयका लागि ? र कहिले ?

सोनामले यी प्रश्नहरूलाई सनमका प्रश्न ठानेर होला त्यति गम्भीरताले लिएन । तर ती प्रश्न सनमका मात्र थिएनन् । सनमजस्ता हजारौं नवयुवतीका प्रश्न थिए । फेरि पनि दुईटा प्रश्नको उत्तर अनुमानबाटै थाहा हुन्थ्यो- प्रयोजन धन कमाउन जाने र विहा गरेपछि जाने ।

सनमले प्रश्न गरिन्, कति लाख बुझाएर जाने ? कति घरखेत बेचेर जाने या बन्धकीमा पारेर जाने भनेर । उसले आफ्नो अधिकार बाहिरको कुरा ठानेर होला, त्यसतर्फको कुरा कोटयाइन ।

सोनामले आफूलाई मदन ठान्यो । मुकुन्द ठान्यो र ढिलो चाँडो फर्कने ठान्यो ? तर कहाँ जाने र कति समयका लागि भन्ने प्रश्नको उत्तर उसंग पनि थिएन । (मुकुन्द इन्दिरा)

मन दह्रो पारेर सनमले प्रश्न गरी 'तिमी हाम्रो विहा भएपछि जाने की विहा नहुँदै जाने ?'

'त्यो दिन विहापछि पनि आउन सक्छ र विहा हुनुअघि पनि आउन सक्छ । आफ्नो हातमा छैन क्यारे । त्यसैले त्यस दिनको पर्खाइमा छु ।'

'विहा हुने दिनको पर्खाइभन्दा उडानको पर्खाइ ठूलो कुरा भो तिम्रो लागि हैन ?'

'अवश्य' ऊ यति मात्र भन्ने खोज्थ्यो, मनमन भन्यो प्रकटमा भन्न सकेन ।

तर यति चाँही भनिहाल्यो- 'जानु जानुपरेपछि तुरून्तै विहा गरेर गए पनि हुन्छ र विहा गरिसकेर गए पनि हुन्छ । यी विहा भन्ने कुरा त यात्राका विसौनी र चौतारी मात्र हुन् । यिनलाई वाधक मान्दिन ।'

'सोनाम मसंग सम्बन्धित कुरा तिम्रो एकलौटी निर्णयबाट किनारा गर्न मिल्दैन । विहा नगर्दै जे कुरा गर्छौं, त्यो तिम्रो खुसी । तर विहाअघि गरेको निर्णयले विहा भएपछिको जीवन र समयलाई प्रभाव पार्छ भने त्यो मेरा लागि स्वीकार्य हुनेछैन ।'

'मतलब?'

'सफा छ, विहा गरेपछि तिमी जाादैनौं । जाँदा हामी दुवै संगै जान्छौं । यदि विहालाई वाधा ठान्छौं भने तिमी विहा नगर । विहा गरेर एक्लै विदेश जानु

र धन कमाउनुको कुनै औचित्य छैन । हल्का ढंगले नलेऊ । यसअर्थमा म मुना हुँ, तर आत्महत्या गर्दिन । तिमी यसलाई गम्भीरताले लेऊ ।' (मुनामदन)

ऊ सुन्दै रह्यो ।

सनमले थपी- 'तिम्रो विदेश यात्रा म भन्दा मूल्यवान छ, विहाभन्दा महत्वपूर्ण छ भने तिमी जाऊ । आफ्नो ईच्छा पूरा गर । म बाधा गर्दिन, तर औंठी फिर्ता लिएर जाऊ । म इन्गेजमेन्ट आफैं तोड्छु । लैजाउ तिम्रो औंठी ।'

उसले औठी फुकालेर उसका अगाडी राखिदिई ।

यस घटनाले अरूलाई तत्काल असर पार्‍यो, मनोदशामा ठूलो परिवर्तन ल्यायो । आघात पनि पार्यो । तर कसैले केही बोलेन ।

'सकेसम्म विहा गरेरै जान्छु । त्यति त मान ।'

'विहा एकजनाले एक्लै गर्ने हो र ? एउटाको निर्णयले हुने हो र ? तिमीले भन्यौं मैले माने, त्यो हुने कुरा हो र ?'

'अरू केही माग छैन, बस् तिमी बिहा गर्न राजी भैदेऊ । यो इंगेजमेन्टको औठी नफुकाल प्लीज !'

'पहिले मेरो प्रश्नको जबाफ देऊ - तिमी मसंग दुई दिन, दुई साता वा दुई महिना बसौला । फेरि म कोसंग बस्ने ? के सम्झेर बस्ने ? के गरेर बस्ने ? साथी नभएको जीवन कस्तो हुन्छ त्यो बेला ?' सनम आफ्ना संवेग पोख्दै गई, कि भन विहापछि मसंग शारीरिक सम्बन्ध नराखी जान्छु । त्यसो भए केही छैन, किनभने मलाई कुनै स्वादले पछ्याउँदैन । मनमा कुनै छटपटी पनि हुनेछैन शायद । के तिमी वाचा गर्न अर्थात् व्रत लिन सक्छौ ? तिमी मलाई अक्षत नै रहन दिन्छौ ? नभोगी जान सक्छौ ? आत्मालाई सोधेर भन ।'

सोनामले सनमको संकेत सम्झेन क्यार । त्यसैले केही बोलेन । तर सनमका साथीहरू संवादको आशय राम्रैसंग सम्झदै थिए ।

'त्यसैले म इन्द्रमाया बन्न सक्दिन । मलाई इन्द्रमाया बन्न विवश नगर ।' (तीनघुम्ती)

'मैले तिम्रो संकेत सम्झन सकिन सनम । खुलस्त भन ।'

एउटी साथीले हतारिएर मुख खोली- 'लोग्नेको खाँचो परेको बेला इन्द्रमायाले लोग्ने पाइन । लोग्नेको खाँचो टार्न वा इन्द्रिमन्थनको आवश्यकता पूर्ति गर्न उसले लोग्नेको साथीलाई बोलाएर आनन्दले मच्चिई । छोरी पाई । कसैको पर्वाह थिएन ।' (तीन घुम्ती)

अर्कीले थपी- 'हो, ऐजन मौकामा ऐजन कार्यका लागि साथीको खाँचो पर्यो कि चौर्यरत गर्ने वा खेलाता लगाउने चलन त पुरानै रहेछ नि ! हैन र ?'

'हो नि आफू बाहिर गएका बेला आफ्नी ब्यौली अरूसंग रमाओस भन्छ र कुनै विवेकी पुरुषले ? अनि लोग्ने छैन भने उसैको नाम जपेर सधैं बसिरहनु सम्भव छ र तरूनी पत्नीले ?' - फेरि अर्कीले थपी ।

अर्कीले दोहोर्याएर भनी- 'पतिपत्नीलाई छुट्याउने, पारिवारिक दुर्घटना निम्त्याउने, सधैं बाकसमा भरिएर फर्किने स्थिति यो मुलुकमा कसरी आयो ? कसले ल्यायो ? त्यो कुन तत्व हो ? यसलाई हामीले विचारै गरेनौं नि । व्यवस्था र नेताको खेल होइन भन्न मिल्छ र यसलाई ?'

'मसंग छल हुन लागेको छ । म जानीजानी आफूलाई अप्ठयारोमा पार्दिन र अनावश्यक रूपले भावनामा पनि डुब्दिन । दुई दिन लोग्ने नामको प्राणीसंग खेलेर फेरि वियोगको छटपटी, अपमानको पीडा र बाकसमा फर्किने आशंकामा डुबेर मैले बाँच्नु छैन । त्यसैले एउटा त्यान्द्रोमा मन झुण्डाएर तड्पदै बस्नुको कुनै अर्थ छैन ।'

सनमले आत्म कथन गरी 'अनि पेट बोकाएर गयो भने पनि त मेरो विजोकै होला नि ! सारा ढोका बन्द हुन्छन् । बरु म विहा नै गर्दिन । विहा अन्तिम लक्ष्य हुँदै होइन मेरा लागि ।'

साथीहरूले साग सब्जीको झोला समाए । सनमले बैठक टुंग्याउनु पर्ने स्थिति बुझी । अनि मन दह्रो पारेर भनी- 'हतार नगरौं । विवाहको कार्यक्रम हाल स्थगित गरौं ।'

सोनामको अनुहार विवर्ण भयो ।

सनमले स्पष्टरूपले भनी 'यो इंगेजमेन्टको औंठी तिमी नै राखिछोड । पछि निर्णय गरौंला । म अहिले मुक्त, स्वतन्त्र भएर बाँच्न चाहान्छु । विना दवाव मेरो जीवन चल्नुपर्छ । आफ्नो जीवनमा अनावश्यक छाया पार्नु छैन ।'

औंठी कफी टेवलमा टल्कँदै रह्यो । औंठीको माध्यमले सोनाम चर्किएको सपना जोड्दै गयो । उसको अन्तरात्मामा जुँग्यो - अंगालोभरिकी व्यौली छोडेर कहाँ जानू ? मुनालाई शहरको गुण्डाले आँखा लगाएको होइन र ? (मुनामदन)

❑❑

डिसी नेपाल
१७ फागुन २०७६ ८:४१

ढुंगा र लाठी

म साहित्यकार पनि थिइनँ र पत्रकार पनि होइन । स्वभाव यायावरकै थियो । रोकिएको यात्रा थालें । आततायी युद्ध शुरू भएपछि खुम्चेर बस्नुपर्ने बाध्यताले आफैँसँग असहमति जनाउँदै रहें । जब बाहिर निस्कन सकिने वातावरण देखें, खुशीसाथ निस्कें ।

घुम्नुको कुनै लक्ष्य पनि थिएन, पुग्नुपर्ने ठाउँ किटान पनि थिएन । अत्यन्त निजी र सानो स्वार्थ थियो- मनको आरोग्य । आततायीहरूले गाउँघर जहाँ पनि ध्वस्त बनाइसकेको हुनाले, आततायी क्रियाकलाप रोकिएपछि र अझ तिनले प्रजातान्त्रिक प्रक्रियाभित्रै आफूलाई हुलेपछि नै म यसरी घुम्न निस्किएको थिएँ ।

कसैले मलाई झोले भने, कसैले सुराकी पनि भने । विदेशी गुप्तचर पनि ठाने र लोकल फिरंगी पनि भने । जसले जे भनोस् त्यसले मलाई असर गर्दैनथ्यो र जे नहुँदा मलाई असर गर्थ्यो ती मसँगै थिए- चश्मा र औषधि ।

मेरो सारमा हिंड्ने मसँगै हुन्थ्यो । लामा फड्का मार्नेहरू उछिनेर जान्थे । मेरो यात्रामा अलि बढी नै हुन्थे- बिसौनी र चौतारीहरू, अनि भावनामा समेटिएका हुन्थे- भन्ज्याङ र फाँटहरू, ब्याँसी र सघन वन प्रदेशहरू ।

उकालीको काठको फलैंचामा पुगें । खुट्टा झुन्ड्याएर बसें । अर्कोतिरबाट कल्याङ-कुलुङ गर्दै जनसमूह आयो । विद्यार्थीहरू रहेछन् । मेरो छेउमा आएर सबैले आ-आफ्ना पुस्तक-कापी र झोलाहरू थपथप राखे र कुनै काम भ्याइहाल्ने हिसाबले दुई पाइला उता लागे । म हेर्दै रहें :

चौतारीको सामुन्ने एउटा कालो ठुटो उभ्याइएको थियो । त्यसको फेदमा लोहोरे ढुंगा थुपारिएका थिए । विद्यार्थीहरू गएर तिनै ढुंगा टिपेर त्यो कालो खाँबोलाई एक-एक पटक हान्दै, फर्किंदै गरे । फेरि केही विद्यार्थी अर्को छेउको प्रस्तर प्रतिमातर्फ लागे र त्यसलाई पनि लाठीले खूब चुटे र फर्किए ।

कार्य-कारणको सम्बन्ध मैले बुझिनँ । त्यसैले सोधिहालें- 'सेवारो ! नानीहरूलाई यसबारे सोधौं है । त्यो ठुटोलाई ढुंगाले हानेर आउनुभयो नि किन

होला ? फेरि तपाईंहरूको एउटा समूह ढुंगाको प्रतिमातर्फ गयो र त्यसलाई लाठीले हानेर आयो, किन ? परम्परा के हो ? सामाजिक मान्यता हो कि ?'

'यसको पछाडि एउटा कथा लुकेको छ । पीडाको कथा ।' एउटी छात्राले भनिन् ।

'छोटकरीमा सुनौं न त ! मिल्छ ?'

'हुन्छ, म छोटोमा भन्छु ।' उसले कथा भन्ने तत्परता देखाई । उसका साथीहरू कथा सुन्न नजिक हुँदै गए ।

'यो कथा हाम्रो बाजे पुस्ताको हो । उनीहरूले गरेको चर्तिकलाको चित्र हो यो कालो खम्बा र त्यो दुईमुखे स्ट्याच्यू । उनीहरूको अपराधपूर्ण र मानवता विरोधी दुष्कर्मको फल जनताले दिएका हुन् यिनलाई । प्रमाण यही हो । प्रत्येक दिन ढुंगा र लाठीको प्रहार भोग्छन् यिनीहरू ।'

'अर्थात् ?'

'मैले सुने अनुसार चण्ड र मुण्ड भन्ने दुई शैतान थिए रे पहिले । तिनैका अवतार हुन् रे यी आततायी नाइके । यिनका झोलेले आफ्ना सर्दार भनेर यहाँ काठको एउटै खम्बामा दुई जनाका अनुहारको दुईमुखे मूर्ति बनाएर ठड्याएका थिए । बिहानै आएर माला चढाएर सलाम गर्थे, मानौं संसारमा यीभन्दा महान अर्को छैन ।'

अर्की छात्रा अघि सरेर थपी- 'अब म भन्छु है ! यो कुरा गाउँका मान्छेलाई पचेको थिएन । डाँकालाई देउता वा पितृ मानेर पूजा गर्नुको कुनै औचित्य नदेखेपछि तिनको काष्ठ-प्रतिमामा आगो लगाइदिए- तेल छर्केर । त्यो दुईमुखे मूर्ति डढेर बिग्रियो, त्यो कालो ढुटो त्यही हो । नचिनिने भयो । तर फेरि डाँकाहरूको कुकृत्य जनताको मनबाट नमेटियोस् भनेर गाउँलेहरूले दुइटै दस्युको मुख कुँदेर अर्को मूर्ति बनाए । ढुंगाको प्रतिमा त्यही हो ।'

अझ अर्की छात्राले उछिनेर भनी- 'अघि हामीले कालो ठुटोमा ढुंगै ढुंगाले थिल्थिलो हुने गरी हिर्काएको देख्नुभयो नि ! त्यो हाम्रो आक्रोश थियो । स्कूलबाट फर्किंदा प्रत्येक दिन यसैगरी हिर्काएर जान्छौं । अनि तिनले गरेको अपराध र अकर्मको चर्चा गरेर हिंड्छौं ।'

यस पटक सानु विद्यार्थीले थोते वाणीमा भन्यो- 'ढुंगाको मूर्ति पनि तिनै दस्युको हो, तर दुईमुखे छ । एउटा जेठो दस्युको मुख हो, अर्को कान्छो दस्युको । एउटै ढुंगामा दुईतिर फर्केका, दुइटा मुख छन् क्या, दुइटा टाउका ! केटा साथीहरू चाहिं त्यो ढुंगाको मूर्तिलाई लाठीले पिटेर घर फर्किन्छन् ।'

मैले प्रश्न गरें- 'लाठी कहाँबाट आउँछन् नि ?'

अब अर्की छात्राले भनी- 'ए, जसरी जनै र खुकुरी हिजोआज चीनबाट आउँछन्, त्यसैगरी लाठी पनि आउँछन् । जति पनि लाठी पाइन्छन् त्यहाँ । यहाँ चाहिं हामी ढुंगा हानेरै आफ्नो रिस माछौं । केटाहरू चाहिं बेसरी लट्ठीले चुटेर आफ्नो रिस पोखेर आउँछन् । ऊः, उनीहरू पनि आइपुगें ।'

मैले ती विद्यार्थीको हात हेरें । पाषाण प्रतिमालाई भन्दा विद्यार्थीको हातलाई नै दुखेजस्तो लाग्यो । यथार्थमा पनि अब तिनलाई नदुख्ने भइसकेको छ ।

विद्यार्थी भाइबहिनीहरूले आततायीले गरेका कुकर्मको लामो सूची बनाएका रहेछन् । गाइनेले गीतमा बाँधेर सारंगी रेटेजस्तै यिनले पनि गीतको आँसुमा अपराधको, पापको बयान गरेको सुनें :

छोरा र छोरी पनि स्कूलबाटै...

'पख, पख, मलाई पहिले गाउन दे, म गाइहाल्छु, नत्र बिर्सन्छु क्या ।'

अर्कीले गाउन थाली, केटा साथीहरूले उसलाई साथ दिए । अब समूह स्वरमा एकसाथ अश्रुगीत गुञ्जियो-

काटेर मारे र कुटेर मारे
गिंडेर, छेडेर, चिरेर मारे
बाँधेर मारे कतिलाई गोली
धराप थापेर सहस्र मारे,
ती आततायी वनबाट आए
विधान कालो वनकै बनाए
सन्मार्गको चेत हुँदै भएन
सत्ता भए पुग्दछ सोच छैन ।

गीत सुन्न मलाई गाह्रो भयो । म मनको औषधि खोज्न हिंडेको मानुष, अझ आहत भएझैं लाग्यो । त्यसपछि भष्मेको ठुटो र पाषाण प्रतिमालाई त्यहाँका हरेक नागरिकले ढुंगाले हिर्काउने र लाठीले चुट्ने गरेको देखेर यो दण्ड विधानले सामाजिक मान्यता पाउन थालेको विश्वास भयो ।

विद्यार्थीहरू खुशी भएर हिंडे । म पनि फलैंचाबाट अश्रुसिक्त भएर उठें ।

❑❑

ढुंगा र लाठी
डीसी नेपाल डट कम
२०७७ जेठ ३ गते १४:३२

आँसु रोकिएनन्

'परदेशी सर, हिजोको समय रहेन । गाउँमा अब तन्नेरीहरू छैन । कोही ब्रिटिश आर्मीमा गयो, कोही इण्डियन आर्मीमा गयो । आफ्नो देशको सेनामा पस्न सकिएन भन्छ, त्यस्तोहरू अरबतिर लाग्यो । सधैं-सधैं बाकसमा भरिएर आउँछ भन्छ । त्यसले पनि मनमा औडाहा पसिबस्छ । हाम्रोतिर मात्र होइन, वरपर, वारिपारि जता हेऱ्यो, खेतबारी बाँझै पल्टिएको छ । गाउँघरमा तन्नेरीहरूको भाउ धेरै बढेको छ । हुर्क्यो कि गाउँ छोडिहाल्छ । नयाँ युग ल्यायो भन्छ सर, खै भोकभोकै मरिने पो हो कि भन्ने डर पनि लाग्छ । अब त हाम्रो कुरा सुनिदिने पनि कोही छैन । सरहरू जस्तो पाहुना कहिलेकाहीं आइपुग्छ, त्यो पनि झुक्किएरै होला कि भन्छु । यस्तो रित्तो गाउँमा कोहरू आउला र फेरि फेरि ?'

बजूका कुरा सुनेपछि राति निन्द्रा परेन, मुश्किलले दुई-तीन घण्टा ऊ निदायो । उठेपछि कति पटक बिहानको चिया दोहोऱ्याइसक्यो । ऊ आफ्नो भारी हेर्छ, हिजोका सुविधा सम्झन्छ । रमाइलो दृश्य आँखामा नाच्छ । रसिलो जीवनशैलीको अनुपम अनुभव गुन्छ । तर अहिले द्विविधामा पर्छ । यात्रा रोकेर फर्किने ? या एक्लै-एक्लै घस्रिने ?

यस पटक चिया ल्याउँदा बजूले भनिन्- 'सर, यत्रो बेर भइसक्यो, घाम चढिसक्यो, हिंड्ने सुरसार देख्तिनँ, कि सन्चो भएन कि सरलाई ?'

'सन्चै छ । मनमा थोरै बिसन्चो बढ्यो । कोही साथी मिलिहाल्छ कि भनेर पर्खेको पनि हो । मेरो झोला पनि अलिक भारी छ । के गर्ने, कसरी जाने भनेर सोचमा परेको छु । निर्णय गर्न सकिरहेको छैन ।'

'ए, सरलाई त अप्ठेरो पो परेछ ।' अनि एकछिन सोचेर भनिन्- 'म सोधिहेरौं है, कुनै उपाय निस्किन्छ कि ?' बजूले आशा देखाउने वाक्य भनेर आँगनको डिलबाट उच्च स्वरले बोलाइन्- 'देउसरा, ए देउसरा... ?'

'किन बोलाइबसेको हो बजू ?' भन्दै एउटा डिल उक्लेर देवसरा आँगनमा पुगी र पाहुनालाई नमन गरेर बजूकै छेउमा हाजिर भई ।

'देवु, सरलाई एउटा साथी चाहिए जस्तो छ । भारी पनि छ क्यार । उहाँलाई सहयोग गर्ने कोही छैन तिम्रो नजरमा ?'

'एकैछिन है, म सोधिहेर्छु ।' ऊ टेलिफोनसँग अल्मलिंदै अलिक पर गई । फेरि फर्केर आई र सोधी- 'सरलाई कस्तो साथी चाहिएको ? ब्याग मात्र बोक्ने, गाइड गर्ने, लन्च र डिनरको पनि व्यवस्था गर्ने, अथवा ?'

उसले भन्यो- 'मसँगै गएर सँगै फर्के पनि हुन्छ । हतार भए मलाई पुऱ्याएर फर्के पनि हुन्छ । अथवा फेरि मलाई लिन गए पनि हुन्छ ।'

बजूले फेरि चिया सोधिन् उसलाई । उसको ध्यान देवसरातिर थियो । साथी मिल्यो भने उसलाई समेत चमेना गराएर हिंड्ने विचारमा थियो ऊ ।

'सर, दुई जना केटीहरू छ साथी-साथी । उनीहरू दुवैजना सँगै जाने भन्छ । छुट्टिन मान्दैन । सर के भन्नुहुन्छ ? उनीहरू स्कूल छोडेर बसेको छ । अहिले मामाको घरमा आएको छ । बर्खी सकियो । फर्कनै लागेको छ । बोलाऊँ कि भैगो, पर्दैन रे भनौ ? उनारू पर्खिबसेको छ ।' देवसराले कुरा खुलस्त गरी ।

उसले 'हुन्छ' भनेपछि फेरि टेलिसंवाद चल्यो ।

'बजू, सेरा र पोखरा आउने भयो । म तल्तिरै खाना तयार पार्छु । सरलाई पनि उतै बनाउँछु है ?'

आजको दिन खेर गयो भनौं कि पर्खाइमा ? जसरी हेरे पनि भयो । सेरा र पोखरा अलि बियाँलो गरेर आए । सौदा गर्दा समय लागेछ । त्यसैले थाकेर, भोकाएर आए । आज आफूले चाहेजस्तै गरी खानु थिएछ उनीहरूले । त्यसैका लागि गरिएको सौदा थियो । अनि बेर भयो ।

दिन ढल्क्यो । बल्ल खाना तयार भो । खाएपछि आलस्य बढ्यो । आज यात्रा नगर्ने सल्लाह भो । रातिको खाना झन् रमाइलो वातावरणमा सम्पन्न भो । परदेशीले पनि आजको दिनलाई सफल ठान्यो ।

भोलिपल्ट सखारै हिंडे । एउटा ब्यागको भारी तीन जनाले बाँडेर बोके । यात्रा सरल भयो । यद्यपि सेरा र पोखरा अर्काको भारी बोकेर खाने चेलीहरू थिएनन् । मुलुकको परिस्थितिले वेला-वेलामा यसरी नै भरिया हुन बाध्य गरेको थियो । आततायी युद्धले ध्वस्त पारेको थियो आश्रय र धुरीहरू ।

यिनको ग्रहदशा बिग्रेर हो कि मुलुकको भाग्य बिग्रेर हो, भन्न सकिंदैन । नमिठो सत्य यति मात्र हो- माओवादीले सेरालाई टुहुरी बनायो, उसकी आमा बेपत्ता भई । पोखरा बाबा मारिएपछि जन्मी । धुरी र आश्रय नभएका वर्गमा

दरिए बिचरीहरू । मनले मागेको खाना पेटभर खाएर आनन्द मान्ने रहर जाग्थ्यो वेलावेला । आज यसै रहरले अर्काको भारी बोकाएको थियो यी स्कूले छात्राहरूलाई ।

भय र लज्जा छोडेपछि मानव सुखी हुन्छ क्यार । ओरालो ओर्लिसकेपछि बाटो तेर्सियो । टन्टलापुर घाम, मध्यान्ह । नदीको किनार । निर्जन क्षेत्र । बाटोमाथि ढुंगेधारा । भारी बिसाउँदै सेराले भनी- 'परदेशी सर, हामी एक छिन धारो-पानीमा अल्मलिएर आउँछौं, पर्तिर पर्खिनुहोला है ।'

उनीहरू मस्त नुहाएर आए । अलि पर चौतारीमा भीड थियो । परदेशी पनि त्यहीं पर्खदै थियो उनीहरूलाई । चौतारीको भीड 'शोक दिवस, स्मृति दिवस' मनाउँदै थियो । आततायीहरूले बाटोमा धराप थापेर १२ जनालाई एकै चिहान बनाएका थिए आजकै दिन, यसै ठाउँमा ।

सेरा र पोखराले त्यहाँ पुगेर आँखाभरि हेरे- चौतारीमा वरदेखि परसम्म मृतकका फोटा, नाम, समय र मृत्यु भएको कारण अंकित गरिएको थियो । सोधे, बुझे, अनि आफ्नो अवस्था गुने त्यसमा जोडिएर ।

यो परिवेशले उनीहरूलाई अँगालो हालेर रून बाध्य गरायो । असाध्य रोए । आमा र बाबु हराएको दिन उनीहरूले यकीन गर्न अझै सकेका थिएनन् । त्यसैले आँसु रोकिएनन् । परदेशीले गुन्यो- 'मान्छे मारेर सत्तामा पुग्ने चलन यो माटोमा अझै कायम रहेछ ।'

यात्रा त्यहाँबाट अगाडि बढ्न सकेन ।

❑❑

आँसु रोकिएनन्
डीसी नेपाल डट कम
२०७७ असार २७ गते १०:०४

नपुंसकहरूको राज्य

महिला दिवसको सन्दर्भ पारेर दारा मन्त्रालयमा छात्राहरूको एउटा ठूलो टोली पुग्यो र माग प्रस्तुत गऱ्यो । त्यसले समाचारको ठूलो क्षेत्र ढाक्यो, भाइरल भो ।

दारा मन्त्रालयमा दारा नै मन्त्री हुनुपर्छ भन्ने प्रतिगामी माग त्यहाँ थिएन । रंगशालाबाट सरासर आएको हो कि जस्तो देखिने छात्रा खेलाडीको टोली खेल पोशाकमा नै थियो । भलिबल, फुटबल, टेनिस बल, ऱ्याकेट तिनका हातैमा थिए । चञ्चल, फुर्तिला, जाँगरिला, उत्साही देखिन्थे । उनीहरू सरासर मन्त्रीको कक्षमा पसे । यो पहिलो घटना थियो- कम्युनिस्टिक चिन्तनको पर्खाल भित्र डेमोक्रेटिक संहिताको उल्लंघन । अन्यथा व्यापारी, बिचौलिया, तस्कर र एक्ला तरुणी बाहेक अरूलाई त्यसरी प्रवेश गर्ने आँट हुँदैनथ्यो ।

निर्लिङ्गी मन्त्री हुनु स्वागतयोग्य कुरा थियो । लिङ्ग नछुट्टिने, जड, सानु वा भ्रमकर जीवलाई पुलिङ्ग जस्तै ठान्ने भाषिक संस्कारको सीमा बुझेझैं गरेर उनीहरू मन्त्रीको कार्यकक्षमा पसे र कोही बैठक कक्षमा फैलिए । चुम्मा-चाटी गर्दै गरेका युवा जोडी बैठक कक्षबाट लुगा सह्यार्दै निस्किए । फोटो कसैले लिएन किनभने राज्यशक्तिले सजिलै असत्य सिद्ध गरिदिन्थ्यो ।

छात्राहरूको टोली त्यसरी अकस्मात् पसेकोमा मन्त्री झ्वाँक्किन खोज्यो तर फेरि आफैंलाई सम्झायो । ऊ जान्दथ्यो, विद्यार्थी भनेको अन्तर्राष्ट्रिय शक्ति हो, यसलाई रोक्न र पन्साउन हम्मेहम्मे पर्छ । विवेकको प्रयोग नगरे बित्यास पर्छ । त्यसैले ऊ छात्राहरूसँग संवाद गर्न तत्पर भयो । भन्यो- 'तपाईंहरू को को हुनुहुन्छ ? कति जना ?'

'विधानले औल्याएका प्रत्येक समूहबाट प्रतिनिधित्व गरेका छौं ।'

मन्त्रीले आदरसाथ भन्यो- 'मैले बुझिनँ । स्पष्ट पार्नुहोला कि ?'

'हामी सबै छात्रा हौं । यति नै पर्याप्त होला हाम्रो परिचय । थप परिचय दिंदा फरक-फरक कुर्सी र ठाउँ चाहिने होला । फेरि चियापानको अफर आयो भने अझ जटिलता बढ्ला । आखिर संविधानको अवज्ञा जो गर्नु भएन । यति

नै ठानिदिए पुग्छ - खस आर्यदेखि सीमान्तीकृत सम्मका छौं । र, ती पनि छौं, जो आर्य हुँदाहुँदै पनि गैरआर्य कित्तामा पारिएका छौं होच्याएर । कुरा स्पष्ट भयो होला कि अब ? त्यसैले सीधै विषयवस्तुमा केन्द्रित किन नहुने ?'

'ठीक भन्नुभो । तपाईंहरू आफ्ना कुरा भन्नुहोस् ।'

'हामीले कुमार केटा पाएनौं, बिहे गर्न कठिन भो हामीलाई !'

'हामी के गर्न सक्छौं ? अर्थात् राज्यका तर्फबाट कस्तो सहयोग पुऱ्याउन सकिन्छ ?' गम्भीर ढंगले सोचेको अभिनयमा उसले निदार खुम्च्यायो र सोध्यो- 'कुनै विकल्प छैन ?'

'छन् नि ! बहुविवाहको ढोका खोलिदिनुहोस् । त्यो नभए हाम्रा सन्तानको बाबु वा अभिभावक-संरक्षक दिनुहोस् । त्यो पनि नभए हामीलाई रोजगारी दिनुहोस्, हामी कुनै न कुनै व्यवसाय गरेर बाँच्न चाहन्छौं । ऋण र तालिम दिनुहोस् । राज्यले गर्दा नहुने के छ ? कृषिभूमि र बजारको व्यवस्था मिलाइदिनुहोस् ।' छात्राहरूबाट निकासको प्रस्ताव आयो ।

एउटी छात्राले थपिन्- 'सत्तामा पुगेकालाई केवल धनराशि नै जम्मा गर्नुछ भने हामी बच्चा पाइदिन्छौं, हामीलाई बच्चा उत्पादन गर्ने मेशीन ठानौं । हुर्किएपछि आँखा र किडनी बेचौं, रगत बेचौं, काम सकिएपछि कि श्रमिक भनेर मुलुकबाहिर निकालौं, कि कोठीमा पुऱ्याउने निरन्तरता थामौं । राज्यले अरू के गर्न सक्छ र ?'

'हो नि, पर्दाभित्र चाहिं जोसँग पनि खेल्ने, जे पनि गर्ने अनि विधिसम्मत गर भन्दा चाहिं अडचन देखाउने ?'

'ओह ! आततायीले कोपिलादेखि फक्रन लागेका फूल समेत निमोठेर नारी तत्वको सक्तो उपेक्षा र दुरुपयोग गरेको तथ्यांक यिनले जम्मा गरेजस्तो छ । कुनै उपायले छुटकारा लिनै पर्ला अहिले ।' मन्त्रीले मनमनै गुन्यो अनि प्रकटमा भन्यो- 'तपाईंहरूको प्रस्ताव युगानुकूल छ । म यो संसदमा लिएर जान्छु । 'दारा सहयोगी पीठ' मा पेश हुन्छ । सकारात्मक निष्कर्ष आउला भन्ने आशा गरौं । मलाई केही समय दिनुहोस्, म सक्तो छिटो किनारा लाउने प्रयत्न गर्नेछु ।'

संसदको 'दारा सहयोग पीठ' मा यसबारे विशद मीमांसा हुनु थियो, भयो । सबै प्रक्रिया पूरा भएर प्रस्तावमा हस्ताक्षरको काम मात्र शेष थियो । तर अकस्मात् द्विविधा भो, तिनले शर्तनामामा आफू चुकिसकेको कुरा सम्झे । मालिकको आवाज तिनको कानमा चर्को स्वरले गुञ्जन थाल्यो- 'नौजवान र

नवयुवतीलाई कुनै पनि योजना जन्माएर अथवा बहाना बनाएर यता पठाउने प्रतिज्ञा गर ।'

एउटाले आदेश सम्झ्यो- 'जवानलाई श्रम साट्न विदेश पठाउने, तरुणीलाई जथाभाबी बरालिन छोडिदिने, बाबु नचिनिने सन्तान बढाउने, सकेसम्म सडक बालक तयार गर्ने र पछि तिनैलाई आफ्नो दलको गुण्डा र गुटको हुक्के बनाउने बाचा गर ।'

अर्काले आदेश सम्झ्यो- 'तरुणी जति यता पठाउने योजना जन्माऊ, मौका पऱ्यो कि चौका हान । धेरै दरबन्दी खाली छन्- महलमा र कोठीमा । तिमी नै भन न, तन्नेरी नभएपछि तरुणी के गर्छन् ? त्यसैले युवालाई यस्तो ठाउँमा पठाऊ, जहाँबाट उसले चाहेको वेला फर्कन नपाओस् । फर्के पनि बाकसमा फर्कोस् ।'

अर्को सांसदले मालिकको आदेश सम्झ्यो- 'जसरी हुन्छ, परिवार भाँड । त्यसपछि गाउँ, समाज र सिंगो देश त्यसै भाँडिन्छ । यदि १२ पास गरेका तरुणा-तरुणी छन् भने तिनलाई पनि पढ्ने व्यवस्था मिलाएर हामी यतै अल्झाउँछौं । हाम्रो सेनामा कमी आउनु पनि भएन र कोठी पनि खाली हुनुहुँदैन । द्रव्यको चिन्ता नगर ।'

अर्काले, झन् अर्काले सम्झ्यो- 'यो पनि सम्झ- तिम्रो भत्ता र प्रतिष्ठामा कमी आउनेछैन । तिमीलाई चुनाव जिताउने र सत्तामा पुऱ्याउने शक्ति हामी नै हौं । तिमीहरूको राजनीतिक अभ्यास हाम्रा लागि पोषक हुनैपर्छ । हाम्रो नेटवर्क तिम्रा लागि उपयोगी नै हुनेछ ।'

बैठकमा केहीले बहुविवाहका लागि ढोका खोल्ने प्रस्ताव गरे । छोरीहरू देशभित्रै हुन्छन्, दाम्पत्य जीवनमा प्रवेश गर्छन्, सौतामाथि थपिन गए पनि सुरक्षित हुन्छन् र भिन्नै घरमा बसेर गृहस्थी चलाउँछन् भन्ने उनीहरूको तर्क थियो ।

तर, अधिकांश सांसदले अर्कै बाटो रोजे । मालिकको आदेश प्रतिकूल निर्णय गर्ने उनीहरूको हिम्मत थिएन । अन्यथा सत्ताच्युत हुने अथवा मामाघरको वास हुने मात्र होइन, जीवनबाटै हात धुनुपर्ने हुन सक्ने भयले आक्रान्त थिए । त्यसैले, बैठकको अत्यधिक बहुमतले छात्राहरूलाई थप पढाइ र तालिमका लागि विदेश पठाउने कुरामा जोड दियो । निर्णय भने अर्को बैठकमा गर्ने भनेर थाती राखियो ।

अर्को साता छात्राहरूको त्यही टोली प्रगति बुझ्न मन्त्रालयभित्र पस्नासाथ दर्ता चलानी फाँटमा कसैले एउटा बन्द चिठी दियो । छात्राहरूले खोलेर हेरे, त्यसमा लेखिएको थियो :

'सावधान ! तपाईंहरूमाथि धोका हुँदैछ । तपाईंहरूलाई पढाइ र तालिमका लागि विदेश पठाउने निहुँमा बेच्न, गृहदासी बनाउन र कोठीमा पुऱ्याउन खोज्दैछन् । विचार गरेर मात्र निर्णय लिनुहोला । पर्वतीय क्षेत्रका कैयौं दिदी-बहिनीले उताका कोठी भरिएका छन् । यहाँबाट जनसंख्या घटाउने र पुरुष शक्ति हटाउने योजना असुर-सत्ताकै हो, जो उतैको इशारामा चल्ने गर्छ । तपाईंहरू पनि यस्तै योजनाभित्र फस्तै हुनुहुन्छ । सावधान !'

यो सावधानीपत्र पढेपछि छात्राहरू मन्त्रीलाई नभेटी फर्किए र एउटै वाक्यमा टिप्पणी गरे- 'नपुंसकहरूको राज्य !'

❑❑

नपुंसकहरूको राज्य
डीसी नेपाल डट कम
२०७७ भदौ १३ गते ८:५६

मीहाङ र चाइना टाउन

चन्द्रागिरिको हेलिप्याडमा हेलिकप्टर रोकेर उनीहरू बाहिर निस्के । त्यहाँका दर्शनीय स्थल घुमफिर गरे र एउटा कफी-हाउसमा पसे ।

'अंकल, हजुरको निद्रा मिलेको छैन क्यार ! घुमफिर गर्न सजिलो होला के ?' सुहाङले प्रसंग कोट्यायो ।

'प्लेनमा पनि सुतेरै आएको हुँ । त्यति असजिलो छैन । यहाँ पनि सुतें । यहाँको सुताइमा चिन्ता हुन्न । थोरै सुते पनि निद्रा पुगिहाल्छ । मजाले घुम्न हेर्न सकिन्छ । चाइना टाउनको चर्चा खूब हुन्छ, बरु एक झल्को हेरौं कि भन्छु ।'

'हो अंकल, कुनै खोट पनि छैन र कुनै कमी पनि देखिंदैन । अत्यन्त व्यवस्थित छ । वस्तुगत र वैज्ञानिक पनि । एउटा नमूना नै हो यो ।'

'अकस्मात् कसरी यत्रो योजना सम्पन्न भो त ? गजब होइन ? त्यो पनि इण्डियाले आँखा खोलेकै वेला ! फेरि चिनियाँ अक्षर लेखेको पाल देखे पनि इण्डिया काम्छ, हैन र ?'

'इण्डियाले तर्साउन र उत्पीडन दिन नछोडेको भए नेपालमा चाइना टाउनको विकास हुने थिएन । यसलाई इण्डियाको नागबेली सहयोग ठान्नुपर्छ र उसको वक्र नीतिप्रति प्रशस्ति ज्ञापन गर्नुपर्छ ।'

'सुहाङ भाइ, यस्तो योजना जन्माउन र सफल पार्न त कसैको अग्रसरता होला नि ! सरकारको काम त पक्कै होइन, पाइला-पाइलामा भाँड्नेले के योग पुऱ्यायो होला र ?'

'अंकल, यो त 'आँप मैले फलाएँ' भनेजस्तै हो । माटो, जीवन र संस्कृतिमाथि सबै वेला एउटैको अधिकार र नियन्त्रण रहन्छ र ? फरक ढंगले सोचेर नै यो कार्य सफल पारेको हो कि भन्ने ठान्छु । जसरी कथित नेताले गुपचुप सन्धि, सम्झौता र हिसाबकिताब गरेर देशको दुर्दशा पारे, ठीक त्यसको विपरीत मीहाङले राष्ट्रको रक्षामा आफूलाई उत्सर्ग गरे । उनका योजनाबाट रिसाएर आततायीले उनलाई धराप थापेर मारे ।

'बडो मार्मिक कुरा गर्नुभो भाइ । यी मीहाङ को हुन् ?'

'ए, साँच्चि अंकल, उहाँलाई चिन्नुहुन्थेन ? छोटकरीमा भन्ने हो भने ताप्लेजुङको पालुङ्वा पञ्चायतकालमा मन्त्री हुनुहुन्थ्यो नि !'

'हो, चन्द्रबहादुर हो क्यार ! उहाँ त प्लेन दुर्घटनामा पर्नुभो होइन ।'

'हो, उहाँकै नाति हो मीहाङ । उनकै देन हो चाइना टाउन ।'

'कसरी सफल हुनुभो त उहाँ ? मेलम्चीको पानी आउन नदिने राज्यनीतिभित्र चाइना टाउनको योजना पूरा हुनु भनेको सामान्य कुरा हो र ! यो त गजब हो नि !'

'अंकल, म हजुरलाई त्यो क्षेत्र आधा गुगल म्यापबाट देखाउँछु र आधा आकाशबाट, हुन्न ?'

'हुन्छ ।'

सुहाङले गुगल खोलेर देखाउँदै-औंल्याउँदै गयो :

अंकल, यो पूर्व-पश्चिम महेन्द्र राजमार्ग । त्यसको दक्षिणतर्फ झन्नै तीन माइल पर ठाउँ-ठाउँमा रेखाङ्कित समानान्तर राजमार्ग हो । यसमा घना बस्ती बसाइएको छ जसमा भूकम्प, बाढी, पहिरो पीडित र चेपाङलाई सरकारबाट व्यवस्थित रूपमा राखिएको छ ।

अंकल, यो योजनाबाट बालकले स्कूल भेटे, जवानले काम खोजे र बूढा-बूढीले उपचार पाए । यिनको मूल भूमिमा एनआरएनले आधुनिक बस्तीको विकास गरेर ५० प्रतिशत नाफा भू-पतिलाई नै दिएको छ । कृषि, पशुपालन र घरेलु उद्योगबाट स्थानीय जनता लाभान्वित भएका छन् ।

अब सीमाना क्षेत्रतर्फ हेरौं- यो हुलाकी बाटो हो र यसको उत्तरतर्फ दुई माइलभित्र अर्को राजमार्ग हो । यो ६ लेनको छ । यसैमा पर्छ चाइना टाउन । राजनीतिसँग असंपृक्त रहेर मीहाङले प्रशासनसँग मित्रता गाँसे र आफ्नो संकल्प पूरा गरिछाडे । यसमा ब्यूरोक्रेसी अर्थात् स्थायी सरकारको ठूलो सहयोग छ । सचिवहरूले सहयोग गरे । यो पनि इतिहास नै हो ।

बजार एकातिर छ र आवासीय क्षेत्र अर्कातिर । फेरि वारुण यन्त्र, बैंक, हुलाक, प्रहरी चौकी, उपचार केन्द्र, थिएटर, रेस्टुराँ, रात्रि क्लब, मनोरञ्जन केन्द्र, बाल उद्यान, प्रसाधन कक्ष, पौडी कक्ष, कार्गो सेन्टर र भिन्न-भिन्न उद्देश्य र प्रकृतिका पार्किङ ठाउँहरू उचित स्थानमा व्यवस्थित छन् ।

अंकल, बाहिर त धेरैतिर घुम्नु भएको होला । अब यहाँ पुगेपछि कस्तो छ हाम्रो चाइना टाउन, हेर्नुहोला नि ! मलाई त प्रवेशद्वार हेरेरै अर्के संसारमा पुगें

भन्ने लाग्यो । यो त राजनीतिमूलक दुर्नीतिको सकारात्मक प्रतिफल हो भन्ने लाग्छ मलाई । तैपनि एउटा कुरा मैले बुझ्न सकिनँ अंकल ।

'के कुरा ?'

सुहाङले भन्यो : मेचीदेखि महाकालीसम्म र दोधारा-चाँदनीमा समेत यस्ता टाउन खोलिएका छन् । किन्तु सीमा-द्वार पुरानै कायम छन् । सुरक्षाका दृष्टिले या राज्यको नीति बुझेर हो, थाहा हुन सकेन । रमाइलो कुरा के भने यो टाउनमा चाहिं जहाँबाट पस्यो त्यतैबाट निस्कनुपर्छ ।

कन्काईदेखि कर्णालीसम्म साना ठूला सबै नदीको उपयोग गरिएको छ । सुरुङ बनाएर सुनकोशीको पानी ल्याएर वितरण गर्नु कसरी सामान्य कुरा ठान्नु ? नेताका लागि मेलम्ची दुहुनु गाई बनेको प्रमाण मेटिन्छ र ? पहाडको पेटी-पेटीबाट सिंचाइ र जलमार्गको विकास यसैको अर्को अंग हो । अब त्यतै लागौं र आँखाभरि हेरौं ।

'कति वटा टाउन छन् ?'

'प्रत्येक जिल्लामा एक-एक तर बाँके, बर्दिया, कैलाली र कन्चनपुरमा दुई-दुई टाउन छन् । फेरि चाँदनी-दोधारामा एक-एकवटा ।' सुहाङले ल्यापटप बन्द गऱ्यो र थप्यो- 'अंकल, कताबाट जाऊँ ?'

'मैले आशय बुझिनँ ।'

'यदि जापान सरकारले बनाइदिएको बाटो हेर्नुभएको छैन भने बनेपा पुगेर दक्षिणतर्फ लागौं । सुनकोशीको आकाशबाट बीपी राजमार्गको दृश्य अवलोकन गर्दै जाऊँ । बडो मन खुल्छ ।'

'हुन्छ, त्यसै गरौं ।'

आकाश मार्गबाट औंल्याउँदै सुहाङले भन्यो- 'यो महेन्द्र राजमार्ग हो, त्यो पल्लो टुक्रा-टुक्रामा रेखांकित अर्को राजमार्ग हो । यसैमा बसाइएका छन् स्थानान्तरण गरेर ल्याइएका बेघर नागरिकहरू । अब हामी चाइना टाउनको आकाशमा पुग्न लाग्यौं ।'

आकाशबाटै एक परिक्रमा लगाएर विहङ्गावलोकन गरेपछि चाइना टाउनको दक्षिणपूर्व कुनाको हेलिप्याडमा उनीहरू ओर्लिए । बीएमडब्लू जीप चढेर बजार र आवास क्षेत्रमा घुमे । गुम्बा र मन्दिरमा झुके । निर्मित उपवनमा पुगे । बाल-उद्यान पसेर रमाए ।

फेरि सिनेमा घरमा पुगे । एउटै घरमा चारवटा मूवी एकै समयमा चल्थे । नेपाली, मैथिली र भोजपुरी प्रत्येक दिन दुई शो; नेवारी, लिम्बू, गुरुङ, तामाङ,

मगर भाषाका प्रत्येक दिन एक शो अनि चाइनिज, तिब्बती र अंग्रेजी सिनेमा हप्ताको तीन-तीन शोको कार्यतालिका थियो । एक छिन मोनोरेल चढेर शहर र आवास क्षेत्र घुमे । दुनियाँ रमाएका देखेर आफू पनि रमाए ।

फेरि लन्चका लागि चाइनिज रेस्टुराँमा पसे । सम्पूर्ण चाइना टाउन चिनियाँ कला मिश्रित पेगोडा शैलीमा थियो । लाग्थ्यो, वनदेवीको सिर्जना हो ।

फर्कंदा उडानबाटै सीमा स्तम्भको अवलोकन गरे । भिडियो क्यामेरा र दूरवीक्षण यन्त्रको यथेच्छ उपयोग गरे । मौका हेरेर सुहाङले भन्यो- 'अंकल, मीहाङको प्रसंग अब जोड्दा सन्दर्भले पूर्णता पाउँछ ।'

'हो, त्यही जान्न म आकुल छु ।'

'उहाँ राजनीतिक प्राणी त हो, तर राजनीतिलाई समाज र राष्ट्रको नियमनका लागि, उत्थान र आरोग्यका लागि उपयोग गर्नुपर्छ भन्ने धारणा राख्नुहुन्थ्यो । म सम्झन्छु, उहाँ आफ्नो धारणामा प्रतिबद्ध हुनुहुन्थ्यो । त्यसैले चाइना टाउनको योजना अग्रसर गरेर आफ्नो संकल्प पूरा गर्नुभयो ।'

'कस्तो संकल्प ?'

सुहाङले भन्यो : नागरिकताको मुद्दा सधैंका लागि सिल गर्ने । अर्थात् नागरिकताको विषयलाई लिएर संविधान संशोधन गर्ने कुरा फेरि कहिल्यै उठेन । एक पटकको अंगीकृतले सधै अंगीकृत नै जन्माउँदै जाने शर्त मन्जूर गरे । त्यसपछि न चिमोट्दा कसैलाई दुख्यो न कोही ब्यूँझ्यो । सडक, संसद र विवाह मण्डप सब चूप ! सिगात्सेले जुँगामा ताउ दियो, हस्तिनापुरेले जुँगा झार्‍यो । गजब होइन ? त्यसै चाँदनी दोधारासम्म बेजिङ्को रेलरोड पुऱ्याउन थालिएको हो र ?

अर्को कुरा, राजसंस्था रहुन्जेल नेपालले इण्डियालाई टेरेको थिएन । थिचेरै राखेको थियो । अहिले टाउको विनाको शव नदीमा ढाडिए झैं स्वरूप बढाउन खोज्यो । उसले आफ्नो साइजमा बस्न सक्नुपर्छ । उसलाई साइजमा पुऱ्याउने यो मनोवैज्ञानिक यन्त्र हो ।

चाइना टाउन निर्माण हुन थालेपछि पनि दैनिक 'जमुना तरङ्ग' ले भारतीय मूलका बासिन्दालाई दबाउन खोजियो भनेर चिनियाँ ठेकेदारलाई ठेक्का दिएकोमा खूब विरोध गऱ्यो । तर हाम्रो 'कर्णाली दैनिक' ले कर्नालको हुंकार छाप्यो- 'चिनियाँ अनुहारमा देखिने अनुहार हाम्रै छोरा-बुहारी र ज्वाईं चेली हुन् । हस्तिनापुरेको पत्रकारिता सत्य बोल्न चाहँदैन । भ्रम फैलाउनु उसको प्रवृत्ति हो ।

तर हामी नराम्रो मान्दैनौं । छिमेकी हो इण्डिया, हाम्रो भाइ होइन र समकक्ष पनि छैन । हामी र पाकिस्तान भन्दा कान्छो, श्रीलंका भन्दा केही जेठो मात्र हो ।'

'गुलामसँग गुलामको बराबरी होला । त्यस कुरामा हाम्रो विरोध छैन । त्यसैले मर्यादामा रहेर संवाद गर्नु राम्रो । पहिले तिमी आफ्नो झण्डा ब्रिटेनको झण्डाको उचाइमा त पुऱ्याऊ, अनि बराबरीको कुरा गरौंला । यदि स्वतन्त्र मुलुक र गुलाम भएको मुलुकको कतै बराबरी मानिएको भए नजीर देखाऊ । त्यसैले असल कुरामा संवाद गरौं, विवाद होइन ।' - हाम्रो भनाइ यही हो अंकल ।

'जुन देश आफ्ना देशका नागरिकलाई चाइनिज देख्छ, भन्छ, त्यो देशले अरूलाई के नभन्ला ? चिनियाँ नागरिक इण्डियामा कति छन्, त्यसको गणित छ ? अरुणाचलमा त चिनियाँ परिवेश नै छ नि ! भारतका अच्छा कुराहरू इण्डियाले खत्तम पाऱ्यो ।'

'भाइ सुहाङ, अर्कै कथा पो थपियो त ! निर्माण विधिबारे कुरा हरायो नि ।'

'हजुर, मीहाङ राजनीतिक व्यक्ति त हुनुहुन्थ्यो, तर उहाँले राजनीतिलाई विकास र जीवन सापेक्ष बनाउनुभयो ।'

'त्यो कसरी ?'

'उहाँ ऊन, सुन र नूनको व्यापारी पनि हुनुहुन्थ्यो । औषधि र मुगाको पारखी पनि । ताप्लेजुङको सीवाँ र गोलामा, ल्हासा र खासामा उहाँका कार्यालय र कारिन्दा थिए । चिनियाँ र तिब्बती भाषा बराबर बोल्नुहुन्थ्यो । उहाँले नै उताका मान्छेसँग कुरा गरेर चाँजो मिलाउनुभयो । यतातर्फ आफ्नो जिल्लाका प्रजिअसँग संवाद गरेर देशको रक्षाका लागि आफ्नो योजना पूरा गर्ने जनशक्ति उताबाट भित्र्याउनु भयो । शायद सन्तुलन कायम गर्न यो कदम अनिवार्य भएको थियो । आखिर उहाँ आफ्नो उद्देश्यमा सफल हुनुभयो ।'

'कसरी, कसरी ? कस्तो जनशक्ति ?'

'चिनियाँ चेलीहरू बुहारी भएर, युवकहरू ज्वाईं भएर यहाँ भित्रिए । नेपाली युवकसँग प्रौढ महिला पनि विवाह गरेर आए । घुम्न आएका युवकहरू यहाँका नेपाली छोरीसँगै बसे । फेरि तिनका नातेदारहरू छानिएरै आए । तर त्यस्ता मात्रै आए, जोसँग कुनै किसिमको दक्षता होस् । सिको इण्डियाकै हो, उनीहरू रोटी-बेटी, चोली र चुरीको कुरा गर्थे, चीनले ऊन, नुन, सुन, मेशिन, प्रशासन र सद्गुणका कुरा गरेर उछिन्यो ।'

'कस्ता-कस्ता आए त ?'

सुहाङ बोल्यो : सिभिल, सिंचाइ, कृषि, विद्युत्, आर्किटेक्चर, कम्प्युटर, वाटर सप्लाइ सम्बन्धी विज्ञहरू; सिकर्मी, डकर्मी, रंगकर्मी, बगैंचे अनि विभिन्न क्षेत्रका प्रविधिज्ञ र चिकित्सकहरू आए ।

वास्तवमा मीहाङको अनुरोधमा उताको सरकारले सहयोग पठाइदिएको हो । सजिलोको लागि वैवाहिक सम्बन्ध कायम गरिएको हो । सीमा क्षेत्रमा योजना कार्यान्वयन गर्नुपर्ने हुँदा यो वाञ्छनीय नै थियो भन्ने लाग्छ ।

भनौं, माटो र समय हाम्रो, तर सीप, चेतना, जाँगर र आत्मविश्वास उनैको हो । सबैजसो निर्माण सामग्री उतैका हुन् । ईंटा, ढुंगा, बालुवा र पानी हाम्रो अनि थोरै बाहिरी मजदूर हाम्रा । हामीले यिनलाई केही दिनुपर्दैन कागज बाहेक ।

हामीसँग त्यो भिडियो पनि होला कतै । एक पटक त भाइरल भएको थियो । हाम्री बुहारीले सीमास्तम्भ कति छिटो गाडी, तपाईंलाई विश्वास गर्ने कठिन होला । उसले आफैं हेभी मेशिन चलाई । २१ मिनेटमा खाडल खनी, अर्को मेशिनले १५ मिनेटमा स्तम्भ गाड्यो र ११ मिनेटमा जग पुऱ्यो । यस्तै ढंगले एक दिनमा पचासौं स्तम्भ उभ्याइए । चीनबाट आएका बुहारी गतिला देखिए ।

'अनि यस्ता मेशिन कहाँबाट आए ?'

'उनैले दाइजो ल्याएका हुन् । कति त माइतीले सहयोग पनि गरेका हुन् । इण्डियाबाट दाइजोमा कुकुर, बाख्रा र भैंसी ल्याउँथे, चीनबाट मेशिन र व्यापार नीति लिएर आएका छन् ।'

'यो त च्यालेन्ज भएन र रोटी-बेटीको नारालाई ?'

'हैन, च्यालेन्ज त बराबरीमा पो हुन्छ । उदाहरण चाइना टाउन छिर्ने मुख्य प्रवेशद्वारलाई नै हेरौं न ! यसको भव्यताले उदारता र उदात्त संस्कृति झल्काउँदैन र ! संसारका मुख्य शहरमा जहाँ चिनियाँ जाति बसेको छ, यस्तै द्वारले हाम्रो स्वागत गरेका छैनन् र ?'

'ए, त्यसो भए त नांगिनु छ, समस्याको बोझले किचिनु छ भने उताकी बुहारी ल्याए भो । हैन, कर्मठ र इमान्दार चाहियो भने यताबाट ल्याए भो । अब त प्रश्न उठ्ने भो- चुरा, पोते, सिन्दूर साडीवाली पुतली बुहारी चाहियो कि सामान्य लुगा लगाउने, सीप भएका, सादा र कर्मठ बुहारी चाहियो ? होइन त ?'

'हो अंकल, तपाईं नै भन्नोस् न, देशको रक्षा सीमा विवाद उल्झाउनेबाट हुन्छ कि सीमा स्तम्भ उभ्याउनेबाट ? मीहाङले चाइना टाउनको परिकल्पना किन गरे, त्यसको औचित्य यसैबाट सिद्ध गर्न सकिन्न ? मुक्तिको खुशीले बौलाएको कुकुर बारम्बार तिमीलाई आक्रमण गर्छ भने तिमी कसरी जोगिन्छौ ? के गर्छौ ? रक्षा कवच भएन र यो ?'

'अब यहाँ मीहाङको प्रतिमा उभ्याउनु छ ।'

❑❑

मीहाङ र चाइना टाउन
डीसी नेपाल डट कम
२०७७ भदौ २७ गते ७:३२

शायद अन्तिम सत्य !

'अंकल, बस्तै गर्नुहोस् है, म आज ढिलो भएँ । निस्किहाल्छु । आमा, हिंडें है । अंकलसँग अर्को दिन कुरा गरौंला ।' मैना हतार गरेर निस्किई ।

अंकल परम्परावादी चिन्तन राख्थ्यो, त्यसैले सोच्यो- 'यो अफिस जाने वेला त होइन । तर अफिस हिंडेको शैलीले निस्किई मैना ! कुरा के हो ?' उसले प्रश्नभावले भाउजूतिर हेऱ्यो । किन्तु उसलाई कुनै उत्तर मिलेन । ऊ थन्कियो ।

स्कूटी पार्क गरी । हेलमेट ऐनामा टेकाई र फटाफट हिंडेर ऊ कार्यालय कक्षमा पुगी । टेबिलमा बसेर लेख्न चाहिने सामग्री दुरुस्त पारी ।

बूढा मान्छे केही लर्खराएको शैलीले कक्षमा पसे । तुरुन्तै मैनाले सोधी- 'सर, आज 'केन' नटेकी आउनुभयो, गाह्रो भयो कि ?'

'कहिलेकाहीं यस्तै हुन्छ । तल झरेछ । टिप्न सक्तिनँ, त्यसैले ।' अनि मैनाको टेबिलको बायाँतर्फ सोफामा बस्तै वृद्धले भने- 'आज अलिक अर्कै खालको कुरा छ । तिमीलाई असजिलो लाग्ला कि भन्दैछु ।'

'लेख्ने कुरा किन असजिलो हुथ्यो र ! यो त मेरो काम हो नि ! तर म यो देश अर्थात् यहाँको माटो, जीवन र संस्कृति विरुद्ध लेख्न, बोल्न र गर्न नपरोस् भन्ने कामना गर्दछु । त्यो काम राजनीतिलाई नै छोडौं । त्यस्तो त होइन होला नि !'

'आजको नीति र व्यवहारले भोलि कस्तो स्थिति जन्माउँछ, म त्यसको ऐना देखाइदिन खोज्दैछु । स्वार्थी र गैर राजनीतिक आचरणले राष्ट्रलाई कसरी ध्वस्त पार्छ, त्यसैको दिग्दर्शन गराउँछ आजको लेखनले !'

'कुन विधामा लेखिन्छ यो विषय ?'

'विषय त कथाकै हो, कवितामा पनि प्रवाहित हुन खोज्छ र वैचारिक निबन्धमा पनि । लाग्छ, कम्निस्टले प्रजातान्त्रिक संविधान र प्राङ्गणको दुरुपयोग गर्न खोजेको हो- त्रिगुणी शक्तिको हठ र दम्भले ।'

मेलम्चीको पानीको कफी आइपुग्यो । वृद्ध र मैना कफीमा लागे । एक छिन शून्य समय चल्यो ।

मैनाले कलम कागज समाई, लेख्ने तत्परता देखाई ।

बूढा भन्न थाले- 'कोभिड-१९ को बादलभित्र बिजुली र वज्रको भय देखाएर राज्यशक्तिले नागरिकमाथि जुन बर्बरता देखायो, त्यो मैले देखें । भोलिको कुरा आजै देख्नुको औचित्य के ? यसैले म किञ्चित् पिरोलिएको छु ।'

'कसरी ?' मैनाले प्रश्न गरी ।

'युवा पुस्तालाई त देशबाहिर पुऱ्याएर निष्क्रिय पारे-पारे । नयाँ पुस्तालाई पनि घटाए । प्रजनन नै समाप्त भएपछि नयाँ पुस्ता र युवा जनशक्ति कसरी तयार होला त ?'

'कोभिड-१९ को भ्याक्सिन भनेर स्कूलका बच्चाहरूलाई सूई लगायो सरकारले, किन्तु त्यो भ्याक्सिन थिएन । भ्याक्सिनको नाममा प्रजनन निरोधक औषधि थियो, मेल र फिमेलको फरक-फरक । युवा अवस्थामा पुगेपछि न युवती गर्भवती हुन सक्ली, न युवक गर्भाधान गराउन सक्ने होला । दुवैलाई बाँझो बनाउने उराठलाग्दो उपद्रव ।'

'के राज्यशक्तिकै चाहना हो त यो ?'

'बिल्कुल । यता जनसंख्या घटाएपछि उताबाट जनशक्ति भित्र्याउने बहाना मिल्छ । यी खेताला । योजना उसको !'

'अर्को, युवा पुस्ता अहिले विदेशबाट फर्कंदैछ । तिनका आमाबाबु र दाजुभाइले तिनका लागि खुकुरी उपहार थुपारिदिएका छन् । अब भन, को काटिन्छ ?'

'यो व्यवस्था लाद्ने र जोगाउनेहरू !' मैना बोली ।

'हो, देशको सम्पत्तिको खोजी हुन्छ । झोले काटिन्छन् । मठाधीश लुटिन्छन् । भोको पेटले शोषक-पीडकको पूजा गर्छ कि बलि चढाउँछ ? हिजोको तालिम अर्कै थियो, पूरा गरे । तर अब बलि चढ्छ, जबसम्म राष्ट्रको नाममा सम्पत्ति अर्पण गर्दैनन् । इमान्दार भएर सम्पत्ति बुझ्काए भने आवास र भोजनको कुपन पाउलान्, छले भने वैकुण्ठ वास गर्न जालान् ।'

'के साँच्चै त्यस्तो निर्मम अपराध गर्छन् र राजनीति गर्ने मानिसहरू ?'

'राजनीति अब जूवा हो, व्यवसाय हो, व्यापार हो- जो अर्काको सम्पत्तिमा गरिन्छ, अर्काको आयु र सीपमाथि गरिन्छ । अर्काको अधिकार र खूबी नष्ट गर्न या आफ्नो पार्न पनि गरिन्छ । आजको राजनीति जे पनि गर्छ ।'

वृद्धले थपे- 'राजनीति गर्ने व्यक्तिले एउटा खुट्टा मात्र आफ्नो देशमा टेकेको हुन्छ । एउटा त उचालेकै हुन्छ, ताकि यहाँ कम्पन आउनासाथ फड्को मार्न सकियोस् । थोरै राजनीतिक व्यक्ति मात्र देशभक्त हुन्छन् ।'

'अनि ?' प्रश्नभावले मैनाले हेरी ।

वृद्धले भने- 'अगिको कुरा छुटेछ । बाँझो गराइएका विद्यार्थीहरूलाई स्वास्थ्य परीक्षण गर्न भनेर प्रयोगशाला पुऱ्याउँछन् र किडनी झिकिदिन्छन् । त्यसमा ठूलो व्यापार चल्छ । रगत झिक्छन्, त्यसको पनि रकम आउँछ । छोरीहरूको लामो कपाल काटेर लिन्छन्, त्यसको पनि रकम मिल्छ । उनीहरू दीर्घरोगी हुन पुग्छन् र सुताउने औषधि दिएर सुताइन्छ । त्यहाँ पनि द्रव्यको खेल हुन्छ । घाटमा पुऱ्याउने यत्नमा पनि लाभ र पुऱ्याएपछि पनि लाभ, जबसम्म खरानी सकिँदैन ।'

वृद्धका कुरा सुनेर मैना छक्क परी । अनि खुलेर उसले सोधी- 'सर, कुन देशको अत्याचारको कल्पना गर्नुभएको हो ?'

'यसै देशको, तिम्रो देशको कथा हो यो । तिम्रै नेताको, तिमीले चुनावमा भोट हालेर जिताएका र हराएका कथित नेताको योजनाको कथा हो । द्रव्य आर्जनका उपायमध्ये एक पक्ष हो यो । भनौं, म डाका वा सरदारका लागि 'नेता' शब्द प्रयोग नगर्नू भन्छु । त्यो 'नेता' शब्दको अपमान हो ।'

'कुनै उपायले यस्तो खराब काम रोकिन सक्दैन ?'

'यदि किराँत जातिले सत्ता लियो भने शायद सुधार हुन सक्छ, तर त्यत्रो महान सिंह जातिलाई जनजातिको पिंजडाभित्र हालिदिएका छन् । स्थिति धरापमा छ ।'

'अरू कुनै उपाय ?'

'छ नि उपाय- खुकुरी । खुकुरीको खेल ! त्यसैले म त आव्हान गरिहाल्छु :

हे वीर गोरखाली, अहिले तिमी जहाँ छौ
लाएर धार खुकुरी अब झट्ट आइजाऊ,
आँधी बनेर आऊ आगो बनेर आऊ
दुश्मन रहेछ घरमै खुकुरी नचाई आऊ,
मनमा चढेर आऊ हे वीर शीघ्र आऊ ।'

बेलुका घरमा पुगेर मैनाले सोधी- 'आमा, अंकल खै ?'

'जवानहरू घर फर्कंदैछन् रे, उहाँ डराउनुभएको रहेछ । तिमी हिंड्यौ, उहाँ पनि गइहाल्नुभो ।'

'डराउनुको कारण ? राजनीति गर्नेले देशमा लूट मच्चाएका हुनाले गिंडिनुपऱ्यो भने रून मिल्छ ? गिंडाइमा त बिचौलिया, ठग र घुसघोर पनि त पर्लान् नि ! हिसाब खोज्नु अधिकार होइन र ?'

'तिम्रो अंकल पनि त घेरा बाहिर हुनुहुन्न भन्छन् नि !'

'कर्मको फल त भोग्नैपर्छ, जस्तो कर्म त्यस्तै फल ! अब कसैले कसैलाई काँध थाप्न सक्तैन ! आफैं सुध्रनु पर्छ ।'

उसले दृढताका साथ थपी- 'म त एउटै उपाय देख्छु- लुटेको सम्पत्ति राष्ट्रको नाममा बुझाएर क्षमा माग्नुपर्छ । यदि संविधानले अपराध रोक्न सकेन भने त्यस्तालाई कानूनले मर्नबाट जोगाउन सक्छ र ?' त्यहाँ कानून नपुग्दै यी मरिसकेका हुनेछन् ।'

उपसंहार गर्दै मैनाले फेरि थपी- 'अन्तिम सत्य शायद यस्तै निर्मम होला ।'

❑❑

शायद अन्तिम सत्य !
डीसी नेपाल डट कम
२०७७ असोज १० गते ७:२३

केटाकेटी दोषी छैनन्

प्रहरीले किशोरी छात्राको हतकडी खोलिदियो र इजलासभित्र प्रवेश गरायो । इजलास मात्र होइन अदालतको परिसर र शाखा सडकमा पनि जनताको भीड थियो । धेरैलाई पूर्वस्मृति भयो- बीपी कोइरालाको मुद्दाको बहस सुन्न उसवेला पनि जनताको भीड यसैगरी उर्लिएको थियो ।

बयान मञ्च (कठघरा) मा पुगेर किशोरी उभिएपछि धेरैले आफैँसँग प्रश्न गरे- 'छात्रा उमेर पुगेकी छैनन् कि ? अनागरिक नै होलिन् जस्तो छ । के अदालतले हठ गरेर बयान लिन सक्छ ?'

जजले अदालती कार्वाही गर्ने आदेश दिएपछि वकील विनय विवेकले भन्यो- 'मैयाँ, आफ्नो परिचय दिनुहोस् ।'

'जी, म शण्डा नीरजा । वर्ष १४, कक्षा ९, उचाइ ४ फुट ११ इन्च, ब्लड वर्ण पहेँलो, कपाल र आँखाको रङ फुस्रो, आर्यकुलकी सन्तान । रगत ए-बी पोजिटिभ ।'

'पहिलो नाम यति कठोर, दोस्रो नाम अत्यन्त मृदुल, कसरी यस्तो हुन गो ?'

प्रश्नले होला, अलिकति रातो, विवर्ण अनुहार लगाएर मुश्किलले उसले यति मात्र भनी- चण्ड, शण्ड, शण्ठ र शण्ढ यी हाम्रा गोत्र-वंशका पहिचान दिने नाम हुन् । त्यसपछि मात्र मेरो आफ्नै नाम हो, अरू क्यै हैन ।'

विनय विवेकले पुस्तक अघि सारेर भन्यो- 'यसमा छोएर बाचा लिनुहोस्- सत्य मात्र बोल्छु ।'

'मैले यसको सट्टा मेरा पुर्खाले मारेका ३६ हजार मानिसलाई सम्झेर बाचा लिए हुन्न ? कतिको त क्रिया-कर्म पनि हुन सकेको छैन टाउको नभेटिएर । कति त बेपत्ते छन् ।'

'हुन्छ, अनुमति छ । त्यसै गर ।' जजले भन्यो ।

उसले आँखा चिम्लेर मृतकहरूको परिकल्पना गरी र मनमनै सत्य बोल्ने बाचा लिई ।

वकील विनय विवेकले सोध्यो- 'नीरजा मैयाँ, तपाईंलाई कस्तो मुद्दा लागेको छ, थाह छ ?'

'थाह छ । दुरूत्साहन गरेबापत लागेको मुद्दा ।'

'तपाईं यो अपराध स्वीकार गर्नुहुन्छ ?'

'गर्छु पनि, गर्दिनँ पनि ।'

'त्यो कसरी ?'

'मेरै चिठीले उहाँले आत्महत्या गरेको हो भने म स्वीकार गर्छु । यदि हैन भने त्यो माध्यम मात्र हो; स्थिति पाकिसकेको थियो, उहाँले आफूलाई थाम्नै सक्नुभएन । हजारौं मानिसको हत्या गर्ने क्रूर-कठोर व्यक्तिले आफ्नो हत्या गर्छ भनेर मैले स्वीकार गर्ने कारण बन्दैन ।'

'जुन घटना घट्यो, त्यसको पृष्ठभूमि वा इतिहास भए अदालतलाई सुनाइदिनुहोस् न । स्कूलमा केही भो कि ?'

'तेरो पुर्खा ज्यानमारा, हत्यारा, तँ ज्यानमाराकी सन्तान भनेर सधैं मलाई स्कूलमा डाउन गर्छन् साथीहरूले । अर्को क्लासकाले पनि त्यसै भन्न थाले । टीचरहरूले पनि त्यस्तै भावले मलाई हेर्न थाले । म उपेक्षित हुँदै गएँ । एक्लिदै गएँ । अनि यसको कारण उहाँ नै हो, उहाँकै चरित्रले गर्दा, उहाँकै व्यवहारले गर्दा म हेपिएकी हुँ भन्ने ठानेर मैले यो चिठी लेखें । तर त्यस्तो खुँखार, जोसँग दुनिया डराउँछ, त्यस्तो मान्छे कसरी एउटा टुक्रा चिठीले मर्छ ? उहाँ त कालको पनि काल हो नि ! मेरो चिठीले बलेको आगोमा घिउको काम गरेको हुन सक्छ, त्यति मात्र स्वीकार गर्छु ।'

'कसरी चिठी दिनुभो ? कहाँ राख्नुभो ?'

'सरासर उहाँको घर गएँ । सुरक्षा गार्डलाई भनेर टेबिलमा खाम राखिदिएँ । डाइनिङ टेबिलबाट एक कोसा केरा लिएर खाँदै निस्किएँ ।'

'के लेखेको थियो त्यो चिठीमा ?'

'तपाईंले गर्दा म ज्यादै अपमानित भएकी छु । त्यसैले कि तपाईंले आत्महत्या गर्नुपर्छ, कि म आफैं आत्महत्या गर्छु । तपाईं आज मर्नुभएन भने म भोलि मर्छु । तपाईंसँग एक दिन छ । शण्डा नीरजा । यति नै थियो ।'

'तपाईंले आफैं लेख्नुभयो यो चिठी ? कि कसैले सिकायो, सघायो ?'

'मैले आफैं लेखें । एक जना मान्छेले मलाई वाक्य राम्रो पार्न सिकायो, बस् त्यत्ति मात्र हो ।'

यस पटक मृतक धूलिचन्द्र उत्पलकी पत्नी वैदेही बयान दिन उभिइन् । वकीलले सोध्यो- 'यो चिठीबारे केही भन्नुछ वैदेहीजी, तपाईंलाई ?'

'म भान्सामा थिएँ । आएर फल टिपी, अनि मैले त्यहाँ चिठी राखेकी छु भनेर निस्किहाली । फेरि उहाँ आउनुभो । चिठी हेर्नुभएछ क्यार, यो चिठी कसले ल्यायो भनेर सोध्नुभो । नीरजा आएकी थिई, उसैले होला भने । के रहेछ चिठीमा भनेर सोधें ।'

'कुरा गम्भीर पनि हो, मजाक पनि हो - उहाँले यति मात्र भन्नुभो ।'

अंगरक्षकले पनि बयान मञ्चमा पुगेर यति मात्रै भन्यो- 'मैले त्यस दिन नीरजा मैयाँलाई अलिक हतारमा, अलिक आवेगमा रहेजस्तो देखें । त्यति मात्र हो ।'

अर्को दिन अदालत बस्ने भो, कार्वाही स्थगित भो ।

त्रिगुणी राज्यशक्तिले न्याय वितरणको क्षेत्रमा नयाँ पद्धति थालेको थियो, जसअनुसार अदालत पनि आफ्नो तर्फबाट घटनाको अध्ययन-अनुसन्धान गर्थ्यो र विस्तृत समीक्षापछि निर्णय सुनाउँथ्यो ।

तोकिएको मितिमा अदालत खुल्यो र फेरि इजलास भरियो, फेरि कार्वाही थालियो । मुद्दासँग सरोकार राख्ने र शंकामा तानिएका व्यक्तिहरू पनि उपस्थित भए । खोज विमर्शको सारलाई कथाको शैलीमा डोऱ्याउँदै वकीलले भन्यो- 'मृतक आततायी नेताले रानी वैदेहीलाई चिठीको भाव संकेत गरेको केही बेरपछि उनी बाहिर निस्के; कसैको फोनकल आएको थियो । उनी त्यही होटलमा पुगे, जहाँ पत्रकारलाई झुण्ड्याएर मारिएको थियो । उनको लाश त्यसै नदीमा पाइयो जहाँ मदन भण्डारीको लाश भेटिइएको थियो ।'

बयान मञ्चमा उभिएका शंकास्पद व्यक्तिहरू माथि एक पटक दृष्टि घुमाएर ऊ भन्दै गयो- 'होटलमा उनकै समुदायका सन्तान थिए । जो आर्य, गैरआर्य, नामी, दशनामी, सीमान्तक, असीमान्तक यस्तै छ जना थिए । दुई अढाई घण्टा संवाद, विवाद चल्यो । परिवेश रन्कियो र फेरि सेलायो । क्यामेरा त्यहाँ थिएन । होटलको काउन्टरमा बसेकी युवतीले मलाई बताए अनुसार ती मिलेजस्तो गरेर त्यहाँबाट निस्केका थिए ।'

प्रसंग जोडेर उसले थप्यो- 'यो घटना जंगली कुकुरले बूढो वा अशक्त बाघलाई शिकार बनाएको जस्तो छ । मार्ने पनि उनकै समुदायका सदस्य थिए र मर्ने स्वयं पीठाधीश धूलिचन्द्र उत्पल भए । हिजोआज आफ्नो परिवारका सदस्यहरूलाई मार्ने हावा पनि चलेको छ ।'

जजले भन्यो- 'मार्नु र मर्नुको औचित्य र परिवेश सिद्ध गर्नुहोस् वकील साहेब ।'

अर्को वकील अगाडि सरेर भन्यो- 'यसमा म आलोक छर्न चाहन्छु ।' स्वीकृति लिएर उसले बाँकी प्रसंग थप्यो- 'यो घटना राजनीतिक खेलभित्रै पर्छ । घटनाको पृष्ठभूमि यसै उद्देश्यका लागि निर्माण गरिएको थियो । शण्डा नीरजाको हत्या गराएर धूलिचन्द्र उत्पललाई बाँचुन्जेल आघात पुऱ्याउने सोच राखेर रोडम्याप तयार गरेका थिए, तर उल्टो भइदियो ।'

वकीलको कुरा सुनेर इजलास अझ उत्सुक देखियो ।

उसले भन्यो- 'यो आयोजित कर्म हो, योजनाबद्ध हत्या हो, किन्तु प्रतिफल अर्कै भयो ।'

'कसरी ?'

'नीरजाको मनस्थिति बिथोल्ने परिवेश योजनाबद्ध ढंगले निर्माण गरियो । स्कूलको वातावरण नै उनका लागि आक्रामक र असहिष्णु बनाइयो । उनैले आत्महत्या गरून् भन्ने सोच थियो, तर त्यो विफल भो, उल्टो भो ।'

वकीलले थप्यो- 'धूलिचन्द्र होटलमा पुगेपछि सुविधा, अधिकार र शक्तिलाई लिएर चर्को विवाद भयो । नयाँ पुस्ताले तर्क र औचित्यका आधारमा धूलिचन्द्रले नै आत्महत्या गर्नुपर्ने कुरा सिद्ध गरे । आफू प्रत्येक ठाउँमा चुकेको र आफ्नो यात्राका साथीहरूलाई बारम्बार धोका दिएको, सुविधा कटौती गरेको, आफू र आफन्तलाई मात्र महत्व दिएको तथ्य स्वीकार गरेपछि उसले स्वयं मृत्युवरण गर्ने संकल्प लिएको हो ।'

ऊ भन्दै गयो- 'म स्पष्ट पार्न चाहन्छु; होटलबाट निस्केर उनीहरू सँगै पुलमा पुगे । बाचा गरे अनुसार उसले आत्महत्या गर्नु थियो । पुलबाट उसले सीधै नदीमा हाम्फाल्यो । युवकहरूले त्यो दृश्य आफ्नो मोबाइलको क्यामेरामा कैद गरे । मृतकले आफैं मृत्युवरण गरेको सिद्ध हुन्छ, क्यामेरा यही बोल्छ । कसैले उसलाई नदीमा झारेको प्रमाणित हुँदैन ।'

फेरि बयान मञ्चमा वैदेही पुगेपछि जजले सोध्यो- 'तपाईं आफ्नो श्रीमानको आत्महत्यालाई कसरी हेर्नुहुन्छ ? आफ्ना विचार राख्न सक्नुहुन्छ ।'

'ढिलो भो, उहाँले त पहिले नै आत्महत्या गरिसक्नुपर्ने थियो । मैले उहाँलाई उछिन्न सकिनँ । मलाई जित्नुभो । त्यत्तिका मान्छेको हत्या गरेर एक्लो जीवन बाँच्नुको अर्थ के ? घेरिएर, त्यो पनि डरैडरले बाँच्नुभन्दा स्वयं

मृत्युवरण गर्नु असल भएन र ? म आफैं दिनमा सयौं पटक मारिएकी छु । मेरो मृत्यु कसले देख्छ ?'

एक छिन रोकिएर फेरि वैदेहीले भनिन्- 'केको लागि राजनीति गरिएको थियो र के उपलब्धि भो ? प्रश्न यही हो । यसको जवाफ शायद उहाँसँग थिएन । त्यसको जवाफ उहाँले आत्महत्या गरेर दिनुभो भन्ने लागेको छ । मैले यस्तै बुझेकी छु । म नीरजालाई दोष दिने पक्षमा छैन ।'

अदालतले सोध्यो- 'तपाईं यसमा कसलाई दोषी मान्नुहुन्छ ?'

'म पहिलो दोषी त उहाँलाई नै मान्छु । दोस्रो दोषी व्यवस्थालाई देख्छु । तेस्रो संविधान दोषी हो । त्यस्तो जीवलाई आजसम्म जोगाएर राख्ने म पनि दोषी हो । तर यी कुनै केटाकेटी दोषी छैनन् ।'

शव परीक्षणबाट कसैले पनि हत्या गर्ने भौतिक प्रयास गरेको नदेखिएकाले अभियुक्तहरू निर्दोष प्रमाणित भए । मृतकको शवको संस्कार गर्ने आदेश दिएर अदालती कार्वाही टुंग्याउँदै जजले भन्यो- 'यो अदालत मृतक राष्ट्रघाती देखिएकाले निजको शवमा राष्ट्रिय झण्डा नओढाउने आदेश गर्दछ तथा राजकीय सम्मान दिन रोक लगाउँछ । साथै दुरूत्साहन मुद्दा खारेज गर्दै शण्डा नीरजालाई ससम्मान मुक्त गर्दछ ।

❑❑

केटाकेटी दोषी छैनन्
डीसी नेपाल डट कम
२०७७ कार्तिक १ गते ९:३२

मुलुक जोगिन सक्छ ?

न म पत्रकार थिएँ, न कुनै फोटोग्राफर; न म झोले थिएँ, न खोले खान नपाउनेको पक्षमा चाहेर पनि बोल्न सक्ने थिएँ । बस्, एउटा मूकदर्शक जस्तो भएर त्यो दृश्य हेर्न विवश थिएँ । मनमनै जप्दै थिएँ- 'आत्मवत् सर्वभूतेषु' (अरूलाई पनि आफूजस्तै ठान) ।

स-सानो भीडले दुई नवयुवकलाई लछारपछार पार्दै ठानामा पुऱ्यायो । दुइटी किशोरी पनि थपिए । भीड पनि थपियो । चारैजना चोरी गरेको आरोपमा पक्राउ परेका रहेछन् । धन्न मैले अनर्थ सोचिनँ । मेरो मन अपवित्र हुन पाएन ।

मुद्दा गाउँको सिंहदरबारमा नगएर 'आकस्मिक न्यायपीठ' मा पुग्यो । सरकारी न्याय महँगो र कोल्टे देखिने भएर नै त होला, तत्क्षण बस बिसौनीको चौतारीमा आम नागरिकका तर्फबाट जूरीपीठ खडा भो ।

अपराधीहरू आकस्मिक न्यायपीठको डबलीमा उभ्याइए । चारैजना एकाघरका दाजुबहिनी रहेछन् ।

अब पुर्पक्ष थालियो :

'के चोऱ्यौ ?'

'भात ।'

'किन चोऱ्यौ ?'

'खान ।'

'आफ्नो घरमा खाने कि अर्काको चोरेर खाने ? कसरी चोऱ्यौ ? खुलेर भन ।'

'घरमा अन्न थिएन । छिमेकीको घरमा पाकेको थियो । मौका छोपेर भाँडैसित ल्याएर खायौं । मैले भात र तरकारी बोकें, भाइले दाल बोक्यो । तर हामीले चोरेका हैनौं । त्यहाँ खाने आँट भएन, त्यसैले घरैमा लिएर आयौं ।'

दर्शकहरूबीच टिप्पणी चल्दै गयो :

'खै ! यसलाई चोरेको भन्ने कि नभन्ने ?'

'मूल्यवान कुरा त चोरेको रहेनछ ।'

'नाथे भातै रहेछ ।'

'भातका पछाडि यत्रो हंगामा, छिः ।'

'यो त सरासर चोरी हो । चोरी मात्र होइन, लूट हो, डकैती हो ।'

'आँट हेर न आँट, सरासर गएर अर्काका घरबाट पाकेको भातको भाँडै टिपेर हिंड्ने ?'

'यो त सोह्रैआना हेपेको हो । भात लाने त के, तिनले त्यो घरमा पस्नै हुने थिएन । विधानले नै छुट्याएको छ नि यी चोरहरू हामी भन्दा फरक हुन् भनेर !'

'हो, तीनवटा मुद्दा त प्रष्टै देखियो- चोरीको, छोएको र हेपेको । धार्मिक, सांस्कृतिक आस्थाप्रति प्रहार गरेको मुद्दा पनि लाग्न सक्छ । हेरौं, सिंहदरबारले दिन नसकेको न्याय कस्तो दिन्छ न्यायपीठले ?'

दुई किशोरीमध्ये ठूलीले चोरी गर्नुको औचित्यबारे यति नै भनी- 'आमा र बा कोरोना लागेर थलिनुभएको छ । उपचार औषधि हुन सकेको छैन । दाजुहरूले काम भेट्नुभएन । हामी सबै दुई दिनदेखि भोकै थियौं । पल्लाघरकी बजू खाना पकाएर घरबाहिर गएको मौका पारेर हामीले ल्याएर खायौं । उहाँको आँखा छलेको मात्र हो । अर्काको अन्न खान हुने थिएन । त्यही गल्ती भो । चोरेको पनि होइन । चोर्दा त राम्रै कुरा चोरिन्थ्यो होला नि ! हाम्रै बुद्धि बिग्रेको हो भन्नुपर्ला । प्राण थाम्न खोजेको मात्र हो ।'

'तिम्रो नाम के हो ?'

'अश्विनी ।' ठूलीले भनी ।

'अनि तिम्रो ?'

'धरणी ।' सानीले उत्तर गरी ।

'तिम्रो नाम के हो युवक ?'

'जी, म बलभद्र ।'

'अनि तिम्रो ?'

'हजुर, म चाहिं वीरभद्र ।'

न्यायपीठमा संवाद चल्यो :

'चोर्ने कुराहरू धेरै गतिला र मूल्यवान अरू नै छन् । यो देशबाट पनि असल, उन्नत कुराको चोरी र तस्करी हुने गर्छ । त्यसतर्फका चोर बडेबडे राजनीतिक व्यक्ति, व्यापारी र महामहिमहरू हुने गर्छन् । भातचोरको तुलना तीसँग अहिले नगरौं । पछि गर्दै गरौंला । मौका आउला ।'

'यस मुद्दाका हकमा अभियुक्तले अपराध स्वीकार गरेका छन् । हाम्रो समाजको दृष्टिमा भात चोर्नु सामान्य चोरी मानिन्छ । यसलाई ठूलो बनाउँदा ठूलो हुन्छ, सामान्य ठानेर बिर्सिन खोज्दा बिर्सन र क्षमा दिन पनि सकिन्छ ।'

'यद्यपि, विशेष अर्थमा यो चोरी अत्यन्त मूल्यवान हो । अन्नको बराबरी कुनै धातु वा वस्तुसँग गर्न सकिन्न । खानेकुरा भन्दा मूल्यवान वस्तु अर्को हुनै सक्तैन, किनकि सुन वा रत्न खाएर बाँचिन्न, प्राणको रक्षा हुन सक्दैन ।'

'चोर्ने को हो ?'

'यी दुई नागरिक ।'

'बाँकी दुई नि ?'

'यी बालिका नागरिक हैनन् । अहिले १२/१४ वर्षका, अनागरिक हुन् ।'

'कति, के चोरे ?'

'भात, अन्न, खानेकुरा ।'

'किन ?'

'बाँच्नका लागि ।'

'कसको घरमा चोरे ?'

'वडाध्यक्षको घरमा ।'

'अब यो लाजमर्दो कुरा भएन ?'

सबैका कान ठाडा भए ।

'यो चोरी गर्नेहरूलाई आज म धन्यवाद दिन्छु ।' जूरीपीठले निर्णयको पृष्ठभूमि बाँध्दै भन्यो : चोर्नेले आज दुनियाँमा सर्वश्रेष्ठ कुरा चोरेको हो । मानवको अस्तित्व रक्षा गर्ने खानेकुरा भन्दा मूल्यवान जिनिस अर्को हुनै सक्तैन । यस्तो अमूल्य वस्तु चोर्ने मौका दिएर वडाध्यक्षज्यूले यिनको प्राण जोगाइदिनुभयो, उहाँप्रति पहिले जूरीको तर्फबाट आभार व्यक्त गर्छु ।

समस्त राज्यशक्ति, राज्यशक्तिका संचालक, अपचालकहरू अन्न भन्दा अरू कुरालाई महत्व दिएर तिनको संचयन, संरक्षण र संवर्द्धनमा जुटेका छन् । शरीर र मनले त्यतै केन्द्रित छन् । मात्र बोलीले जनता अघाउँछन् भन्ने विश्वासले ती बाँचेका छन् ।

ज्यालादारी नपाए कन्दमूल खोजेर पनि नागरिकले प्राणरक्षाको यत्न गर्दा हुन्, तर न वनजंगल छ र कन्दमूल पाइन्छ, न महामहिमको ग्यासलाइन जनताको चुलोमा पुगेको छ । न अन्न, न पाइप, न मेलम्ची । कसरी बाँच्ने ? के खाएर ? त्यसैले आजको यो न्यायपीठ चोरीको अभियोगमा उभ्याइएका दुई नागरिक युवा र दुई अनागरिक किशोरीहरूलाई दण्ड सुनाउँदै यो आदेश गर्छ-

निज अभियुक्तहरूले वडाध्यक्षको घरमा बिहान-बेलुका खाना र खाजा खाएर एक-एक दिन निःशुल्क श्रम दिनेछन् या उहाँले भनेको ठाउँमा श्रम दिएर दण्ड चुक्ता गर्नेछन् ।

अनागरिक किशोरीहरूको हकमा वडाध्यक्षकी महीयसी अर्धाङ्गिनीले अश्विनी र धरणीलाई पुत्रीवत् स्नेह र सम्मान दिएर एक-एक दिन घरको काममा लगाएर दण्ड भुक्तान गराउनेछिन् । स्मरण रहोस्, सार्वजनिक विदाका दिन काम लगाए आधा दिनमा नै श्रम भुक्तान हुनेछ ।

दुवै समूहले दण्ड भुक्तान दिएको जानकारी ठानाले जूरीका कुनै सदस्यलाई लिखत वा वेभ मार्फत गराउनेछ । साथै श्रम भुक्तान लिने काम एक हप्ताभित्रै सम्पन्न गरिसक्नुपर्नेछ ।

न्यायपीठको आदेशलाई वडाध्यक्ष र उनकी श्रीमतीले शिर निहुराएर स्वागत गरे । केटाकेटीहरूको अनुहार उज्यालो देखियो । जनताले लामो करतल ध्वनि गरे ।

निःशुल्क, सरल, शीघ्र र व्यावहारिक ढंगको न्याय वितरण प्रणाली विकास भएको देखेर म बडो उत्साहित भएँ । अब उप्रान्त यसमा अझ परिष्कार आउँदै जाने विश्वास लिएर म आफ्नो गन्तव्यतर्फ लागें र टाढैबाट भेडेटार छेउकी पाथीभरा माईलाई ढोगेर आशीर्वाद मागें ।

माईले भनिन्- 'काइँलो, तँ लेख्तै जा । नानी, यी सब कुरा लेख्तै जा !' यो बोली मेरी सुब्बेनी आमा रणमोतीको हो भन्ने लाग्यो । म उनको प्यारो नाति थिएँ । चकचके हजुरबा खड्गसिङ सिग्न्यामले माथिबाटै यो दृश्य हेरेको हुनुपर्छ ।

मनमा कुरा खेले : जनताको विपक्षमा हिंड्ने व्यवस्था कतिन्जेल चल्छ ? जुन मुलुकले भोका, नाङ्गा, रोगी र असुरक्षित जनताको रक्षा गर्न सक्तैन त्यस मुलुकलाई जोगाउन जनताले काँध थाप्न आवश्यक ठान्छ कि ठान्दैन ?

❑❑

मुलुक जोगिन सक्छ ?
डीसी नेपाल डट कम
२०७७ कार्तिक २९ गते ७:१८

सपनाको सुख

हत्याको अभियोगमा कैदी हुन पुगेको धरती-पुत्र रघु आज प्रफुल्ल थियो, किनभने उसकी आमा उसलाई भेट्न आउँदै थिइन् । पहिले त उसको मुख हेर्दिनँ, हेर्नु नपरोस् भन्थिन्, त्यसैले रघु दुःखी थियो । अब उसलाई भेट्न आउँछिन् भन्ने थाहा पाएर ऊ प्रसन्न थियो ।

मातृमिलनको प्रतीक्षा गर्दै ऊ सुत्यो र गहिरो निद्राबाट स्वप्न जगतमा पस्यो ।

'साप... साप... साप...' कारागारको छेउमा हल्लाखल्ला भयो । सापले दुई जनालाई टोकेछ । मर्नेहरू कारागारका कारिन्दा थिए ।

'दुइटा साप थिए, भाले-पोथी थिए क्यार ! यो सर्प ऋतु पनि हो । लठारिएर निस्किए । ऊ त्यहाँ पसे । फेरि कतिलाई डस्ने हुन् ! कति शहीद बढ्ने हुन् !' समाजले अनुभव बोल्यो ।

कोलाहलले रघुलाई ब्यूँझाए पनि ऊ त्यता फर्किएन । आफैंभित्र फर्कियो र भर्खरै छुटेको सपनामा केन्द्रित भयो ।

नागमाता, नागदेवी अथवा नागकन्या ? को थिइन् ती ? कसरी जान्नु ? शरीरको माथिल्लो भाग त नारी स्वरूप नै हो, तल्लो भाग सर्प ! कसरी ? उसले सन्दर्भ जोड्न खोज्यो- 'ए, नागमती त आमाको नाम हो नि !'

'आमा आउने हुनुहुन्थ्यो । नागदेवीको रूपले आउनुभएछ सपनामा । तर ती मान्छे कसरी मरे सर्पले टोकेर ! के यो घटना सपना होइन ? फेरि यिनको मृत्यु त सत्य हो । मैले सपना देखेको पनि सत्य हो । कति भाग सपना थियो र कति भाग बिपना त ?'

रघु फेरि स्वप्न दृश्यमा केन्द्रित भयो- 'बाबु, सिंह पिंजडामा अटाउँदैन । मूसाको सहयोग लिएर पनि जालबाट छुट्छ । महान व्यक्ति घोडा बन्दैन, कुशल घोडचढी बन्छ । अब तिमीले कर्मक्षेत्रमा ओर्लेर पुरुषार्थ देखाउने वेला भो । तिम्रो आयु र संकल्प साकार हुनपर्छ । तिम्रा लागि समय बलवान छ । ब्यूँझ, उठ र निस्क ।'

रघुले नागस्त्रीमा आफ्नी आमा नागमतीको मुद्रा प्रतिबिम्बित ठान्यो । वाणी-विन्यासमा उनकै अमोघ शक्ति मुखर भएको आभास पायो ।

'ए, कैदीलाई पर सार । यहाँ सर्पले डस्छ ।' कैदीहरू सारिन थाले । रघु र रेमनलाई भने पञ्चायतकालीन रसियन जीपमा हालेर हत्कडीमा अल्झाए । चालक र अर्को एक व्यक्ति अगाडिको सीटमा बसे । दुई कैदीका लागि दुई प्रहरी पछाडि थिए ।

राति जंगलमा अचानक जीप रोकियो । जीपमा सर्प चढेछ । चालक अगाडि सर्प देखा पऱ्यो । जीप रोकेर प्रहरीहरू निस्किए । रघु र रेमन हत्कडीले जीपको डण्डीमा अल्झिएकै थिए । नीरव-निर्जन ठाउँ, उनीहरू जीपमा नै उङ्दै रहे ।

बिहानको मिर्मिरेमा जंगली चराहरूको प्रभाती गायनले रघु र रेमनलाई पनि ब्यूँझायो । दुवै दिशाबाट आउने गाडीहरू आउँदै, रोकिंदै, जाँदै गर्न थाले । रसियन जीप त्यसरी जंगलमा रोकिनु र कैदीहरूलाई जीपमै राखिरहनुको कारण पछि मात्रै खुल्यो- ज्यान जोगाउन सडकको झुप्रातर्फ लागेका प्रहरी जवानलाई हात्तीले च्यातेर चिरूवा दाउरा राश पारेझैं एकै ठाउँ थुपारेको रहेछ ।

अर्को प्रहरी जत्था आएर जीप चलाउनासाथ जंगली हात्तीले घेरेर बाटो रोके । त्यहाँबाट कुनै हिसाबले ज्यान जोगाएर कैदीसहित निस्कने उपायको खोजी गर्दा गाउँलेले हात्तीबा र कुलीर थारूको नाम लिए । जिल्लामुख र प्रहरीमुखको अनुरोधमा हात्तीबा र कुलीर थारूलाई बोलाइएपछि गाउँले थारु समाजले उनीहरूलाई राजकीय सम्मानको शैलीमा ल्याए र स्वागत गरे ।

'हात्तीबा, यो के भएको हो ? अवरोधको कारण जान्न सकिएन । कहिले सर्पले दुःख दिने, कहिले हात्तीले । यो अफ्ठेरोबाट निकास लिने कुनै उपाय छ कि ?'

'आफ्ना आफ्ना क्षेत्रमा राजा हुन्छ । त्यस्ता राजाको खोजी हुन्छ, सम्मान हुन्छ । अर्काको अस्तित्व मेट्न खोज्यो भने आफ्नै मेटिन सक्छ । परस्पर विश्वास, सहयोग र समभावको अमल गर्नुपर्छ । सबैतिर प्रतिशोध र प्रतिरोध सुहाउँदैन । नत्र पशुले न्याय खोज्नु र न्याय दिनुको रहस्य के ?' हात्तीबाले सांकेतिक बोले ।

कुलीर नागवंशीले भने- 'यी कैदी यस क्षेत्रका राजा हुन् । यिनको मर्दन गरेको सहेनन् यी मूक प्राणीले । तपाईंहरू आफ्ना प्रभुलाई भन्नुहोस्, मिलाउनुहोस्, अविवेक छाड्नुहोस् । यो संकेत हो । जब जंगली जीव नै

आक्रामक भएको छ भने थाम्छ केले ? तपाईं यिनलाई खुशी राख्ने यत्न गर्नुहोस् । जुधेर त जित्न सक्नुहुन्न । वनराज कतै हारेको छ र ? आज लिएर जानुहोला, भोलि यिनैले छुटाउँछन् । विश्वास नभए प्रयास गरिहेर्नोस् ।'

शक्ति र अधिकार भएकाले विवेक र औचित्य हेर्छ भन्ने छैन । प्रहरीले पनि हेरेन । जीप जहाँ पुग्नु थियो, कैदीलाई लिएर त्यहीं पुग्यो । अनि जे नहुनु थियो त्यही भयो । उसैदिन राति हात्तीले प्रहरी चौकी ध्वस्त पारे । अरू सबै कैदी त्यहाँबाट भागे । रघु र रेमन भने यथास्थितिमा कैद नै थिए । पुलिसका लाश त्यसैगरी च्यातेर थुपारिएका थिए, जुन रूपमा अघिल्लो दिन राजमार्गका जंगलमा भेटिएका थिए ।

गाउँलेको अन्तरात्मा घन्कियो- यो माटोको शक्ति हो, यहाँको माटोमा अद्भुत शक्ति छ । यो माटो अन्याय र असत्यलाई सहन सक्दैन । अबाटोमा हिंडाउन पनि सकिन्न, अकर्म गराउन पनि मिल्दैन । हामीलाई अतत्वले कजाउन खोजेकै कारण हाम्रो पक्षमा प्राणी-जगत उठेको छ । प्रकृत-तत्वमाथि दमन नहोस् । बाघ सधैं सुतेर बस्तैन कि ! राज्यले न्याय दिएन भने कुनै तत्वले त हेर्ला नि हामी निमुखालाई । हैन र ?'

यस पटक प्रहरीले हात्तीबालाई समायो र उसले नै हात्ती परिचालन गरेर कैदीलाई छुटाउन खोज्यो भन्ने आरोप लगायो । तत्काल सर्पले दुई जना प्रहरीलाई ठुँग्यो । कैदी त्यहाँ थिएनन् । नत्र तिनलाई पनि ठुँग्दो हो । स्थानीय नागरिकले यस्तै बुझे ।

गाउँलेहरूले अनुरोध गरेपछि कुलीर थारूले सर्पको विष झारिदिए । किन्तु थारु समाजले कुनै कुराको माग राखेन । प्रहरी अधिकृत जान्दथ्यो, थारु समाज कर्ममा विश्वास गर्छ । राज्यले दिने सुविधा अन्त जस्तै यहाँका नागरिकले पनि पाउनुपर्छ । थारु जाति राज्यबाट हेपिन, उपेक्षित र अदेख हुन चाहँदैन ।

ऊ जान्दथ्यो, यसअघि राज्यशक्ति आवश्यकता भन्दा बढी आक्रामक देखिएको थियो । राज्यसत्ताले नदेखेकै हो, नसुनेकै हो । अलिकति त बेवास्ता गरेकै हो । सन्ठीको आगो बलोस् कि सालको, अथवा धूपको बास्ना चलोस् कि गोबरको, थारु जगतले सहेको त हो नि ! अति भएपछि प्रतिक्रिया आउँदैन र !

'हात्तीबा, तपाईंको भनाइ के छ यसबारे ?'

'वरपर, अगाडि-पछाडि हेरेर भन्छु- जंगली हात्ती आएर यहाँ तबसम्म दुःख दिइरहनेछन्, जबसम्म यी थुनामा रहन्छन् । के थाह, हामी र गाउँमाथि नै

जाइलाग्न थालून् ? स्थिति तपाईंहरूकै हातमा छ, बनाउन पनि सक्नुहन्छ र बिगार्न पनि । हामी के भनौं र ? हाम्रो कुरा कसले सुन्छ ?'

थारु समाज प्रहरी अधिकृतको कुरा सुन्न उत्सुक देखियो । उसले जिल्लापतिलाई फोन गऱ्यो । एक छिन गम्भीर भयो अनि हात्तीबा र कुलीर थास्तर्फ हेरेर भन्यो- 'म तपाईंहरूलाई साक्षी मानेर रघु र रेमनलाई थारु समाजको जिम्मा छोड्छु । मन्जुर छ ?'

'मन्जुर ।' सबैले एकै स्वरमा खुशीको बोली बोले । भीड थपिँदै गयो । थारु जगतले रघु र रेमनलाई घरेलु हात्तीमा चढाएर गोधूलिभरि गाउँ घुमाए ।

'रघुलाई उसैका मान्छेले जाल थापेर थुनाए । तिनलाई रघु चक्रवर्ती होला कि भन्ने भय थियो । अब यो पाठले उसलाई अग्रगामी हुन प्रेरित गरोस् । आफैं सोपान बनाएर उचाइमा पुगोस् । अब उसलाई अरूको छाता चाहिँदैन । उसले आफूलाई चिन्नुपर्छ । हामी नै थाम्छौं नि रघुलाई ।' भीड बोल्यो । थारु समाज बोल्यो ।

रघुले आगामी चुनावमा कार्यकारी प्रमुखका लागि चुनावी मैदानमा उत्रने घोषणा गऱ्यो । र मनमन गुन्यो- अब म स्वचालित हुनेछु, घोडा होइन । कुशल घोडचढी देखिनेछु । अब कसैका हात मसम्म आइपुग्नेछैनन् । मलाई मेरै माटोले शक्ति दिनेछ । मलाई मेरै मान्छेले साथ दिनेछन् । उसको आत्मविश्वास बोल्यो- म आफ्नै बलले एक्लै सोपान चढ्न सक्छु । जनताको सद्भाव पाएको छु । थारु समाज आफ्नै हो ।

साँझ छोराको स्वागत गर्न आमाहरू एउटै आँगनमा तत्पर भए । आत्मीयजनले घर-परिसर र बस्ती भरिदै गयो । निकै बेर दीपावलि चम्कियो । 'अरूको हात समाएर नहिंड ।' रघुलाई आमाले भनिन् । सुत्ने वेलामा परशुनारायण चौधरीको फोटोसमक्ष हात जोडेर भन्यो- बाबा, मलाई आशीर्वाद दिनुहोस् ।

सपनाका दृश्य र घटना सम्झिएर रघु वर्तमानको यथार्थमा फर्कियो । 'ए, अब त हामी माला लगाइदिएर ससम्मान विदा गर्छौं नि जेलबाट ! आउनुहोस् हजुर ! कुनै बडादिनमा छुट्नुभएन । यस पटक महामहिमकी बुहारीको जन्मदिनमा छुट्नुभो । प्रशस्ति ज्ञापन गर्दछौं ।' कारागारको द्वारमा केही व्यक्तिले आत्मीयता देखाए ।

आज महानगरको कारागारमा बिहानै उमंग फैलिएको देखिन्थ्यो । रघुलाई कारागारबाट मुक्त गरिने भयो । किन्तु यस घटनाले रघुको उचाइ बढ्ने थिएन,

छोडिदिनेको यशोगान मात्र हुने थियो । ओजस्वी पुरुष कसैको यश र सुखका लागि औजार बनाइएको थियो ।

परन्तु रघुले कसैको कृपामा जेलमुक्त हुन चाहेन । ऊ जेलमै बस्यो ।

सपनाको सुखमा पनि क्षति !

अचम्म !!

❑❑

सपनाको सुख
डीसी नेपाल डट कम
२०७७ मंसिर २७ गते ७:१६

कोभिडको बादलभित्र

कोभिड-१९ को कारणले गाउँघरमा उद्योग, व्यापार, श्रम र संचार रोकिएपछि अनिकाल फैलियो । मुश्किलले म आफ्नो गाउँमा पुगें । आफन्त र दौंतरीलाई खोजें । माथ्ला घरकी आमालाई सोधें- 'जन्तरे खै ?' तल्ला घरकी भाउजूलाई सोधें- 'मन्तरे खै ?' स-साना अमला र कमलाले एक स्वरमा भने- 'पुलिसले लग्यो ।'

'किन ? के गरे ?' मैले जान्न खोजें ।

'उजुर परेपछि लाने भो नि त पुलिसले ।' आमा र भाउजूले स्वर मिलाए ।

'कबोल पनि गरे क्यारे ।' फेरि स्वर मिलाए ।

'हैन, हैन । अर्कै कुरामा समाएर लगे । यीः यिनै कुरा पढेको भनेर पक्रेको हो क्यार ।' अमला र कमलाले दैनिक र साप्ताहिक समाचार पत्र ल्याएर देखाए । मैले ठूला शीर्षकमा आँखा घुमाएँ :

कोभिड-१९ का बिरामीलाई उपचारमा कमी, गाउँघरमा खाद्यान्नको अभाव, सरकार उद्देश्यबाट विमुख, आदर्श गाउँमा भोकबाट जनताको मृत्यु । जमिनको प्लटिङ र उत्पादनमा रोक, श्रम विनिमय र यातायात रोकिएपछि मृतकको संख्यामा वृद्धि । स्वास्थ्य परीक्षणमा लापरवाही ।

सोधखोज गरेपछि थाह भो- जवानहरू लूट काण्डमा पक्राउ परेर जेल पुगेछन् । मैले जन्तरे र मन्तरेलाई भेट्न जानुअघि एक वृद्धबाट पूरा जानकारी लिने विचारले घटनाको प्रसंगबारे सोधें । उनले दाँत झरेर अस्पष्ट भएको बोलीमा भने- 'चीनतिर जाऊ, तालिम या सीप सिकेर आऊ । हाम्रो कल्याण गर । यो मागिखानेको देश त होइन तर यिनले मागिखाने बनाए । तिमीहरू जवान छौ, हिम्मत गर भनें तर... ।'

उनले थपे- 'युवकहरूले लामो हात गर्न थाले भन्ने जानकारी मलाई भयो । वडाका सदस्यलाई खाद्यान्नको व्यवस्था गर्न, गराउन आग्रह गरें । तर मेरो कुरा सुन्ने को ? मबाट कसको काम बन्छ र मेरो कुरा सुन्छ ? आखिर जे नहुनु थियो त्यही भो ।'

'अर्थात् ?'

'नकाम भयो । त्यस्तो हुनुहुने थिएन । बरु कुनै पार्टीको झोले भएर लूट मच्चाएको भए नेताले अपराधबाट जोगाउँथे । फाइदै फाइदा हुन्थ्यो । झोले बनेर जनताको दोहन गरेर धनाढ्य हुन पनि नचाहने, नीतिगत लूट पनि गर्न नसक्ने अनि फर्सी चोरेर पत्राउ पर्न चाहिं पछि नपर्ने । संगति मिल्यो र ?'

'आखिर सत्य के हो ?' म उत्सुक भएँ ।

खोपिल्टा परेका गालामा सासले कम्पन गराउँदै वृद्धले थपे- 'चोर्नु नै परेपछि सियो किन चोर्नु ? बरु गतिलै कुरा चोरेको भए हुन्थ्यो । गुन्द्रुकमा जात फाल्नुपर्छ र ? दाउ सही ठाउँमा परेन ।'

'अनि ?' को भावले मैले हेरें ।

उनले चित्र उपस्थित गर्दै भने- 'दुई-चार झुत्ता मकै पनि झारेछन् टाँगोले । कौसीबाट दुइटा फर्सी पनि तानेछन् । भोकै थिए, गरून् के ? न काम पाइन्छ, न निस्कन पाइन्छ । न घरमा कुनै कुरा छ, न माग्दा कसैले दिन्छ ।'

'राज्य स्वयं जनताका नाममा आएको-छुट्याएको सुविधामाथि लूट मचाउँछ । अनि गरीब निमुखा जनताले भोक मार्ने उपाय गर्दा पत्राउ नपरेर के होस् ? हामी बूढा-बूढीलाई भन्दा बढी नै भोक लाग्छ नि तन्नेरीलाई, हैन र ? यो विवशता हो, बाध्यता हो । त्यो अन्तिम विकल्प थियो त्यसवेला तिनका लागि ।'

वृद्धले एक छिन रोकिएर फेरि थपे- 'दोष सत्तामा पुग्नेहरूको हो, यिनलाई दोषी मान्ने पक्षमा म छैन । यस्तै स्थिति रह्यो भने जनता विकल्पको खोजीमा जान्छन् ।'

मैले उत्सुकता देखाएँ- 'कस्तो विकल्प ?'

'कि खुकुरी नृत्य हुन्छ, कि देशले अर्को विधान तानेर ओढ्छ अर्थात् मेरो नागरिकता फेरिन्छ । यो सबै गराउने वर्तमान विधान नै हो । विधानले नै दुष्कर्म गर्ने सुविधा दिएको छ । अपराधलाई संरक्षण दिएको छ । मेरो कुरा यै हो बाबु, र मेरो कामना छ- म बाँच्ताबाँच्तै मेरो नागरिकता नफेरियोस् । म यो मेरै देश हो भन्न पाइरहूँ ।'

बूढा हुक्का तान्न लागे । म थानातिर लागें ।

'नमस्कार सा'ब, म ठानेदारसँग भेट्न चाहन्छु ।'

'उपाध्याय भन्नुपर्छ । प्रतिगामी र परम्परावादी कुरा यहाँ नगर्नुहोस् ।'

'जी ।'

'काम भन्नुहोस् ।' ठानाको मान्छेले भन्यो ।

'म उमेश र सर्वेशलाई भेट्न चाहन्छु, हामी चाहिं गाउँमा जन्तरे र मन्तरे भन्ने गर्छौं ।'

'यहाँ त्यो नामका वन्दी छैनन् । अल्ताभ र आलम छन्, डकैतीमा जाकिएका । हामीले बुझे अनुसार आर्य नाम फेरेर यी नाम दिइएको रहेछ । यी नामले यिनको भविष्य उज्ज्वल हुन्छ भन्ने धार्मिक विश्वास छ ।'

एउटा बर्दी बाहिरबाट भित्र गयो । अर्को बर्दी भित्रबाट बाहिर आयो । सन्दर्भ फेरियो ।

'नमस्कार सा'ब !'

'जै नेपाल ! मै हुँ उपाध्याय । तपाईं केका लागि मलाई भेट्न चाहनुहुन्थ्यो ? छोटोमा कुरा गरौं । कहीं जन्तरे र मन्तरेका विषय त होइन ?'

'जी, हो ।'

'तिनको नाम फेरियो; त्यो त थाहा पाइहाल्नुभो । अब मेरो कुरा सुन्नुहोस् । राज्यले फैलाएको एउटा जालभित्र यी परेका छन् । त्यो स्वाभाविक अपराध हो । भोको भए म पनि त्यो काम गर्थें । आश्चर्य हैन ।'

उसले एक छिन रोकिएर फेरि थप्यो- 'मैले यिनलाई जानेरै यहाँ रोकेको हुँ । फेरि यो समस्या दोहोरिन सक्छ, किनभने कमाएर खान सक्ने स्थिति छैन । यहाँ बसुन्जेल खान त पाउँछन् । उनीहरू चाहन्छन् भने म खोलिदिन्छु, विधिवत् उनीहरू जान सक्छन् । तपाईं लिएर जान सक्नुहुन्छ । विचार गर्नुहोस्, फेरि घटना नदोहोरिएला भन्न सकिन्न ।'

एक छिनमा थानाअगाडि ५/७ जना मान्छे आइपुगे । उभ्रेको खाना थापेर ती आफ्नो बाटो लागे । म हेर्दैरहें । उपाध्यायले मलाई लक्ष्य गरेर भन्यो- 'स्थिति देख्नुभो होइन ? यहाँ फेरि अर्को टोली आएपछि तपाईंका जन्तरे मन्तरेलाई छोडिदिउँला । अहिले यी साँच्चै बन्दी अवस्थामा छैनन् । केही दिन बसून् खाऊन् । भोकै बस्नु, चोर्नु, डाका गर्नु वा भोकै मर्नुभन्दा यही बेस हो कि ? यो मेरो प्रस्ताव हो, दबाब होइन । तपाईं विचार गरेर निर्णय लिनुहोला ।'

म एक छिन द्विविधामा परें । भेट्न आएको हुँ, भेटौं कि नभेटौं । बाहिर भोकै बस्नुभन्दा बरु यहीं बस्तैगर्नु असल होला भनेर म भन्न सक्छु र ? भन्न मिल्छ ? म काँतर भएँ ।

फेरि उपाध्याय (थानेदार) को कुरा केलाएँ । अनुहार उपाध्यायको नभए पनि ऊ मानवता र विवेकको दृष्टिले उच्चकोटिको उपाध्याय देखिन्थ्यो । मान्छे

कुन अर्थमा उपाध्याय हुन्छ ? यसतर्फ मेरो ध्यान गयो । अनि मैले भनें- 'ठीक छ, तपाईंको संरक्षणमा छन् जन्तरे मन्तरे । तपाईंको दृष्टिकोण र तिनको रुचि जीवनको प्रतिकूल नहोस् । शुभकामना छ । जै नेपाल ।'

यसरी, जन्तरे र मन्तरेलाई भेट्न गएको म किन नभेटी, नबोली फर्किएँ ? राति आफैँसँग प्रश्न गर्दै निदाएँ- 'कहीं तिनका आँखा र किडनी झिकेर शव चाहिं कक्षमा फ्याँकिने पो हुन् कि ? सडेको अवस्थामा पो भेटिने हुन् कि ? कोभिडको बादलभित्र यहाँ के हुँदैन ?' मन चिसो पारेर निदाउने यत्न गरें ।

❑❑

कोभिडको बादलभित्र
डीसी नेपाल डट कम
२०७७ पुष १८ गते ६:२२

जान्न चाहन्छु

शिव धारापानीका दुई भाइ छोरा थिए- राम र कृष्ण । राम चाहिं जनै उत्पादनको तालिमका लागि ल्हासा गयो । त्यसै वेला यता घरमा भाइ कृष्णको बिहा भयो । सुकला, शिव धारापानीको घरमा बुहारी भएर आई । कान्छी भए पनि पहिली बुहारी सुकला नै भई ।

ल्हासाबाट फर्केर आएपछि रामको पनि बिहा भो । जेठी बुहारीको पदपूर्ति तुल्याले गरी । धारापानीको घरले पूर्णता पायो । केही दिनपछि द्वन्द्व शुरू भो । पद र श्रेष्ठताको द्वन्द्वले परिवारभित्र कम्पन ल्यायो । सुकला यो घरमा आएकी पहिली भनौं या जेठी बुहारी थिई । उसले आफ्नो ज्येष्ठतालाई महत्व दिएर यथावत् सुस्थिर भइराख्ने चेष्टा गरी ।

तुल्या जेठाकी जेठी भएकी हुनाले पछि आए पनि ज्येष्ठताको अधिकार आफैंमा रहेको ज्ञापन र हठ देखाउँदै गई । आखिर 'धारापानीको घरकी जेठी बुहारी कुन हो ? सुकला कि तुल्या ?' भन्ने प्रश्नले विवादको रूप लियो र मुद्दा पऱ्यो ।

परम्परागत ढंगले हैन, प्रमाणका आधारमा जो पहिले बुहारी भएर धारापानीको घरमा प्रवेश गरेकी थिई उसलाई नै अदालतले जेठी परिभाषित गऱ्यो । यसको आधार थियो- विवाह र गृह प्रवेशको ज्येष्ठता । अदालत प्रमाण हेर्छ, प्रमाणले यही कुरा पुष्टि गऱ्यो ।

तुल्या पछि आएकी बुहारी हो, त्यसैले उसको स्थान गौण हुने भयो । नाताले जेठी भए पनि उसको ज्येष्ठता कायम हुन सकेन । अदालतको निर्णयको पूर्णपाठ पढेपछि पक्का भो- उसले आफ्नो अधिकार गुमाई ।

पूर्णपाठको एक अंशले भन्यो : जन्म क्रममा जेठो भए पनि जीवनयात्राको क्रममा कैयौं पटक कैयौं ठाउँमा भाइ अगाडि हुन्छ, जेठो हुन्छ र उसैबाट गणना पनि थालिन्छ । त्यसैले जन्म ज्येष्ठता नै सर्वत्र कायम हुन्छ भन्ने कुरा सधैं मान्य हुँदैन । यस अर्थमा वधू प्रवेशको मितिलाई ध्यानमा राखेर तुल्याको ज्येष्ठताको अधिकारलाई यो अदालत अमान्य ठान्दछ । साना अक्षरमा अर्को मसीले लेखेको थियो : युगले, समाजले फड्का मारिसकेका हुनाले परम्परागत

धारणा तथा मूल्य मान्यतालाई बोकेर हिंड्ने सोच र संस्कारमा परिवर्तन ल्याउने राजनीतितर्फका पण्डाहरूलाई यो अदालत धन्यवाद दिन्छ ।

तुल्या आजको परिवेशमा हुर्केकी युवती थिई । चेतना र स्वाभिमानले दीप्त थिई । त्यसैले अदालतको निर्णय उसलाई चित्त बुझेन र शंखदेवको कार्यालयमा पुगी । शंखदेव त्यस क्षेत्रको नामी वकील थियो । उसैको सल्लाह अनुसार ऊ चौतारीमा पुगी ।

चौतारी नागरिकहरूको स्वतन्त्र न्याय-पीठ हो । यसको न्याय प्रणालीको महत्व अर्कै थियो । नागरिकहरूसँग विशद विमर्श गरेपछि चौतारीले परिवेश तयार पारेर भन्यो- 'भूगोल, जीवन, संस्कृति, रीति, परम्परा, लोक-व्यवहार, चिन्तन आदि ऐतिहासिक पृष्ठभूमि हेरेर आज यो चौतारी तुल्याको याचनालाई न्यायको तुलामा राख्दै निर्णय गर्दछ : कुनै पनि विधान र न्यायको तर्जुमा जीवन, संस्कृति र भूगोलको रक्षा र पोषणका लागि गरिन्छ । विलयका लागि होइन ।

आधुनिक न्याय प्रणालीले सामाजिक, पारिवारिक, सांस्कृतिक र नैतिक सीमालाई भत्काएर मुद्दाको किनारा गरेको देखिएकाले हाम्रो चौतारी परम्परागत पारिवारिक संरचनामा नैतिक, सांस्कृतिक मूल्य र सामाजिक मर्यादालाई समेत दृष्टिगत गरेर तुल्यालाई शिव धारापानीको घरकी जेठी बुहारीको मान्यता प्रदान गर्दछ । कर्मक्षेत्रको ज्येष्ठताले पारिवारिक क्षेत्रको ज्येष्ठतालाई होचो पार्न सक्दैन । तुल्या शिव धारापानीकी जेठी बुहारी हुन् । जै गोरख !'

किन्तु यो न्याय मान्ने समाजको जनसंख्या सानो थियो । वृद्ध, प्रौढ र जवानमा वर्गीकृत समाजले वृद्ध पुस्ताको कुरा सुन्ने स्थिति थिएन । उनीहरूलाई नयाँ विधानले बलशाली तुल्याएको थियो । उनीहरू सुकलालाई नै जेठी बुहारी मान्ने पक्षमा थिए । युवाहरूको समर्थन पाएर ऊ अभिमानले फुलेर बसेकी थिई ।

तुल्या क्रोधले आगो भई र उत्तेजित हुँदै भनी- 'तिमी आफूलाई जेठी बनाएर मेरो लोग्नेसँग बस्ने ? तिमी के गर्न खोज्दैछ्यौ ? यो समाज के भन्छ ? र, मलाई कान्छी बनाएर कोसँग सुत्न पठाउँछ ? म जान्न चाहन्छु ।'

नागरिक समाजले आफैंमा प्रश्न गऱ्यो- 'के चौतारीको न्याय पनि अमान्य हुने भो त ? नीति, संस्कृति, लोक-परम्परा र सामाजिक मान्यताको भाउ रहेन ? विधान मिल्काउनै पर्ने भो त ?'

❑❑

जान्न चाहन्छु
डीसी नेपाल डट कम
२०७७ माघ १७ गते ९:३१

नाच् दुलारी, नाच्

कैदीका परिवारको बिचल्ली नहोस् भनेर सरकारले पशुपालन योजना ल्यायो । आफूले चाहेको पशु पालेर आम्दानी गर्न सकिने बाटो खुल्यो कैदीका लागि । आफ्नै घरजग्गामा अथवा सरकारी पर्ती जग्गामा बसेर पशु वा पक्षी पालन गर्न सकिन्थ्यो । कैदीले चाहेको प्राणी सरकारबाट उपलब्ध हुन्थ्यो र आवश्यक औषधोपचार पनि सरकारले नै गर्थ्यो । उत्पादनको बजार व्यवस्थामा पनि सहयोग पुऱ्याउँथ्यो ।

रूचि राख्ने र समर्थले पशुधन छाने । बंगुर, भेडा, बाख्रा, भैंसी र गाई छान्नेहरू धेरै भए । थोरैले कुखुरा छाने । एउटाले घोडा छान्यो । अर्को एउटाले बाँदर बुझ्यो ।

घोडा र बाँदर लिनेहरूलाई अरूले खिस्स गरेर उपेक्षाको भावले हेरे । उनीहरूको सोचाइमा अर्थोपार्जनका लागि यी प्राणीहरू त्यति उपयुक्त थिएनन् शायद । तर बडो आत्मविश्वासका साथ घोडा र बाँदर लिएर ती उद्यममा जुटे ।

दुई वर्षको प्रगति विवरण बुझ्न जाँदा बंगुर, भेडा, कुखुरा र गाई पाल्नेले सामान्य प्रगति गरेको देखियो । बाख्रा र भैंसीबाट खासै फाइदा नभएको जानकारी आयो । सरकार पनि आफ्नो योजनामा असफल देखियो र उद्यमी पनि ।

जब अश्वपालकसँग भेट भयो, तब उसको प्रगति चुलिएको थाह भो । सरकारको प्रतिनिधिले उन्नतिको रहस्य सोधेपछि उसले सत्य कुरा भन्यो । उसको बयानमा झूटो झल्किंदैन थियो । शायद ऊ राजनीति खेल्ने नाइके थिएन । ऊ असत्य बोल्दैनथ्यो ।

उसले जोडी घोडा सह्यारेको थियो - घोडा पनि घोडी पनि । दुवै साना कदका थिए । याल र पुच्छरका रौं लामा र बाक्ला थिए । धुने, पखाल्ने, कोर्ने, चम्काउने काममा प्रशस्त खट्थ्यो । विभिन्न रंगका धागा, डोरी, रिबनले याल र पुच्छर सिंगार्थ्यो । अनि जीन (काँटी) कसेर बजारको एक छेउमा ग्राहकको प्रतीक्षा गर्थ्यो ।

केटाकेटीका लागि घोडाहरू जिउँदा खेलौना हुन्थे । ऊ शुल्क लिएर केटाकेटीलाई चढाएर हिंडाउँथ्यो, आफैंले लगाम लिएर । सुरक्षित आरोहण र भ्रमणपछि बकस पनि पाउँथ्यो । एउटा अघोषित नियम जस्तै थियो : छोरी भए घोडामाथि चढाउँथ्यो । छोरा भए घोडीमाथि । दार्मे/कथुरे रंगका घोडा त्यसै पनि हेर्दै छोऊँ-छोऊँ लाग्थे, चढौं-चढौं लाग्थे ।

अभिभावक त बकस दिन्थे नै, अश्वारोही बालकहरू पनि आफ्नो तर्फबाट थप इनाम दिन्थे । कमाइ राम्रो हुन्थ्यो । उचित दानापानी र स्याहार पाएका घोडा-घोडी त्यसै पनि रहरलाग्दा जीवित पुतली नै लाग्थे । बाल-जगत आकर्षित थियो । उद्यमी कुनै वेला कैदी थियो भन्न सजिलो थिएन । उसको भौतिक व्यक्तित्वमा आमूल परिवर्तन भएको थियो ।

बाँदर पाल्नेको प्रगति अर्कै ढंगको थियो । सन्दर्भ र परिवेश हेरेर कहिले गुरिल्ला, छापामार, सुरुङपन्थीको रूपमा तिनलाई उपस्थित गर्थ्यो त कहिले माओवादी-गान्धीवादी वनसेनालाई आततायीको दर्जा दिएर, प्रत्याक्रमण गर्ने शाही सेनाको भावले पनि अग्रसर गर्दथ्यो ।

माओवादी नामको गान्धीवादी होस् या साँच्चिकै सेना होस्- यी पोशाक, औजार र चालले दुरुस्त उस्तै लाग्दथे । दुइटा बाँदरबाट तालिम, परेड र युद्ध अभ्यास देखाएर ऊ द्रव्य झार्थ्यो । केटाकेटी हुन् या अरू, बाँदरको खेल-तमाशा हेरेर प्रसन्न हुन्थे ।

कहिले भन्थ्यो- तेरो किडनी झिकेको छ, अभिनय देखाएर हिंड् । कहिले भन्थ्यो- तेरो एउटा आँखा झिकेको छ, कानो भएर हिंड् । कहिले भन्थ्यो- तेरो एउटा खुट्टा काटेर माग्ने भिखारी बनाएको छ, वैशाखी टेकेर यो थैली थाप्, भीख माग् । बाँदर त्यस्तै अभिनय गर्थे दुरुस्त ।

वेला-वेला ठाउँ र अवस्था हेरेर भन्थ्यो- बाबु शूलकमल, भैया धूलकमल, देखा कमाल ! बस्, संकेत अनुसार बाँदर खेल-करामत देखाउँथे । द्रव्य झार्थे । ऊ बटुल्थ्यो ।

मौका हेरेर भन्थ्यो- 'बाबु, तिमी पनि कोटामा पर्छौ, सांसद हुन्छौ, मन्त्री बन्छौ । नाच् मेरी दुलारी ! नाच् ।' उसलाई पनि द्रव्यको कुनै कमी भएन ।

सरकारी प्रतिनिधिले सकारात्मक मूल्याङ्नन सहितको प्रतिवेदन बुझाए । घोडा र बाँदर पाल्नेहरूले सन्तोषजनक ढंगले व्यवसाय चलाएको चर्चा नेपाली संसारमा प्रचार भयो । टीभी र यूट्यूबबाट भाइरल भयो ।

यस घटनामाथि अन्तर्राष्ट्रिय क्षेत्रका आँखा पुगे । तिनको प्रवेश भयो । फलतः योजनाकार पनि पुरस्कृत भयो । घोडा खेलाउने र बाँदर नचाउनेले जनही ५० हजार डलर पुरस्कार सहित प्रशंसा-पत्र पाए ।

गोरखापत्रले पहिलो पेजमा फोटासहित अथदेखि र इतिसम्मको विवरण दिएको थियो । बन्दी अश्वपालक र बन्दी बाँदरनायक कैदी समाजका लागि उदाहरण भएका थिए ।

राज्यले तिनको बाँकी सजाय मिनाहा गरेर दण्डमुक्त गरिदियो ।

❑❑

नाच् दुलारी, नाच्
डीसी नेपाल डट कम
२०७७ फागुन १ गते ६:३८

रातको प्रधानमन्त्री

सुगाहरू कथा भन्न थाले :

छविमाया र छविरमण एकान्त संवादमा थिए ।

छविमाया बोली- 'कसैको शक्तिशाली घोडा हुनुभन्दा त गरीब घरको गुनिलो गाई हुनु उत्तम होइन र हजुर ?'

यो वाक्य सुन्दासुन्दै हामी भुर्र उडेर भित्र पर्दाको काठमाथि बस्यौं र प्रणय व्यापारको अभिनयमा जुट्यौं । किन्तु हाम्रो ध्यान र दृष्टि उनीहरूकै संवादमा थियो ।

'हाम्रो माया पिरती देखेर सुगाले पनि यहाँ आएर शुरु गरे नि हजुर, देख्नुहुन्न ? सुगाको जोडी नछुट्टिए जस्तै हाम्रो जोडी पनि नछुटोस् भन्ने लाग्छ, तर हजुरको लक्ष्य र बाटो हेर्दा त्यसै मन भरंग हुन्छ । सपना पनि अर्कैअर्कै देख्न थालेकी छु । खै, के हुने हो थाहा छैन ।'

'कस्तो सपना देख्यौ ? हाम्रो विषयमा देख्यौ कि मुलुकको ?'

'खै ! हामीभन्दा फरक छ र मुलुक ? हामी पनि त मुलुकभित्रै छौं नि ! फेरि हामी नरहे पनि मुलुक त रहनुपर्छ नि हैन र ?'

'त्यो आदर्शको कुरा हो, आदर्शले इच्छापूर्ति हुँदैन । आदर्श बाधक पनि हुन्छ । हामी यथार्थमा बाँच्नुपर्छ । अँ यो कुरा गर्दै गरौंला, पहिले सपना भन । के देख्यौ सपनामा ?'

सुगा हुन् भनेर होला, छविमाया सुमन्त्री र छविरमण पातकीले हामीलाई खासै महत्व दिएनन्, स्वाभाविक पनि हो । किन्तु हामीले आफ्नो ध्यान तिनको संवादमाथि केन्द्रित गर्न छोडेनौं । छविमायाले भनाइलाई निरन्तरता दिई- 'हजुर मेरो विचारको बिल्कुल विपरीत हुनुहुन्छ । यता हजुरले महत्व दिनुभएन, सम्पूर्ण ध्यान हजुरको उतै छ भन्ने प्रमाणित भो । अब मलाई छल्न सक्नुहुन्न । मेरो सपना टर्दैन ।'

'त्यो कसरी ? के देख्यौ ? के भो ?'

'हजुरले आफ्नो झण्डा लगेर उता बुझाउनुभो ।'

'अनि ?'

'हजुरलाई छ दिनका लागि राष्ट्रपति बनाइदिने शर्तमा हजुरले झण्डा बुझाइदिनुभो । पहिले पदेन उपराष्ट्रपति हुनुभो । राष्ट्रपतिलाई सात दिन विदेश यात्रामा पठाए र रिक्त स्थानमा छ दिन हजुरलाई राष्ट्रपति बनाइदिए । बस्, देश जिम्मा लगाइदिनुभो । हजुरले खोजेको त्यति नै होइन ? कत्रो स्वार्थ, कस्तो अविवेक ? छिः हजुर पनि ।'

'अनि ?'

'विधि पूरा गरिएको छ । सलामी, परेड, धुन सबै नकली, बनावटी । फोटोग्राफी, भिडियो क्यामेरा स्वचालित किन्तु निष्प्रभावी । कुनै रेकर्ड छैन, कुनै घटना प्रतिविम्वित छैन । जे छ त्यो सबै गोप्य छ । जनता र संचारलाई कुनै कुरा थाह छैन । यदि यी चरा हाम्रा कुरा बुझ्ने रहेछन् र कतै भनिदिए भने हजुरको के जात्रा हुन्छ, कल्पना गर्न सक्नुहुन्छ ?'

'अनि ?'

'सारा बकवास ! कमसेकम राष्ट्रपति हुने महत्वाकांक्षा राख्नेले घटना इतिहासबद्ध गरिनुपर्छ भनेर प्रस्ताव राख्नुपर्दैन ? नोट छाप्ने, हुलाक टिकट ल्याउने, शहरको नाम राख्ने, सडकको नाम तन्काउने खालको कुनै खास काम भयो ? मिलन दिवस वा विलय दिवसको सम्झना खातिर प्रतिवर्ष कुनै कार्यक्रम त मनाइनुपर्थ्यो नि, खै ?'

'सारा सपना चकनाचूर, धूलो खरानी । न इतिहास लेखिन्छ, न पाठ्य सामग्री भेटिन्छ । सपनामा पनि थाङ्नामा सुताए नि हजुरलाई, हैन ? सत्तरी वर्ष अघिदेखि आजसम्म त्यसले निरन्तर नंग्यायो, अब च्यापका रौं उखेल्न मात्र बाँकी छ ।'

'सपनामा तिमीले देख्यौ होला नि त्यहाँ कसैलाई ? को को थिए ?'

'त्रिशूल अर्थात् काकामुख, परराष्ट्रमुख र रक्षामुख, तीनैजना थिए । एउटाले टाउको, अर्कोले खुट्टा अनि तेस्रोले सन्नी समायो, पुगेन ? एउटा कोठाभित्र गुपचुप कार्यक्रम ! नगरा, बिगुल किन चाहियो ? मलाई सोधेको भए हजुरको महत्वाकांक्षा पूरा हुने बाटो मै देखाइदिन्थें ।'

'देश विलय गराइदिन छदिने राष्ट्रपति हुनुभन्दा त आफ्नै देशमा प्रधानमन्त्री हुने उपाय दिन्थें नि । मुलुक विलय त हुने थिएन । हजुरलाई घोडा बनाएर

दाना ख्वाएको पनि हो, चम्काएर नचाएको र जोताएको पनि हो । आखिर आफैं मुलुक नष्ट गर्न फेरि तम्सिनुभो हैन ? छिः छिः, फेरि मान्छे मार्ने ? फेरि हतियार उठाउने, फेरि जंगल पस्ने ? बारम्बार दुर्घटना हुन्छ भनेर तर्साउने ? छिः ।'

'माया, अब सपनाका कुरा छोडेर बिपनाका कुरा गर । भन, कसरी म काकामुख (कार्यकारी प्रमुख) हुन सक्छु ? म अहिले छटपटीमा छु । केही त उपाय गर ।'

'ठीक छ, म उपाय भन्छु, नत्र आफैं गएर हजुरका लागि अनुरोध गर्छु । यो मेरो वचन भो । अब भन्नुहोस्, केका लागि आफ्नो सरकार, आफ्नो संसद र काकामुखको विरोधमा उत्रनुपऱ्यो ? कहीं हजुरले उत्तेजनामा आएर गुटबन्दी गर्दै ध्वंस निर्माण गर्नुभएको त हैन ? किन्तु जहाँसम्म मैले बुझेकी छु, सीङ जोर्न जानेलाई उनी बाँकी राख्दैनन् र उनको पक्षमा जानेलाई छाता ओढाउन पनि चुक्दैनन् । कसैले उनलाई दागा धरेन भने उनी सन्तवत् पेश आउँछन् । मैले यस्तै बुझेकी छु । पद र पैसाका लागि देश नसाट्नुहोस् ।'

'अनि ?'

'बस्, हजुर आफ्नो गल्ती स्वीकार गरेर जानुहोस् । उनी हजुरलाई आफू सरहको पद दिनेछन् । अधिकार र शक्तिको कुरा नगर्नुहोला, सडक तताएर कतै पुगिन्न । जनता अब हजुरको पक्षमा छैनन् । विदेशमा द्रव्य थन्क्याएको कुरा पनि थाह पाइसके । कार्यकर्ता पनि पन्सिंदैछन् । किनकि पहिले नै हामीले धेरै ठूलो अकर्म, अपराध र देशद्रोहीको चरित्र देखाइसकेका छौं । हजुर आजै जानुहोला, नत्र पत्राउ पुर्जी काटिसकेपछि जोगिन सक्नुहुन्न । भ्रष्टाचारको भकारी चुलिएको छ ।'

ऊ सुन्दै रह्यो ।

छविमायाले थपी- 'हजुरलाई एक्लै जाने हिम्मत नभए म सँगै ड्राइभ गरेर लान्छु । तर त्यहाँ पुगेर सलामको शैली फेर्नुपर्छ र विदेशी सेना बोलाउने सोच र गतिविधि पनि छोड्नुपर्छ नि ! अर्काको लागि कम्फर्टेबल बन्ने होइन है, जसरी हिजोसम्म बन्नुभएको थियो । भन्या छु, दोहोऱ्याउनु नपरोस् ।'

शुक्रवार मुसलमान बन्धुको छुट्टी, शनिवार पूरा सरकारी छुट्टी र आइतवार ईसाईहरूको छुट्टी । त्यसैले तीन दिनमा प्रशस्त होमवर्क गर्ने मौका मिल्यो काकामुखलाई । चौथो दिन अर्थात् हेर्दाहेर्दै सोमवार छविरमणले रातको प्रधानमन्त्रीको शपथ ग्रहण गऱ्यो ।

सुगाहरू भन्दै गए : विशेष व्यवस्था अन्तर्गत बेलुका ७ बजेदेखि बिहान ६ बजेसम्म ११ घण्टा रात्रिकालीन प्रधानमन्त्री भएर झण्डा हल्लाउनेभो छविरमणले । हस्ताक्षर र आदेश नचल्ने तथा औपचारिक कार्यक्रम र निर्णयहरूमा सहभागी हुन नपाउने पुतली प्रधानमन्त्रीको रूपमा ऊ रातिराति बिजुलीकारमा झण्डा फहराएर घुम्न थाल्यो ।

संचारले यस घटनालाई कुनै महत्व दिएन । किन्तु हामीले यो कथा घुमीघुमी धेरैतिर सुनायौं । त्यसपछि केटाकेटीहरू, स्कूलका विद्यार्थी र बूढाबूढीहरू हाम्रा कथा सुन्न थाले । हामीले भनेका कथामा भाषाको समस्या पनि हुँदैनथ्यो । त्यसैले पनि हाम्रो माग बढ्दै गयो । ठाउँ ठाउँ घुमेर हामी कथा सुनाउँदै रह्यौं ।

हामी जै गोरख भन्दै उड्यौं । उड्दै गयौं ।

सुगाहरूले कथा टुंग्याए ।

❑❑

रातको प्रधानमन्त्री
डीसी नेपाल डट कम
२०७७ चैत १४ गते ६:२८

यो नक्शा होइन

सजला शैलानी दिनभरि चिंचित थिई । राति पनि ओछ्यानमा उसलाई निद्रा परेन । उसले यति मात्र भनेकी थिई छोरालाई 'बाबु, अब तिम्रो बिहा गर्नुपर्छ । मानसिक रूपले तिमी तत्पर होऊ है ।'

'छिमेकीलाई सोध्नु भयो त आमा ?' शैलेश सागरले आमालाई एउटै प्रश्न गऱ्यो । यसै प्रश्नले उसलाई आहत बनायो । ऊ स्वयं यो अनुभव गर्दै रही ।

शैलेश सागरको बिहे भयो । दुलही लिएर आए । भोज चल्यो, नाचगान भो, रमाइलो भो अतिथि इष्टमित्र फर्कदै गए । शैलेशका पाँच-सात जना साथी अझै खानपिनमा जुटेका थिए । समय बित्तै थियो ।

'भाइ, यस वेला कहाँ जान लागेका ?' दिदीले प्रश्न गरिन् ।

शैलेश, अझै तिमीले लुगा नफेरेका ? असजिलो भएन ? काकीले सोधिन्

'बाबु, दुलहीलाई एक्लै छोडेर ननिस्क, फर्क, कोठामा जाऊँ ।' सजलाले भनिन् । उनको भनाइमा मातृभाषाको अधिकार पनि झल्किन्थ्यो ।

'हो सुहाग शैयाबाट निस्कने वेला होइन यो । केही चाहिए भन, तर दुलहीलाई नछोड । कहाँ जान लागेका तिमी यसवेला ?'

उसंग संवाद गर्नेका आँखामा एक पटक हेऱ्यो र टाढा नजर पुऱ्याएर भन्यो- 'म छिमेकीलाई सोधेर आउँछु है ! एकैछिन, फर्किहाल्छु ।'

सजलाका मनमा चिसो पस्यो । उनले गुनिन्- आफ्नो कुरा, आफ्नी व्यौलीको कुरा, सुहागरातको कुरा, कोठाको कुरा, आफ्नो घरको कुरा के मतलब छ छिमेकीलाई ? के सोध्नुपर्छ छिमेकीलाई ? के सोध्ने ? आफ्नी व्यौलीसँग सुहागरात मनाउँ कि नमनाउँ ! त्यसको अधिकार छ कि छैन भनेर सोध्ने ? पागल !' सजला क्रूद्ध भइन् । प्रकटमा थपिन्- 'बिहेलाई राजनीति नबनाऊ । यो नक्शा होइन ।'

बिहे घरको यो परिवेश अलिक अशान्त, अलिक कोलाहलमय र नसुहाउने देखेर शैलेशका साथीहरू आफ्नो ठाउँबाट उठेर आए- पप्लु खेल्न बिसाएर । अनि परिस्थितिलाई अझ उत्तेजित बनाउँदै थपे :

'है, मुला प्रतिगामी कुरा नगर । प्रगतिशील हुने कोशिस गर !'

'हो, प्रगतिशील हुनुपर्छ, परम्परावादी न हो ।'

'मतलब ?'

'मतलब यही कि आफ्नी ब्यौलीसँग आफैंले सुहागरात मनाउने चलन पुरानो हो । त्यो परम्परावादी चलन हो । प्रतिगामीहरू मात्रै आफ्नी ब्यौलीसँग सुहागरात मनाउँछन् । भनौं भने जुन विधिले तिम्रो बिहे भयो नि, त्यो पनि प्रगतिशील थिएन ।'

'हो नि, सजातीय, स्वर्गीय, गोत्र हेर्ने, नाता जोगाउने कुरा पनि प्रतिगामी तत्व नै हुन् । हामीले त नयाँ कुरा, नयाँ रास्ता र नयाँ सोच राखेर अगाडि बढ्नुपर्छ ।'

'अब ब्यौलीसँग सुहागरात कसले मनाउने त ?' वाक्युद्ध भयो यिनीहरूमा । फेरि मल्ल युद्ध भयो । जुडो र कराँते चल्यो । भागाभाग भयो । आश्चर्य ! कसैले मुख खोलेन । फेरि श्मशान शान्ति छायो ।

चाल मारेर विजेता साँढे ब्यौलीको सुहाग कक्षमा प्रवेश गऱ्यो - आततायी मुद्रा देखाएर ।

एक छिनपछि बत्ती र साइरनसँगै प्रहरी शक्ति पुग्यो । पुलिस सुहाग-कक्षमा पुग्दा ब्यौली एउटा हातमा फोन र अर्को हातमा रगत पोतिएको खुकुरीसँगै उभिएकी थिई । एउटा जवान शरीर मरणासन्न अवस्थामा रक्तरंजित थियो गलैंचामाथि ।

आमा र छोरा अर्थात् सजला र शैलेश तासको खालमा लखतरान थिए । कलहको आगो कहिले सल्क्यो र कसरी निम्न पुग्यो भन्ने सत्य प्रहरीले खोल्न चाहेन । मुद्दा राजनीति प्लस थियो । किन्तु खोज पत्रकारिता र कूट पत्रकारिताले अथ र इतिको इतिहास लुकाउन सकेन ।

❑❑

जुन १२, २०२०
डीसी नेपाल.कम

घुमाउरो धन्यवाद

पर्यटक वा पथिकहरूको सुविधाका लागि भौगोलिक स्थिति र बाटाको दूरी हेरेर चमेना पसल र रात बिताउने ठाउँ प्रशस्त तयार गरिएका थिए । स्थानीय ग्रामवासी नै पसलका स्वामी र संचालक हुन्थे । पर्यटकका लागि चाहिने भोज्य-पेय परिकारहरू स्थानीय उत्पादनबाटै लिइन्थे । म पथप्रदर्शक भएको हुनाले पर्यटकसँगै तिनको स्वाद लिने गर्थें ।

यात्राका क्रममा भेटिने पसल अत्यन्त शान्त, सुन्दर सजावटका हुन्थे । त्यसै बिसौनी मारौं जस्तो लाग्ने परिवेश हुन्थ्यो । निम्न उचाइका हरित पर्वतमाला र तिनका गर्भबाट प्रवाहित हुने शीतल पानीको अविरल गतिले संचार गरेको ध्वनि संगीतमय लाग्थ्यो । फेरि वेलावेला चराचुरूंगीको मिश्रित गायनले कम रोमांचित गराउँदैनथ्यो ।

छोरी भएको लिम्बू (किराँत) जातिको घर आँगन यसै सफा सुग्घर हुन्थ्यो । परैबाट थाहा हुन्थ्यो- यो घरमा छोरी रहेछन् । मगरहरूको बस्तीमा पनि घुमें, गुरुङहरूको बस्तीमा पनि पुगें, सबैका घर सफा र आकर्षक । थकाली र नेवारका घर व्यापारिक दृष्टिले स्वच्छ सुग्घर देखिनु अनिवार्य थियो ।

पर्यटकहरू यदि चीन, जापान, कोरिया, मलेसिया, थाइल्याण्ड, कम्बोडिया, बर्मा, भियतनाम पुगिसकेका हुन्थे भने उस्तै-उस्तै खालको स्वरूप र सौन्दर्य भन्ने थिए कि यहाँका मानव शरीरलाई देखेर ? किन्तु स्वागत-सम्मान वा आतिथ्य प्रदान गर्ने मौकामा यहाँका युवती र किशोरीहरू बिल्कुल पृथक् संस्कृति र परिवेशबाट प्रस्तुत हुन्थे ।

पसल्नीहरूको नौलो, भिन्न देखिने संवाद कौशल र आत्मीय भावको सम्प्रेषणले पथिकहरूलाई बाटो काटेर जान मुश्किल हुन्थ्यो । त्यसैले पसलमा एक छिन बिसौनी मार्थे, चिया कफी पिएर पसलको मान राखिदिन्थे, संस्कृति र सौन्दर्यको कदर गरिदिन्थे । पसल्नीहरूको मन राखिदिन्थे, अनि बाटो लाग्थे । यो सामान्य ढंगको तर नियमित यात्रा सन्दर्भ हुने गर्थ्यो ।

तर यस पटक एउटा नौलो घटना भयो । पसलबाट निस्केर बाटो लाग्नासाथ एउटा साथीले सुँगुर दुहेको दृश्य देखेछ । अनि उसका मनमा कुरा खेले । उसलाई बिसन्चो चढ्यो । कुनै रोगले अकस्मात् आक्रमण गरेझैं लाग्यो । ऊ आफ्नो ब्याग मिल्काएर पछारियो । बेसरी बान्ता गऱ्यो । फेरि अर्कोलाई पनि त्यस्तै भो ।

तुरुन्तै हेलिकप्टर झिकाएर दुवै बिरामीलाई अस्पताल लग्यौं । पसलकी एउटी युवती पनि सँगै थिइन् । निरीक्षणपछि थाह भो, खानाको कारणले यस्तो भएको रहेछ । अब कहाँ के खायो र त्यो कुन वस्तु हो भनेर बुझ-बयानपछि टुंगो लाग्यो- सुँगुरको दूधमा कफी बनाएको रहेछ ।

सुँगुर दुहेको दृश्य देखेपछि नै पर्यटक बिरामी भएको थियो । शायद मनोदशा र सांस्कृतिक चेतनाका कारण ऊ बिरामी भएको हो भन्ने निष्कर्ष रह्यो ।

अब हामी युवतीको बयान सुन्न थाल्यौं- 'पसलमा धेरै पहिलेदेखि कहिले सुँगुरको, कहिले कुकुरको दूधको चिया कफी चल्छ । उहाँ सरलाई बानी थिएनछ क्यार ! त्यसैले उहाँलाई पचेनछ ।'

युवतीले दिएको बयानको निष्कर्ष थियो : आततायीको एकतर्फी आक्रमण चल्दा खास गरी खस आर्यलाई तिनले तारो बनाए । तिनको पशुधनमाथि पनि धावा बोले । तिनका गुरु पुरोहितलाई पनि खोलामा हालेर मारे । जो कसैगरी बचेका थिए, ती बसाइ सरेर गए ।

गाई-भैंसी पाल्ने काम हामीले गरेको भए पनि हुन्थ्यो, अगि-अगि गरेकै हो । तर भैंसीलाई राँगो, गाईलाई गोरु कहाँ खोज्दै हिंड्नु भनेर झन्झट लाग्यो । त्यो बाटो नै बन्द भयो । यसै मजा छ । को पस्ने घारीमा ?

'त्यसैले अब गाउँमा न गाई-भैंसी छन्, न दूध पाइन्छ । पर्यटकलाई चाहिने चिया, कफीका लागि गाई-भैंसीको दूध नपाएपछि हामीले कि कुकुरको कि सुँगुरको दूध प्रयोग गर्न थालेका हौं । यसमा हाम्रो दोष छैन । राज्यले हाम्रा लागि यही मात्र बाटो खोलेको छ । नत्र हाम्रो व्यापार कसरी चल्छ ? बटुवाले चिया कफी कसरी पिउँछन् ?' युवतीले चित्र उपस्थित गरी ।

'हो पनि । आततायी र सरकार दुवै दोषी छन् । नत्र यो स्थिति आउने नै थिएन । न खस आर्य यसरी गिंडिन्थे, न बसाइँ सर्न विवश हुन्थे, न गाई-भैंसी पाल्न रोकिन्थ्यो, न दूधको अभाव हुन्थ्यो, न कुकुर र सुँगुरको दूध उपयोगमा

ल्याइन्थ्यो । यी सबै समस्याको जड भनेकै आततायीहरूको एकतर्फी छापामार आक्रमण र त्यसको प्रतिफल हो ।' एक जना वृद्ध-बुज्रुकले स्थितिको व्याख्या गऱ्यो ।

ऊ भन्दै गयो- 'जसले गाईको दूध खान्छ उसले गाई खाँदैन । जसले कुकुर र सुँगुर खान्छ उसले त्यसको दूध खाँदैन ? कसरी बुझ्नु ? किन्तु खस आर्य त प्रत्येक प्राणीको गुन देख्छ ।' उसको चिन्तन अलिक फरक थिएछ ।

घटना र परिस्थिति मलाई पनि झस्काउने खालको थियो । तिनका कुरा सुनेपछि मैले निश्चित वक्रभावले गुनें- आततायीले एकपक्षीय आक्रमण गरेर धर्म, संस्कृति, सामाजिक सम्बन्ध र द्रव्यको संसारमा जुन खलल मचायो वा उराल ल्यायो, यो हेरेर त्यस तत्वप्रति नागबेली नै सही धन्यवाद ज्ञापन त गर्नैपर्छ कि ! नत्र आततायीको पुरुषार्थको यो सुपरिणाम देख्न पाइन्थ्यो र !

❑❑

घुमाउरो धन्यवाद
डीसी नेपाल डट कम
२०७८ वैशाख ४ गते ७:४१

कुकुर्नी हाँसी

धर्मनिरपेक्ष श्रृंखलाको एउटा कथा मेरा हातमा पऱ्यो । छापामा आउनुपर्ने यो कथा विद्युत् पत्रिकामा आएछ । मलाई माध्यम उपयुक्त लागेन । लाखौंले पढ्न सक्ने थिए, चुके भन्ने लाग्यो । किनभने हाम्रो समाजमा विद्युतीय साहित्य पढ्ने चलन त्यति फस्टाएको थिएन । त्यसैले मलाई सन्तोष भएन । तैपनि मैले यो कथा पढें :

शमीको शीतल छायाको चौतारीमा ग्रामीण जनको भेला बस्यो । मान्छे थपिँदै गए । कार्यक्रम शुरू हुनेवाला थियो । एक जनाले हाते माइक टिपेर भन्यो- 'यदि पत्रकारहरू यहाँ उपस्थित हुनुभएको छ भने उहाँहरूसँग अनुरोध छ, गाउँका असजिला अप्ठ्याराहरू हामी आफैं ठीक पार्छौं, हाम्रो आफ्नै विधि र प्रणाली छ । यहाँहरूको उपचारको खाँचो पऱ्यो भने हामी हाजिर हुनेछौं । त्यसैले हाम्रो जीवनलाई विज्ञापन र कमाइको आँगन नबनाइयोस् । सकेसम्म हामी जीवन जोड्न चाहन्छौं, फुटोस्-भत्कियोस् भन्ने कामना राख्दैनौं । यदि एकता र सद्भाव कायम गर्दा हाम्रो जीवन शैलीले प्रतिगमन गरेको ठहर्छ भने त्यो ठहऱ्याउनेकै विवेक मानौंला । त्यसमाथि हाम्रो प्रतिक्रिया हुनेछैन । धन्यवाद !'

'अब चौतारी शुरू गरौं । यसतर्फ पनि अनुरोध छ, सभ्य शालीन भाषा र शब्द प्रयोग गर्दा पनि प्रतिगामी कदम मानिएला, त्यसैले जोगिएर चल्नुपर्ला ।'

एउटाले बीचैमा प्वाक्क बोल्यो- 'प्रगतिशील हुँ भन्नेलाई संस्कृत भाषाका शब्द प्रयोग नगरी भाषण गर, पर्चा लेख, वक्तव्य निकाल भन्यो भने ऊ तुरुन्तै बौलाउँछ । ऊ चाहिं पुराना शब्द प्रयोग गर्दा प्रतिगामी नहुने, अनि हामीले गर्दा चाहिं प्रतिगामी देखिने ? यो कस्तो ढक तराजु ?'

एक जनाले पञ्चगव्य मिसाएर यस प्रसंगको बिट मार्न खोज्यो- 'यो आँगनमा उनीहरूकै हावा, उनीहरूकै विधान छ । चुनावी प्रक्रिया मात्रै त प्रजातान्त्रिक हो नि । त्यसो भएपछि प्रजातान्त्रिक भण्डारभित्र पसेर यथेच्छ लूट

मचाउनु र भाँडभैलो गर्नु पनि प्रजातान्त्रिक अभ्यास नै भएन र ? जसरी बुझे पनि हुने भो । त्यसतर्फ फेरि छलफल गरौंला । अहिले आफ्नै लक्ष्यमा फर्कौं, नत्र बाटो बिराउने संसद र हाम्रो चौतारीमा फरक के ?'

'ए, मुद्दा अघि सार ।'

'जी, यी दुई पति-पत्नी हुन् ।... माफ गर्नुहोला प्रतिगामी शब्दमा पुगेछु ।... यी लोग्ने-स्वास्नी हुन् । यिनले आपसमा झगडा गरे, एकले अर्कालाई निषेध गरे, तथानाम गाली पनि गरे । लाग्थ्यो, सरकार चलाउने एमाले र सडकमा पुगेर पहिचान दिने एमाले पनि यिनै हुन् । फरक यति हो, यिनले एक-अर्कामाथि हातपात गरे । यो चाहिं अलिक बढ्तै भो ।'

नारीलाई अग्रता दिएर चौतारीले सोध्यो- 'जन्तरी ! के भएको हो ? कसले पहिले हात उठायो ?'

'उहाँले नै पहिले मुक्याउन थाल्नुभो, सहन नसकेपछि आज चाहिं मैले पनि भाटैभाटाले दिएँ ।'

'के कुराका लागि झगडा भो ?'

'छोरालाई कुकुर्नीको दूध चुस्न लगाई भनेर कुट्नुभो ।'

चौतारीको सभा एक पटक स्तब्ध भो ।

'जन्तरे ! जन्तरीले भनेको कुरा सही हो ? उनले छोरालाई कुकुर्नीको दूध चुस्न लगाएकी हुन् ?'

'सत्य हो, मैले देखें । मलाई रिस उठ्यो र हात छोडें ।'

'गाईको दूध खोजेनौ र तिमीहरूले ?'

'कहाँ पाउनु गाईको दूध ? गाउँमा गाई पाल्ने बाहुनहरू नै हुन् । गाई पाल्नेलाई खूब हेपे । तेरी आमा गाई, तेरो बाबु गोरु, तँ गाईको मूत चाट्ने भनेर तथानाम गाली गरे, अपमान गरे । त्यसपछि गाई पाल्नै छोडे । त्यसो भएपछि गाईको दूध पाउनै सकिएन ।' जन्तरीले अनुभव जोडी ।

'किन्नुपर्थ्यो होला नि गाईको दूध ? कति खर्च गर्थ्यौ दूधमा ?'

'पैसा दिनु पर्दैनथ्यो । त्यसै दिन्थे नि बच्चाका लागि । मेरो ठूलो छोरो गाईको दूध खाएर हुर्केको हो । हेर्नू न, उसको शरीर नै फरक छ । बुद्धि पनि उज्यालो छ । अब यो चाहिं खुम्चिने भो, अँधेरो छ ।' उसले काखको बच्चा देखाएर वाक्य टुंग्याई ।

'तिमीले आफ्नो दूध खुवाइनौ ?'

'मेरो दूध आउँदैनथ्यो । जीउमा खान्की पुगे दूध आउँदो हो । खै, आफू त भोकै पनि भइन्छ धेरैजसो, अनि बच्चाको लागि कहाँबाट आओस् दूध ? माहिलो छोरो थ्यो, दूध नपाएर खस्यो । यो कान्छो हो ।'

'किनेर ख्वाएको भए हुन्थ्यो नि । बट्टाको दूध पाइँदो हो ।'

'पैसा भए किनिन्थ्यो पनि, तर खै ।'

'कसैले दुहुनु गाई दियो भने पाल्न सक्छौ ?'

'हुन त हुन्थ्यो, चाकर पनि गर्थें, दुहुन्थें, दूध खान्थें । मलाई फाप्छ पनि । तर के गर्नु, लगिहाल्छन् । काटेर खाइहाल्छन् । जोगाउन सकिन्न के । त्यसै भएर त हो नि बाहुनहरूले गाउँ नै छोडेर हिँडे । कम्ती दुःख पाएका थिए त !'

'यो त धर्मको नाममा जातीय उत्पीडन हो ।' एउटाले सभाको बीचबाट बोल्यो ।

'आर्यले गाईको पूजा गर्छ, सेवा गर्छ । गाईलाई माता मान्छ र लक्ष्मी ठान्छ । गाईमा के गुण छन् र यसको महत्व किन छ भनेर वर्णन गरेर सकिन्न । गाई चारखुट्टे जनावर मात्र होइन, तर बुझ्ने कसले ? जो बुझ्थे तिनले पाल्नै पाएनन्, अब के गर्ने हो ?'

'गाईको भक्ति गर्ने पनि त बाँचेकै छन् नि', एउटाले मनको भन्यो ।

चौतारीको न्यायपीठमा ज्ञानी र विवेकी पात्र पनि थिए । उनीहरूले विधान र राज्यव्यवस्थालाई नै यस स्थितिको भनक नभएको ठहर गरे ।

चौतारीले कम्पनी मार्फत दुइटा दुहुना गाई जन्तरीलाई उपलब्ध गरायो - एउटा निःशुल्क र अर्को आधा मूल्यमा । दूध बेचेर किस्ताबन्दीमा गाईको ऋण बुझाउने सहुलियत पाई ।

गाईको बीमा र उपचार पनि कम्पनीकै तर्फबाट हुने भो । सुरक्षाका लागि ठाउँ-ठाउँमा क्यामेरा जडान भए । दानामा विशेष सहुलियत मिल्यो ।

गाउँका चार वर्ष मुनिका बालबालिकाहरू गाईको दूधले लाभान्वित हुँदै गए ।

मानव सन्तान ओजस्वी, पुष्ट बुद्धिमान हुँदै गए । उता, कुकुरका छाउरा पनि परिपुष्ट देखिँदै गए ।

स्थितिमा निकै परिवर्तन आयो । हिजोसम्म सेना र प्रहरीमा छानिन नसक्ने युवाहरू आज छनोट हुन थाले । विदेशबाट जवान झिकाएर भर्ना लिने काम रोकियो ।

कुकुर्नीहरू पनि मानवको उत्पीडनबाट मुक्त हुन पाएकोमा खुशी भए । आफ्नी आमाको स्तनपानको एकाधिकार पुनः स्थापित भएको बुझेर छाउराहरू रमाए ।

प्रभुलाई थ्यांक यू भन्न कुकुर्नी आफ्नो शाखा सन्तानको लश्कर लिएर चर्चतिर लागी, त्यहाँ निषेध थिएन ।

जन्तरी दूध चढाउन भगवान आशुतोषकहाँ पुगी । किन्तु त्यहाँ न दर्शन पाई, न प्रवेश पाई, न दूध स्वीकार भो । ऊ ठाडै फर्की ।

अब कुकुर्नी मरीमरी हाँसी । किनकि दूध पिउने पालो अब उसैको थियो ।

❑❑

कुकुर्नी हाँसी
डीसी नेपाल डट कम
२०७८ वैशाख १८ गते ९:१०

गाइड मल्लिका चौधरी

नेपाल !

सगरमाथाको देश । उन्नत उज्ज्वल हिमश्रृंखलामय मुकुट । उदात्त, महान तथा अहिंसावादी चिन्तनका प्रवक्ता महात्मा बुद्धको जन्मभूमि । वैदिक सनातन र किरात धर्मको आदि स्रोत मानिएको यो माटो । जातीय सहिष्णुताबाट अनुप्राणित मुलुक । दक्षिण एशियाका पुराना मुलुकहरूमध्ये आफ्नै मौलिक सौन्दर्यले चुलिएको श्रेष्ठ, पवित्र स्थल नेपालभूमि । म आकर्षित भएँ र मौका मिल्नासाथ नेपालका लागि उडान गरें ।

शेख इद्रिस अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएँ । यो लालगढ रहेछ- महेन्द्र राजमार्ग छेउ । मेरो विमान जर्मनीबाट सीधै त्यहाँ अवतरण गरेको थियो । यो अन्तर्राष्ट्रिय उडानको पहिलो आगमन अवतरण थियो । त्यसैले बढी महत्वको थियो ।

उच्च हिमश्रृंखलाहरूको एक फन्को दृश्यावलोकन गराएर उडानले अवतरण लिएको थियो । अन्य उडानलाई त्यो अवसर मिलेन क्यार ! मेरो साथमा उड्ने यात्रुहरू हिमाली दृश्य हेरेर त्यसै प्रफुल्ल देखिन्थे । मैले पनि यहाँ पुगेर बल्ल जीवन सफल भएको ठानें ।

पर्व र उत्सवहरूको देश हो नेपाल । यहाँ एक ऐतिहासिक व्यक्तिको सम्मान खातिर सप्ताहव्यापी उत्सव चल्दै रहेछ । पछि थाहा भो, जसले यो देशको निर्माण गऱ्यो उसको संझनामा, सम्मानमा उत्सव मनाइँदै थियो ।

होटलमा पुग्नासाथ टूँ टूँ टूँ फोन आयो । मैले उठाएँ । टूरिस्ट गाइड आएको थाहा पाएँ । ओर्लिएर होटेलको लबीमा पुगें । एउटी नवयौवना मेरो सम्मुख आइन् । हाम्रो परिचय भयो ।

'गुड मर्निङ सर, म मल्लिका चौधरी थारु, पर्यटन बोर्डका तर्फबाट यहाँका लागि गाइड भएर आएकी ।

'गुड मर्निङ, म गौराङ्ग । के भन्नुपर्छ मैले, तारेमाम कि तासिदेले ?'

'जे सजिलो लाग्छ सरलाई !'

'त्यसो भए चमेना गरेर जाऊँ कि ?'

'कतै बाहिरै गरौंला नि !'

मल्लिकाको अग्रसरतामा धेरैतिर घुमें, हेरें, बुझें र क्यामेरा भर्ने अवसर पनि पाएँ । जुन कुरा आँखा र क्यामेराले टिप्न भ्याउँदैनथ्यो ती पनि सुनें र सम्झें । यो देश पत्रै-पत्र अनेक घटना श्रृंखलित हुँदै आजको स्थितिमा पुगेको यथार्थ पनि बुझ्दै गएँ । वास्तवमा नेपालको आजको स्वरूप अनेक विषम घटना, द्वन्द्व, परिस्थिति र कहालीलाग्दो दुर्घटनापछिको सुन्दर परिणाम हो भनेर मल्लिकाले मलाई सम्झाइन् । मलाई लाग्छ, उनको अवलोकन र मूल्यांकन सही थियो ।

पर्यटन विभागको जीप रोकेर हामी हिंड्दै गयौं । मलाई जापानको सिन्जुको पुगेको संझना भो । पैदल यात्रा गर्ने क्षेत्रमा चक्के गाडीको प्रवेश निषेध थियो । पर्यटकले निर्भय रहेर घुम्न सकिन्थ्यो ।

यहाँ पनि त्यस्तै देखें । अनुमान गरें, यो स्मार्टसिटी हो कि ! सबै कुरा व्यवस्थित थियो । हेर्दै, घुम्दै, रमाउँदै हामी उत्से कफी पसलमा पुग्यौं । पाँचौं तलाबाट शहरको दृश्य परपरसम्म देखिन्थ्यो । कफीको सारमा सोधें- 'मल्लिका, त्यो चौबाटोमा गोल्डेन प्रतिमा कसको हो ? कुनै महिलाको जस्तो लाग्यो । यसबारे मलाई भन न ।'

'कथा रोमाञ्चक छ । अवश्य सुनाउँछु ।' उसले झ्यालबाट बाहिरको दृश्य औंल्याउदै भनी- 'ऊ त्यो पर बगैंचा देख्नुहुन्छ सर, त्यहाँ अर्को पनि प्रतिमा छ । यस्तै छ । यस्ता प्रतिमा ठाउँ ठाउँमा छन् शहर-शहरमा । एक छिन त्यहाँ पनि पुगौं । यात्रीलाई त्यहाँबाट पनि खुराक मिल्छ ।'

त्यो जानकी उपवन रहेछ- सुन्दर बाल उद्यान । तिनै वीरांगनाको प्रतिमा राख्ने उद्देश्यले निर्माण गरिएको रहेछ । ती वीरांगना को हुन् र कुन अर्थमा उनको प्रतिमा राखियो भन्ने प्रश्नको उत्तरमा मल्लिकाले डिनरको समय प्रशस्त लिइन् । विविध शब्द श्रृंखलाबाट उनले त्यो प्रतिमा खडा गर्नुको औचित्यबारे इतिवृत्त सुनाइन् :

विदेशी भूमिमा जन्मेर हुर्केको राजनीतिक चिन्तनले यहाँ पसेर अभ्यास गर्ने परम्परा निरन्तर चल्यो । अर्थात्, कुनै पनि दल यस माटोका उत्पादन थिएनन् । जरा उतै हुन्थे, यता फैलिन्थे र झ्याङ्गिन्थे । तर प्रसव वा परिणाम

सुन्दर देखिएनन् । जरा यहाँ नगाडिनुको अर्थ हो- ससाना आँधीले मिल्काउनु, पल्टाउनु । उतैबाट आएको आँधीले यहाँ छिरेर चक्रवातको रूप लिन्थ्यो र ध्वंस गरेर छोड्थ्यो । फेरि राजनीतिक अध्याय फेरिन्थ्यो । यो पनि निरन्तरको खेल तालिका थियो ।

सर, म भन्न सक्तिनँ, पछिल्लो पटक संसद विघटन किन भयो ? हेतु के थियो ? कस्तो यात्राको थालनी गर्नु थियो ? पारदर्शी तर सूक्ष्म तत्व चाहिं यति नै हो- त्यो अहंकारको द्वन्द्व थियो । शक्तिको अभौतिक स्पर्धा थियो । अंश र अधिकारको रोगी माग थियो । घरको कलह थियो । भनौं साँढेको जुधाइबाट बाच्छाको मिचाइ भएको थियो । र, यहाँ पनि उताको नुनिलो हावाको अमूर्त मन्थन थियो । सचिव, सेना, गुप्तचर र संवाददाताको दबदबा रह्यो । खूब हावा दिए, खूब धुवाँ आयो । जनता रोग, भोक, न्याय र रोजगारको लागि संघर्ष गर्दै रह्यो र अकाल मृत्यु भोग्दै गयो । फेरि पनि भ्रष्टाचार र दुःशासनले मौलाउने अवसर पायो । एउटै घरका, एकै गोत्रका भाइले छेके, घेराबन्दी गरे । ऐंठन फुकाउन विघटन गर्नु पऱ्यो, संसद सकियो ।

मल्लिकाको भनाइमा कति सत्यता थियो, मैले परख गर्नु थिएन । भनें- 'तिमीलाई आफ्नो देशको आफूले देखेको भोगेको परिस्थितिको जानकारी मनग्य रहेछ । खुशी लाग्यो । अब भन- 'संसद विघटन पछि के भयो ?'

उसले भनी : संसद विघटन पछि असन्तुष्ट समूहले सडक तताए । राजनीतिको मूलधारबाट हराएका हुनाले यहाँ छौं भन्ने आवाजका साथ तिनले सडकमा धुवाँ छोडे । त्यहाँ पनि उतैबाट हावाले धुवाँ फुक्यो । जब धुवाँ मडारिन थाल्यो, नायकका झोले, बैठके तितरबितर हुँदै गए । पुसको जाडो, छोटो दिन । विरोध प्रदर्शनमा हाजिरी दिएर निस्कनु थियो, प्राण जोगाएर । फेरि कोभिड-१९ को भयानक प्रकोपबाट बच्नैपर्ने थियो ।

ऐजन मौकामा भीडलाई चिर्दै बिस्तारै एउटा कालो माइक्रोबस आयो र छवैजना नाइकेहरूलाई टिपेर बाटो लाग्यो । लाग्थ्यो, सबै कुरा पूर्ण व्यवस्थित थियो ।

नाइकेहरूलाई जहाँ पुग्नु र पुऱ्याउनु थियो, माइक्रोबस त्यहीं पुग्यो । ओर्लेर छवैजना घरभित्र पसे । भन्नु मात्र घर, एक किसिमले महल नै थियो । स्युः स्युः गर्दै निर्दिष्ट स्थानमा बसे ।

गृहस्वामिनी सत्या जानकी छ जनाकै पृथक् पृथक् रुचि र स्वाद जान्दथिन् । हरेकले आआफ्ना स्वादका पेय र व्यञ्जन लिए । वारुणी सन्ध्या घनीभूत हुँदै गयो । प्रतिशोध लिन सफल भएको र अबको गन्तव्य कस्तो हुने, मार्गचित्र कति ऋजु र कति नागबेली हुने, यसबारे खुलेर वार्ता हुँदै गए ।

सडक तताएर चिसिएकाहरू अब पूरै तातिसकेको निश्चय गरेर सत्याले सबै जातका क्यामेरामा आँखा घुमाइन् । उनी आफ्नो योजनामा पहिले नै सजग र सन्नद्ध थिइन् । केवल त्यसले आज पूर्णता पाउन लागेको थियो ।

छवैजना षडयन्त्रकारीका वाणी र अभिनयलाई वरिपरि जडान गरिएका क्यामेराहरूले नबिराई कैद गरिरहे । वारुणीको उत्प्रेरणामा उनीहरू निर्धक्क आआफ्नो ढंगले योजना उगेल्दै रहे ।

वारुणी सन्ध्यामा उनीहरूलाई एकान्त संवाद र गोप्य मन्त्रणाको मौका दिने सोच राखेर सत्याले घरका अरू सदस्यलाई माथिको तलामा पठाइसकेकी थिइन् । सहयोगीहरू पनि त्यहाँबाट अघि नै पन्सिसकेका थिए । अब काला बृटिशका दासका दासहरू, यी रक्तपायी नरमेधीहरू आत्महत्या र कुख्यात जीतको बखान लाउन पछि परेनन् । चाहे देश खण्डित गरेर होस् या विलय, आफ्नो रोगी महत्वाकांक्षा पूरा गर्ने विचारले उग्र हुँदै गए, कुरा उगेल्दै रहे ।

सत्या अलि पर बसेर यिनका कुरा निर्विकार भावले सुन्दै रहिन् । एक छिन पछि महाकालीको शौर्य र आक्रोशले दीप्त देखिइन् र मनमन भनिन्- 'यी षडयन्त्रकारी हुन्, पराइका घोडा ! घोडाको जुनीबाट मुक्त गर्न लगाम छुटाउनै पर्छ, अन्यथा यिनै पापी दुरात्माहरूको हातबाट यो मुलुक पराधीन हुन पुग्छ । जोगिन सक्तैन । यी बाँच्नु मुलुकको हितमा छैन ।'

गोली चल्यो । लगातार चल्दै रह्यो । माथिको तलामा टीभी चल्दै थियो । सत्या तलामा उक्लिन् । फोन गरिन् । प्रहरीलाई बोलाइन् । प्रहरी आएर जाँच गऱ्यो । शङ्कर, परकिङ्कर, पाशीधन, निम्नकेतु, भगन्दर र श्वानमण्डलहरू बसेकै ठाउँमा मरेका भेटिए- कुर्सीकुर्सीमा ।

सत्याले आफैंले गोली हानेर यिनको हत्या गरेको बयान दिइन् । यो राजनीतिक हत्या हो र राजनीतिक उद्देश्यपूर्तिका लागि नै यो कर्म गरेकी हुँ भनिन् । यो सुकर्म हो, किनकि यो हत्या मुलुकको हितमा छ भन्दै खुलेर औचित्य सिद्ध गर्न खोजिन् । प्रहरीले लिखतको प्रारूप तयार पाऱ्यो ।

मुद्दा डबलीको न्यायपीठमा पुग्यो, अदालतमा गएन ।

'के डबली ? के पीठ ?' मैले जान्न खोजेपछि मल्लिकाले भनिन्- 'यो सामाजिकहरूको चौतारी हो, जहाँ न्याय दिइन्छ ।'

न्यायपीठ बस्यो ।

'देशका चुनिएका नायकलाई यसरी आफ्नै घरमा हत्या गर्नुको कारण के हो सत्या जानकी ? तपाईं औचित्य सिद्ध गर्न सक्नुहुन्छ ?' न्यायपीठले सोध्यो ।

डबलीमा प्रस्तुत भएर सत्याले सर्वप्रथम बाचा गरी- '३६ हजार मृतक तथा असंख्य विकलांग, हजारौं बेपत्ता, हजारौं रोगी र लाखौं टुहुरा, हजारौं विधवा र आधार हराएका लाखौं अभिभावकहीन अनाथ अनि असंख्य वृद्ध आमाबाबाहरूप्रति क्रमशः श्रद्धाञ्जलि र नमन-स्मरण गर्दै सत्य बोल्ने बाचा लिन्छु ।'

त्यसपछि उसले भनी- 'मैले यो देशका शत्रुलाई मारेकी हुँ । देश विलय गराउने योजनामा यी प्रतिबद्ध थिए । विलयको क्षण आइसकेको थियो । म लामो समयदेखि यिनको योजना बुझ्दै र तथ्यांक लिंदै थिएँ । यदि यो न्यायपीठ प्रमाण चाहन्छ भने म पेश गर्न सक्छु ।'

'डबली यसबारे सोध्न चाहँदैन, तर यो समाजको न्यायपीठ भएको र सांस्कृतिक चिन्तनमा आघात परेको गुनासो आएकाले जान्न चाहन्छ- मृतकहरूमा तपाईंको पति परमेश्वर पनि हुनुहुन्छ । उहाँलाई चाहिं जोगाउन चाहेको भए सक्नुहुन्थ्यो नि, हैन र ?'

'देश भन्दा ठूलो कुनै पनि व्यक्ति, गुट र दल हुँदैन । देश रहे मात्र यी कुरा रहने हुन्, मौलाउने हुन् । एउटा व्यक्तिले ३६ हजार मान्छे मारेर आफूलाई अमर ठान्न खोज्यो । मैले केवल छ वटा विषवृक्ष मासेर यत्रो मुलुक र करोडौ जनताको भविष्य जोगाउने कदम चालें । शायद अब मुलुक ढल्पलाउने छैन, यहाँ कम्पन आउने छैन । यी राष्ट्रघातीको अन्त्य गरेर मैले समाजको यस माटोको संस्कृति र इतिहासको रक्षा गरेकी छु । अब देशको झण्डा फेरिने छैन । यदि मेरो कर्म देशको हितमा छैन भने म अपराध स्वीकार गर्छु ।'

विज्ञहरूले छवटै मृतकको फाइल पढे, तिनले गरेको अपराध र सम्पूर्ण आर्थिक घोटालाको मन्थन गरे, फेरि ऐतिहासिक पृष्ठभूमि र विदेशी गुप्तचर संस्थाको प्रभावमा परेर मुलुकलाई द्वन्द्व र दुर्घटनातर्फ बारम्बार धकेलेको प्रमाण हेरे । मन्थन गरे ।

डबलीको विधिपीठले क्यामेरा र भिडियोका दृश्य तथा अपराध अनुसन्धान महाशाखाले तयार पारेको प्रतिवेदन समेत हेरेर सत्या जानकीको कदमलाई मुलुकको हितमा रहेको ठहर गरी उनलाई अपराधमुक्त घोषित गऱ्यो ।

राज्य उदासीन देखियो । किन्तु नागरिक समाजले कर्तव्य ठानेर सत्या जानकीलाई वीराङ्गनाको सम्मान दियो र उनको प्रतिमा उभ्यायो । एक दिनको आँटले उनी चर्चित र अमर भइन् । ती विवेकी नारीको शौर्यगाथा यही हो सर !

मल्लिका चौधरीले सुनाएको यो कथा सम्झेर म आज पनि भावुक हुन्छु । ती वीराङ्गनाप्रति सम्मान अर्पण गर्छु । कथा सुनाउने थारूकन्याप्रति आभार व्यक्त गर्दछु । सोचेभन्दा बढी नै क्षमता भएकी थिइन् मेरी माइड । आज पनि म मल्लिका चौधरीको चेतना र मूल्याङ्कन गर्ने क्षमताको सम्झना गर्छु ।

हो, यदि पति देशद्रोही हो भने ऊ पनि दण्डनीय छ ।

वाह !

❑❑

गाइड मल्लिका चौधरी
डीसी नेपाल डट कम
२०७८ जेठ २९ गते ६:५१

मिस हर्कबहादुर उपाध्याय रसाइली

अन्तर्राष्ट्रिय उडानको चेकिङ काउन्टरबाट माइकिङ हुन थाल्यो- 'MS HBU Rasaily, फल्गु एयरवेज उडान नं. 7151 6fOd 11:31 PM मिस हर्कबहादुर उपाध्याय रसाइली ।' कृपया अविलम्ब काउण्टरमा पुग्नुहोला ।

पहिले रोकिंदै माइकिङ हुन्थ्यो । अब बारम्बार हुन थाल्यो । ध्वनि आतंक फैलिंदै गएपछि सहन नसकेर यात्रुहरू पनि विचलित हुन थाले ।

एक पटक फेरि अर्को ढंगले माइकिङ थालियो । दोस्रो पटक बोलिसक्ता सक्तै एउटी वयस्क युवतीले अघि सरेर भनी- 'जी, मै हुँ HBU Rasaily ।

ऊ चुरोटको कडा श्वास फ्याँकेर सामान्य स्थितिमा पुगी । अनि थपी- 'हजुर, मैले सुनें । ढीला भो, क्षमा गर्नुहोला । सामान गुडाउने ट्रलीले पनि काम गरेन ।'

काउन्टरमा पुगेपछि उसले टिकट र पासपोर्ट पेश गर्दै भनी - 'मिस घल्वा, सरी, म लेट भएँ । त्यहाँ मेरो लगेज स्वीकार गर्ने मानेन । यहाँ उध्रिन्छ, यता फाट्छ, सुरक्षित पुग्न सक्दैन भन्न थाल्यो र उसैले मेरो खर्चमा प्लाष्टिकले च्याप गर्न लगायो । नयाँ ब्यागलाई पनि फाटेको देख्छ र बल गरेर आफैं उधार्न खोज्छ । मैले क्यै बुझ्न सकिनँ । त्यसैले पनि समय लियो । फेरि सरी ।'

काउन्टरकी युवतीले पासपोर्ट र टिकट जोरेर रुजु गरी । पासपोर्ट अनुसार टिकट छ र टिकट अनुसार नै पासपोर्ट छ । फरक यति छ- टिकटमा छोटो नाम छ MS HBU Rasaily र पासपोर्टमा पूरा छ- हर्कबहादुर उपाध्याय रसाइली ।

काउन्टरवालीले आपत्ति जनाएर भनी- 'मिस रसाइली, यो नाम तपाईंसँग म्याच खाँदैन । त्यसैले म तपाईंलाई उडान गर्ने अनुमति दिन सक्तिनँ ।'

'मिस घल्वा, मेरो उडानको समय भो । मैले यात्रा गर्नैपर्छ । म रोकिने कुनै कारण छैन । यो बहस गर्ने ठाउँ पनि हैन र समय पनि छैन । तपाईंले आफ्नो अधिकार र योग्यताले मलाई यात्राको अनुमति दिनुपर्छ । म रोकिन्नँ ।'

उसले एक पटक लामो श्वास तानेर छोडी र थपी- 'मिस घल्वा, तपाईं मलाई किन रोक्न खोज्दै हुनुहुन्छ, म जान्दछु । अझै थप्छु- म सही छु,

तपाईंको धारणा वा सोच गलत छ । यदि मेरो बिजिनेसमा घाटा लाग्यो भने त्यसको क्षतिपूर्ति कसले गर्छ ?'

यस पटक मिस घल्वा अलिकति गली । अनि आफ्नो अफिसरकहाँ पुगी । एक छिन पछि मिस रसाइलीलाई पनि बोलाए । बहस चल्यो :

'यो मेरो पासपोर्ट, यो मेरो फोटो, यो मेरो हस्ताक्षर, यो मेरो ठेगाना । मान्छे मै हुँ । यहाँ ल्याएर अल्झाउनुको अर्थ के ? कसैसँग बुझ्ने हो भने बुझ्नुहोस् । मेरा मान्छेसँग बुझ्ने भए म फोन नम्बर, इमेल एड्रेस दिन्छु ।' मिस रसाइलीले भनी ।

'मिस घल्वाको भनाइ हो- पासपोर्टको नाम र तपाईंको व्यक्तित्वमा मेल खाँदैन ।' अफिसर त्रिविक्रम सेनले भन्यो ।

'कस्तो नाम हुनुपर्थ्यो र के गर्दा मेल खान्थ्यो ? मेरो नामले मलाई असजिलो पार्दैन भने तपाईंले असजिलो मानेर अल्झाउनुको अर्थ के ? तपाईं आफ्नो अधिकारको प्रयोग गर्नुहोस्, मलाई आपत्ति छैन, तर अदालतको ठाउँ यो होइन शायद ।'

अफिसरले भन्यो- 'हर्कबहादुर- यसले पुरुष जनाउँछ, पासपोर्टमा फिमेल लेखेको छ । उपाध्याय- यसले चुच्चे नाकवाला मान्छे जनाउँछ र त्यो पनि आर्य कोटिको उच्च । अब आयो रसाइली- यो पनि आर्य कोटिको शरीर हो । तर तपाईं नारी हुनुहुन्छ । मंगोल अनुहारमा देखिनुहुन्छ । सार यति मात्रै हो- तपाईंको नामसँग जाति, वर्ग, लिंग र बनोट मिल्दैन ।'

'अनि ?'

'त्यसैले हामीलाई डाउट भो । यो छल हो । यो क्लियर नभई हामी उडानको अनुमति दिन सक्तैनौं ।'

'मैले उड्न पाइनँ र मेरो बिजिनेसमा घाटा भयो भने म तपाईंबाट पूर्ति गराउँछु नि !' मिस रसाइलीले थपी- 'तपाईंले मेरो डकुमेन्ट्स लिगल हो कि हैन, त्यो हेर्नुभएन; मेरो नाम, शरीर र जाति हेर्न थाल्नुभो । कत्रो विडम्बना ।'

एक पाइला पछि सरेर थपी- 'शायद दोष तपाईंको होइन । तपाईंले ल्याएको, तपाईंले थामेको विधानको हो । हामीलाई जुधाउन, भिडाउन र असफल बनाउनकै लागि ओढेको होइन र यो विधान ? तर तपाईंले यो चाहिं बुझ्न सक्नुभएन कि मैले पनि विधानकै मर्म अनुसार नाम चयन गरेकी हुँ-सांस्कृतिक आक्रमण गरेर । भैगो । विधान फेरिएर के गर्नु ? कुकुरको पुच्छर सोझिएन ।'

अफिसर र मिस घल्वा मिस रसाइलीको कुरा सुनिरहे ।

उसले थपी- 'अब एउटा सहयोग गर्नुहोस् । एउटा पत्र दिनुहोस् । म होटलमा बस्छु । इन्टरनेशनल फ्लाइट भएन भने यात्रुले होटल सुविधा पाउँछन् । म सुविधा पाउनेमा पर्छु ।'

आफ्नो पासपोर्ट र टिकटसँगै काउन्टरबाट पत्र बुझी र सामान घिसार्दै भनी- 'अब तपाईंहरू नै भन्नुहोस् त, यो मुलुक कसले बिगारेको हो ? कसले नागरिकता बाँडेको हो र कसले प्राकृतिक स्रोत सम्पदा बेचेको हो ? प्रत्येक सन्धि र सम्झौतामा आफ्नो देशलाई घुँडा टेकाउने को हो ? विदेशी सेना र विधान भित्र्याउने को हो ?'

पछि अदालतले सामान्य कुरालाई असामान्य ढंगले बुझेर यात्रुलाई दुःख दिएको, उड्न रोकेको र यात्रुको बिजिनेसमा घाटा पुऱ्याएको अपराध करार गर्दै ५० हजार दण्ड र ५ लाख क्षतिपूर्तिको आदेश गऱ्यो । विधान सफल रहेको व्याख्या चल्यो ।

व्यक्ति र स्थिति बुझ्न नचाहेर यात्रुलाई अल्झाउने नियत राखेको बुझेर एयरलाइन्सले पनि दुवैलाई सेवामुक्त गरिदियो । सुनिन्छ, मिस घल्चा र त्रिविक्रम सेन तीनधारे घाटतिर गाँजा तान्दै घुम्ने गर्छन् ।

अलिक पछि 'ठमेल बजार' दैनिकले 'रोचक समाचार' शीर्षक दिएर बक्समा लेख्यो :

आफ्नै कारणले दण्ड जरिवाना भोगेका र जागीरबाट हटाइएका युवा र युवतीलाई एक व्यापारी महिलाले आफ्नो ड्राइभर र कार्यालय सचिव राखेको समाचार छ । स्मरणीय छ, उनीहरूले खाईपाई आएको वेतन र एक-एक वटा कार पनि पाएका छन् । किन्तु यो अर्को काम नपाउन्जेल दिइएको सहयोग-सुविधा मात्र हो । स्वेच्छाले काम खोजेर जान सक्ने अधिकार उनीहरूसँगै सुरक्षित छ ।

'मिस हर्कबहादुर उपाध्याय रसाइलीले प्रायश्चित्त गरेकी त होइन ?' समाजले टिप्पणी गऱ्यो ।

'शक्ति प्रदर्शन र मानमर्दन गरेको अर्थ पनि लाग्न सक्छ कि !' थप टिप्पणी आयो ।

हो, घटनाहरू विपठन माग्दै रहन्छन् ।

❑❑

मिस हर्कबहादुर उपाध्याय रसाइली
डीसी नेपाल डट कम
२०७८ असार २६ गते १०:०६

स्यालुट !

'पत्रकार अंकल, हजुर कुन खालको पत्रकार हुनुहुन्छ ? मलाई सहयोग चाहियो । हाम्रो बुबाको मूड अफ छ । म यत्ति भन्न आएको, हतार भो, जान्छु है !' स्कूलको पोशाकमा बालकले पिठ्यूँमा पुस्तकको भारी बोकेकै थियो ।

'बाबु, पख पख ! तिमी ?'

'जी म श्याम, श्याम सल्लाघारी ।'

'ए, माननीय माधो सल्लाघारीको...'

'जी म छोरो, छोरो नै भनौं । कसको छोरो हुँ, त्यो त आमा नै जान्नुहोला । डीएनए हेर्न बाँकी नै छ । ढोका खुलै छ । अनि पक्का होला । अब म जाऊँ है अंकल ।'

पत्रकारले फोन लगायो । संवाद चल्यो- 'नमस्कार हजुर, म सेवाराम लौसीबोटे । माननीयज्यू त्यति प्रसन्न हुनुहुन्न रे । म एकै छिन आऊँ कि भनेर !' उसले नारी तत्वसँग संवाद गऱ्यो ।

'सोधिरहनुपर्छ र ! हेर्नुस् न, मन्त्री हुने कुरो छ, उहाँ मूड बिगारेर बस्नुभा'छ । आइहाल्नुहोस्, मास्क म यहीं दिन्छु ।'

पत्रकार लौसीबोटेले गुन्यो- 'नेताजी कोशी उच्च बाँध जिम्मा लगाउने पक्षमा थिएनन् । दबाब परेर मूड खराब भएको होला । तर किराँत साम्राज्य अर्थात् प्रदेश १ ले रोक्न चाहे सजिलै रोक्न सक्छ नि ! प्रदेश १ को सरकार त्यति कमजोर वा बिकाउ होला र ! दिए भने विद्रोह उठ्छ । यो त उनले बुझेकै हुनुपर्छ । कि...' आत्मसंवाद गर्दै ऊ पुग्यो ।

'मुड्के सलाम कमरेड ! सन्चो भएन कि ?'

'हैन, ठीक छु । यसै मूड बिग्रियो । खै के भन्ने, कुरा गरे पनि प्रतिगामी विचार राख्यो भन्छन् ।' माननीय माधो सल्लाघारी खिन्न देखियो ।

'प्रसंग के हो ? अर्थात् कारण ? कारण थाह पाए मूड त ठीक भैहाल्छ नि ! कोशी बाँध त दिने कुरै आउँदैन । त्यसबाट ठूलो क्षति हुन्छ । रोक्नै पर्छ ।'

'त्यो त रोकिन्छ, त्यो समस्या होइन । हाम्रो प्रदेशको कुरा केन्द्रलाई निर्णय गर्ने अधिकार पनि छैन । हामीसँगै छ नि सिंहदरबार । कुरा त्यो हैन ।'

'अनि ?'

'त्यो नाथे पुलिस मलाई स्यालुट गर्दैन । अब के भन्ने ! मलाई स्यालुट गर भन्ने ?'

'डिसिप्लिनमा नरहने भनेर कारवाही गर्ने नि, नत्र फिर्ता पठाइदिने । अर्को ल्याउने नि ! कत्रो कुरा हो र ?'

'यो अर्को नै हो । यो पनि त्यसै गर्छ । शायद सल्लाह त्यस्तै होला आपसमा । कि निर्देशन नै त्यस्तै हो कि ? स्यालुट खाने कार्वाही बारम्बार चलाउनु पनि त भएन !'

पत्रकारले मनमनै गुन्यो- ज्ञानीहरू मान र अपमानको विषयबाट टाढा हुन्छन् भन्थे । हाम्रा माननीयज्यू सम्मानका कति भोका रहेछन् । किन ख्याल राख्नुपऱ्यो- कसले स्यालुट गऱ्यो, कसले गरेन । जनता भोकभोकै मरेका छन्, उपचार नपाएर डल्लो परेका छन्, न्याय नपाएर बौलाएका छन्, असुरक्षित भएर बाँचेका छन्, त्यता वास्ता छैन, पुलिसले स्यालुट गरेन भनेर बौलाउने ? यस्तो पनि हुन्छ जनप्रतिनिधि ! धिक्कार होस् ! फेरि यदि पुलिस नाथे हो भने त्यसको स्यालुट चाहियो किन ? बिग्रेकै हो नेताको मति ।

तर मिडियामा आयो- सन्तुलित आहारको कमी र कर्तव्यमा ज्यादा खटिनुपर्ने भएकाले प्रहरी जवानको शरीरको दाहिने भागमा वेला बखत सुस्ती आउन थालेको बुझिएको छ । प्रहरी जवानको सन्तुलित आहार, विश्राम र सुविधाका लागि जनप्रतिनिधिले संसदमा चर्चा उठाए सुधार ल्याउने आशा गर्न सकिन्छ । जनसभामा पनि यस कुराले चर्चा पाएको छ । राजनीतिक संस्कार पाएका जीवहरू सकारात्मक रहेको बुझिएको छ ।

पुलिस एकेडेमीको सभाकक्षमा आकस्मिक बैठक बस्यो । सह प्रहरी महानिरीक्षकको सक्रियतामा बसेको बैठकमा सबै क्षेत्रका प्रहरीहरूको प्रतिनिधित्व थियो भने गृहका उपमन्त्री र उपसचिव तथा शिष्टाचार महापाल र सडक संचारकर्मीहरूको पनि मानार्थ उपस्थिति थियो । दलका एक-एक सांसद पनि आमन्त्रित थिए ।

समूह-समूहमा छलफल टुंगिएपछि प्रश्नोत्तर कार्यक्रम शुरू भयो । प्रहरीको पद, कर्म र धर्मसँग जोडिएर आएको स्यालुटलाई बिर्सिन थालेको भन्ने विषयबाट चर्चा शुरू भयो ।

आफ्नो पालोमा एउटा प्रहरी जवानले अदबसाथ भन्यो- 'सत्य सेवा र सुरक्षामा खटेकै छु । तर म स्यालुट गर्न सक्तिनँ । किन भने, मेरो छोरोले मलाई धम्क्यायो- अपराधी र दुराचारीका अगाडि शिर झुकाउने प्रहरी मेरो बाबु हुन सक्दैन । फटाहा, डाका, दस्यु र देशघातीलाई स्यालुट हानेको थाहा पाएँ भने न म यो घरमा बस्छु, न पढ्न जान्छु । कुनै डन, बिचौलिया र तस्करलाई पनि ठूलो ठानेर स्यालुट गरेको देखें भने म कसैलाई छोड्दिनँ । प्रहरीले अपराधीलाई पूजा गर्ने कुरै आउँदैन । यसरी छोरोले धम्क्याएपछि मैले स्यालुट गर्न छोडें ।'

अर्को उठेर भन्यो- 'हो सर, मलाई पनि मेरी छोरीले यसै भनिन् । कानून र समाजले अपराधी करार गरेका व्यक्तिलाई जोगाउन र स्यालुट गर्न पटक्कै मन मान्दैन । मैले पनि छोडें ।'

अर्काले उठेर थप्यो- 'हाम्रो भनाइ पनि यही हो । साथीहरू के भन्नुहुन्छ ?' समर्थनमा खूब ताली बजे ।

'हो, ठीक हो । हामीले पनि अपराधीहरूलाई स्यालुट गर्नु नपरोस् । हामी परिवार हारेर जागीर जित्न चाहँदैनौं । अपमान सहेर सेवा दिन सक्दैनौं । प्रहरी शक्तिको शिर नझुकोस् । असल व्यक्तिका अगाडि हामी हजार पटक झुक्न र स्यालुट हान्न राजी छौं । झुन्ड्याउनुपर्ने र जिउँदै आगो लगाउनुपर्नेलाई सम्मान र स्यालुट ? खै के होला यो मुलुकमा !' ऊ बोली सकेर बस्यो ।

राति १ बजेर १ मिनेटमा पुलिस एकेडेमीले विज्ञप्ति जारी गऱ्यो : प्रहरी जवान कसैलाई स्यालुट गर्न बाध्य छैन । स्यालुट उसैको विवेकमा निर्भर रहनेछ ।

सँगै अर्को पूरक विज्ञप्तिले भन्यो : प्रहरी निकाय उदासीन पनि छैन र कर्तव्यबाट पन्सिने पनि छैन । यसका लागि राष्ट्रिय तहबाटै स्यालुटको व्यवस्था गरिनेछ ।

अर्को दिनदेखि प्रहरीले बिहान ५ बजे स्यालुट कार्यक्रम संचालन गऱ्यो र सम्पूर्ण नेपालीलाई एकै पटक स्यालुट अर्पण गर्न थाल्यो ।

प्रहरी जवान अपराधीलाई स्यालुट गर्नैपर्ने बाध्यताबाट सधैंका लागि मुक्त भयो । उसको छाती अझ चौडा भएर आयो ।

नयाँ प्रहरी महानिरीक्षकको यो कदमप्रति दुनियाँले सम्मान प्रकट गरे ।

पत्रकारले थोरै व्यंग्य गरे- 'प्रतिगामी चिन्तन र चलनबाट प्रहरी पनि मुक्त भो ।'

जनप्रतिनिधिले आफ्नै मुख गन्हाएको अनुभव गरे ।

स्कूलमा विद्यार्थी-छोराछोरीले उत्सव मनाए । शिक्षकहरूले विद्यार्थीहरूप्रति गौरव गरे ।

'अब त ओछ्यानमा नै स्यालुट खाने हुनुभो, रेडियोबाट । मूड ठीक होला नि ! स्यालुटका भोका जंगली पाखण्डीहरू ।' नेताकी जोई भुत्भुताइन् । 'फिल्कोले डढेलो लाग्छ भन्ने कुरा थाहा हुँदैन राजनीति गर्नेलाई ? चुनाव जितेर आएको भए पो टेर्छ प्रहरीले । करले मान पाउन सकिन्छ ? मलाई त यिनको दिमाग देखेर आफैं बौलाउँछु जस्तो लाग्छ, छिः !' उनले रिसको आगो निभाइन् ।

बिचरा पत्रकार मेलम्ची पानीको खोजीमा निस्क्यो, तर कुन किलोमा कस्तो समाचार झुलाउने, उसले होश गर्न सकेन ।

❑❑

स्यालुट !

डीसी नेपाल डट कम

२०७८ साउन १६ गते ७:३०

राष्ट्रपति सरूपा नगर्ची

तुलाधन ओखरबोटे कमलाक्षीको भीडमा एक्लै थियो । उसका मनमा कुरा खेले- 'यस पटक हाम्रो वर्गबाट राष्ट्रपति कसो नहोला ए ! कसले भन्छ हामी दुर्बल छौं, होचा छौं ? हामी जनजाति त होइनौं, आर्यवंशी नै हौं । याङ्सिला उपन्यासमा हामीलाई उच्च स्थानमा राखेको पनि देखें । ईश्वर भए अब दाहिने भैदिऊन् ।' ऊ आत्मसंवाद गर्दागर्दै खर्बुको मोमो पसलमा पस्यो ।

उसलाई अलिक शिथिल देखेर पसलेले भन्यो- 'ओखरबोटे, कोभिड लाग्यो कि कसो ? त्यसो हो भने पसलमा नबस है । खुरूक्क घर जाऊ । मित्रता आफ्नो ठाउँमा, व्यापार आफ्नो ठाउँमा । भन्द्याछु ।'

'कुरा अर्कै छ, तिमी बुझ्दैनौ ।'

'भन न त नभनी कसरी बुझ्नु ?'

'हाम्रो नाइकेले सडक थुन्ने भन्छ । मलाई व्यवस्था गर भन्छ । तिमी नै भन त, कसरी सडक थुन्ने ?'

'सडक जाम गर्ने भन्या होला लाटा !'

'हो, त्यै त्यै ।'

'हे लाटा ! त्यत्ति कुरा ? त्यै हो तिम्रो समस्या ? त्यसमा अँध्यारो मुख लाउनुपर्ने के छ ? सडक जाम गर्नु कुन महाभारत रच्नु हो र ?'

'के भन्छ यो खर्बु ! यो क्यै होइन ?'

'ठीक भन्छु । भन, कति खर्च गर्छौं ? कहाँको सडक कति बजे जाम गर्ने, कति बजे खोल्ने ? ठाउँ र समय पक्का गर ।'

'त्यै ठाउँ क्या ! सिंहदरबार, पुतलीसडक, रत्नपार्क, शहीद गेट, भद्रकाली, थापाथली, त्रिपुरेश्वर अनि... अनि... अनि...'

'रानीपोखरी भन न लाटा ! कि मण्डला भर्ने ?'

'हो, हो मण्डला भर्ने । नौ ठाउँ पुग्यो हैन ?'

'कहाँ कसरी के गर्ने त्यो सबै थाहा छ मलाई । चिन्तै लिनुपर्दैन ।'

'अनि रकम नि ?'

'पक्का भनौ ?'

'भन ।'

'यदि तिमी प्रधानमन्त्री या राष्ट्रपति हुन्छौ भने तिम्रा लागि म पैसै नलिई सडक जाम गरिदिन्छु । हैन, अरूकै लागि हो भने दुई करोड लाग्छ । आँट छ ?'

'ओहो, कति धेरै ? कम गर्न मिल्दैन ? मिलाऊ न ।'

'पैसा कसको ? हाम्रा सन्तानले अरब गएर रगत पसिना बेचेर कमाएको पैसा हैन ? देशका युवा युवती बेचेको रकम हैन ? किन डराउँछौ ? राजनीति खेल्नेले गरेको अपराध छोप्ने या बोका पाठी किनबेच गरेर सत्ता हाँक्ने हो र भन्या ! सडक जाम गर्दा कुनै मऱ्यो या चोटपटक लाग्यो भने रकम थपिन्छ नि ! त्यो पनि मनमा राखिछोड ।'

'पख है त, पहिले मेसेज गरौं, अनि कुरा टुंग्याउँला ।'

नाङ्लो भन्दा ठूलो, मोमो बनाउने भाँडोले सुकिलो बाफ निकाल्न थाल्यो । ग्राहकहरू लाइनमा लागे । नानी छोरी मोमो दिंदै गई, खर्बु रकम लिंदै गयो । लाइन सकियो ।

तुलाधन ओखरबोटेले उज्यालो अनुहार पारेर भन्यो- 'लौ हुन्छ, कुरा मिलाऊ ।'

'मेरो कुरा पनि सुन । खाना र सफाइको एक करोड । मेरो एक करोड । साथीलाई पनि भागसान्ति दिनुपर्छ नि, हैन र ? यो त टीमवर्क हो नि ।' उसले थप्यो 'कहिले कहाँ गर्ने हो, गते, बजे र ठाउँ टिपाएर जाऊ । फोन नम्बर र रकम दुई दिन पहिले छोडेर जानू । रकम हात परेपछि काम हुन्छ । बोलीमा भर छैन । नत्र शर्त क्यान्सिल गर ।'

तोकिएको ठाउँमा भेडा हुलेर सडक जाम भो । डोरी टाँगेर भेडा थुनिए । कुकुर गोठालो भयो । सडक जाम सजिलै भयो ।

'अबकी राष्ट्रपति सरूपा नगर्ची,' 'सरूपा नगर्ची हाम्री राष्ट्रपति'- 'अबको पालो सरूपाको' भन्ने ट्याग भेडाका घाँटीमा झुन्डिएका थिए । ठूला ब्यानरमा पनि यिनै कुरा प्रदर्शित भए ।

गृह र संचार मन्त्रालयले हेलिकप्टरबाट घुमेर हेरे । ट्राफिक प्रहरीले नागरिकलाई सुसूचित गऱ्यो । फोन र फोटोग्राफीको व्यस्तता बढ्यो । ई-मेलहरू चले । विद्युतीय संचार सक्रिय भयो । नेपाली पुगेको संसारमा सबै कुरा फैलियो ।

सडक जाम गर्ने सोच र विधिको तारीफ अन्तर्राष्ट्रिय क्षेत्रबाट खूब चल्यो । भेडा र तिनका घाँटीमा झुन्डिएका 'सरूपा नगर्ची राष्ट्रपति हुनैपर्छ, हाम्रो माग

पूरा गर्नै पर्छ' भन्ने नाराका फोटा पनि भाइरल हुँदै रहे । आनन्द र आश्चर्यको सीमा रहेन । उद्देश्य सफल भो ।

पशु जगतलाई राजनीतिक क्षेत्रमा सहभागी गराउने दुई सदस्य सर्वश्री तुलाधन ओखरबोटे र खर्बु सल्लेरीलाई बुद्धिजीवी संघ, मोमो व्यावसायिक संगठन र पशु जनअधिकार संगठनले संयुक्त रूपमा ५/५ लाख नगद पुरस्कार प्रदान गरे भने ट्राफिक प्रहरी महाजन मञ्चले पनि 'जनकदर पत्र' ले सम्मान गऱ्यो ।

'कुन उद्देश्यका लागि सडक जाम गर्ने नौलो पद्धति अँगालिएको हो ?' भन्ने प्रश्नको उत्तरमा सडक जाम योजनाका जनकले खुलेर भने- 'हामी सत्तामा अर्को नस्ल भर्न चाहन्थ्यौं र सफल पनि भयौं किनकि वचन लिएका छौं । अब हाम्रा इतिहासपुरुष तथा महान विचारक बिसे नगर्चीको १३ औं पुस्ताकी सन्तान सुश्री सरूपा नगर्ची यस देशमा तेस्रो राष्ट्रपति हुनेछिन् । हाम्रो मुरीमुरी शुभकामना छ ।'

त्यसैगरी भेडा-च्यांग्रा तथा मल राज्यमन्त्री श्री बुद्धिविलास विसर्जनले भावी राष्ट्रपतिका लागि सरूपा नगर्चीलाई अग्रिम शुभकामना प्रकट गरे ।

सडक जाम एउटा पर्वको रूपमा स्थापित भएकाले धेरैले खुशी मनाए भन्ने समाचार भाइरल हुँदै रह्यो ।

यस पटक सत्ता मिडिया त्यति सक्रिय देखिएन ।

ठूला नियुक्ति उच्च न्यायालयबाट हुन थालेपछि जनअदालतले पनि नागरिक सभाको छाताबाट, सडकबाटै सरूपा नगर्चीलाई राष्ट्रपति घोषणा गरेर नयाँ नजीर खडा गरिदियो ।

आम संचार माध्यमले यो घटना कार्यकारी राष्ट्रपतिको प्रत्यक्ष चुनाव भएको दावी गऱ्यो । नस्ल फेरिएको खुशीमा जनताले रातभर सडक र गल्लीहरूमा ककटेल पार्टी चलाए ।

नयाँ वर्षको शुभ अवसरमा सरूपा नगर्ची राष्ट्रपतिको पद ग्रहण गर्नेछिन्- बिगुल बज्दै गयो । शंखघोष हुँदै रह्यो । नस्लवादीको मनमा शहनाईको रून्चे भाका गुँज्दै गयो । तर आम नागरिकले नौलो अध्याय थालिएको अनुभव गरेर उल्लास मनाए ।

❑❑

राष्ट्रपति सरूपा नगर्ची
डीसी नेपाल डट कम
२०७८ साउन ३० गते ७:२५

मृत्युवरणको बाटोमा

संसद विघटन भएपछि राजनीतिक ऊर्जा लिएर बाँच्नेहरूले दिउँसै सूर्य अस्ताएको अनुभव गरे, किन्तु घडीले अझै समय शेष रहेको देखाउँथ्यो । मनको सूर्य अस्ताएपछि वास्तविक सूर्यको आलोक देख्नलाई मनको उज्यालो चाहिन्छ क्यार !

वत्सराज अँध्यारो मुख लगाएर निवासतर्फ लाग्यो । जतातै आश्चर्य, चर्चा, कठोर टिप्पणी र व्यंग्य सुनेर पनि उसले केही सुनेन, केही देखेन । हो, कसले सुन्ने अब, के सुन्ने र केका लागि ? बरु उचित थियो- कतै मुख नदेखाई घर पुग्नु ।

मन र तनको बिसौनी घरभन्दा अर्को कहाँ हुन्थ्यो र यो उमेरमा ! पिल्सिएको मन र उग्लिएको अनुहार अरूको आँखाबाट जोगाएर ऊ घरको मुख्य द्वारमा पुग्यो । पर्दा पन्साएर दुई पाइला भित्र पस्नासाथ आत्तिएर गति बिगार्दै तीन-चार कदम उल्टो पाइला पछि सरेर फनक्क फर्कियो ।

उसले दुवै हातले आफ्नो टाउको थिच्यो । आफैंलाई बेसरी जगल्ट्यायो । लुछ्यो । छिनभर गम्यो । फेरि अर्को द्वारमा पुगेर पर्दा बाहिरै उभिएर गुन्यो- 'यता पनि उस्तै दृश्य देखिन के बेर !'

पर्दा पन्साएर भित्र के पसेको थियो- उही दृश्य देख्यो । दृश्य उस्तै- ठाउँ फरक, शरीर फरक । देखाउने विधि र शैली बिल्कुल एउटै । उसले छिनभर आँखाका कोस बन्द गऱ्यो । फेरि फूलबारीमा पसेर बेन्चमा बस्यो र गुन्यो- 'त्यसले सारी फर्काएर आफ्नै मुख छोपी, किन ? मुख छोपेकी हो कि मलाई देखाइदिएकी हो ?'

उसले सूक्ष्मताले केलायो- 'एउटा पाको शरीर ! अर्को जवान परिपुष्ट ! ए, साँच्चि बूढी र बुहारी कहाँ गए ? कि तिनैले मलाई देखाइदिए ? धन्न मुख छोपे ! मसँग बदला लिएका हुन् कि ? देखाउन त मलाई देखाइदिएकै हुन्, यसमा द्विविधा छैन, तर किन ? योजनाबद्ध थिएन त यो प्रदर्शनी ?'

निकै बेर पछि ऊ चाल मारेर घरभित्र पस्यो । सर्वत्र सुनसान थियो । 'हजुरबा, यो हजुरको चिठी ! हजुरआमाले दिनुभएको ।' नातिनीले चिठीको खाम ल्याएर दिई । शून्यता बिथोलियो ।

'यो मम्मीले दिएको चिठी हजुरको ।' नातिले त्यसैगरी अर्को चिठी थमायो ।

उसले चिठी पढ्यो- 'तपाईंको संगतले मेरो जीवन बर्बाद भो, गन्हायो । तपाईंलाई आत्महत्या गर भन्न त सक्तिनँ । बरु म आफैं मर्छु ।'

अर्को चिठी हेऱ्यो- 'हजुरले आफूलाई एकैचोटि शिखरबाट सडकमा पछार्नु भो, अनि मलाई शक्तिबाट शौचालयमा । अब बाँच्नुको औचित्य के ? आत्महत्या बाहेक !'

चिठी पढेर ऊ उत्तेजित पनि भो उत्साही पनि । उत्तेजना क्रमशः पलायनतर्फको हेतु देखिंदै गयो । अब योभन्दा बढी अपमान र उपेक्षा सहन सक्ने स्थिति नभएपछि नकारात्मक भावको उत्तेजनाले भरिएर ऊ कारमा बस्यो अनि घृणा र क्रोधले अन्तरकम्पित हुँदै कोशीतर्फ हानियो । आज कारको गति असन्तुलित देखिन्थ्यो ।

अर्को दिन 'वत्सराजको आत्महत्या', 'पराजयबोध र मृत्युवरण', 'मानसिक चोटपछि मृत्यु' जस्ता शीर्षकमा मृत्युका समाचार फैलिए । 'नचढेपछि घोडा बिग्रन्छ' भन्ने शीर्षकले मृतक नेता नभएर मात्र अर्काको खेताला रहेको सत्य पुष्टि गऱ्यो ।

वत्सपन्थीहरू मानसिक रूपले दुर्बल भएको स्थिति उदाङ्ग भएको समाचार पनि फैलियो । मृतक कसको घोडा थियो वा कसले हाँक्ने गर्थ्यो भने तथ्य र पृष्ठभूमि देखाएर निकम्मा देशघातीको अवसानलाई नागरिक समाजले समयको माग ठान्यो र मुलुकलाई निकास दिने सही कदम भनिदियो ।

तिनले वत्सराजले मृत्युवरण गर्नुको कारणमा घरको वातावरण भन्दा बाहिरी तत्व प्रबल रहेको कुरा औंल्याइदिए । बुझिजान्ने, सुनिजान्नेहरूले उसको मृत्युलाई रोगी महत्वाकांक्षाको स्वाभाविक दुष्परिणाम ठाने । अब सन्तान हराउने र विकलाङ्ग भएर फर्कने भयबाट आम नागरिक मुक्त रहेको बुझिँदै गयो । त्यसैले नागरिक समाज विस्मातले खुम्चिएको छैन, खुशीले नाचेको छ । जनमत यसै भन्थ्यो ।

घटनाको परीक्षण-निरीक्षणका लागि सम्बन्धित विभागबाट प्रहरी र पत्रकारको टोली घर र घटनास्थलमा पुग्यो । 'न्यू अयोध्या' दैनिकको सन्ध्या संस्करणले छाप्यो- अपमानित र असुरक्षित भएपछि सांसारिक मानव एउटै बाटो देख्छ- आत्महत्या ! जीवनदेखि पलायन ! वत्सराजको मृत्युले यही पुष्टि गर्छ । घर झगडा र अशान्ति नै मृत्युको हेतु हो ।

वनराज पनि पोथी तत्वसँग पराजित नै हुने गर्छ । यसैमा उसको महत्ता झल्कन्छ । नारीलाई पराजित गर्ने पुरुषको व्यक्तित्व कतै चुलिएको छ र ! नारीलाई अपमान गर्ने र उनीहरूको तेजोवधबाट रमाउनेहरू स्वयं नारीतत्वबाट

उपेक्षित-अपमानित भएपछि बाँच्न बिर्सिदिन्छन् भन्न मिल्दैन र ! वत्सराजको आत्महत्यालाई यहाँ जोडेर किन नहेर्नु ? अनि संसार हल्लाउने डाका आफ्नै घरमा कमजोर हुन्छ किन नभन्नु ? - समाजले टिप्पणी गऱ्यो ।

विकल्प त थिए नि ! संन्यास लिएको भए हुन्थ्यो । संपत्ति राज्यलाई बुझाएको भए हुन्थ्यो । ठूल्दाइहरूसँग क्षमा मागेर मिल्न गएको भए हुन्थ्यो । रामधुनीमा गएर वनवास लिएको भए हुन्थ्यो । नसकिनेसँग सीङ जोर्दाको नतीजा होइन र यो दुर्घटना ? परिवार त निमित्त कारक मात्र हो । पैह्रो तानेको त आफैंले हो नि ! पुरियो, डुब्यो ! अरू के ? - जनटिप्पणी थपियो ।

फेरि प्रश्न, फेरि समस्या । मृतकको शवलाई कुन झण्डा ओढाउने ? कसैले कुनै झण्डा ओढाउने साहस गर्न सकेन । पार्टी कलह टुंगिएकै थिएन । संस्कार प्रतिगामी या परम्परावादी देखिएला कि भन्ने चिन्ता पनि सँगै थियो । देशघातीलाई राष्ट्रिय झण्डा ओढाउने कुरै थिएन र त्यो सन्दर्भ कसैले उठाउन पनि चाहेन । शायद यही उचित थियो ।

चिठी लेखेका आधारमा श्रीमती विवेका वैशाखी र श्रीमती मेनका मर्स्याङ्दीलाई चौतारीमा उभ्याइयो । वत्सराजलाई मर्न दुरूत्साहित गरेको आरोपमा उनीहरू त्यहाँ पुऱ्याइएका थिए ।

सिंहदरबार न्यायमा ढीलो देखिने गरेकोले र संसद भङ्गको मुद्दाको कसरत चलेको हुनाले पनि समय लाग्न सक्थ्यो । स्वाभाविक थियो । त्यसैले मुद्दा अन्तै गयो । मुद्दा पर्नासाथ चौतारी न्यायपीठ (जनअदालत) ले तुरुन्तै निर्णय सुनायो :

घातक उद्देश्य राखेर बाँचेको राष्ट्रद्रोहीलाई मृत्युवरण गर्ने बाटोमा हिंडाएर, सधैंका लागि समाजमा शान्ति र अभयको पुनःस्थापना जस्तो महनीय कार्य गरेबापत श्रीमती विवेका वैशाखी र श्रीमती मेनका मर्स्याङ्दीलाई यो चौतारी न्यायपीठ अपराधमुक्त गर्दछ र साथै दबाइएका र डराएका जनताको तर्फबाट शततः प्रशस्ति ज्ञापन गर्दछ । जै महाकाली !'

❑❑

मृत्युवरणको बाटोमा
डीसी नेपाल डट कम
२०७८ भदौ २६ गते १०:२७

भान्साघर

'टिङ' गऱ्यो सोमको फोनले । उठाएर हेऱ्यो । खानाको परिकारले भरिएको थालीको चित्र थियो । अनि सोफाबाट उठ्तै 'दाइ, म आइहालें' भनेर निस्क्यो ।

खाना ढोकामा हाजिर थियो ।

काठको टाँड घर । काठकै भऱ्याङ । ओर्लंदा एक शैलीको ध्वनि, चढ्दा अर्को किसिमको लय । पुरानो घर मान्छे हिंड्दा, चल्दा हल्लिन्थ्यो पनि । आज पनि गाउँमा कैयौं घर यस्तै थिए । नयाँ शैलीका घर पनि थपिंदै थिए - पानबारीमा ।

डाइनिङ टेबलमा खाना लगाएर उसले भन्यो- 'दाइ अब खाऊँ । हातले, काँटा-चम्चाले, हासी (सिन्का) ले, केले सजिलो हुन्छ, त्यसै गरौं । हात धुने ठाउँ यता छ ।'

हात धुन जाँदा झ्यालबाट दक्षिणतर्फ बारीको पुच्छारतिर हेरेर मंगलले भन्यो- 'सोम भाइ, त्यहाँ त ठूलो सिमलको रूख थियो हैन ? देवीथान पनि थियो । ध्वजा-पताका आज पनि मेरा आँखामा छन् । अलिक माथि बायाँतिर बडेमाको चिउरीको बोट पनि सम्झन्छु । बस्ती बढे पनि पानबारीमा बाँसघारी जोगिएकै रहेछ नि ! रसाइली बडीबाको घर पनि थियो नि अगाडि ! पूर्वतिर चौकीकी टीकमाया हरिमायाको घर हैन ?'

सोम मामाको छोरा र मंगल फुपूको । धेरै वर्ष पछि भेट भएका । बारकै आधारमा यिनको नाम जुराइएको थियो । यी एकै छिमलका बालसखा पनि हुन् । त्यसैले सम्बोधनमा अनौपचारिकता थियो । अरू प्रसंगमा दुवै मस्त थिए ।

'किन ? घरमा पकाएर खान अल्छी लाग्यो ? कि गेष्ट आउँदा बाहिरबाट खाना मगाउने चलन गरेको हो ?' मंगलले सोध्यो ।

'हैन दाइ, धेरै कुरामा परिवर्तन आयो । त्यो पनि यति छिटो, मानौं, कि सिनकान्सेन (जापानी बुलेट ट्रेन) को रफ्तारमा । तपाईं न्यूज हेर्न भ्याउनुहुन्न कि कसो ?'

'फेक न्यूज धेरै हुँदोरहेछ । म झन्डै बौलाएको । अनि त न्यूज हेर्ने छोडिदिएँ । साथीहरूको सल्लाह पनि यस्तै थियो । त्यसपछि म दुई-चार आधिकारिक न्यूज एजेन्सी बाहेक अन्त जान्नँ । त्यसैले मलाई यहाँको धेरै कुरा थाह हुँदैन । राजनीतिको न्यूज दिक्कलाग्दो भो । नागरिकको दुरवस्थाबारे मिडिया बोल्दैन, किनकि त्यहाँ नेताको दायित्व जोडिन आउँछ, ऊ त्यो चाहँदैन शायद !'

'हो नि दाइ, भोभीका लागि मात्र नागरिक चाहिन्छ राजनीति गर्नेलाई । अनि कर असुल गर्न । नत्र राजनीतिलाई न नागरिक चाहिन्छ, न मुलुकको सीमा थाम्नु छ । नीतिगत रूपले राज्यको कोष दोहन गर्न पाएकै छ । किन लिन्छ नागरिकलाई उठाउने दायित्व ?'

'के हो यो भोभी भनेको ?'

सोमले हाँस्तै भन्यो- 'भोट र भीड । राजनीति गर्न यति दुई कुरा भए पुग्छ यो माटोमा । भोभी हाम्रो सांकेतिक शब्द हो । हाम्रो टीमले र जमातले बुझ्छ । लिखितम्मा होइन, बकितम्मा चल्ती छ ।'

खाने कुरालाई लक्ष्य गरेर उसले अर्को सन्दर्भ जोड्दै भन्यो- 'यहाँ सामुदायिक भान्साघर छ । त्यसैबाट खाना आएको हो । यसको आन्तरिक व्यवस्थापनमा, श्रमिकहरूको वितरणमा एउटा प्रणालीको विकास गरेका छौं ।'

'त्यो कसरी ?'

'काम बाँडिएको छ । आफ्नो समयमा आएर एउटा टोलीले सामान तयार पार्छ, पकाउँछ । अर्को टोलीले डेलिभरी दिन्छ, सरसफाइ पनि गर्छ । एउटा अर्को टोली पनि छ, जसले सेवा र वस्तुको सम्यक् मूल्यांकन गर्छ ।' सोमले थप्यो- 'जे होस्, खानामा शुद्धता, पवित्रता र प्राकृतिक स्वाद भेट्नुहुन्छ । केटाकेटीहरू समयमा खाएर स्कूल जान्छन् । जाँदा खाना पनि लिएर जान्छन् । अरूहरू समय मिलाएर पुग्छन् ।'

'खाना डेलिभरी गरिन्छ ?'

'हैन, खास व्यक्तिहरू र अशक्तहरूका घरमा पुग्छ, शिपिङ र टिपको चुक्ता भने ग्राहकले आफ्नै तर्फबाट गर्नुपर्छ । त्यस बापत कि बिल आउँछ, कि क्रेडिट कार्ड उपयोग हुन्छ । खानाको रकम भर्नुपर्दैन । निःशुल्क छ । स्कूलका विद्यार्थी र ६० वर्ष माथिकालाई माछा-मासुको पैसा लाग्दैन । बाँकीलाई अन्डा र अढाइ सय ग्राम गोरस मिल्छ ।'

'धनीमानी, ठूलाबडा हुँ भन्नेहरू पनि त आउलान् नि मेसमा, हैन ?'

'पहिले आउँदैनथे, अहिले आउन थाले । शुरू-शुरूमा घरमा मगाएर खाए । पछि बिस्तारै आउन थाले । घरमा नोकर चाकर राख्नेहरू आउँदैनन् । तर भोजन सामग्री दिएर भान्साघरलाई टेवा दिन्छन् । यस्ता भान्साघर ठाउँठाउँमा संचालन गरिएका छन्- खाने मौका र दिने मौका खुला छ । जे उपलब्ध हुन्छ, त्यही पाक्छ । त्यसैले मेनु फेरिइरहन्छ ।'

'मलाई जान्ने रहर भो सोम ! जाति, वर्ग, लिंग, धर्म, सानो, ठूलो, दलित, घृणित, छूत, अछूत, सीमान्तक, कालान्तक भनेर भेद र विद्वेषको असर परेन ?'

'यस्तो अविचार त राजनीतिक दुष्कर्मीको बैसाखी हो । अब नागरिकले बुझिसके । यहाँ सबै समुदायका जवानहरू पाकशालामा उपस्थित भएर भोजन तयार गर्छन्, तालिका अनुसार । कतै कुनै दुराग्रह, पूर्वाग्रह, असन्तोष, हीनताबोध, उच्चताबोध वा शक्ति प्रदर्शन हुँदैन ।'

'भान्साघरका स्टाफले टोपी र मुखदानी लगाएका छन् । खान जानेले कसैलाई चिन्दैन र चिन्ने यत्न पनि गर्दैन । साँच्चै भन्ने हो भने जातिपाति र छुवाछूतको सोच भान्साघरले मेटिदिएको छ । यस अर्थमा यो पुरस्कृत हुन सक्छ ।'

उसले थप्यो- 'तर चिया, कफी र नाश्ताको शुल्क हामी तिर्छौं, किनभने दूध, चिनी, पानी, ऊर्जा हामी किन्छौं । सामुदायिक भवनको अर्को भागमा त्यस्ता स्टल छन् । ठाउँ र श्रमको मूल्य चुकाउनु पर्दैन । त्यसैले अन्तभन्दा तीस प्रतिशत सस्तो छ चिया-कपी ।'

'भान्साघर चलाउन त ठूलो बजेट चाहिएला नि । कसरी जोगाड हुन्छ ?'

'यसो सम्फनोस् त, नेपालीहरू कोभिडमा खान नपाएर भकाभक मर्न थालेका वेला केही उपकारी व्यक्तिले सडकमा, गल्लीमा, चौरमा, टुँडिखेलमा भोजन गराएका थिएनन् र ? तर सरकार र नगरपतिले विरोध गरे, रोके, थुने, तर्साए । विदेशमा पुगेका सहृदयीले चाहिं यसमा योग पुऱ्याएका थिए । सरकार स्वयं डाका र नपुंसक भए पनि नागरिक त्यस्तो कठोर थिएन । भोका जनतालाई ख्वाएरै बचायो । यो घटना इतिहासले छल्न सक्दैन ।' सोमले पृष्ठभूमि उभ्यायो र भन्यो-

'एनआरएन भन्ने एउटा संस्था छ नि, त्यसैको आयोजना र सक्रियतामा परिचालित एउटा अत्यन्त सानु र उपयोगी एकाइ हो यो भान्साघर । वास्तवमा

यहाँ कसैले कसैलाई निःशुल्क खाना दिँदैन- न वस्तु, न ठाउँ, न त श्रम नै ! प्रत्येकको मूल्य छ । चुकाउनुपर्नेले चुकाएका छन् । बस्, बाटो केही नागबेली जस्तो लाग्छ, त्यत्ति हो । किन्तु अन्नपानीको ज्यान, सामान्य नागरिकले ठूलो राहत अनुभव गरेका छन् । यसका लागि देश बाहिर पुगेका नेपालीलाई धन्यवाद भन्नुपर्छ ।'

'भान्साघरको परिसरमा दुइटा बैठक कक्ष पनि छन् । सभा-बैठक हुँदा चमेनाको व्यवस्था पनि गर्छ- भान्साघरले । त्यसवेला चमेना लगायत श्रम, सफाइ, कक्ष, फर्निचर, ऊर्जा प्रत्येक कुराको शुल्क लिन्छ । त्यसले पनि भान्सा संस्कृति सुव्यस्थित ढंगले विकसित हुँदैछ । जे होस्, यस भेगमा अब कुनै व्यक्ति भोकले मर्नेछैन ।' उसले विश्वास गरायो ।

'एनआरएन बारे मैले पनि सुनेको छु । विदेशमा रहेका नेपालीहरूको माथिल्लो संस्था हो क्यार ।' मंगलले संक्षिप्त बोल्यो ।

'हो, उनीहरूसँग योजना पनि छ, दृष्टि पनि छ र व्यवस्थापन क्षमता पनि छ । तर नेपालमा यतिले पुग्दैन । सत्ताधारी र ब्यूरोक्रेटलाई चित्त बुझाउन सके मात्र यहाँ लगानी भित्र्याउन सकिन्छ । आशा गरौं, यो माटो राजनीतिले पराधीन पारेन भने हाम्रो जीवनमा समृद्धि छाउनेछ । नत्र नेपाली हराउनेछ । म त यस्तै दुःस्वप्न देख्न थालेको छु ।' यस पटक पीडा पोख्यो सोमले ।

फेरि मंगलले सोध्यो- 'त्यसो भए एनआरएनले राम्रै सहयोग गरेको छ भन्नुपऱ्यो, हैन त ?'

'जी, कृषिमा लगानी गरेको छ । यहाँ चाहिं कृषि उत्पादन अर्थात् अन्नबाली, तरकारी खेती र घरेलु चौपायालाई महत्व दिएको छ । कृषकको, कामदारको मन राखेर उत्पादनको मूल्य दिन्छ र आफैं बजार व्यवस्थापन गर्छ । अर्गानिक उत्पादन हुनाले ग्राहक पनि बढेका छन्, माग पनि बढेको छ । अर्को कुरा, ताजा-फ्रेश वस्तुको डेलिभरी हुन्छ । त्यसैले डेरीवाला पनि रमाएका छन् ।'

'अनि भान्साघरलाई कसरी उपलब्ध हुन्छन् त भोजनका वस्तु ?'

'कृषकहरूबाट कृषि वस्तु किनेपछि एनआरएनले पहिले भान्साघरका लागि छुट्याउँछ, अनि मात्र बजारतर्फ ढुवानी गर्छ । प्रतिदिन चाहिने साग-सब्जी र दूध हो, त्यो सजिलै उपलब्ध गराउँछ । चामल, दाल, पीठो पनि बेलैमा ल्याइदिन्छ । आजसम्म असजिलो भएको छैन । फेरि भोजन गर्न जानेले आफ्नो गच्छे अनुसार केही न केही लिएरै जान्छन् ताजा तरकारी । त्यसमा टिप्पणी

र असन्तोष रहँदैन ।' एक छिन रोकिएर सोमले थप्यो- 'जे छ, जो मिल्छ, त्यो खाएर निस्कन्छन् ।'

'यो त बडो खुशीको विषय हो । एनआरएनले राम्रो सहयोग गरेछ । धन्यवाद छ भाइ, मेरो तर्फबाट ।'

'एउटा कुरा भनौं दाइ ? नेपालका नेपालीले भन्दा बाहिर गएका नेपालीले देशको बढी माया गर्छन् नि ! थाहा छ हजुरलाई ? किनभने उनीहरू आफ्नो जन्मभूमिलाई सिंगार्न चाहन्छन् । पीडाग्रस्त देख्न चाहँदैनन् । यदि ती यहाँ भएका भए तिनले पनि देश लुटेर आफ्नो हात बिटुलो पार्ने थिए । कसले बलात्कार गरेन र देशमाथि ? देख्नुभएन दल-बदल र पद-कलह । सत्तामुख भएको व्यक्ति मन्त्री हुन झर्दैछ । गजब होइन ?'

'भाइ सोम, मुलुक रह्यो भने न उन्नति गर्ने हो, आजको राजनीतिले मुलुकलाई नै फ्याँक्न खोज्दैछ । तैपनि राम्रो होला भनेर आशा गरौं ।'

'दाइ, बिहानको भोजन चाहिं भान्साघरमै गर्ने है !'

'ओके, शुभरात्रि !'

❑❑

भान्साघर

डीसी नेपाल डट कम

२०७८ असोज २३ गते ६:५५

बाजी थापेर

सन्ध्या बैठक । सूचकले संकेत गऱ्यो र मुड्के सलाम गर्दै नायकका अगाडि उभियो । नायकको व्यक्तित्व सुहाउने सुन्दरी वारुणी प्रस्तुत गर्दैथिई । नायकले सूचकको नजर पढेर भन्यो- 'तिमी ठीक समयमा आयौ ।' अनि सुन्दरीतिर फर्केर बोल्यो- 'रतिका ! यी हाम्रो संगठनका सक्रिय सदस्य हुन् । सदस्य भनेर पुग्दैन, यी त मेरा साथी हुन् । भनौं दाहिने हात हुन् ।'

सूचकतर्फ हेरेर भन्यो- 'हामी कुरा गर्न सक्छौं । यहाँ त्यस्तो अप्ठेरो मान्नु पर्दैन । उनी थलिएकी छन् । त्यसैले यिनी मलाई सहयोग गर्न आएकी हुन्- रतिका । यिनी मसँग लगभग दुई महिनाको लागि करारमा छिन् ।' फेरि मनमनै भन्यो- 'रेन्टल वाइफ भन्ने कि करार पत्नी ? कत्रो गलत बुझाइ रहेछ मेरो । मलाई पो उनले राखेकी हुन् त, कहाँ उनलाई राख्ने क्षमता हुन्थ्यो मसँग ? म त सकिइसकेको छु नि बुद्धि र वित्तबाट । बाँकी रह्यो बल, त्यो यिनैका लागि हो ।'

वारुणीको प्रभावले लर्बराउन थालेको जिब्रो सम्हाल्ने प्रयास गर्दै बोल्यो- 'भन मित्र, प्रगति कस्तो छ ?'

रतिकाले सभ्य ढंगले भनी- 'बस्नुस्, म आउँछु ।' ऊ निस्किई र सूचकका लागि पनि खाने-पिउने कुरा लिएर आई । अनि भनी- 'एकसाथ (चियर्स) ! पेय मैत्री !'

एक सुरुप ओठले च्यापेर पिउने अभिनय गर्दै सूचकले भन्यो- 'मैले गाडी चलाउनुपर्छ, त्यसैले जोगिनुपर्छ नि हजुर । मन लागे पनि आफूलाई बाँध्नुपर्छ । पहिलो पटक हजुरको मन राख्न मात्र गिलास समाएको हुँ ।'

'उः, शुरू भयो कि निद्रा आयो । ग्रीन जोनीवाकर पिउनेलाई आज मार्फा मन परेन जस्तो छ । उहाँलाई लागिसक्यो । तपाईं लिनुस् । डराउनु पर्दैन । नत्र मै पुऱ्याइदिन्छु । नभए यहाँ पनि गेष्ट रूम छ ।' रतिकाले परिवेश उजागर पारी ।

नायक सोफामा घुर्न थाल्यो । रतिका र सूचक बाहिर गाडीमा गएर संवाद गर्न थाले । रतिकाले क्यामेरा, क्यासेट र कूलरका बटनमा औंला घुमाई । सूचकलाई आफ्नो संवाद र व्यवहारबाट प्रभावित पारिसकेपछि भनी- 'शर्त छ । उहाँको निजी जीवनको कुनै कुरा गर्न आउनुभएको भए भैगो । मैले कसैको व्यक्तिगत जीवनको कुण्डली पढ्नु छैन । म सोध्दिनँ पनि सुन्दिनँ पनि । तर देशको, जनताको विषयमा भन्न आउनुभएको हो भने म पनि सुन्छु । मलाई भन्नुहोस् । यदि असल कुरा रहेछ भने म पनि बल पुऱ्याउँछु । गलत योजना रहेछ भने गलत भन्छु र पन्सन्छु ।'

'त्यस्तो खास गोप्य कुरा होइन, केवल जानकारी दिन मात्र आएको थिएँ ।'

'ठीक छ, आजको सूचना पनि भन्नोस्, म सुनाइदिन्छु । अस्तिको सूचना पनि भन्नोस्; मलाई सही लाग्यो र खुशी भएँ भने तपाईंले नसोचेको उपहार पनि दिन्छु ।'

'मैसाब ! यो घर त उहाँको हैन क्यार । फेरि मलाई यहाँको ठेगाना किन दिनुभएछ ?' सूचकले प्रश्न गऱ्यो ।

'त्यस्तो क्यै हैन । उहाँले आत्महत्या गर्छु भन्नुभो, फेरि अस्त्र उठाउँछु, द्वन्द्व निम्त्याउँछु भन्न थाल्नुभयो । अनि उहाँ विक्षिप्त भएको ठानेर उहाँकै रक्षाका लागि यहाँ ल्याइएको हो, ताकि शैतान मित्रहरूको घेराबाट मुक्त गर्न सकियोस् । अहिले उहाँको उपचार चल्दैछ ।'

रतिकाको संवाद र मादक स्पर्शले सूचक उत्तेजित हुँदै गयो । ऊ नायकको विशेष व्यक्ति रहेको तथ्य रतिकाले पनि थाहा पाउँदै गई । अनि सम्बोधन फेरेर 'खुशी छु म, तिमी यही उपहार चाहन्छौ भने लेऊ, आज तिम्रो लागि सुसज्जित रहेछ यो' भन्दै आफ्नो स्तनभार उसलाई अर्पण गरी । वेलावेला ऊ बालक पनि हुन पुग्यो । यौवन विलासका सोपानहरूमा चढ्ने रुचि देखाउँदै रह्यो ।

सूचकले अलिक बढी हर्कत गर्न थालेपछि उसले भनी- 'योभन्दा अगाडि जान त भित्रै पस्नुपर्छ, यहाँ सजिलो छैन ।'

अतिथि कक्षमा पुगेर शयन व्यवस्थित रहे नरहेको निरीक्षण गरी । सूचकलाई शौचालय र स्नानघर देखाइदिई अनि झ्याल ढोका दुरुस्त पारेर निस्कँदै भनी- 'म आइहालें, एकै छिन ।'

रतिका खानेकुरा लिएर आई । पिउने कुरा अनिवार्य जस्तो थियो । वरिपरि आँखा घुमाई र चर्को बत्ती निभाई । यस पटक सोफामा बसेरै खानपिन चल्यो ।

उसले भनी- 'हाम्रो संवादमा 'तपाईं'ले असजिलो पाऱ्यो- 'तिमी' भनें नि मैले, थाहा पायौ ? हेपेको हैन नि, नजिक पारेको !'

'हो नि । सजिलो र आत्मीय लाग्दा खुल्न पनि सजिलो हुन्छ । म तिम्रो विचारमा सहमत छु ।'

'यो मार्फाली हो । यसले अश्वशक्ति बढाउँछ भन्छन् नि ।' रतिकाले उत्तरको अपेक्षा राखी ।

'खै, खासै तुलना गरेर अनुभव लिने मौका परेन भन्नुपऱ्यो ।'

'तिमी त योद्धा हौ क्यार ! तरुनीको संगत त गरेकै छौ, हैन त ?,

'कहिले थोत्रा र नीरस फेला पर्छन्- पन्साएकाहरू । आफूखुशी गर्न त गाउँमै पस्नुपर्छ । त्यहाँ पनि मौका पर्नुपर्छ । त्यस्तै हो ।'

मार्फा चढिसकेको थियो । त्यसैले सूचक अनुकूल स्थितिमा रहेको ठानेर रतिकाले प्रश्नभावले भनी- 'तिमीलाई अर्जुन र उर्वशीको कथा थाह छ ? आज म उर्वशीको भावले तिम्रा सामु उपस्थित छु- आफ्नो रुचिले । त्यहाँ उर्वशी असफल थिई, यहाँ म असफल हुन्नँ । मेरो कुरा बुझ्यौ होइन ? त्यहाँको सम्बन्ध बाधक थियो । यहाँको पोषक छ ।'

'खै के भन्ने ! उसवेला बुर्जुवा पढाइले कहीं पुगिंदैन भन्ने विचारमा लागियो र पुस्तक च्यातेर, जलाएर हिंडियो । खै के चाहिं पढियो र मार्ने-मर्ने बाहेक !'

रतिकाले सूचकलाई लीलापूर्वक बिस्तारै सोफामा पल्टाई र फेरि आफ्नो स्तनभार उसको छातीमा बिसाएर भनी- 'म पनि खुल्छु तिमीसँग, तिमी पनि खुलेर भन । यदि यहाँ असजिलो भयो भने उता सरौंला; समय आफ्नै हो ।'

'अनि माथि नायकलाई ख्याल गर्नुपर्दैन ?'

'मेसेज आइसक्यो । एक जना चिकित्सक र एउटी परिचारिका आइसके । मेरो ड्यूटी सकियो ।'

अनि रतिकाले सूचकको कानको लोती टोकी र तातो श्वासले मन्द स्वरमा सोधी- 'कुरा के हो ?'

'पचास अर्बको सौदा पक्का भो । त्यही खुशी र सूचना दिन आएको हुँ ।'

'ए, ठूलै राशि रहेछ । तर, के बापत ?'

'यो औषधिको सौदा हो ?'

रतिका सतर्क भई र भिडियो क्यामेरामा आँखा घुमाई । अनि संवादलाई निरन्तरता दिएर भनी- 'कुन खालको औषधि हो त त्यो ? कि त्यो औषधिले सधैं जवान राख्छ अथवा मर्न दिँदैन ? खास महिमा त होला नि ?'

'त्यो एउटा शट हो । इन्जेक्शन । अरू क्यै होइन ।'

यस पटक रतिकाले सूचकको शरीरमा सघन रोमावलि भएको भूगोलमा खेल्दै प्रश्न थपी- 'शट त मामूली नै हुन्छ नि ? त्यस्तो महँगो होला त भन्या ?'

'हैन नि ! बिरामीले त्यसको शुल्क तिर्नै पर्दैन । यो त मात्र राजनीतिक सौदाबाजी हो ।'

'तर बाबा, के गर्छ त्यो शटले ? कपाल फुल्न दिँदैन ? तिर्खा लाग्न रोक्छ ? राती पनि आँखा देखिन्छ ? हत्यारो दयालु हुन्छ ? अपराध गर्नेले सजिलै सत्य उगेल्छ ? क्यै त गर्छ होला नि त्यसले ? त्यो चाहिं भन न । ल, म पनि यो एकोहोरो सुताइबाट थाकिसकें । छिटो गर । भनिहाल न । अनि कोल्टो फेर्छु ।' रतिकाले भनी ।

'त्यो बच्चा नपाउने औषधि हो । त्यो लगाएपछि मान्छेमा प्रजनन शक्ति रहँदैन । कसैको वंश वृद्धि हुँदैन । न छोरा मान्छेले सन्तान जन्माउँछ, न छोरीले । डाक्टरको अगाडि पुगेर कुर्सीमा बस्नासाथ पहिले त्यो शट दिइन्छ र त्यसपछि मात्र बिरामीको सोधपुछ परीक्षण शुरू हुन्छ ।'

'किन यसो गरेको ?'

'यता जनसंख्या घटेपछि हरेक कामका लागि मान्छे उतैबाट ल्याउने योजना हो । हामीलाई पैसा चाहिया छ । मुलुक थाम्नु छैन । स्वास्थ्य पोषक भनी छलपूर्वक नरवंश निर्मूल पार्न सरकारले विदेशीको योजनामा यो सौदा मञ्जुर गरेको हो ।'

'यो शट कुन उमेरका कस्ता मान्छेले लिन्छन् ?'

'काखका सन्तान, स्कूल कलेजका विद्यार्थी, नवविवाहित जोडी, सन्तान पाउने क्षमता भएकाहरू प्रत्येकले लिनुपर्ने हुन्छ । सरकारी अस्पताल होस् वा निजी क्लिनिक समान रूपले सर्वत्र त्यो अनिवार्य हुन्छ । त्यसको कोड नं. पनि राखिन्छ कम्प्युटरमा । त्यसैले लगाएको नलगाएको थाह भैहाल्छ- चिकित्सा क्षेत्रलाई ।'

'यो त भयानक घातक रहेछ । शैतानको योजना पो हो त ! कस्तो डरलाग्दो !'

'यो प्रोग्राम छिमेकमा छैन । तर, आएको उतैबाट हो । आउँदा अरू देश भएर आउँछ ।'

'मेरो मन अँध्यारो भो । म कोठामा भए जति बत्ती बालेर सुत्छु । अब मैले जीउ छाडें । मलाई कुनै रस छैन । म भित्रैदेखि सुकें, तिमीले मलाई भोग्छौ भने भोग, आफूखुशी भोग, मलाई क्यै फरक पर्दैन । मलाई यो देशको राजनीति र राजनीति गर्नेहरूदेखि असाध्यै घृणा लाग्यो । छिः, कतिसम्म विकर्म गर्न सक्तो रहेछ- राजनीतिक जीव । यस्तो विवेकशून्य जीवले मुलुक विलय नगरेर के गरोस् ? सुधार ? विकास ? मात्र सौदा विलिङ्गीहरूको । धिक्कार होस् यस्ता शण्ठलाई ।'

रतिकाले घृणा ओकली- 'सुतेको प्राणीमाथि हिंसक पशुले पनि आक्रमण गर्दैन । सचेष्ट गराउँछ । भाग्ने मौका दिन्छ र त्यसपछि मात्र आक्रमण गर्छ । पशु भन्दा तल झरेछ मानुष ?'

केही दिन पछि जनताले थाह पाए- मन्त्री र सचिवहरू थुनामा परे । नगरवधू र परिचारिकाको भेषले सुरक्षामा खटिएका महिला प्रहरीहरूले आफूलाई बाजी थापेर भए पनि मुलुकको जनशक्ति र भविष्य जोगाएकोमा राज्यले उनीहरूलाई उच्च सम्मान र प्रमोशन दियो ।

प्रमाणहरू सुरक्षित गरिए । सरकारका निर्णयहरू पारदर्शी हुने प्रणालीको विकास भो । विदेशीसँग संवाद गर्दा वकील, पत्रकार र विशेषज्ञको उपस्थिति अनिवार्य गराउने नीति लागू भयो । यसै क्रममा सांसदबाट मन्त्री हुने बाटो पनि बन्द भयो र प्रहरी शक्ति आदरणीय बन्दै गयो ।

❑❑

बाजी थापेर
डीसी नेपाल डट कम
२०७८ कार्तिक २० गते ७:०१

तै सरदारको बुद्धि फुर्छ कि !

मुलुकको पतन नहोस् र दुष्टका हातमा राजनीति नपुगोस् भन्ने सोच राखेर वयस्क नारीहरूले 'वन्ध्याकरण' अभियान थाले । गजब भो । आमसंचार माध्यममा यो समाचारले महत्व पायो । समाजमा सनसनी फैलियो ।

राजनीति आफ्नै किचलोमा मग्न थियो ।

तँ भ्रष्टाचारी कि म ? तँ राष्ट्रघाती कि म ? तँ विदेशी गुप्तचर कि म ? पहिले तेरो सम्पत्तिको जाँचबुझ गराउने कि मेरो ? ठगको नाइके तँ कि म ? डाकाको सरदार को ? हत्या र बलात्कार कसको छातामुनि हुँदैछ ? आर्थिक कारोबारको घोटाला किन सुल्झिँदैन ? राज्यका शक्तिशाली संयन्त्र किन निष्क्रिय छन् ? दायित्व तेरो कि मेरो ? संसद र साना सभा/बैठकको समय यस्तै आरोप प्रत्यारोपमा बित्तै गइरहेको थियो । मुलुकको जनजीवन कुन स्थितिमा चल्दैछ वा चल्दै छैन, राजनीतिको रङ्ग चढेको मानव आकृतिलाई थाहै भएन ।

जब वन्ध्याकरणको योजना अभियानका रूपमा थालियो- 'मेरो शरीर मेरो अधिकार' भनिने अन्तर्राष्ट्रिय नाराले कवचको काम गऱ्यो । राज्य संचालन गर्ने शक्तिले यसबारे के गर्ने र के नगर्ने निर्णय लिनै सकेन । तर 'स्वतन्त्र संचार सदन' त्यहाँ पुग्यो । क्यामेराहरू तेर्सिए । 'राष्ट्रको उत्थानका लागि वन्ध्याकरण' भन्ने ब्यानरमा क्लिनिक चालू थियो । युवतीहरू पङ्क्तिबद्ध थिए । प्रश्नोत्तर चल्यो :

'नमस्कार मैयाँ, हजुरको नाम फेरेर प्रश्नोत्तर गरौं कि ? यहाँको नाम ?'

'म कमला कश्यप, म खिमा खतिवडा, म गीता ज्ञवाली, म छाया छातावाला ।' क्यामेरा घुम्दै गयो- 'म झाँक्री झोलिका, म धामी ढोलिका, म सर्किनी सत्या ।'

'म एउटै प्रश्न गर्छु । यहाँहरूले आफ्नो विचार थोरै शब्दमा दिनुहोला ।'

संचार माध्यमहरू अन हुँदै गए । मोबाइल र टीभीको स्क्रीनमा मानिस जुट्दै गए । दृश्यहरू प्रश्नोत्तरमा जीवित हुँदै रहे :

'मैयाँलाई मेरो प्रश्न, तपाईंले वन्ध्याकरण गर्ने निर्णय लिनुभो, किन होला ? यो त डरलाग्दो निर्णय हो नि ! हैन र ?'

'राजनीतिक व्यक्ति देशका लागि सोच्दैन भने हामीले सोच्नै पर्ने भो नि ! म चाहन्नँ भोलि पनि यस्तै कपूत जन्मियोस् र मुलुकलाई थप अप्ठेरोमा पारोस् । जन्माएर मार्नु वा गर्भपात गर्नुभन्दा आफूलाई बाँझै राख्नु बेस होइन र ?'

क्यामेरा सर्‍यो । 'मैयाँलाई पनि त्यही प्रश्न छ । यस्तो घातक निर्णय किन लिनुभो ?'

'यस्तै दुष्ट, शैतान जन्मेलान् कि भनेर बेलैमा तिनको बाटो बन्द गर्ने प्रतिज्ञा लिएकी हुँ । देख्नुहुन्न, देश कसरी लुटिएको छ ?'

क्यामेरा घुम्दै गयो, सर्दै गयो । वन्ध्याकरण गर्ने लाइनमा उभिएका युवतीहरूले उत्तर दिंदै गए । चित्र र ध्वनि रेकर्ड हुँदै गयो ।

'मैयाँ, तपाईंको विचार ?'

'मेरो कोखबाट बलात्कारी नजन्मियोस् भनेर मैले यो कदम चालेकी हुँ ।'

'विदेशी गुप्तचर संस्थाको सदस्य भएर आफ्नै मुलुकलाई घुँडा टेकाउने, प्रगतिमा बाधा अडचन ल्याउने, गोप्य सूचना बेच्ने यस्तै राष्ट्रद्रोही सन्तान आउला कि भनेर मैले ढोका बन्द गरें । अग्रजले सिकाएको पाठ अनुजले नसिक्ने हुन्थ्यो र ? म आफ्नो विचारमा अटल छु ।' उछिनेर अर्कीले थपी ।

'मेरो पनि उहाँसँग मिल्दो विचार छ- विदेशी शक्ति बोलाएर मुलुकलाई भड्खालोमा हाल्ने सन्तान जन्म्यो भने म आफ्नै नजरबाट मर्छु र आत्महत्या गर्नुपर्ने हुन्छ । बरु जन्माउँदै जन्माउँदिनँ । न बाँस, न बाँसुरी ।'

अर्कीले थपी- 'बलात्कार गर्नेलाई जोगाउने शैतान मेरा कोखबाट नजन्मोस् भन्ने मेरो सोच हो । नारीहरूप्रति हुने गरेको दमन, उपेक्षा र आक्रमण म सहन सक्तिनँ । अरूलाई भनेर गुहार माग्नु भनेको पार नहुने कुरा हो । त्यसैले आफैंबाट त्यस्तो शैतानी गतिविधिको रोकथाम होस् भन्ने निश्चय गरेर म पनि यो क्लिनिकमा उपस्थित भएकी हुँ ।'

'मेरो पनि धारणा त्यस्तै खालको छ । गलत न्याय दिने न्यायाधीश मेरो कोखबाट जन्मेला भन्ने डरले म निक्कै पीडित थिएँ । अब निश्चिन्त भएकी छु । प्रधानमन्त्री बनाउने न्यायाधीश जन्माउँदिनँ । त्यसैले म पनि यो लाइनमा छु ।' अर्की बोली ।

'राष्ट्रको सम्पत्ति हिनामिना गर्ने, भूमि र अधिकार अर्कै शक्ति वा संस्थालाई हस्तान्तरण गर्ने राष्ट्रघाती तत्व म जन्माउन चाहन्नँ । त्यसैले मलाई यो उपाय सही लाग्यो ।' अर्कीले जवाफ दिई ।

'व्यापार र किनबेचमा आज जुन घोटाला छ नि, भोलि मेरो सन्तानले पनि त्यसै गर्ला भनेर म पनि तर्किएकी छु । कम-से-कम राष्ट्रध्वंस गर्ने सन्तान नजन्मोस् भन्ने धारणा मेरो पनि हो ।'

'हो, देशको भूमि बेच्ने, सीमाना घटाउने, नागरिकता बाँड्ने, पदहरू बेच्ने तथा रोटीबेटीको नयाँ नारा बोकेर बाँच्ने सन्तान मलाई चाहिएन । बरु बाँझै बस्नु निको ।'

पत्रकारले क्यामेरा तेर्स्याएर सबैलाई एउटै प्रस्ताव दियो- 'तपाईंहरू आफ्नो सन्तानलाई वाञ्छित मार्गमा लगाउन सक्नुहुन्न र ? आमा वर्गसँग त अपार शक्ति हुन्छ नि, हैन र ?'

'सत्य हो, तर सन्तानप्रति आमा र बाबुको संयुक्त लगानी र दायित्व हुन्छ । उत्तिकै ममता र अधिकार हुन्छ । किन्तु आफूले चाहेकै कुरा हुन्छ भन्ने छैन । आमा जुवा खेल्न चाहँदैनन् । बाबु चाहिं अधिकारको दुरुपयोग पनि गर्छ, हठ पनि गर्छ । त्यसैले आमा पराजित हुन्छे । मात्र ऊ सन्तान मोहले बाँधिन्छे, त्यसैले कहिलेकाहीं पराजित पनि हुन्छे ।'

'प्रश्न थपौं है, तपाईंहरू अब आफैं योद्धा भएर किन अग्रसर हुन चाहनुहुन्न ? तालिम लिनुहोस्, दिनुहोस् । योजना बनाउनुहोस् । युवा पुस्तालाई साथ लिनुहोस् र मुलुकमा फैलिएको अराजक चरित्रमाथि धावा बोल्नुहोस् ।'

'अनि ?'

'कृष्ण भएर कंसको विनाश गर्ने नि ! नयाँ उमेरका विद्यार्थी रिक्रुटमा भर्ती हुन्छन्, त्यही उमेरका विद्यार्थी तपाईंका सेना हुन्छन् । स्मरण रहोस्, आततायीले दुरुपयोग गरे झैं जनशक्तिको दुरुपयोग नहोस् । विचार फेर्नुहोस् । नेतृत्व लिनुहोस् । हामी तपाईंको साथमा हुनेछौं ।' पत्रकारले थप्यो- 'स्मरण रहोस्, सबै नेपाली नै रहून्, जनजाति, दलित र दशनामी जस्तो चिनिएर होइन । विधानले गरेको अनर्थकारी विभाजन तपाईंहरूको सोचाइमा नआओस् ।'

संवाद सकियो । क्यामरा बन्द भो । सामाजिकहरूले अब क्यै होला र सुधार आउला भन्ने आस गरे ।

'स्वतन्त्र' दैनिकले 'युवतीहरूद्वारा नागबेली विरोध' शीर्षकमा सम्पादकीय लेख्यो :

राज्यले नागरिकको जीवन र धनको सुरक्षा गर्छ भन्ने विश्वास हिजो थियो, आज छैन । राज्यशक्ति स्वयं लुटेरा, दुष्ट भएको छ । राज्यको कोष र भूक्षेत्र

घट्न थालेको छ । युवाशक्ति डराएको छ । राजनीतिक तत्वसँग जुध्न त सक्तैन । तर अर्को बाटो हिंडेर भए पनि राजकीय चिन्तन पथलाई सच्याउने घुमाउरो पद्धति समात्न बाध्य छ । यद्यपि यो कदम अत्यन्त घातक हो- राष्ट्रका लागि । यसले पक्कै पनि भविष्य अँध्यारो बनाउँछ, किन्तु राजीतिकर्मीलाई उनीहरू तुरुन्तै चेतावनी दिन चाहन्छन् ।

आफ्नो नाम भन्न नचाहने एक युवतीले त केसम्म भनिन् भने, विदेशी शक्तिको गुलामी गरेर आफ्ना नागरिकलाई उत्पीडन दिने राजनीतिक दुष्कर्मीको छाता ओढ्नु भन्दा नागरिकले नै सीधै विदेशी शक्तिको समर्थन किन नगर्ने ? सेकेन्ड ह्यान्ड राज्यसत्ता थाम्ने बाध्यता किन ? हामीले विश्वास गरेर जिताएको राजनीतिक व्यक्तिले अर्काको गुलामी गरेर हामीलाई नै सकसमा पार्ने हो र ?

उनी प्रश्न गर्छिन्, मर्यादा र तहको उल्लंघन गरेर विदेशी तत्वलाई भेट्न मिल्छ ? राज्यका सन्धि र सम्झौताहरू राष्ट्रिय स्तरमा छलफल नगरी कुनै साक्षी विना एक्लैएक्लै गुपचुप गर्न मिल्छ ? विदेशी र स्वदेशीसँग गरिने महत्वपूर्ण निर्णय पूरै पारदर्शी हुनुपर्दैन ?

कति भन्नु, कति चिच्याउनु, कति विरोध गर्नु ? बरु सीधै गुलाम किन नहुनु गुलामी प्यारो लाग्छ भने ? दुई दशक अघिको राज्यको नक्शा र साँध-सीमा आजकासँग तुलना गरेर हेरे, राजनीतिक झोलेको अनुहार आजकासँग तुलना गरेर हेरे चरित्र छर्लंग हुँदैन र ? कता जाँदैछ यो मुलुक ? कता ठेल्दैछ नेताले ? उनी भन्छिन्, त्यसैले आफूलाई रित्याएर विदेशीलाई पोस्ने र आफ्नो अधिकार कटाएर विदेशीलाई बलियो पार्ने सन्तान हाम्रो गर्भबाट जन्मन नपाओस् भनेर नै हामीले वन्ध्याकरण अभियान चलाएर राज्य शक्तिलाई घुमाउरो ढंगले बल पुऱ्याएका हौं ।

यो अभियान स्कूलमा पनि पुग्छ र कलेजमा पनि फैलिन्छ । पछि सरेर गरेको विद्रोह हो यो । तै सरदारको बुद्धि फुर्छ कि ?

❑❑

तै सरदारको बुद्धि फुर्छ कि !
डीसी नेपाल डट कम
२०७८ मंसिर ४ गते ८:००

गर्भवती समलिङ्गी

अबला र सबलाले कानूनी विवाह गरे । घुमीघुमी हनीमून मनाए । समय, परिवेशको क्षणको उर्जालाई पूर्णतः आत्मसात् गरेर वैवाहिक जीवन भोग्दै रहे । समलिंगी सुन्दरीको जोडीभित्र एउटीमा भालेपनको मात्रा प्रबल हुन्छ भने अर्कीमा पोथी तत्वको । यथार्थमा जीवन भोग्न सक्नु नै सफलता हो र भोग्न जान्नु पनि कला हो । यसका लागि पनि शायद सम्पत्ति र सुरक्षा चाहिन्छ ।

अबलाले केही जोडिन, किनकि चल सम्पत्ति बाहेक ऊसँग केही थिएन । थियो त मात्र जवानी र रूप । सबलाले पनि ऊबाट कुनै अन्य कुराको अपेक्षा राखेकी थिइन, किनभने अबलाको प्रस्फुटित जवानी र रूप नै उसका लागि दुर्लभ प्राप्ति थियो । ऊ बाबुको सम्पत्तिबाट भाइ सरह अंश पाउन सक्थी । संघीय राज्यले त्यो विधि पारित गरिसकेको थियो ।

अबलासँग विवाह गरेर सबला आफ्नो घरमा गई र अबलासँग विवाह गरेको जानकारी दिई । पैतृक सम्पत्तिको माग गरी । अंश चाहिन्छ भनेर मुख खोली ।

मेजर शेरे साउद अवाक् भयो । जब उसको बोली खुल्यो, अंश दिन इन्कार गऱ्यो । नयाँ विधानले सिंहदरबार गाउँ गाउँमा पुऱ्याएकै थियो । सबलाले शेरे साउदका नाममा अंश मुद्दा हाली । बाबु-छोरीबीच मुद्दा चल्यो ।

लोकल सिंहदरबार गाउँमा डबल शक्ति लिएर आएको थियो । मुद्दा पऱ्यो कि तेस्रो दिन टुङ्गिन्थ्यो । टुङ्गियो । सबलाले बाबुको पूरा सम्पत्तिबाट तीन भागमा एक भाग पाई । बाँकी दुई भाग बाबुआमा र भाइका नाममा छुट्टियो ।

सौन्दर्य र वैवाहिक सुखको अनमोल क्षण हो जवानी । त्यसैले रत्तिभर खेर जान पाउँदैन त्यो क्षण, यौवन विलासमा अनुरक्त जोडीबाट । यौवन विलासका मुहूर्त र क्षणहरू अविराम चल्दै रहे । बित्तै गए ।

अबलालाई विरहमा पारेर सबला एक पटक नौ साताका लागि टूरमा निस्की । 'समलिंगी विवाह र वैवाहिक सुख' भन्ने विषयमा भाषण, तालीम, डकुमेन्ट्री र प्रयोग-प्रदर्शनको नाटकीय अभ्यासको कार्यक्रम आफैंले सञ्चालन

गरेर टुंग्याई । नौ ठाउँमै ऊ सफल रही । आफूले चलाएका सबै कार्यक्रमको भिडियो पनि उसले समेटी ।

त्यसैबीच यता अबलाले एउटा युवा साथीलाई बोलाई ।

वास्तवमा ऊ पूर्ण पोथी गुण भएकी सुन्दरी थिई । पुरुष शरीरसँग गरिने स्पर्श, चुम्बन, घर्षण र इन्द्रिय मन्थनको रहर र तिर्खा दबाएरै बसेकी थिई ऊ सबलासँग । उसको अनुपस्थितिमा प्रकृत ढंगले त्यो युवा पुरुषसँगको यौवन-केलिमा स्वाद लिएर चुर्लुम्म डुबी, अविश्रान्त ।

गणित गर्न बिर्सिछ । अब गणित गरी । ऊ गर्भवती भइछ । क्लिनिकले पोजिटिभ रिपोर्ट दियो । शायद नेगेटिभ रिपोर्टको कामना हुँदो हो । पुरुष शरीरसँग इन्द्रिय मन्थनको चाहना उत्कृष्ट थियो या मातृत्व धारण गर्ने कामना ? या मात्र शरीरको भोग कि मनको तिर्खा ? के चाहिं हो यो ? प्राथमिकता कुन ? अबलाले सही गणित बसाउन सकिन ।

लुकाउनुपर्ने पनि थिएन । संकोच पनि थिएन र डर पनि होइन । सबलाले जान्न खोजेको खण्डमा सुहाउँदो र वस्तुगत उत्तर दिन तयार थिई । तैपनि ऊ बन्ने भन्दा बिग्रने कुराको आशंका गरेर प्रतीक्षामा रही ।

सबला तोकिएको समयमा फर्केर आई । ऊ वैवाहिक सुखको क्षण फेरि शुरू हुने गणित गर्दै आएकी थिई । तर स्थिति अर्कै थियो । उसले सबै कुरा थाहा पाई । यसले पनि कुनै कुरा लुकाइन । क्लिनिकका रिपोर्टहरू अगाडि नै थिए । त्यसैले हिजोको कुरा होइन, भोलिको लागि विमर्श हुनु थियो । शुरू भयो- किन्तु सद्भावले, आत्मीयताले र ममताले ।

'तिम्रो विचार के छ अबला, गर्भपात गछ्र्यौं कि हुर्काउँछ्यौ ?' पुरुषको भावले सबलाले सोधी ।

'तिमी के भन्छ्यौ ? तिम्रो विचार जान्न चाहन्छु ।' नारी भावले प्रतिप्रश्न गरी अबलाले ।

'छोरा हो कि छोरी हो, त्यो जान्न त पर्खनुपर्ला नि ।'

'म त्यो जान्नै चाहन्नँ, नजान्नु नै ठीक छ । नो टेन्सन...' अबलाले सोधी- 'अब तिमी भन, यो सन्तान चाहन्छ्यौ कि चाहन्नौ ?'

'म त अविभाजित प्रेम, सिंगो समर्पण र एकाधिकार चाहन्छु ।' सबलाले दृढता व्यक्त गरी ।

'त्यो त तिम्रो पुरुष बोधको उद्गार हो ।' अबलाले भनी ।

'होला, तर मेरो चाहना सन्तान पाउने पोथी शरीर होइन ।'

'तर म त्यस्ती हुन सकिनँ । त्यो मेरो दोष पनि हो । कमजोरी पनि हो । त्यसैले तिमी जे भन्छ्यौ, म मान्न तयार छु । तर, गर्भपात चाहिं नगरौं । थोरै स्वार्थ त्यागेर हामी एउटा मानव हुर्काऊँ न मिलेर, हुन्न ?' अबलाले स्मिति लिएर थपी- 'म आमा भएँ, तिमी बाबु भइदेऊ न ! त्याग र सेवाबाट जुन सुख मिल्छ त्यो कतै तुलना गर्नै सकिन्न ।'

सबला एकोहोरो सुन्दै रही ।

अबलाले थपी- 'तिम्रो दृष्टिमा शायद म तल परें, चुकें । तर किन हो, म चुकें भन्ने लाग्दैन बरु हाम्रै लागि बाटो सहज हुने भो भन्ने ठानेकी छु । मेरो कल्पना र सिर्जनामा तिम्रो श्वास र श्रम रोपिएको छ र मैले त्यसैलाई स्नेह, ममता र वत्सलभावले हुर्काउँदैछु भन्ने ठानेकी छु । त्यसैले यसलाई मेरो नभनेर हाम्रो भन्न मिल्दैन ? के सोच्तैछ्यौ सबला ?'

'यसको बाबु नि ?'

'बाबु चाहिंदैन । चाहिए तिमी नै बाबु भइदिनू । तिमीलाई नै बाबु भन्न सिकाउँछु र चिन्हाउँछु । के फरक पर्छ र ? हैन भने हाम्रो सन्तानलाई नै भन्ने गरौंला नि माईधारबाट टिपेर ल्याएको भनेर ।' उसले थपी- 'हैन, बाबु नै चाहिए एउटा दुईखुट्टे उभ्याउँला नि खोजेर । यो के चिन्ताको विषय भो र ?'

सबला आफैंमा केन्द्रित भई । कुनै सोचमा डुबेझैं देखिई ।

उसले गुनी- 'कदाचित् हामीबीच सम्बन्ध विच्छेद हुने स्थिति आयो भने मसँग भएको सम्पत्ति पनि विभाजित होला नि फेरि । तर, त्यो त मैले बाबुबाट पाएको अंश र त्यसैको विकास हो । विभाजन गर्नै पर्छ भन्ने के छ र ? उसले त कति नै ल्याएकी थिई र ? त्यो त चल सम्पत्ति थियो, खर्च भैगो । धेरैजसो त हनीमून टूरमै खर्च भो क्यार, खै !'

तर अबलाले पृथक् सोची- 'यदि सबलाले यो सन्तान स्वीकार गरिन भने उसको र मेरो सम्बन्ध विच्छेद पनि हुनसक्ला । फेरि मैले यो बालकसँगै एक्लिनुपर्ला ।' अनि एक छिन चिन्तित भई र फेरि साहस जुटाएर मनमनै भनी- 'त्यसबेला त बालकको बाबु चिनाउनै पर्ला नि !'

'छन् नि आधारहरू सुरक्षित । यौवन विलासको समयमा गरिएका अनेक भावमुद्रा र आसनहरू, मन्थनको सुरूचिपूर्ण एकाग्रता अनि पूर्णतापछिको परितृप्तिलाई चित्रबद्ध गरेकी छैन र भिडियो क्यामेरामा ? त्यति हार मान्नैपर्ने

स्थिति र व्यग्र हुने कारण त नहोला कि ?' उसले आफैंलाई निश्चिन्त राख्ने यत्न गरी ।

सबलाले मौनता तोडी- 'के गुन्दैछ्यौ अबला ?'

'सोच्दैथिएँ, तिमी के निष्कर्ष दिन्छ्यौ ?'

'मेरो भनाइ यत्ति मात्र हो- तिम्रो प्रयोग कसैले नगरोस्, दोहन नहोस् र यो सन्तानको भविष्य सुनिश्चित र आलोकपूर्ण होस् भन्ने कामना गर्दछु । त्यसैले यो सन्तान हाम्रै काखमा, हाम्रै फूलबारीमा हुर्कियोस्, रमाओस् भन्ने निष्कर्षमा पुगेकी छु । अब तिमी भन आफ्ना कुरा ।'

'तिम्रो उदार, उदात्त सोचप्रति म कृतज्ञ छु । नतमस्तक छु । तिमी अहिल्यै ठूलो छहारी भइदियौ । वास्तवमा तिमीभित्रको भालेपन पुरुषतत्वको द्योतक हो, त्यसैले म तिम्रा अगाडि पूर्ण नारी भएर विकसित हुन पाउने भएँ । यो पनि मेरो लागि सौभाग्यको कुरा हो ।'

उसले अर्को सन्दर्भ जोडेर भनी- 'तिमीले यो सदाशय नदेखाएकी भए म सीधै सडकमा पुग्ने थिएँ । तिम्रो सद्भावले म जोगिएँ । शायद तिमीसँग बाबुको शक्ति र मसँग आमाको दुर्बलता देखिएला । यस्तै ठान्नुपर्ला कि ? अब भन, भविष्यमा कुनै मानव यस बालकको बाबु म भन्दै आइलाग्यो भने के गर्ने ?'

'म योजना बनाउँछु, के गर्नुपर्छ । त्यस्तो नहोला पनि । त्यस्तो असामान्य स्थिति आयो भने म तिम्रो सल्लाह अनुसार नै गर्छु । ईश्वर गरून् त्यस्तो नहोस् ।'

त्यसपछि दुवै नयाँ सन्तानको आगमनको प्रतीक्षा गर्दै रहे ।

❑❑

गर्भवती समलिङ्गी
डीसी नेपाल डट कम
२०७८ पुष ३ गते ८:३७

बूढो साँढे र कोरली

'दाजु, के पढ्दै हुनुहुन्छ ?' नमनको भावसँगै ठूलाघरे कान्छाले जिज्ञासा राख्यो ।

'यो पुनर्जागरण हो । 'संघीयता फ्याँक्न जनता आतुर' भन्ने लेख पढ्दै थिएँ । अलिकति बाँकी छ । आऊ बस ।' वृषध्वजले स्वागत बोले ।

'भाउजू ! आगो-लाइटर पाऊँ न । तलतल नमेटी भएन ।' ठूलाघरे कान्छो मुडा तानेर बस्यो ।

'हैन, अस्ति पनि साँढे लगाएको होइन र यो गाईलाई ? कि यो अर्कै गाई हो ?' आँगनमा साँढेले कोरलीलाई थुनेको थियो ।

'लगाएको त हो, पुगेन जस्तो छ ।'

'किन ढाँट्नुहुन्छ देवरलाई ! बाबु, पाँचौं पटक हो यो गोरु लगाएको । गोरु उस्तो कि तपाईंको दाइको बुद्धि उस्तो, म जान्दिनँ ।' भानुमतीले भनिन् ।

गोरु उँ, उँ गर्छ, उक्लिन खोज्छ, उक्लिन सक्दैन । ठूलोघरे कान्छो यो दृश्य हेर्दैथियो । एक छिन ओठ लेप्र्यायो र नकारात्मक भावले टाउको हल्लायो । अनि सजिलै भन्यो- 'गाई थामिएको छ । अहँ, गोरुले काम देला जस्तो छैन । पल्लो घराँ बहर देखेथें भकारोमा । मान्छेको चालचुल थिएन । मेलापाततिर होलान् कि ।'

'बाबु, दाजुसँग बस्दै गर्नुस् है, म आइहाल्छु ।' वृषध्वजकी पत्नी अलिक जाँगर र फूर्तिसाथ निस्किन् । ठूलाघरे कान्छोले मनमनै गुन्यो- 'मेरो कुराले भाउजूलाई चोट पऱ्यो क्यार । भाउजू तरुनी कोरली, दाइ बूढो साँढे । आधै उमेर फरक छ । कुरा त गाई-गोरुकै हो । खै, के सम्झिन् ।'

पल्लो घरको बहर दाम्लैसँग ल्याएर भानुमतीले पछाडिपट्टि आफ्नो भकारोमा बाँधिन् । हरियो घाँस हालिदिइन् । अनि आँगनतिर आएर भनिन्- 'बाबु, यो साँढे खेद्नुस्, मैले बहर ल्याएकी छु ।'

भानुमती ओजस्वी देखिइन् । उनी ज्यादै उत्तेजित थिइन् । ठूलाघरे कान्छाले प्रयास गऱ्यो, साँढेलाई पन्साउन सकेन । भानुमती ट्र्याक सूटमा

थिइन् । उनलाई कुनै काम भारी थिएन । 'बाबु तपैं बस्नुस्, म भगाउँछु यसलाई' भनेर अघि सरिन् र एउटा भाटाले सीङमा हानिन् । साँढे रन्थनाउँदै पछि सर्‍यो । लघारेर तगारो कटाइन् । यता आएर बहर खोलिदिइन् ।

तुजुकदार थियो बहर । एकै पटकमा गाईलाई कुप्रो पारिदियो । अर्को पटक उक्लिएर आफैं पन्सियो । भानुमतीले बहर लगेर उसैको भकारोमा पुर्‍याएर बाँधिदिइन् । एक छिन सुम्सुम्याएर डुँडभरि घाँस हालिदिइन् । उनी सन्तुष्ट देखिन्थिन् किनकि यसले बाली लगाएको थियो ।

भानुमतीले सबैका लागि चमेना ल्याइन् । मौका छोपेर ठूलाघरेले भन्यो- 'भाउजू त छिटो र शूरो पो हुनुहुँदो रहेछ । म त छक्क परें ।'

वृषध्वज गजक्क परे । उनको छाती ठूलो भयो ।

'तपाईं दाजुलाई सोध्नुस्, उहाँले कति पटक साँढे लगाउनु भयो ? जवाफ दिनुहुन्छ । समयको गणित पनि गर्नुस् र प्रतिफल पनि हेर्नुस् ।

दुवै जना चूप रहे ।

भानुमतीले भनिन्- 'बाबु, चाहे देशको राजनीति र नेतृत्वलाई यो घटनासँग जोडेर हेर्नुस् या हाम्रै जोडीलाई दाँज्नुस्, उस्तै-उस्तै देख्नुहोला ।'

'हाम्रा हकमा हामीले सल्लाह गरेका छौं । विषय भोगमा उहाँको रुचि मरेपछि या उहाँ अशक्त भएपछि म स्वतन्त्र हुनेछु । मैले आफूलाई पनि त हेर्नैपर्‍यो । अशक्त, निष्क्रिय वा रोगी शरीर सम्हालेर बस्तिनँ भनेकै हुँ । म आफूखुशी गर्छु । त्यसैले उहाँ पनि पन्सिन सक्नुहुन्छ, म पनि पन्सिन सक्छु । हामी यसै क्षणको पर्खाइमा रमाएर बसेका छौं । गुनासो र असन्तुष्टि छैन । यो सम्झौताको बसाइ हो । बस्, परस्पर सम्मानले थामेको छ, हामीलाई । परन्तु प्रतिफल छैन ।'

वृषध्वज मुसुमुसु हाँस्तै रहे । ठूलाघरे कान्छो दंग परेर फर्कियो ।

भानुमती तुजुकदार बहरलाई संझँदै मस्त निदाइन् ।

❑❑

बूढो साँढे र कोरली
डीसी नेपाल डट कम
२०७८ पुष १७ गते ७:४५

विजयश्री सर्दैछ

गेम टीचरले उदाहरण दियो :

भूधर नामी बलवान थियो । त्यसै भएको हुँदा जनसंसदले उसलाई हनुमान सिंह भन्न थाल्यो । प्रत्येक प्रतियोगितामा ऊ अखडामा पुग्थ्यो । कुश्ती लडेर विजय हासिल गर्थ्यो । पुरस्कार लिन्थ्यो । प्रमाणपत्र बुझ्थ्यो र स्याबासी बटुल्थ्यो । डेढ दशक अर्थात् १५ वर्ष ऊ एकमात्र विजेता भयो ।

यस पटक स्थिति अर्को थियो । अखडामा कुश्ती लड्न नयाँ अनुहार आउने भए । सूचना फैलियो । प्रतियोगिताको दिन नजिक आउँदै गयो । अवस्था बुझेर उसका हितैषीहरूले सल्लाह दिँदै भने- 'हनुमान सिंह, तिमी यो पटक कुश्ती नलड । अघिल्लो पटक विजेता भएकै हौ । १५ वर्षदेखि विजयश्री तिम्रै हातमा छ । कुश्तीबाट संन्यास लिन्छु र गुरु भएर बस्छु भनेर आजै तिमी घोषणा गर । यो निर्णय सधैं आदरणीय हुनेछ । किन बहरसँग जुध्छौ ?'

उसका गुरुले पनि सम्झाए- 'हो वत्स, तिमी हार्न सक्दैनौ, हार्न जानेकै छैन । हिजोसम्मको स्थिति यही हो । अहिले परिस्थिति अर्कै छ । जो श्रेष्ठ थियो, त्यो ढलेको छ । विजयश्री अन्त, अन्त सर्दैछ । अरू खेलमा पनि, यहाँसम्म कि युद्धभूमिको र आर्थिक कारोबारको स्थिति पनि फेरिँदैछ । त्यसैले बुद्धिमानी हुन्छ- तिमी प्रतियोगी बनेर अखडामा भिड्न नजाऊ । राग र अहम् त्याग । संयम लिएर बस । आजसम्मको कीर्तिमान थाम र त्यसलाई इज्जत देऊ । कदाचित् पराजय भोग्नुपऱ्यो भने आत्महत्या गरे बराबर हुन्छ । समय छँदै घोषणा गर- तिमी अब लामो विश्राम लिनेछौ । आफूलाई हारजितको प्रतिस्पर्धाको ज्वालामा नहोम । इतिहास जोगाऊ । विजयश्रीलाई दाउमा नराख । वत्स, मेरो प्रस्ताव पनि र आदेश पनि यही हो । अवज्ञा नगर ।'

किन्तु ऊ मदान्ध थियो । तुजुक छोडेन ।

कसैको कुरा पनि सुनेन । आखिर कुश्तीका लागि अखडामा पुगेर भिड्नासाथ प्रतियोगी नौजवानले प्रत्येक चरणमा पराजित गरिदियो । यहाँसम्म कि उसको एउटा टाङ नटेक्ने भयो र उसलाई अस्पताल दौडाउनुपऱ्यो ।

कथाको अन्त्यमा गेम टीचरले भन्यो : विजेताले आफ्नो श्रेष्ठतालाई जोगाएर हिंड्नुपर्छ । जतासुकै भिड्दै हिंड्नुहुँदैन । नत्र आर्जन गरेको महत्व वा बडप्पनको यश माटोमा मिल्छ ।

तर प्रशिक्षार्थीहरू प्रश्नोत्तरमा उत्रिए :

'प्रशिक्षक महोदय, तपाईंले बलवानहरूको जय-पराजयका कथा जोडेर आजसम्म गनिएका शक्ति राष्ट्रहरूलाई आफ्नो अस्तित्व कायम राख्नका लागि फेरि आफूलाई दाउमा नथाप है भन्न खोज्नुभएको त हैन ? अभयदाता भएर बस्नु आदरणीय हुनु होइन, तर्साउनै पर्छ ?'

'हो सर, अमेरिका र चीन परस्परमा जुध्नुहुँदैन भन्न खोज्नुभएको हो कि ?'

'मिल्नैपर्छ । यी मिल्छन् । तर म सार्वभौम कुरा गर्दैछु । आफूलाई जस्तोसुकै दाउमा राख्ता कमाएको प्रतिष्ठा र ठुल्याइँ नामेट हुन बेर छैन ।'

'उल्क्याउने पनि त हुन्छन् नि सर, चीन र इण्डियालाई युद्धभूमिमा धकेल्न खोजिएको छैन र ? तर कसको सुबुद्धिले हो, अझै भिडेका छैनन् । छुच्याइँ छोडेर संयम लिए उन्नति गर्थ्यो, अर्कालाई होच्याउँदा आफैं घट्ने भयो इण्डिया ।'

'हो, कहिलेकाहीं जुरे साँडेलाई तुजुकदार बहरले पनि फ्याँकिदिन्छ । यो देखेकै हो । राजनीतिको कुरा पनि यही हो- कहिले को बलियो, कहिले को । फेरि दुश्मनी दोश्तीमा तुरुन्तै फेरिन्छ । संयम त लिनैपर्छ ।'

'सर, मलाई तपाईंले अमेरिका र रसियाको सन्दर्भ टिपेजस्तो लाग्यो ।'

'सन्दर्भ त जहाँबाट टिपे पनि हुन्छ । तर तिमी राजनीतिक चश्माले किन हेर्छौ ? घटनाको स्वतन्त्र मीमांसा हुन सक्दैन ? पहलमानका कुश्तीमा राजनीति किन जोड्नु ? फेरि हिजोआज कोही राजनीति गर्दैन, न कोही राजनीतिक अर्थ बुझ्छ ।'

'के त, हनुमान सिंहको पराजयमा राजनीति छैन ?'

'छ, उसको निजी स्वार्थको । समाज र देशभक्ति ऊसँग जोडिएको छ भन्ने सत्य उसले बुझ्दैन । यही गलत हो । हठ र अहंले उसको पतन भो । कमाएको इतिहास दागी गरायो ।'

'तर विजयश्री त सर्छ नि, हैन ?'

अर्काले पनि थप्यो- 'अब चर्चाको विषय नै रहेन । विवेक पुऱ्याएको भए त्यत्रो महाबली हनुमान सिंहको विजयश्री कायमै हुन्थ्यो । अब इतिहासमा हार नलेखिने होला र ? समयले नायक जन्माउँछ भनेको यही हो । विधिवत् विश्राम नलिनुको परिमाण हो पराजय । इतिहास आफैं मेट्यो ।'

'अनि ?'

'अनि के, अहिले उसका समर्थक दुःखी छन् । कति त विमुख पनि भए । बुद्धि छोटो भएकै हो । समयको आवाज उसले बुझ्न सकेन । हासिल गरेको श्रेष्ठता जोगाउन सकेन । शठ रहेछ । उन्माद चढेछ ।'

'हो, कहिले को ठूलो, कहिले को !'

'शक्ति, सौन्दर्य र सम्पत्तिमा तलमाथि त हुँदैरहन्छ नि । तर लुटिनबाट जोगिन सीङ जोर्नु र पराश्रित हुनु हुँदैन कि ?'

'फेरि राजनीतिक कुरा ? प्रसंग बन्द गर । अब निस्कौं ।'

खेलाडीहरूको यो टीम हनुमान क्याम्पबाट निस्कियो ।

हनुमान सिंह अझै अस्पतालबाट निस्केन । उसलाई मनको बिरामी लाग्यो भन्ने कुरा संचारले खोल्न थालेको छ । खेलप्रेमीहरू दुःखी देखिएका छन् ।

❑❑

विजयश्री सर्दैछ
डीसी नेपाल डट कम
२०७८ माघ १ गते ७:१६

कान्छीमाया

कान्छीमायाको मलामी गएर म फर्किएँ । मन रोइरह्यो । उनी मेरी बालसखी र सहपाठी । अब यो जगतमा रहिनन् भन्न अझै मन मान्दैन ।

यदि आत्मा अमर छ भने उनी बाँचेकी हुनुपर्छ । मन थाम्ने कुरा यति नै हो । त्यो पनि असाध्यै झिनु र आत्मपरक विषय जस्तो लाग्छ ।

भन्छन्, मृत्युको समय जन्मँदै तोकिएर आएको हुन्छ । बुद्धलाई मात्र थाहा थियो त्यो क्षण, र उनी त्यस क्षणको पर्खाइमा आनन्दले बस्थे ।

सबै बुद्ध हुन सक्दैनन् । कोरोना नामको नयाँ रोग जन्मन्छ, फैलन्छ र कान्छीमायालाई लैजान्छ भन्ने सत्य लेखिएकै थियो र ? मलाई यो हावा कुरा लाग्छ । मन मान्दैन ।

सानु तन्तु समाएर एक छिन घोरिएँ । कोरोनाले समाउला र मरिएला भन्ने डरले उनी चीनबाट फर्किएकी होइनन् र ? के त बाँच्नकै लागि फर्किएकी थिइन् ? फेरि यो जगत छोडिन् किन ? अनि उनले नछोड्दा नछोडिने थियो त यो जगत ?

उनी चीनमै बसेकी भए शायद आज बाँचेकै हुने थिइन् । यस्तो लाग्छ, मृत्युवरण गर्न चाहेरै उनी नेपाल फर्किएकी हुन् ।

कान्छीमाया विद्यार्थी थिइन् । विशेष योजना अन्तर्गत पढ्न चीन पुगेकी । के चीनले आफ्नो देशमा पढिरहेका विदेशी विद्यार्थीलाई उपचार दिन सक्दैनथ्यो होला त ? त्यस्तो कुनै योजना बनाउँदैनथ्यो होला त ? जसले सात दिनमा दश हजार शैयाको अस्पताल खडा गरेर उपचार व्यवस्था मिलाउन सक्छ, त्यसले एउटी छात्रालाई अटाउन सक्ने थिएन त ? आशंका किन ?

कान्छीमायाकी साथीलाई सोध्दा उनले यति मात्र भनिन्- 'मरिन्छ भने आफ्नै देशमा मर्ने सोच पनि बनेको हो, होइन कसरी भन्ने ? घरमा आमाबाबुकै काखमा मर्नु बेस हो भन्ने धारणा पनि बन्यो । मरिन्छ भनेपछि के के सोचियो के के ? मात्र आफ्नो संसार सोचियो । आफैंलाई मात्र सोचियो । आफ्नै जीवनका बारेमा मात्र सोचियो । आफू मरियो भने संसार पनि आफैसँग मर्छ, अस्ताउँछ भन्ने धारणा बलियो हुँदोरहेछ ! यसैले दायाँ बायाँ सोच्नै सकिएन ।'

अर्कीले सजिलो बयान गरी- 'हावा चल्यो । नेपालका मिडियाले खूब हावा दिए । दूतावासले धमाधम ओसार्न थाल्यो । यहाँ आई अनि मरी ।'

उसले थपी- 'हामी त्यहाँ मर्ने थिएनौं । चीनको उपचार पद्धति र जागरूकता यहाँ छैन, त्यसैले त कान्छीमाया गई नि ! फेरि त्यो रोग उसलाई यहीं लागेको हो, यहीं आएको ३/४ सातापछि सरेको हो । उहीं भएकी भए न सर्थ्यो, न मर्थी ।'

अर्की साथी बोली- 'त्यहाँ त बडो तत्परताका साथ उपचार हुन्छ । चीनले कुनै पनि हालतमा हामीलाई मर्न दिने थिएन । बस्, अलि बढी नै हावा चल्यो । यहाँ आएपछि हामीलाई पनि कोरोना संक्रमण भएको छ । सरकार आफैं हाम्रो व्यवस्था गर्न सकिरहेको छैन । निजी हस्पिटलबाट हामीलाई यहाँ हुँदैन र त्यहाँ हुँदैन भनेर पन्छाइँदैछ ।'

तीतो भाकामा अर्कीले भनी- 'हामी आएका होइनौं, ल्याइएका हौं । पठाइएका हौं । अर्काकै योजनामा परेका हौं । जहाँ जसरी नाच्नुपर्छ, त्यसरी नचाइएका हौं । आदेश मान्दै हिंड्दा यस्तो भयो । अब त यहाँबाट जोगिएर फर्कौंला र पढाइ पूरा गरौंला भन्ने आशा पनि हराएको छ ।'

'हो नि, जतासुकै विदेशीकै हात माथि परेको देखिन्छ । नेता हुँ भन्छ, पढेको हुँ भन्छ, कतै बिक्ने हैन, जनतालाई ढाँटेको छ । भेडा चराएझैं चराएको छ । दबाएको छ, तर्साएको छ । कसरी बनाउँछ यस्तो मान्छेले देश ?' सामाजिक जनको टिप्पणी थियो ।

मैले बालकृष्ण समको 'स्वर्ग र देवता' को अभिप्राय बुझ्न खोज्दा गलत बाटोमा पुग्छु कि जस्तो लाग्यो । अनि कालीप्रसाद रिजाललाई अनुरोध गर्न मन लाग्यो- 'आज अबेला भो हैन, अब लेखिदिनुहोस्- हिजो गल्ती गरिएछ ।' जुन योग्यताका गोरु जोतेर कृषि जमीन उर्वर बनाउनुपर्ने हो, त्यो कर्म ढिला नहोस् । संसद भवन भकारो होइन । त्यसको गरिमा आदरणीय छ । त्यो पहिले झैं कायम हुनुपर्छ कि !

कान्छीमायाको स्वर्गारोहणमा जगदीश शमशेरको 'सूर्य फुट्छ' बढी प्रभावकारी होला कि ? 'कान्छी शहर पस्छे' को ध्वनि साहित्यले हैन अब राजनीतिले बुझ्नुपर्ने ठानेर मैले समाधि लिएँ, कान्छीमायालाई शोकाञ्जलि दिएर !

❑❑

कान्छीमाया

डीसी नेपाल डट कम

२०७६ फागुन ३ गते ९:५२

ऊन, सुन र नुन

'ऊन, सुन र नुन' भन्ने कथा लेखेवापत प्रहरीले छेदी छत्तीसा भन्ने व्यक्तिलाई समाएर जन-अदालतमा हाजिर गरायो । पक्ष विपक्षका मान्छेहरूको भीड बढ्दै गयो । मानौं विपी कोइरालालाई फाँसीको सजाय सुनाउने वाला छ । बहस सुरू भयो ।

विपक्षीको वकील श्री रमैया मुल्तानीले कथाकारलाई आक्षेप लगाउँदै भन्यो- 'ऊन, सुन र नुनको सन्दर्भ जन्माएर यो कथाले हाम्रो रोटी-बेटीको स्वार्थ र सम्बन्ध उडाउन खोजेको छ श्रीमान । यति मात्र होइन, यो नारालाई धूमिल पार्न खोजिएको छ । यसले रोटी बेटीको भावनालाई सिधै काउन्टर दिएको छ । कथामार्फत दुई देशबीचको सम्बन्ध र सद्भावनामाथि व्यंग्य गरेको छ । कथाकारको यो सोच र यो कदम निन्दनीय छ । त्यसैले कथाकर छेदी छत्तीसा दण्डनीय छ ।' उसले एकै सासमा वहस टुंग्यायो ।

जन अदालतको परिसरमात्र होइन, सडक पनि टनाटन भरिएको थियो । फेरि खान्जी खातीको बहसले कृष्णप्रसाद भण्डारी, कृष्णप्रसाद पन्त, शंकर घिमिरे, बालकृष्ण न्यौपाने र प्रकाश वस्तीको सम्झना गराउँथ्यो । मुस्ताङ ल फर्मको लिखतमा अग्रसारित मुद्दालाई खान्जीको बहसले पुरै चुल्याउँछे भन्ने लोकविश्वास थियो । त्यसैले पनि भीड थियो ।

वकीलले कालैकोट लगाउन पर्छ भन्ने प्रतिगामी विचार छोडिसकेका थिए । सुनौलो कोटमा अग्रसर रहेर वकील खान्जी खातीले कथाकारको तर्फबाट बहस गर्दै भनिन्,'श्रीमान, तपाईं मेरो श्रीमान होइन है, म त कुमारी नै छु । यो श्रीमान भन्ने सम्बोधन पनि बुजुर्वा, प्रतिगामी अवशेष नै हो, भोलि यो अवश्य फेरिएला आँखा खुलेपछि ।'

इजलास अट्टाहासले भरियो । श्रीमानले मुङ्ग्रो ठटाएर सावधान गरायो- 'अडर, अडर' वकील खान्जी खातीले भनिन् भन्नै पऱ्यो श्रीमान् । रोटी-बेटीको सम्बन्ध त भर्खरकै हो । इंडिया जन्मेकै भर्खर हो १९४७ मा । पाकिस्तानभन्दा पनि कान्छो हो । इंडिया जन्मेपछि र धेरैपछि खास गरेर पञ्चायत कालपछि नै

रोटी-बेटीको सम्बन्ध अनुभव गरेर बोल्न थालिएको हो । शब्दको प्रयोगको इतिहासले यसको निश्चय गर्दछ ।

आयो ऊन, सुन र नुनको कुरा, यस सम्बन्धमा तीन शब्द छन् । यसको गरिमा फरक छ । इतिहासको कुरा गर्ने हो भने चीन-तीब्बततर्फ उन, सुन र नुनको सम्बन्ध अनादि पुरानो र अनन्तकाल पर्यन्त स्थिर रहनेछ । साडी, चोली, सिन्दुर, पोतेवाला समाज देखाएर कसैले अधिकारपूर्वक हठ गर्छ या बल्छी हाल्न खोज्छ भने त्यो उसैको नादानी हो । ती कुरा मल-मूत्र विसर्जन गरेझैं नेपालीले परित्याग गर्न सक्छन् । नातिको पनि नाति पुस्तामा जन्मेको इंडियाले नेपालको जेष्ठता बुझेर वा स्वीकार गरेर संवाद गर्नुपर्छ । छोरा जवान भएपछि मित्रवत हुन्छ भन्ने परम्परा हाम्रै हो । मर्यादामा रहनुपर्छ । पकिस्तानभन्दा इंडिया कान्छो हो भन्ने कुरा इतिहासले प्रमाणित गर्न छोड्यो र !'

'रोटी बेटीको सम्बन्ध त नयाँ हो । ऊन, नुन र सुनसँग न त्यसको तुलाना गर्न मिल्छ न औचित्य ठहर्छ । यो चर्चा र तुलनाको विषय हुनै सक्दैन । चीनसँगको पुरानो र अपरिवर्तनीय सम्बन्धलाई धुमिल बनाउन र आफूतिर तान्न कुटिल र त्राटनपूर्ण व्यवहार गर्नैपर्छ र ? यदि इंडियाले दास मनोवृत्ति छोडेर भारतीय चरित्र विकास गऱ्यो भने सबैको हाई हाई हुन सक्छ । किन्तु छोटोपन छोड्नै पर्छ ।'

श्रीमान् हाम्रालागि रोटी बेटीको सम्बन्धभन्दा उन, सुन र नुनको सम्बन्ध गहिरो छ । त्यसपछि गुन पनि जोडिएर आउँछ । यदि बराबर मान्छौं भने ऊन, सुन र नुन बोकेर आउने बुहारीलाई साढे छ वर्षमै नागरिकता दिनुपर्छ, किनभने उनीहरू हिमालयको दुर्गम बाटो पार गरेर आउँछन् । यहाँको पानी पचाउनै छ महिना लागिजान्छ ।'

अब सन्तुलन हुन्छ । उताबाट आउने हाम्रा साला र सम्धीले दाइजोस्वरूप सिमानामा विद्युतीय स्तम्भ गाडिदिने छन् । पूर्वदेखि पश्चिमसम्म सुख्खा बन्दरगाह बनाएर व्यापार बजार खोल्नेछन् । बुहारीलाई त नागरिकता मिल्छ नै हामीले अझ बढी उदार भएर सम्धी र सालालाई पनि नागरिकता दिनुपर्छ । साली र आमालाई त झन छोड्नै मिल्दैन । यस्तो हिसाब कसरी मिल्छ त्यो हिमालतर्फबाट होइन सागरतर्फबाट आउनेसँग सिक्नुपर्छ ।'

'श्रीमान्, त्यसैले रोटी बेटीको सम्बन्धको पक्षमा बहस गर्नेले ऊन, सुन र नुनको सम्बन्धबाट यहाँ आउनेलाई समान सुविधा र अधिकार दिलाउने प्रयत्न गर्नुपर्नेछ । हाम्रो दृष्टिमा दुवै छिमेकीबाट आउने बुहारी राज्य सत्तामा बराबर हकदार हुनेछन् ।'

उनले थपिन् 'त्यसैले श्रीमान् दक्षिणतर्फबाट आजसम्म जति बुहारी र साला, ससुर यहाँ आए ठीक त्यति नै उत्तरपट्टिबाट पनि आउन पाउनुपर्छ । हामी चीन सरकारसँग अनुरोध गर्छौं । हामीलाई त्यताबाट बुहारी ल्याउने अवसर मिलोस र हाम्रा छोरीले पनि त्यताबाट जुवाईं भित्र्याउन पाउन् । हामी ससम्मान स्वागत गर्नेछौं । त्यसैका लागि यहाँ गुम्बा बनाइएका हुन् । असजिलो हुनेछैन् । श्रीमान्, रोटी बेटीको स्वागतमा गीत गाएको धेरै भो अब उन, सुन र नुनको स्वागत वान्छनीय र, परिवेश अनुकुल छ ।'

जज अभयंकर सुनामीले फेरि एकपटक पूर्वपक्षका वकील श्री रमैया मुल्तानीलाई सोधे- 'आफ्नो पक्षबाट केही थप्नु छ ?'

'छैन, म वकील साहिबा सुश्री खान्जी खातीको विचारसँग सहमत छु । हामीले दुवै छिमेकी देशका नागरिकलाई बराबर मान्यता दिनुपर्छ । अझ उत्तरतर्फबाट आउनेलाई पनि भिसा पासपोर्ट नलाग्ने गरी प्रवेश सुलभ गराउनु पर्छ । हाम्रा लागि दुवैमित्र बराबर हुन् ।'

जजको कुर्सीबाट जनअदालतको निर्णय सुनाउँदै अभयंकर सुनामीले भने- 'हाम्रा लागि दुवै छिमेकी मुलुकबाट आउने बुहारी र बुहारीसँग जोडिएर आउने सदस्यहरू बराबर हुन् । त्यसैले समान अधिकार र सुविधा दिन सरकारलाई यो अदालत निर्देशन गर्दछ ।'

यतिञ्जेल दक्षिणतर्फबाट आएकाहरूको संख्या सरह उत्तरबाट आउने संख्या पुऱ्याउने र त्यसपछि थपिन आउने संख्यालाई बराबरीले वृद्धि गर्दै जाने । यसबाट सन्तुलन कायम हुने र एकतर्फी चाप रोकिनेछ ।

प्रवेशको हकमा दुवैतर्फबाट कि समान भिसा पासपोर्ट लागु गर्ने कि दुवैतर्फ खुला गर्ने, तथा हाललाई उत्तरबाट आउनेको संख्या दक्षिणबाट आउने सरह नपुगेसम्म दक्षिणको ग्राह्यतालाई स्थगन गर्ने ।

साथै यो अदालत कथाकार श्री छेदी छत्तिसालाई देश, काल, अवस्थाअनुसार समाजका विभिन्न एकाइमा निरीक्षण मन्थन गरी आलोचनात्मक प्रहारबाट परिष्कार ल्याउने र सही गन्तव्य देखाउने सोच राखेकोमा आरोपबाट मुक्त गर्दछ । तथा साहित्यप्रति सम्मान गर्दै लेखन कर्ममा निरन्तरता रहोस् भन्ने कामना गर्दछ ।

❑❑

नबिर्सने क्षण

स्कूलबाट फर्कंदा बिर्खे साथीहरूको समूहमा हिंड्दा हिंड्दै हराउन थाल्यो । कक्षा दशमा पुगेपछि शायद उसमा भिन्नै व्यक्तित्वको विकास भएको हो । अर्काको विषयमा चासो राख्नु सभ्य समाजको सोच होइन । बिर्खे कता किन अलमलिन्छ त्यो खोजको विषय रहेन ।

ऊ साथीको समूहबाट थाहै नपाएर एक-दुई पाइला पछि पर्थ्यो र एउटा सरटभित्र सुटुक्क छिर्थ्यो । सुन्दरी परिधान भन्ने साइनबोर्ड भएको त्यो पसल अत्यन्त साँगुरो र भित्री भाग निक्कै गहिरो र लामो थियो । विज्ञापन, प्रचार प्रदर्शनका लागि सजाइएको कृत्रिम नारी शरीर साँच्चै जीवन्त लाग्थ्यो । बिर्खे सम्पूर्ण नेत्रज्योति एकै पटक त्यो निर्जीव पुतली शरीरमा प्रक्षेपण गर्थ्यो । लटिएझैं स्थिर हुन्थ्यो । हेरेर मुग्ध हुन्थ्यो ।

पसलकी युवतीले बिर्खेको आगमनलाई बडो उत्सुकता र सम्मानको भावले हेरेर स्वागत गरी । ग्राहक दुहुने गाई हुन्छन् भन्ने कुरा व्यापारिक लाइनमा विश्वास गरिन्छ । त्यसैले आफ्नो ग्राहकलाई उसले उचित व्यवहार देखाएर भनी- 'नमस्कार हुन्छ हजुरलाई के दिऊँ, के चाहियो ?'

बिर्खे ब्रा लगाएको आधा शरीरका सामुन्ने उभिएको थियो । पसलकी युवती आएपछि पल्लोतर्फ सर्‍यो जहाँ कृत्रिम नारी शरीरको तल्ले भागबाट नाइटो समेत पेन्टीको प्रचार गरिएको थियो ।

'हजुर, कसैलाई उपहार दिन खोज्नुभएको हो कि ?' युवतीले सोधी- 'रंग र साइज भन्नुभए... भित्र ट्रायल रूम पनि छ । त्यहाँ नमूना पनि छन् ।'

युवतीले उसलाई अर्को कक्षमा लिएर गई । अनि भनी- 'हजुर यहाँ हेर्दै गर्नुहोस् म बाहिर हुन्छु, ग्राहक आउँछन् । म आइहाल्छु ।'

ऊ बाहिर निस्की ।

बिर्खे ब्रा र पेन्टी लगाएका निर्जीव नमुना शरीरमा केन्द्रित हुँदै गयो । उसले ब्राभित्र हात हालेर हत्केला घुमायो, सुम्सुम्यायो, फेरि त्यसैगरी मिलाएर छोड्यो ।

युवतीले यो दृश्य आँखाभरि हेरी र बिजुलीको झट्का लागेको अनुभव गरेर सीत्कार लिंदै ऊ त्यहाँबाट पछि सरी, आफैंलाई लाज लागेर । ऊ खुईऽऽ गरेर कुर्सीमा बसी-मनमा अप्ठेरो परेर ।

राज्य-व्यवस्थाले अभाव र गरिबी बढाउँदै लगेको बखतमा ग्राहकहरू पसलमा कमै पुग्थे । त्यसैले न काममा बाधा पर्थ्यो न संवाद र व्यवहारमा । भित्री भागमा पुगेको बिर्खे कुनै हतारमा थिएन ।

बिर्खेको पुस्तकको ब्याग बाहिरै थियो । त्यसैले युवतीलाई कुनै सामान हराउला भन्ने आशंका पनि थिएन । तैपनि एक पटक फेरि ऐनाबाट ऐनामा हेरेर देखी- युवक बेलीभन्दा उँधोको नमुना- शरीरमा लगाएको पेन्टीभित्र हत्केला छिराएर खेलाउँदै थियो, मिलाउँदै थियो । त्यो देखेर पसलकी युवती गलेजस्तो गरेर फेरि पछि सरी । 'मेलम्ची जल'को पानी-बोतल खोलेर पिई र छिनभर विश्राम गरी ।

युवक त्यत्रोबेर ट्रायल रूममा अलमलिएको देखेर उसलाई उत्सुकता भयो । उसले अलिक तटस्थ रहेर हेरी- बिर्खे यस पटक ब्रा र पेन्टी लगाइदिएको पूर्ण कदको पुतली शरीरमा केन्द्रित थियो । आँखा र आँखीभौं छोयो, ओठ र गाला स्पर्श गऱ्यो । पाखुरा सुमसुम्यायो । उभिएरै उसले हेरी । एक घुट्की थुक निली ।

ऊ दुई पाइला पछि सरी र फेरि पूर्ण सन्तुलनमा रहेर ऊ फेरि फर्केर बिर्खेको गतिविधि हेर्न उत्सुक भई । यस पटक बिर्खे पुतली शरीरको कम्मर, नितम्ब, तिघ्रा, पिंडुला सुमसुम्याउँदै थियो ।

युवतीले फर्केर फेरि मेलम्चीजल पिई । तैपनि उसलाई शीतल भएन । यस पटक उसले उत्तेजित भएर हेरी । बिर्खे त्यो जड पुतली शरीरको नाइटोमा चुम्बन गर्दै थियो । सो देखेर पसलकी युवतीको शरीरमा उष्णता भरिएर आयो । ऊ चकित भई । उसलाई संयमित सन्तुलित रहन कठिन हुँदै आयो ।

ऊ जान्दथी ग्राहकलाई शैली मिलाएर पसलबाट पन्साउन सकिन्छ । किन्तु कदाचित् आततायीको रक्तवीज निस्कियो भने आतंक मचाउन सक्छ भन्ने भयले ऊ मानसिक र शारीरिक सन्तुलन नगुमाई भित्र पसी र विनय भावले भनी 'हजुर, हजुरले के मनापराउनु भयो ? रंग र साइज थाह पाए म त्यसै अनुसार प्याकिङ गरिदिन्थे ।'

बिर्खेले यस पटक पसलकी युवतीसँग आँखा जुधाएर भन्यो- 'मलाई यी चारै रंग मनपऱ्यो । तर ट्रायल गर्नैपर्छ, के गरौं ! तपाईं मलाई हेल्प गर्न सक्नुहुन्छ ?'

'कस्तो हेल्प ? कसरी गर्न सक्छु ?'

'यो पसल तपाईंको, समय तपाईंको, ट्रायल रूम तपाईंको र पेन्टी र ब्रा पनि तपाईंको । म पे गर्छु तपाईं नै ट्रायल दिनुहोस् न मेरा लागि देखाइदिनुहोस् प्लीज ।'

तपाईंका लागि मैले ट्रायल गरेर देखाइदिने ?'

बिर्खेले यस पटक आँखाको भावमा परिवर्तन ल्यायो । पहिले स्मृति संचार गऱ्यो; फेरि अनुराग । त्यो देखेर युवतीले मनमनै गुनी- यसको हठ डरलाग्दो छ । मानेन भने यसले ध्वंश गर्न बेर छैन । शायद म यसलाई जित्न सक्तिनँ । मनाउन पनि सक्तिनँ ।' अनि घडी हेरेर भनी 'पसल बन्द गर्ने बेला भो, चाँडै गर्नुपर्छ ।'

'तपाईंको ग्राहक आज मै हुँ । सामानको पनि पे गर्छु र तपाईंको सेवाको पनि याने तपाईंको समय र श्रमको । म निःशुल्क सेवा लिन्न ।'

पसल बन्द गर्ने बेला भैसकेको थियो । पसलकी युवतीले बाहिरी मुख्य शो रूमको बत्ती बन्द गरी । भित्र आएर बिर्खेले छानेका ब्रा र पेन्टी चार जोडा लगाएर देखाई ।

युवतीले प्रत्येक जोडा ट्रायल गरेर देखाउँदा बिर्खेले युवतीका अंग-प्रत्यंगमा त्यसैगरी सुमसुम्यायो जसरी केहीबेर पहिले निर्जीव पुतलीलाई सुमसुम्याएको थियो । यति मात्र होइन स्वाद र सुवाको असली पारखीको रूपले उसले युवतीको शरीरमाथि परख गऱ्यो ।

युवतीले गुनी शरीर बिगार्नु र दुर्घटना भोग्नुभन्दा भलो हो सहभागी भएर आत्मरक्षा गर्नु; अभिनय नै सही । तत्क्षण आफ्नो बचाउको उपाय उसले यही देखी, निषेध गर्न सकिन ।

दुकानबाट निस्कने वेलामा बिर्खेले युवतीलाई मीठो दीर्घ चुम्बन र भरोसाको अंगालो दियो । उसले फेरि श्रृंगार मिलाई ।

बिर्खेले भनेको ठाउँमा युवतीले उसलाई ड्रप गरी । बारबाट ओर्लनु अघि, युवतीको प्रश्नको उत्तरमा बिर्खेले यति नै भन्यो- म सडक बालक हुँ, आततायी रक्तबीच । मलाई खाते भने हुन्छ । खाते नै त सत्ता र शक्तिमा पुग्छन् नि यहाँ !'

'मेरो खोजी नगर्नु । म आफैं आउँछु । जेब कटर र पुलिस नै मेरो अन्तरंग साथी हुन् । त्यसैले मलाई खर्च गर्न चिन्ता छैन । चटकको कमाइ हो, ज्ञान र पसिनाको होइन । जय देश, जय समाज, जय जवानी !' बिर्खे कारबाट निस्क्यो ।

युवतीले भनी- 'सामान छुट्यो कारमा ।

'त्यो तिमीलाई नै उपहार भो ।'

युवतीले त्यो सामान खोल्दा, केही हजार रूपियाँ खाममा देखी । ठानी- उसले आफ्नो संझेर दिएको हो । त्यसपछि ऊ पीडा मुक्त भएर सुती । बिस्तारै यो अनुभवलाई ऊ वास्तविक प्रेम र संमोहक तत्व मान्दै गई । इन्द्रिय मन्थनको यो बाटो र विधि अविस्मरणीय हुँदै गयो । किन्तु युवतीको जीवनमा यो पात्र र त्यस्तो मुहूर्त फेरि आउन सकेन न कामना मेटिन सक्यो ।

❑❑

गल्ती कहाँबाट भो ?

एसईईको परीक्षाफल प्रकाशित भयो । दुई विद्यार्थीबीच कडा प्रतिस्पर्धा थियो । यसपटकको पहिलो हुन्छ भन्ने जनचासो पनि थियो । टिप्पणी आयो- पहिलो हुनुपर्ने दोस्रो भएछ, दोस्रो हुनुपर्ने पहिलो भएछ । धेरैले असजिलो अनुभव गरे ।

निवेदन पऱ्यो । उत्तरपुस्तिकाको पुनर्मूल्याङ्कन गरियो । हुनुपर्थ्यो वाशिङ्टनको Washington र ब्रिटिशको British, तर उत्तर पुस्तिकामा Washington र Brotish लेखेको पाइयो । यस्तो लेख्ने चाहिं पहिलो भएछ । यही मान्य ठानियो । सुम्निमा पछि परी, साकिराले उछिनी, पहिलो भई ।

शिक्षकले नेपालीमा वासिङ्टन र ब्रिटिस पढाएकै हो । त्यसलाई अंग्रेजीमा लेख्दा नेपाली चलनलाई महत्व दिएर गलत स्पेलिङ लेखिएकै हो । विद्यार्थी दोषी थिएन । शिक्षण गलत थियो । यही देखियो ।

दोस्रो हुने विद्यार्थी थिइन् सुम्निमा सुब्बा । उनले मुद्दा गरिन् । कोर्टले विदेशी भाषाका शब्दबारे बहस नगर्ने भो । मुद्दा लण्डन पुग्यो ।

अक्सफोर्ड विश्वविद्यालय आधिकारिक संस्था भएको हुनाले यसले चासो लियो र British सही हो भनेर ठोकुवा गऱ्यो । तर Washington बारे बोल्न चाहेन । अर्को देशको राजधानीको नामबारे आफूले निर्णय दिन नमिल्ने ठान्यो कि । मुद्दा वाशिङ्गटन पुग्यो ।

संयुक्त राज्य अमेरिकाले नेपाललाई आफ्नो राजधानीको नाम थाहा गर्न न नबिगार्न चेतावनी दिँदै न्यूजपेपर, पुस्तक र सयौं फोटाको कार्गो प्लेन पठाएर सही स्पेलिङ पढाउने सन्देश दियो– Washington/ वाशिङ्टन । पत्र पनि नत्थी गरिएको थियो । तर काठमाण्डूले आफ्नो अज्ञान बारे सोचेन ।

संशोधित परीक्षाफल निस्क्यो । सुम्निमा सुब्बा दोस्रो स्थानबाट उक्लेर पहिलो स्थानमा पुगी । यो वर्ष अधिराज्यभरि एसईईको परीक्षामा सर्वाधिक अंक ल्याएर कीर्तिमान कायम गर्ने पनि सुम्निमा नै भइ ।

नेपालका स्वतन्त्र नगरपालहरूले ५-५ लाख रुपैयाँ पुरस्कार दिने घोषणा गरे । उक्त पुरस्कार राशि र प्रशंशा पत्र धरान नगरपालिकाको वार्षिक दिवसको विशेष कार्यक्रममा हस्तान्तरण गर्ने योजना बन्यो ।

ऐजन मौकामा तीनै जना नगरप्रमुखले छात्रा सुम्निमा सुब्बालाई १५ लाख पुरस्कार राशि र प्रशंशा पत्र प्रदान गरे । साकिराले ३ लाख र प्रमाण पत्र बुझी । दलसंचारको उपस्थिति त्यहाँ थिएन । फेरि पनि यस कार्यक्रमको बढाइ र प्रशंसाले नेपाली जगत प्रफुल्ल थियो ।

गलत शिक्षाको प्रवेशबारे खोज-अनुसन्धान गर्ने संकल्प गरेर त्रिमूर्ति मेयरहरू छुट्टिए । अक्षरसँग खेल्नेले विद्यार्थीको भविष्यमाथि खेलवाड गरेको देखेर अभिभावक समेत दुःखी भए । राज्यसत्ताले कुनै पक्षबाट दायित्वबोध गर्न सकेन । न शिक्षामा देखिएका गलत कुराहरूको सुधारमा रुचि देखायो । तर भाषा प्रयोग गर्नेहरू अन्तर्मुखी देखिँदै गए ।

अस्थायी शिक्षकको भाषाले यो घटना केही वर्ष चर्चित रह्यो । नेपाली भाषाका ज्ञाताहरू लघुताभासले खुम्चेनन् बरु चर्चाको विषय जन्माउन सकेकोमा आफैंलाई स्याबासी दिँदै रहे । आत्मप्रशंशा गर्दै हिंडे ।

त्यसपछि विद्यार्थीहरूले अर्पण गरेको गुरूभाव फिर्ता लिए । पछिसम्म यस घटनाले भट्टी पसलमा चर्चा पाउँदै रह्यो ।

❑❑

गल्ती कहाँबाट भो ?
डीसी नेपाल डट कम
२०८० भदौ २३ गते ६:४१

Prime Minister of Night

2024

केही प्रकाशित कृतिहरु

भुँडीपुराण प्रकाशन
फोन : ५३२३३१६/५३२५१४८, बागबजार, काठमाडौं
इमेल : bhundipuranp@gmail.com
www.bhundipuran.com.np

9 789937 793698

मूल्य : रु. ३५०/-